Visit Dwarkadheeshvastu.com For
FREE Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers
****
All Music is also available in CD format. CD Cover can also be print with your Firm Name
****
We also provide this whole Music and Data in PENDRIVE and EXTERNAL HARD DISK.
Contact : Ankit Mishra (+91-8010381364, dwarkadheeshvastu@gmail.com)

****

SHREE

SUKSAGAR

(Nepali)

****

श्रीमद्भागवत महापुराण—शुकसागरको

सूचीपत्र

अध्याय	विषय	पृष्ठ
१	माहात्म्य-पद्यमय	क
२	भक्तिको नारदजीसित भेट	१
३	नारदद्वारा भक्ति ज्ञान वैराग्यको कष्ट निवारणको प्रयत्न	५
४	ज्ञान-वैराग्यको कष्ट निवारण	८
५	गोकर्णको र धुन्धुकारी उत्पत्ति	१२
६	धुन्धकारीको प्रेत योनिबाट उद्धार	१६
७	सप्ताह श्रवण विधि वर्णन	२०

प्रथम स्कन्धः

	मंगलाचरण—	
१	नैमिषारण्यमा व्रत-शौनक समागम	२६
२	भगवान्‌का अवतारहरूको वर्णन	३०
३	व्यासजीको असन्तोष	३३
४	नारदले आफ्नो जीवन कथा भनेको	३६
५	अश्वत्थामाद्वारा द्रौपदीका छोराहरूको मृत्यु र अर्जुनले दण्ड दिएको	४१
६	ब्रह्मास्त्रबाट उत्तराको गर्भ-रक्षा	४५
७	श्रीकृष्ण सहित पाण्डव भीष्म कहाँ जानु	४७
८	भीष्मको प्राण त्याग	४९
९	श्रीकृष्णको द्वारका गमन	५३
१०	द्वारकामा श्रीकृष्णको स्वागत	५६
११	राजा परीक्षितको जन्म-कथा	५९
१२	विदुरले धृतराष्ट्र-गान्धारीलाई उपदेश दिनु	६२
१३	इन्द्रप्रस्थको अशकुन देखेर युधिष्ठिरको चिन्ता	६६
१४	श्रीकृष्णको स्वधाम गमन सुनेर पाण्डवहरूको महाप्रस्थान	६७
१५	राजा परीक्षितको दिग्विजयमा पृथ्वी र धर्मसित भेट	७१
१६	राजा परीक्षित द्वारा कलियुग लाई दण्ड दिनु	७४
१७	परीक्षित द्वारा ऋषिको बाँटीमा मरेको सर्प हालिदिनु र उनको श्राप	७७
१८	राजा परीक्षितको नदी तटमा वास	८०
१९	शुकदेवको आगमन	८४

द्वितीय स्कन्धः

१	शुकदेवजी द्वारा विराट् रूपको वर्णन	८५
२	भगवान्‌को स्थूल-सूक्ष्म रूप वर्णन	८९
३	देवोपासनाहरूको वर्णन	९३
४	विराट् स्वरूप सृष्टिको वर्णन	९५
५	ब्रह्माले नारदलाई सृष्टि उत्पन्न भएको वर्णन सुनाउन	९७
६	भगवान्‌को विराट् स्वरूप सृष्टिको वर्णन	१०१
७	विराट् भगवान्‌को चौबीस अवतारको कथा	१०३
८	राजा परीक्षितको प्रश्न	१०६
९	ब्रह्मतत्व चतुश्लोकी भागवतको उपदेश	१०७
१०	भागवतका दस लक्षणको वर्णन	१११

तृतीय स्कन्धः

अध्याय	विषय	पृष्ठ
१	विदुर उद्धव संवाद	११५
२	विदुरको प्रश्नमा उद्धवले हरि-लीला वर्णन गरेको	११८
३	भगवानका अन्यान्य लीला-वर्णन	१२०
४	यदुवंशको संहार सुनेर विदुरजी मैत्रेयकहाँ जानु	१२१
५	विदुरलाई मैत्रेयले सृष्टि-क्रम सुनाउनु	१२३
६	विराट स्वरूपको उत्पत्ति वर्णन	१२५
७	विदुरको मैत्रेयप्रति विविध प्रश्न	१२७
८	कमल-बाट, ब्रह्माजीको उत्पत्ति	१२९
९	ब्रह्मा द्वारा भगवानको स्तुति	१३१
१०	मैत्रेय द्वारा दस प्रकारका सृष्टि वर्णन	१३३
११	काल विभाग वर्णन	१३५
१२	सृष्टि विस्तार वर्णन	१३९
१३	वाराह अवतारको कथा	१४२
१४	दितीको गर्भ-धारण कथा	१४४
१५	सनकादिले जय-विजयलाई श्राप दिनु	१४६
१६	जय-विजयको पृथ्वीमा पतन	१४९
१७	हिरण्याक्ष र हिरण्यकशिपुको जन्म कथा	१५१
१८	हिरण्याक्ष र वाराह भगवानको युद्ध	१५२
१९	हिरण्याक्ष वध	१५४
२०	ब्रह्माद्वारा सृष्टिको वर्णन	१५५
२१	कर्दम मुनिको तपस्याले प्रसन्न भई भगवानले वर दिनु	१५८
२२	कर्दम र देवहूतिको विवाह	१६०
२३	कर्दम र देवहूतिले विहार गरेर नौ कन्या जन्मिए	१६१
२४	कपिल मुनिको जन्म	१६३
२५	कपिल भगवान द्वारा माताबाई उपदेश दिनु	१६६
२६	विभिन्न तत्वको वर्णन	१६८
२७	प्रकृति-पुरुषको ज्ञानले मुक्तिको वर्णन	१७३
२८	कपिलजी द्वारा अष्टांग योगको वर्णन	१७५
२९	भक्तिको मर्म र काल-महिमा वर्णन	१७८
३०	विषयासाम पुरुषको अधोगतिको वर्णन	१८०
३१	मनुष्य योनिमा जीवका कष्टहरूको वर्णन	१८२
३२	धूममार्ग र अन्य मार्गबाट जाने जीवको गति र मुक्ति वर्णन	१८५
३३	देवहूतिलाई मोक्ष प्राप्ति	१०९

चतुर्थ स्कन्धः

१	मैत्रेयनी द्वारा मनुकी कन्या-हरूको वर्णन	१९०
२	शिवजीसित दक्षप्रजापतिको विरोध	१९४
३	सतीदेवी पिताको यज्ञमा गएकी	१९६
४	सतीको अपमान र देहत्याग	१९८
५	वीरभद्र द्वारा यज्ञ विध्वंश र दक्षको मृत्यु	२०१
६	ब्रह्मानी द्वारा शिवको स्तुति	२०३
७	शिवजी प्रसन्न भएर दक्षको यज्ञ पूर्ण पारिदिनु	२०६
८	ध्रुव चरित्र	२१०
९	ध्रुवको तपस्या, वर पाउन	२१६
१०	यक्षहरू द्वारा उत्तमको मृत्यु	२१९
११	स्वायंभुव मनुद्वारा ध्रुवलाई उपदेश	२२०
१२	ध्रुवले कुबेरबाट वर पाउनु र विष्णुलोक गमन	२२१

अध्याय	विषय	पृष्ठ
१३	ध्रुवको वंश वर्णन	२२३
१४	राजा वेनको कथा	२२५
१५	राजा पृथुको अवतार	२२७
१६	वन्दाजन द्वारा पृथुको स्तुति	२२९
१७	पृथुले पृथ्वीमा कोप गरेको र स्तुति गर्नु	२३०
१८	पृथ्वीको दोहन	२३१
१९	पृथुले सय यज्ञ गर्नु र इन्द्रले थोडा चोर्नु	२३३
२०	राजा पृथुलाई भगवानको दर्शन	२३५
२१	राजा पृथुले आफ्ना सेनालाई उपदेश दिनु	२३७
२२	सनकादिकले पृथुलाई उपदेश दिएको	२३९
२३	पृथुको तपस्या र देहत्याग	२४१
२४	पृथुको वंश वर्णन र प्राचेलाहरूलाई वरदान प्राप्ति	२४२
२५	पुरंजनोपाख्यान	२४५
२६	राजा पुरंजन शिकारमा जानु र रानीको क्रोध	२४६
२७	पुरंजनको नगरमा चण्डवेगको आक्रमण र कालकन्याको चरित्र	२४९
२८	पुरंजन स्त्री योनिमा जानु र ज्ञान प्राप्त गर्नु	२५०
२९	पुरंजनोपाख्यानको गूढ अर्थ	२५२
३०	प्राचेताहरूले हरिको दर्शन पाउनु	२५६
३१	नारदको उपदेशले प्राचेताहरूको वन गमन	२५७

पञ्चम स्कन्धः

१	राजा प्रियव्रतको आख्यान राजा आग्नीध्रको कथा	२५९ २६२
२	राजा नाभिको आख्यान	२६३
४	ऋषभदेवको उपदेश	२६४
५	ऋषभदेवले पुत्रहरूलाई उपदेश दिएको	२६५
६	ऋषभदेवलाई देवलोक प्राप्ति	२६७
७	राजा भरतको कथा	२६८
८	भरतले मृग योनि पाउन	२६९
९	भरतको विप्र-वंशमा जन्म	२७०
१०	राजा भरत र रहुगणको भेट	२७०
११	राजा रहुगणलाई भरतको उपदेश	२७२
१२	राजा रहुगणका प्रश्नहरू	२७४
१३	भवाटवीको वर्णन र रहुगणको भ्रम-नाश	२७५
१४	भवाटवीको भित्री मर्म	२७७
१५	भरतवंशका अन्य राजाको वर्णन	२७८
१६	भुवन कोषको वर्णन	२७९
१७	गंगाको उत्पत्ति, शिवद्वारा सङ्कर्षणको स्तुति	२८१
१८	वर्षहरूको वर्णन	२८३
१९	किम्पुरुष र भारतवर्षको वर्णन	२८४
२०	अन्य द्वीपहरू र लोकको वर्णन	२८६
२१	सूर्यको गति र रथको वर्णन	२८८
२२	भिन्न-भिन्न गृहहरूको वर्णन	२८९
२३	शिशुमार चक्रको वर्णन	२९१
२४	राहु आदिको स्थिति र तलका लोकहरूको वर्णन	२९२
२५	भगवान सङ्कर्षणको कथा	२९४
२६	अनेक नरकहरूको वर्णन	२९४

षष्ठ स्कन्धः

१	अजामिलको आख्यान	२९८
२	विष्णुदूत द्वारा अजामिलको उद्धार	३०१
३	यमराज र दूतहरूको संवाद	३०३

अध्याय	विषय	पृष्ठ
४	दक्षको तप र भगवान प्रकट हुनु	३०५
५	नारद द्वारा दक्ष पुत्रलाई विरक्त तुल्याउनु र नारदलाई दक्षको श्राप	३०८
६	दक्षका कन्याहरूको कथा	३०८
७	बृहस्पति रिसाएर हिंड्नु र विश्वरूप लाई पुरोहित तुल्याउनु	३११
८	विश्वरूप द्वारा नारायण कवचको उपदेश	३१२
९	विश्वरूपको बध र वृत्रासुरको उत्पत्ति	३१४
१०	देवताले दधीचिको हाड़ पाउनु र वृत्रसित संग्राम	३१६
११	वृत्रासुरको वीरता र ईश्वर प्राप्ति	३१७
१२	वृत्रासुर स्वर्ग गएको	३१९
१३	इन्द्रलाई ब्रह्महत्याले लखेटेको	३२०
१४	वृत्रासुरको पूर्वकथा, चित्रकेतुकोउपदेश	३२१
१५	अंगिरा र नारदद्वारा चित्रकेतुलाई उपदेश	३२३
१६	चित्रकेतुको वैराग्य र संकर्षणको दर्शन	३२४
१७	चित्रकेतुलाई पार्वतीको श्राप	३२७
१८	दिति-अदितिका सन्तान र मरुद्गणको उपदेश	३३०
१९	पुंसवन व्रतको विधान	३३३

सप्तम स्कन्धः

१	युधिष्ठिर र नारदको वार्ता, जय-विजयको कथा	३३५
२	हिरण्याक्षको मृत्युमा हिरण्यकशिपुले मातालाई बुझाउनु	३३९
३	हिरण्यकशिपुको तप, ब्रह्माद्वारा वरप्राप्ति	३४१
४	हिरण्यकशिपुको अत्याचार र प्रह्लादको जन्म	३४३
५	हिरण्यकशिपुले छोरो मार्न अनेक उपाय गर्नु	३४४
६	प्रह्लादले असुर-बालकहरूलाई उपदेश दिनु	३४८
७	प्रह्लादले गर्भमा सुनेको ज्ञान मित्र-हरूलाई सुनाएको	३४९
८	नृसिंह अवतार र कशिपु बध	३५१
९	प्रह्लादद्वारा नृसिंह स्तुति	३५६
१०	प्रह्लादको राज्य-तिलक र त्रिपुर दाह वर्णन	३५८
११	मनुष्य र स्त्री धर्मको वर्णन	३६१
१२	आश्रम-धर्म र व्यवस्था वर्णन	३६३
१३	दत्तात्रेय र प्रह्लाद संवाद	३६४
१४	गृहस्थ-धर्मको निरूपण	३६६
१५	मोक्ष-धर्मको वर्णन	३६८

अष्टम स्कन्धः

१	मन्वन्तरको वर्णन	३७१
२	गजेन्द्रको कथा	३७३
३	गजेन्द्र द्वारा भगवान्को स्तुति	३७५
४	गज र ग्राहको पूर्व जन्मको कथा र उद्धार	३७७
५	देवताहरू द्वारा भगवान्को स्तुति	३७८
६	देवता र राक्षस मिलेर समुद्र मन्थन	३८०
७	शंकरजीले विष-पान गर्नु	३८१
८	समुद्र-मन्थनबाट अन्य रत्नहरू निस्कनु	३८३
९	भगवानको मोहिनी रूप र देवताहरूले अमृत पिउनु	३८४
१०	देवासुर संग्राम	३८६

अध्याय	विषय	पृष्ठ
११	देवासुर संग्रामको समाप्ति	३८८
१२	मोहनी रूप देखेर शिवजी मोहित हुनु	३९०
१३	सात मन्वन्तरको वर्णन	३९३
१४	मनु आदिका कर्मको वर्णन	३९३
१५	राजा बलिले स्वर्ग जित्नु	३९५
१६	कश्यपले पत्नी आदितिलाई पयोव्रत उपदेश दिनु	३९७
१७	भगवान्‌ले वरदान दिन	४००
१८	वामन भगवान्‌को कथा	४०१
१९	वामनले तीन पाउ पृथ्वी माग्नु बलिले हुन्छ' भन्नु र शुक्राचार्यको विरोध	४०३
२०	वामनले विराटरूप धरेर पृथ्वी ढाक्नु	४०७
२१	राजा बलिको बन्धन	४०९
२२	बलि बन्धन मुक्त भएर सुतल लोक जाणु	४११
२३	इन्द्र स्वर्ग गए, बलि सुतल लोक गए भन्ने वर्णन	४१४
२४	मन्वन्तरावतारको कथा	४१६

नवम स्कन्धः

१	वैवस्वत मनुका छोराहरूको कथा	४२०
२	मनुका प्रथम आदि छोराको वर्णन	४२३
३	च्यवन र सुकन्याको कथा एवं शर्यातिको वंशावलि	४२५
४	नाभाग र अम्बरीषको कथा	४२८
५	दुर्वासाको कष्ट निवारण	४३२
६	इक्ष्वाकु वंशको वर्णन	४३३
७	राजा त्रिशंकु र हरिश्चन्द्रको कथा	४३६
८	राजा सगरको चरित्र	४३७
९	भगीरथको तपस्या र गंगाको आगमन	४३८
१०	श्रीरामचन्द्रको आख्यान	४४१
११	रामचन्द्रको शेष कथा	४४४
१२	इक्ष्वाकु वंशका अन्य राजाहरूकोवर्णन	४४६
१३	राजा निमिको वंश-वर्णन	४४७
१४	चन्द्रवंशको वर्णन	४४९
१५	जमदग्नि र परशुरामको वर्णन	४५३
१६	परशुराम द्वारा आमाको वध र विश्वामित्राको वंश वर्णन	४५५
१७	क्षत्रवृद्ध र रजि आदिको वंश वर्णन	४५७
१८	राजा ययातिको कथा	४५८
९९	राजा ययातिको वैराग्य	४६२
२०	पुरुषको वंश र दुष्यन्त भरतको वर्णन	४६३
२१	भरतवंशको वर्णन, रन्तिदेव कथा	४६६
२२	पांचाल, मगध, कौरव आदिको वर्णन	४६८
२३	ययातिका छोराहरूको वर्णन	४७१
२४	राजा विदर्भको वंश वर्णन	४७३

दशम स्कन्धः (पूर्वार्ध)

१	वसुदेव देवकीको विवाह	४७६
२	भगवान्‌को गर्भ स्तुति	४८२
३	श्रीकृष्णको जन्म कथा	४८६
४	कंसको हातबाट फुस्केर योगमाया आकाशमा जानु र आकाशवाणी	४९०
५	गोकुलमा कृष्ण जन्मोत्सव	४९२
६	पूतना-वध	४९६
७	तृणावर्त वध	४९९
८	गर्गाचार्य द्वारा नामकरण	५०३
९	ऊखल बन्धन	५०८
१०	यमलार्जुन उद्धार	५११
११	वृन्दावन गमन र वत्सासुर, बकासुरवध	५१३

अध्याय	विषय	पृष्ठ
१२	अघासुर वध	५१६
१३	ब्रह्माको मोह-नाश	५२०
१४	ब्रह्मा द्वारा श्रीकृष्ण स्तुति	५२४
१५	धेनुकासुर वध	५२८
१६	कालीय नागलाई नाथेको	५३३
१७	दावानलबाट ब्रजवासीको रक्षा	५३८
१८	प्रलम्बासुर वध	५४०
१९	दावानलबाट पशु र सखाको रक्षा	५४२
२०	वर्षा र शरद ऋतुको वर्णन	५४४
२१	वेणु-गीत	५४८
२२	चीर-हरण लीला	५५२
२३	यज्ञपत्नीमा प्रभुको कृपा	५५८
२४	ब्रजमा इन्द्र-यज्ञको समाप्ति	५६२
२५	गोवर्धन धारण	५६४
२६	श्रीकृष्णको विषयमा नन्द बाबा र गोपहरूमा वार्तालाप	५६६
२७	श्रीकृष्णको अभिषेक	५६८
२८	वरुणलोकबाट नन्दबाबालाई ल्याएको	५७०
२९	रास-लीलाको आरम्भ	५७३
३०	श्रीकृष्णको वियोगमा दुःखी गोपिनीहरू	५८१
३१	गोपिनीहरूको जीत	५८५
३२	गोपिनीहरूका माझमा श्रीकृष्ण प्रकट भएको	५८८
३३	महारास	५९१
३४	सुदर्शन र शङ्खचूड उद्धार	५९५
३५	युगल गीत	५९८
३६	अरिष्टासुर वध-र अक्रूर ब्रजागमन	६००
३७	केशी र व्योमासुर वध	६०३
३८	अक्रूर ब्रजमा पुग्नु	६०५
३९	श्रीकृष्ण बलराम मथुरागमन	६१०
४०	अक्रूरले स्तुति गरेको	६१३
४१	श्रीकृष्णको मथुरा प्रवेश	६१५
४२	कुब्जिजोद्धार, धनुष भाँच्नु, कंसआतिनु	६१९
४३	कुवलयापीड वध गरेर रंगमंचमा प्रवेश	६२१
४४	चाणूर, मुष्टिक र कंस वध	६२४
४५	राम-कृष्णको व्रतबन्ध र गुरुकुल गमन	६२६
४६	उद्धव ब्रजागमन	६३०
४७	उद्धव र गोपिनीहरूको कुरा	६३५
४८	श्रीकृष्ण कुब्जा र अक्रूरको घर जानु	६४१
४९	अक्रूर हस्तिनापुर जानु	६४४

दशम स्कन्धः (उत्तरार्ध)

५०	जरासन्धको आक्रमण	६४७
५१	कालयवन भस्म हुनु, मुचुकुन्द-कथा	६५१
५२	द्वारका गमन, बलराम विवाह र रुक्मिणीको समाचार पाउनु	६५५
५३	रुक्मिणी हरण	६५८
५४	शिशुपाल आदि राजाको पराजय	६६२
५५	प्रद्युम्न जन्म शम्बरासुर वध	६६६
५६	स्यमन्तक मणिको कथा	६६९
५७	मणिको चोरी, शतधन्वा वध अक्रूर र कृतवर्मा भाग्नु	६७२
५८	श्रीकृष्णका अन्य विवाहको वर्णन	६७५
५९	भौमासुर वध र सोह हजार एक सय कन्यासित विवाह	६७८
६०	श्रीकृष्ण र रुक्मिणी विवाह	६८२
६१	श्रीकृष्णका सन्तति वर्णन	६८६
६२	उषा अनिरुद्ध-विवाह	६९०
६३	श्रीकृष्णको बाणासुरसित युद्ध	६९२
६४	राजा नृगको कथा	६९५
६५	बलरामको ब्रजागमन	६९७

अध्याय	विषय	पृष्ठ
६६	पौण्ड्रक र काशिराज वध	६९९
६७	द्विविध वध	७०२
६८	साम्ब विवाह	७०४
६९	नारदले श्रीकृष्णको दिनचर्या हेर्नु	७०६
७०	श्रीकृष्णकहाँ जरासन्धले धुनेका राजा-हरूको दूत आउनु	७०८
७१	श्रीकृष्ण इन्द्रप्रस्थ गमन	७११
७२	भीम द्वारा जरासन्ध वध, युधिष्ठिरको राजसूय यज्ञ	७१४
७३	जरासन्धले थुनेका राजाहरूलाई मुक्त गरी इन्द्रप्रस्थ आगमन	७१७
७४	शिशुपाल वध	७१९
७५	यज्ञान्त स्नान र दुर्योधन मान-भंग	७२२
७६	शाल्वको युद्ध	७२५
७७	शाल्ववध	७२७
७८	दन्तवक्र, विदूरथ-वध	
७९	बल्वल वध र बलरामको तीर्थयात्रा	७३२
८०	सुदामा चरित्र	७३५
८१	सुदामालाई ऐश्वर्य प्राप्ति	७३८
८२	कृष्ण-बलराम र गोप-गोपिनीहरूको भेट	७४०
८३	द्रौपदी र कृष्णका रानीहरूको वार्तालाप	७४४
८४	वसुदेवको यज्ञ	७४८
८५	दाजहरू व्याइहिनु र वसुदेव देवकीलाई उपदेश	७५२
८६	सुभद्रा हरण र श्रीकृष्ण जनक तथा श्रुतदेव कहाँ एकै पटक जानु	७५६
८७	वेद स्तुति	७६०
८८	शिवको संकट मोचन	७६८
८९	भृगुलांछनको कथा	७७२
९०	श्रीकृष्णको लीला विहार वर्णन	७७६

एकादश स्कन्धः

१	ऋषिहरू द्वारा यदुवंशीलाई श्राप	७८२
२	वसुदेवले नारदद्वारा राजा जनक र नौ योगीहरूको संवाद सुन्नु	७८५
३	मायाबाट मुक्त हुने उपाय र ब्रह्म एवं योगको वर्णन	७९१
४	भगवान्‌का अवतारहरूको वर्णन	७९९
५	भक्तिहीन व्यक्तिको गति वर्णन	८००
६	देवताहरूले भगवान्‌प्रति स्वधाम गमनको प्रार्थना गरेको	७०५
७	अवधूतोपाख्यान	८०९
८	अजिगर आदि नौ गुरुको वर्णन	८१५
९	कुररीदेखि भृङ्गीसम्म सात गुरुको ज्ञान	८१८
१०	श्रीकृष्णको उद्धवलाई आत्मतत्त्वको उपदेश	८२१
११	बद्ध, मुक्त र भक्तको लक्षण	८२७
१२	सत्संगको महिमा वर्णन	८३१
१३	हंसरूपले सनकादिलाई दिएको उपदेश	८३४
१४	भक्तियोगको महिमा र ध्यान विधि	८३९
१५	भिन्न-भिन्न सिद्धिहरूको नाम र लक्षण वर्णन	८४३
१६	भगवान्‌का विभूतिहरूको वर्णन	८४७

अ ध्याय	विषय	पृष्ठ
१७	वर्णाश्रम धर्मको उपदेश	८५०
१८	यम नियम र भक्तिज्ञान वर्णन	८५३
१९	वानप्रस्थ र संन्यास धर्म वर्णन	८५६
२०	ज्ञानयोग, कर्मयोग र भक्तियोग वर्णन	८६०
२१	तत्वहरुको संख्या र प्रकृति-पुरुष विवेचन	८६४
२२	गुण-दोष व्यवस्थाले रहस्य निरूपण	८६५
२३	यौटा तितिक्षु ब्राह्मणको कथा	८७१
२४	सांख्ययोगको वर्णन	८७३
२५	त्रिगुणका वृत्तिहरूको वर्णन	८७४
२६	पुरुरवाको वैराग्य वर्णन	८७७
२७	क्रियायोगको वर्णन	८७८
२८	परमार्थ स्वरूपको वर्णन	८८१
२९	भगवद् धर्मको निरूपण र उद्धवको बदरिकाश्रम प्रस्थान	८७५
३०	यदुवंशीहरूको संहार	८८९
३१	श्रीकृष्णको स्वधाम गमन	८९५

द्वादश स्कन्धः

अध्याय	विषय	पृष्ठ
१	कलियुगका राजवंशको वर्णन	८९९
२	कलियुगका कर्मको वर्णन	९०३
३	हरिनामको महिमा	९०५
४	प्रलय वर्णन	९०६
५	परीक्षित स्वर्गगमन	९०८
६	जन्मेजयको सर्पसत्र	९१०
७	धर्माधर्म र पुराण लक्षण	९१६
८	मार्कण्डेयको तपस्या	९१९
९	मार्कण्डेयको माया-दर्शन	९२२
१०	मार्कण्डेयलाई शिव-दर्शन	९२५
११	ईश्वर ध्यान वर्णन	९२९
१२	संक्षेपमा कथासार	९३३
१३	पुराण संख्या वर्णन	९३७

॥ श्रीः ॥

श्रीमद्भागवत-कृष्णचरित्र

माहात्म्य

[भाषा श्लोक प्रारम्भः]

पहिलो अध्याय—

हे सच्चिदानन्द ! घन प्रधान ।
छु मूर्ख पाऊँ त विवेक ज्ञान ॥
जान्दीन पूजा तप भक्ति नाथ !
न्यूराउँ दैछु पदमा म माथ ॥१॥

अष्टाशीति सहस्र शौनक मुनी ※ त्यो नैमिषारण्यमा ।
गर्थे कीर्तन भक्ति ज्ञान पथको ※ चर्चा मिली साथमा ॥ २ ॥
आए तीर्थहरू डुलीकन त्यहीं ※ श्रीसूत कोही दिन ।
तिन्को स्वागत शौनकादि सबले ※ गर्दा भए त्यै क्षण ॥ २ ॥
पाद्यार्घादि गरी सुयोग्य रितले ※ राखेर सिंहासन ।
जोरी हात भने विनम्र स्वरमा ※ आनन्द मानीकन ॥
भक्ति ज्ञान बढ़ी विशुद्ध मनमा ※ वैराग्यको भावना ।
चाँडै प्राप्त हुने सबै तरहका ※ कल्याणको कामना ॥ ३ ॥
त्याग्नन् धर्म सुकर्म घोर कलिमा ※ प्राणी बनी दुर्जन ।
तिन्को मुक्ति हुने उपाय सजिलो ※ भन्नोस् विचारी कन ॥
भक्ति प्राप्त हुनेछ कृष्ण-पदमा ※ जुन् युक्तिले लोकको ।
तर्छन् वैष्णव धर्म पालन गरी ※ जो भक्तिको स्रोत हो ॥ ४ ॥

सुन्छौं सोहि कथा भनेर सबले * बिन्ती गरेथे जब ।
लागे भन्न बुझाइ सूत मुनिले * आनन्द मान्दै तब ॥
जस्ले जन्म र मृत्युको भय छिटै * नाशिन्छ संसारमा ।
जस्ले बढ्छ प्रवाह भक्ति-रसको * श्री कृष्णको पाउमा ॥ ५ ॥

कालो सर्प समान घोर कलिका * प्राणीहरूको हित ।
गर्ने श्रेष्ठ उपाय, कष्ट नहुने * जानेर राम्रो सित ॥
थाल्नूभो शुकदेवले शुभ कथा * श्री भागवत्को जब ।
श्रोता योग्य थिए परीक्षित स्वयं * भूपाल ज्ञाता सब ॥ ६ ॥

आए देवहरू सुधा-कलश नै * बोकेर त्यै स्थानमा ।
राजालाइ पिलाउनोस् यहि सुधा * बाँची रहुन् लोकमा ॥
हामीलाइ दिनोस् कथामृत मुने ! * श्री भागवतको अब ।
भन्नूभो शुकदेवले सुरहरू * -लाई बुझाई तब ॥ ७ ॥

ठान्छौ बालक झैं मिठो चिज दिई * हे बाबु ! आओ भनी ।
गर्छौं काँच दिई लिने किन कुरा * यो भागवत् झैं मणि ॥
यस्तो बात सुनेर देवगणले * बुझ्दा भए चित्तमा ।
हो यो भागवत प्रधान कलिको * दुर्भावना नाश्नमा ॥ ८ ॥

सोधे शौनकले विनम्र स्वरमा * श्रद्धा बढाई कन ।
भेटेथे सनकादिलाई कसरी * देवेन्द्रले कुन् क्षण ॥
भन्नूभो शुकदेवले-अघि मुनी * श्री व्यासले कवै दिन ।
आज्ञा भो अघि जुन् कथा मकन त्यो * एकान्त पारीकन ॥ ९ ॥

पाँचेथे पहिले विशाल पुरिमा * सत्संगको खातिर ।
भेटेथे उहिं नै ठुला ऋषि मुनी * पाए त्यहीं आदर ॥
राजा मोक्ष भए सुनेर विधिले * सप्ताह श्रद्धा गरी ।
ब्रह्मालाइ भयो अचम्म मनमा * चर्चा सुनी बेसरी ॥ १० ॥

सारा शास्त्र पुराण वेद जति छन् ※ राखेर एकातिर ।
राखे तौलन श्रेष्ठ भागवत यो ※ शंकार्थ अर्को तिर ॥
भारी भागवतै भयो सकलमा ※ आश्चर्य माने अनि ।
जानेथे विधिले कठोर कलिमा ※ हो मुक्ति-दाता भनी ॥ ११ ॥

पैल्हे येहि सनत्कुमार मुनिले ※ देवर्षिलाई भने ।
ज्ञानी नारदले प्रसन्न मनले ※ श्रद्धा बढाई सुने ॥
मोधे शौनकले उसै बखतमा ※ शंका हुनाले गरी ।
पाए सुन्न कहाँ बसेर कसरी ※ देवर्षिले कुन् घरी ॥ १२ ॥

सक्तैनन् उनि वस्न सुस्थिर भई ※ जुन् श्रापको कारण ।
तिनले विज्ञ सनत्कुमार ऋषिको ※ पाए कहाँ दर्शन ॥
यस्तै प्रश्न सुनेर सूत मुनिले ※ हाँसेर भन्नू भयो ।
यस्को कारण भन्दछू सुन सबै ※ अत्यन्त राम्रो छ यो ॥ १३ ॥

बद्रीमा सनकादिका सँग मिले ※ देवर्षि कोही दिन ।
मोधे नारदलाई चार ऋषिले ※ क्यै खिन्न जानीकन ॥
काहाँबाट हजूर आउनु भयो ※ डुल्दै अहीले यता ।
देख्छू दीन मलीन कान्ति मुखको ※ इच्छा छ जाने कता ॥ १४ ॥

यो विन्तो सनकादिको जब सुने ※ देवर्षिले सादर ।
सारा तीर्थहरू डुलें म अहिले ※ काशी गया पुष्कर ॥
श्रीरामेश्वर औ प्रयाग मथुरा ※ गोदावरी सुन्दर ।
शान्ति प्राप्त भएन घोर कलिमा ※ पापिष्ट नारी-नर ॥ १५ ॥

शौच स्नान दया क्षमा कहिं पनी ※ देखिन्न भूलोकमा ।
आफ्नू धर्म त्यजी लिएर कुमती ※ हिंड्छन् दुखी मार्गमा ॥
पर्वाको छ हुकुम् पतीकन पनी ※ शीलादि अर्ति दिने ।
वैकल्यादि विहे गरेर घरका ※ कन्या त बेची लिने ॥ १६ ॥

ठूला आश्रम तीर्थ मन्दिर विषे * छन् म्लेच्छ पापीहरू ।
पुण्य क्षेत्र र देव स्थान सबमा * नाच्छन् ति वेश्या वरू ॥
राजा भैकन अन्न वस्त्र खुशिले * बेच्छन् बनीयाँ बनी ।
बेच्छन् विप्र भएर वेद कलिका * जान्ने म ठूलो भनी ॥ १७ ॥

बेची देह कमाउनन् धन स्वयं * नारी बनी पापिनी ।
जान्छन् चोर्न कुपुत्र दुर्मति लिई * छोरा र छोरी पनि ॥
यो चाला कलिमा प्रसस्त अहिले * प्रत्यक्ष देखें अनि ।
थालें गर्न विचार हुन्छ कसरी * कल्याण इन्को भनी ॥ १८ ॥

ऐल्हे भेट भयो हजूरहरुको * सौभाग्य जाग्यो अब ।
यस्मा जे छ प्रधान कारण स्वयं * जानुन् उनै केशव ॥
यस्तैमा यमुना नदी तट विषे * हुन्थ्यो जहाँ कीर्तन ।
जान्छू हेर्न भनी पुगें म त्यहिंनै * आनन्द मानीकन ॥ १९ ॥

यौटी उत्तम षोडशा शशिमुखी * देखें बसेकी त्यहाँ ।
मूढो झैं तर वृद्ध व्यक्ति उहिंनै * पल्टेर भूमी महाँ ॥
हेर्दै ती सुमुखा सबैतिर घुमी * रुन्थिन् बिलौना गरी ।
हजार। नर-नारिले घरि-घरी * मन्थ्याउँथे राम्ररी ॥ २ ॥

त्यो शिक्षा नसुनेर रोहरहने * देखेर ती सुन्दरी ।
लाग्यो खूब अचम्म त्यो वखतमा * क्यै खुल्दुलीले गरी ॥
सोधा हेतु भनी गएँ म नगिचै * ती सुन्दरीको जब ।
ला गेर् भन्न स्वयं नसोधिकन ती * आफ्नू विपत्ती सब ॥ २१ ॥

साधो ! स्वागत गर्दछू हजुरको * सानन्द वस्नू हवस् ।
मेरो चित्त बुझाइ भ्रान्त मनको * सन्ताप नाशी दिनोस् ॥
मेरो भाग्य हुलो रहेछ र मिल्यो * यो नाथको दर्शन ।
सोधें बात सुनेर ती सुमुखिको * मान्छै रुने कारण ॥ २२ ॥

को हौ, के हुनगो र कष्ट यसरी * रोई रहेकी किन ? ।
का हुन् यी दुइ व्यक्ति छन् वरिपरी * मुर्दा सरीका भन ।
देख्छू दर्शक झैं यहाँ थरि-थरी * नारीहरू छन् नर ।
मेरो प्रश्न सुनेर ती सुमुखिले * भन्दी भइन् सादर ॥ २३ ॥

मै हूँ भक्ति मुने ! यि पुत्र दुइटा * वैराग्य औ ज्ञान हुन् ।
मेरै सेवन गर्दछन् नदिहरू * स्त्री रूप प्रत्यक्ष छन् ॥
जन्मी दाविड़ देशमा अधि बसें * क्यै काल कर्णाटक ।
बस्ता दक्षिण देशमा हुन गएँ * वृद्धा उमेरकी म त ॥ २४ ॥

गुजरात् देश बसेर झन् हुन गएँ * अत्यन्त बूढी जब ।
यो वृन्दावनमा प्रवेश गरदा * भाग्यो बुढ्याई सब ॥
छोरा हुन् दुइ भक्ति ज्ञान, अहिले * बूढा भए यी किन ?
आमा छू तरुणी बुढा सुत भए * के हेतु यो जान्दिन ॥ २५ ॥

उल्टो यो कसरी भयो भनि सबै * शंका गरी सोद्धछन् ।
मैले उत्तर के दिने ? हृदयमा * यो बातले पोल्छ झन् ॥
यस्को हेतु सबै बुझाउनु हवस् * एकेक हे सज्जन !
सारा कारण बुझ्न शक्ति नपुगी * मैले परेको रुन ॥ २६ ॥

भक्तिको सुनि बिन्ति देव-ऋषिले * क्यै वेर सोची कन ॥
आज्ञा गर्नु भयो प्रसन्न मनले * शंका हटाई दिन ॥
आएको कलिकाल जो छ अहिले * हे भक्ति ! भूलोकमा ।
सारा धर्म भयो विनाश सहजै * प्राणी गडे पापमा ॥ २७ ॥

शुद्धाचार सुकर्म योग तपको * गर्दैन क्वै पालन ।
पापी व्यक्ति भए कुमार्गतिर नै * लाग्ने र खोज्ने धन ॥
सोही कारण सार छैन अधि झैं * राम्रो कुनै वस्तुमा ।
पर्देछन् त्यही हेतु संकटहरू * नाना थरी जीवमा ॥ २८ ॥

लागे भन्न कथा गई घरघरै * श्री भागवत्को सब ।
खोस्टा झैं हुनगो र सार कलिले * खायो हरायो सब ॥
पापी नास्तिक तीर्थमा बसिदिंदा * जो सार हो सो गयो ।
सोही कारण स्नान दान महिमा * निःशेष भै नाशियो ॥ २९ ॥

काम क्रोध र लोभ मोहहरूमा * छन् गाडिएका जति ।
थाले बस्न तपी बनेर बकुलो * जस्ता कती हो कति ॥
जो हो सत्फल पाइने तप गरी * उद्धार आफ्नो हुने ।
त्यस्को सार पनी रहेन कलिमा * पापी अधर्मी बने ॥ ३० ॥

गर्दैनन् जन शास्त्र-चिन्तन कुनै * छू वेद जान्ने भनी ।
गर्छन् दम्भ र योगको पथ पनी * सारा हरायो, अनि ॥
ज्ञानी पण्डित विज्ञ मानिस पनी * आसक्त स्त्रीमा भई ।
गर्छन् भोग सहर्ष रात-दिन नै * कामाग्निमा पिल्सिई ॥ ३१ ॥

छैनन् वैष्णव विष्णुभक्त कलिमा * पाइन्न खोजे पनि ।
गर्छन् ती व्यभिचार दुष्ट मतिले * कर्तव्य यै हो भनी ॥
चल्दा यै क्रम अन्धकार कलिमा * बिस्तार बढ्दै गयो ।
राम्रा कार्य र सार वस्तु जति हो * त्यो लोप जस्तै भयो ॥

भक्ति ज्ञान विरागमा मन दिने * छैनन् कुनै सज्जन ।
कस्लाई दिनु दोष धर्म कलिको * जानेर रोक्नू मन ॥
त्याग्दामा तिमिलाई दुर्बल भयो * हे भक्ति, वैराग्य हो ।
अर्को कारण छैन यो विषयमा * भक्ति, बुझे सत्य हो ॥३३॥

देवर्षिको सुनि सकीकन अर्ति गस्तो ।
भक्ती चकित् हुन गइन् सुनि भाव त्यस्को ॥
सोधिन् विनम्र भइ नारदलाइ फेरि ।
आज्ञा वहम् अब मुने ! नगरेर हेरी ॥ ३४ ॥

जानेर घोर कलिको अपराधलाई ।
छाड़ी दिए नृपतिले किन दुष्टलाई ॥
ती भक्तिको यति विनम्र सुनेर बात ।
बोले ति नारद मुनी अति हर्ष साथ ॥ ३५ ॥

त्रेता र सत्य युग द्वापरमा पहीले ।
वर्षौं गरुन् तप र तीर्थ डुलुन् क्रमैले ॥
त्यस्को हुँदैन फल उत्तम प्राप्त कैल्हे ।
जो दिन्छ नाम जपि सत्फल त्यो कलीले ॥ ३६ ॥

गर्ने कीर्तन विष्णुका भजनमा * श्रद्धा र भक्ती हुने ।
तर्छन् केवल नामको जप गरी * छन् मुक्ति भेट्टाउने ॥
चरोटै युगमा प्रधान कलि नै * मानिन्छ त्यै कारण ।
यो विश्वास लिई बसे हृदयमा * जानी कलीको गुण ॥३७॥

फेरी विन्मि गरिन् मुने ! सुत दुवै * पैल्हे सरीका हउन् ।
यस्को केहि भए उपाय सजिलो * गर्नूहवस् यी उठुन् ॥
यस्तो बात भनी प्रणाम खुसिले * देवर्षि लाई गरिन् ।
के भन्छन् मुनिले भनी कर दुवै * जोहेर न्यूरी रहिन् ॥३८॥

श्रीमद्भागवत माहात्म्यको पहिलो अध्याय सकियो ॥१

अब दोस्रो अध्याय

बोले नारद हे शुभे ! हृदयमा * चिन्ता नलेऊ रति ।
गर्दै चिन्तन कृष्णको बसिरहू * आनन्द मानी अति ॥
निम्रो कष्ट स्वयं हरी हरिदिदन् * दुःखी भएकी छँदी ।
पापी कौरवका सभा बिच थिइन् * उद्विग्न ती द्रौपदी ॥ १ ॥

तिन्को चोर बढाइ जुन् किमिमले * रक्षा गरे कृष्णले ।
तिम्रो कष्ट पनी निवारण उनैं * गर्नन् छिटै स्नेहले ॥
गोपी गोप थिए सखा शरणमा * गोविन्दका भक्त जो ।
रक्षा ती सबको गरे थरी-थरी * लीला गरी लोकको ॥ २ ॥

छौ प्यारी तिमि कृष्णकी अधिक झन् * सर्वस्व प्राणै सरि ।
डाकेमा तिमिले उपस्थित हुनन् * तत्काल नै श्री हरि ॥
मान्मा भक्ति भए कुनै पुरुष वा * नारी बुढो बालक ।
ऊँचो नीच कुनै विचार नगरी * पुग्छन् बनी रक्षक ॥ ३ ॥

त्रेता द्वापरमा र सत्य युगमा * वैराग्य औ ज्ञानले ।
हुन्थे मुक्त सबै परन्तु कलिमा * तर्छन् सदा भक्तिले ॥
भक्ती गर्नसके त एक क्षणमै * संसारी पारी तरी ।
जान्छन् भक्त त्यसजेर देह यहिं नै * भेट्टाउँछन् श्री हरि ॥ ४ ॥

भद्रे ! भक्ति सिवाय छैन अरु क्यै * हो मुक्तिदाता पनि ।
सोही कारण भक्तिलाइ सबले * मान्छन् ढुली हुन् भनी ॥
जान्नूभो तिमिलाइ श्रेष्ठ प्रभुले * सायुज्य भक्ति दिने ।
तिम्रो सृष्टि गरी हुकुम् दिनुभयो * कल्याण भेट्टाइने ॥५॥

गरौं म के काम भन्यौ तिमीले ।
आज्ञा भयो खूसि भई प्रभूले ॥
मेरा भएका जति भक्त ज्ञानी ।
तिन्को गरे पालन हर्ष मानी ॥ ६ ॥

स्वीकार आज्ञा प्रभुको गरी यो ।
आयौ तिमी भूतलमा अघी जो ॥
स्वीकार तिम्रो सुनि खूसि मनले ।
दासी भनी मुक्ति दिए प्रभुले ॥ ७ ॥

मुक्ति ज्ञान लिएर हर्षित भई * वैराग्यको साथमा ।
आयौ पालन गर्न भक्त हरिका * सानन्द भू-लोकमा ॥
त्रेता, द्वापर सत्यसम्म हरिका * सद्भक्त तादैं थियौ ।
जाग्दामा कलिको प्रभाव अहिले * अत्यन्त दुःखी भयौ ॥ ८ ॥

मुक्तीको अपमान यो पृथिवीमा * देख्यौ तिमीले जब ।
मुक्तीलाइ विदा दियौ यति भनी * वैकुण्ठ आऊ अब ॥
छैनन् ती अहिले यहाँ तर पनी * सम्झ्यौ तिमीले भने ।
हुन्छिन् हाजिर ती र भक्त जनले * छन् भक्ति भेट्टाउने ॥ ९ ॥

रक्षा गर्न भनी सुपुत्र दुइटा * माथै लिएकी थियौ ।
बढ्दामा कलिको प्रभाव ति दुवै * बूढा हुँदा आत्तियौ ॥
चिन्ता छाड़ उपाय केहि म पनी * सोची विचारी गरूँ ।
त्रेता द्वापर सत्य देखि कलि नै * मानिन्छ ठूलो बरू ॥ १० ॥

ठूलो हो कलि नै तथापि म पनी * लाग्दैछु उद्योगमा ।
गर्छु स्थापन राम्ररी घर घरै * प्रत्येक जीवादिमा ॥
यस्तो गर्न सकीन क्यै गरि भने * भन्छू प्रतिज्ञा गरी ।
भन्नू-दास र भक्त ह्वैन हरिको * सानन्द हे सुन्दरी ! ॥ ११ ॥

जन्मे यो कलिमा सदा हृदयमा * सम्झन्छ भक्तीकन ।
भाग पाप पखालि पुग्दछ छिटै * वैकुण्ठमा त्यो जन ॥
तिम्रो वाम रहन्छ भक्ति ! दिनहूँ * जुन् जीवको देहमा ।
त्यस्लाई भय हुन्न केहि कहिल्यै * पर्दैन आपत्तिमा ॥ १२ ॥

भूत प्रेत पिशाच राक्षस अरू * कोही भए तापनि ।
भाग्छन् ती डरले स्वयं परपरै * हो भक्ति गर्ने भनी ॥
धेरै दान र यज्ञ वा तप गरी * पाइन्छ जस्तो फल ।
त्यो भन्दा बढि मिल्छ भक्ति रसमा * नै गाड़िंदा केवल ॥ १३ ॥

त्यस्को दिन्छु सफा उदाहरण लौ * के गर्दथे गोपिनी ।
भक्ती मात्र गरेर ती सब तरे * सानन्द दासी बनी ॥
जस्ले गर्छ उपासना दुख सही * धेरै थरी बेसरी ।
त्यस्लाई पनि भक्ति हीन छ भने * मिल्छन् कहाँ श्रीहरि ॥ १४ ॥

भक्तीको बलवान शक्ति कलिमा * मानिन्छ त्ये कारण ।
तिम्रो सेवनले पुगिन्छ सहजै * वैकुण्ठ, त्यागी तन ॥
हे भक्ति ! तिमि छौ प्रधान कलिमा * तिम्रो गरी चाकरी ॥
तर्छन् यो भव-सिन्धु गो-खुरसरी * मिल्छन् छिटै श्रीहरि ॥ १५ ॥

तीर्थ स्नान र दान धर्म व्रत वा * यज्ञादि गर्ने अनि ।
सुन्ने दिव्य कथा पुराण दिनहूँ * ज्ञानी तपस्वी पनि ॥
मुक्तैनन् दिन मुक्ति युक्ति जति जे * गर्दै रहे तापनि ।
द्रोहीलाइ पनी त मुक्ति दिनमा * प्रख्यात छौ मानिनी ॥ १६ ॥

आफ्नू सुनेर गुण-गान खुसी भएर ।
सोधिन् विनम्र स्वरमा भइ क्यै अधीर ॥
ज्ञानी मुने ! हजुरलाइ म धन्य भन्छु ।
तिम्रो सदा हृदयमा म निवास गर्छू ॥ १७ ॥

मेरो थियो जति व्यथा मनमा अहीले ।
सारा गयो मन विशुद्ध भयो खुशीले ॥
मूढो समान दुइ पुत्र विचेत छन् जो ।
चाँडै सचेत् गरिदिनोस् विनती छ मेरो ॥ १८ ॥

भक्तीको सुनि विन्ति नारद मुनी * अत्यन्त हर्षित् भए ।
ती वैराग्य र ज्ञानका नगिचमा * आनन्द मान्दै गए ॥
कोट्याई दुइ हातले, मुख लगी * जुन् कानका पासमा ।
हे वैराग्य र ज्ञान ! लौ उठ छिटै * भन्दा भए कानमा ॥ १९ ॥

जागेनन् ति दुवै र उच्च स्वरले * गीता र वेदध्वनी ।
मारा शास्त्र पुराण वर्णन गरे * तत्काल जागुन् भनी ॥
जागेनन् ति दुवै र चस्मल गरे * क्यै होश आए सरी ।
अल्छीले दुइ नेत्र खुल्न नसकी * चिल्लेर 'हाई' गरी ॥ २० ॥

फेरी सुत्न भनी ढले पृथिविमै * ती ज्ञान वैराग्यको ।
देखी त्यो स्थिति विज्ञ नारदजिको * चिन्ता बढ्यो चित्तको ॥
थाले गर्न विचार के गरुँ प्रभो ! * हे कृष्ण, योगेश्वर !
हुन्छन् यी कसरी सचेत सहजै * शिक्षा दिनोस् ईश्वर ! ॥ २१ ॥

त्यै बेला सहसा भयो सुख दिने * आकाशवाणी सुने ।
जो उद्योग गऱ्यो सबै असल हुन् * दुःखी नहोऊ मुने !
गर्दै काम रहे पछी सफलता * भेट्टाउने छो, तर ।
गर्खी धैर्य सकर्म नै गरिरहू * सम्झी उनै ईश्वर ॥ २२ ॥

लागेथ्यो मुनिलाइ संशय निकै * आकाशवाणी सुनी ।
के गर्ने शुभ कर्म गैकन कहाँ * कुन् युक्ति द्वारा भनो ॥
भेट्नेछू कि कहीं कुनै हित कुरा * शिक्षा दिने सज्जन ।
त्याहाँबाट हिंडे नवोलिकन क्यै * देवर्षि तीर्थाटन ॥ २३ ॥

भक्ति ज्ञान विराग तीन त्यहिं नै * बस्ता भए क्यै दिन ।
ज्ञानी नारद आउनन् कब भनी * पर्खे दुखी भैकन ॥
त्याहाँबाट हिंडेर नारद मुनी * डुल्दै रहे तीर्थमा ।
सोधेथे सबलाइ युक्ति सजिलो * धेरैथरी स्थानमा ॥ २४ ॥

त्यस्को निर्णय क्यै भएन र कती * आश्चर्यमा पर्दथे ।
कोही प्रश्न सुनेर बोल्न नसकी * लाटो बनी हेर्दथे ॥
हाहाकार भयो तिनै भुवनमा * कुन् यत्न गर्ने भनी ।
माग छक्क परे मुनी ऋषि गुणी * योगी तपस्वी पनि ॥ २५ ॥

गर्थें आपसमा कुरा थरि थरी * गीता र वेदध्वनि ।
गर्दा चेत फिरेन ता अरू कुरा * के हुन्छ अर्को भनी ॥
ज्ञानी नारद हुन् त्रिलोक भरिमा * विख्यात आफ्फै, तर ।
तिन्को शक्ति पुगेन ता पृथिविमा * को सक्छ नारी-नर ॥ २६ ॥

गर्थे यै रितका कुरा ऋषि-मुनी * जान्ने तपस्वी जन ।
चिन्ताग्रस्त भएर नारद निकै * दुःखी भए मन्मन ॥
सोधें प्रश्न अनेक यो विषयमा * पाईन कंपे उत्तर ।
बद्रीमा तप गर्दछू भनी हिंडे * सम्झी उनै ईश्वर ॥ २७ ॥

चारै भाइ सनत्कुमार पथमै * भेटेर देवर्षिले ।
जोरी हात दुवै निमग्न स्वरमा * सोधे निकै हर्षले ॥
जान्नेछौ ऋषि हो, स्वयं सब कुरा * राम्रो नराम्रो पनि ।
मेरो चित्त बुझाइ वक्सनु हवस् * कर्तव्य यो हो भनी ॥ २८ ॥

ठूलो भाग्य रहेछ दर्शन मिल्यो * अत्यन्त हर्षित भएँ ।
इच्छा पूर्ण गरीदिए अझ ठुलो * सौभाग्य ठान्ने थिएँ ॥
भक्ति ज्ञान विरागलाइ कमरी * चैतन्य हो आउने ।
त्यस्को युक्ति कुनै बताउनु हवस् * कल्याण मेरो हुने ॥ २९ ॥

यस्तो प्रश्न सनत्कुमार ऋषिले * तिन्को सुनेथे जब ।
लागे भन्न बुझाइ बात हितको * देवर्षिलाई सब ॥
तिम्रो प्रश्न सुनी प्रसन्न मनभो * चिन्ता नलेऊ अब ।
यस्को ता सजिलो उपाय छ मुने ! * छन् भेटिने माधव ॥ ३० ॥

द्रव्य-यज्ञ, ज्ञान-यज्ञ, स्वाध्याय तप-यज्ञ भो ।
योग यज्ञादि भन्दा त्यो, ज्ञान-यज्ञ प्रधान हो ॥
सारा यज्ञहरू ठूला, मानिन्छन् लोकमा तर !
ती सबैमा-श्रेष्ठ जान, ज्ञान-यज्ञ छ सुन्दर ॥ ३१ ॥

श्री मद्भागवत प्रधान सबमा * जानी रचे व्यासले ।
भन्थे श्री शुकजी परीक्षित सुनी * पारी तरे भक्तिले ॥
फिर्ता चेत अवश्य भागवतले * ती ज्ञान वैराग्यको ।
भक्ति स्थापन हुन्छ लोक भरिमा * उद्धार जीवादिको ॥ ३२ ॥

यस्ता बात सनत्कुमार ऋषिले * आज्ञा भएको सुनी ।
सोधे नारदले–मलाइ मनमा * शंका उठ्यो हे मुनि !
गीता शास्त्र भनें पुराणहरूको * मन्त्रादि वेदध्वनि ।
मैले यत्न अरू सबै गरिसकें * जागा हुनन् कि भनी ॥ ३३ ॥

तिन्को चेत फिरेन लज्जित भएँ * आश्चर्य लाग्यो अनि ।
फिर्ता चेत भनेर संशय भयो * यो भागवतले पनि ॥
शंका नारदका कुमारहरुले * त्यस्तो सुनेथे जब ।
लागे भन्न बुझाइ तत्त्व जति हो * श्री भागवत्को सब ॥ ३४ ॥

जान्नू भागवत प्रधान सबमा * हो सार यो वेदको ।
यस्मा छैन मुने ! कुतर्क अथवा * शंका कुनै बातको ॥
सुन्नोस् दिन्छु यहाँ उदाहरण लौ * जस्तै उखूमा पनि ।
सारा व्याप्त रहन्छ सक्खर सबै * खान्छन् मिठो हो भनि ॥ ३५ ॥

त्यस्को झोल झिकी पकाई क्रमले * बन्ला अनी सक्खर ।
उस्को स्वाद हुनेछ भिन्न र मिठो * देख्दा पनी सुन्दर ॥
जस्तै व्याप्त रहन्छ दुग्ध र दही * मित्रै सदा त्यो घृत ।
त्यस्लाई नमथेर स्वाद सहसा * पाइन्न राम्रोसित ॥ ३६ ॥

भिन्नै स्वाद रहन्छ दूध घृतको * भिन्नै उखू सक्खर ।
त्यस्तै भिन्न छ शास्त्र वेद सबमा * यो भागवत्को स्वर ॥
पैल्हे भिन्न थिएन भागवत वा * षट् शास्त्रको क्यै फल ।
छुट्याईकन वेदबाट रचियो * भिन्नै भयो उज्ज्वल ॥ ३७ ॥

भक्ति ज्ञान विराग लोक भरिमा * गर्ने भनी स्थापना ।
भिन्नै व्यासजिले गराउनु भयो * यो मुक्तिदाता धन ॥
यस्तो भागवत प्रधान छ भनी * वर्णन् गरे तापनि ।
ज्ञानी नारद, जान्दछो सब तिमी * हो सिद्धिदाता भनी ॥ ३८ ॥

सारा शास्त्र रचेर व्यास मुनिमा * आएन शान्ता जब ।
बस्थे चिन्तित मैं अनेक थरिका * शंका निकाली तब ॥
गर्दै वर्णन चार श्लोक हरुमा * श्री भागवत्को कथा ।
भन्दामा तिमिले गयो हृदयको * श्री व्यासको दुर्व्यथा ॥ ३९ ॥

यस्तो ग्रन्थ छँदाछँदै पनि वृथा * शंका गरेका किन ?
जस्ले सक्छ सुनेर नै क्षणमहाँ * शान्ती सुविस्ता दिन ॥
इच्छा पूर्ण हुनेछ दुस्ख मनमा * केही नमाने अब ॥
बोले नारदजी कुमारहरुको * शिक्षा सुनेथे जब ॥ ४० ॥

जस्को मिली दर्शन मात्र खास ।
मुक्ती हुने गर्दछ जीव आश ॥
मेरो ठुलो भाग्य रहेछ आज ।
दर्शन् मिल्यो धन्य भयो समाज ॥ ४१ ॥

अज्ञान रूपी भव - पाश नाश्ने ।
साना ठुलाले पनि मान्नु पर्ने ॥
रहेछ ठूलो अधिको र पुण्य ।
सत्संग पाएर भएँ म धन्य ॥

इति भागवत माहात्म्यको दोस्रो अध्याय सकियो ॥ २ ॥

अब तेस्रो अध्याय

सोधे नारदले विनम्र स्वम्र स्वरमा * श्रद्धा बढ़ाई कन ।
गर्ने उत्तम ज्ञानयज्ञ कसरी * गर्ने कहाँ कुन् दिन ॥
भन्ने हो कति दिन् लगाइकन त्यो * श्री भागवत्को कथा ।
श्रीताले कसरी सुनेर मनको * छन् फाल्छसक्ने व्यथा ॥ १ ॥

आज्ञा गर्नु हवम् विधान जति हो * एकेक विस्तारले ।
यस्तो प्रश्न सुनेर उत्तर दिए * ती चार विद्वानले ॥
गंगाद्वार समीप स्नान छ सदा * आनन्द दाता जहाँ ।
बस्छन् सिद्ध मुनी ऋषिश्वर तथा * ज्ञानी महात्मा त्यहाँ ॥ २ ॥

गर्दैननन् कहिले विरोध झगड़ा * कोही कसैको पनि ।
छन् ती मेल-मिलापले सब जना * पक्का हितैषी बनी ॥
गर्दैनन् झगड़ मनुष्य हरुले * भन्नू वृथा ठान्दछू ।
चर्छन् मेल : मिलापले पशु पनी * विश्वास यो मान्दछू ॥ ३ ॥

यस्तो उत्तम क्षेत्रमा गर मुने ! * आनन्द मानीकन ।
होला पूर्ण अवश्य ज्ञान-मख त्यो * भन्दैछ हाम्रो मन ॥
हुन्छ भागवत प्रधान रसको * होला कथा त्यो जब ।
भक्ति ज्ञान हुनन् उपस्थित त्यहीं * चैतन्य पाई तब ॥ ४ ॥

मान्दै उत्तम त्यो विधान ऋषिले * पूरा बताई दिए ।
जान् पर्छ हजूरले पनि सँगै * भन्दा ति मौनै रहे ॥
चारै भाइ सनत्कुमार मुनि ती * आए लिई साथमा ।
ज्ञानी नारदको थियो मन खुसी * पुग्दा हरिद्वारमा ॥ ५ ॥

श्रीमद्भागवत प्रधान छ कथा * सप्ताह सुन्ने जति ।
आउन् सुन्न भनेर इयालि पिटियो * आनन्द मान्दै अति ॥
त्यो सम्चार सुनी वशिष्ठ र भृगू * मेधातिथी गौतम ।
मार्कण्डेय तथा पराशर मुनी * श्री व्यास औ कर्दभ ॥ ६ ॥

विश्वामित्र र याज्ञवल्क्य शुकजी * छायो र अत्रि मुनि ॥
जैगीषव्य र जाजली परशुराम् * अन्यान्य ज्ञानी पनि ॥
स्त्री-पुत्रादि लिएर शिष्य सँगमा * सानन्द आए त्यहाँ ।
सारा तन्त्र पुराण मन्त्र श्रुति औ * वेदांग बस्थे जहाँ ॥ ७ ॥

मूर्ति मानिसको धरीकन पुगे * सत्पात्र ज्ञानी जन ।
सारा काम त्यजी उपस्थित भए * सप्ताहमा दी मन ॥
गंगा सिन्धु सरस्वती र यमुना * गोदावरी गोमती ।
काबेरी अनि नर्मदा सहितकी * नारायणी गण्डकी ॥ ८ ॥

सारा तीर्थ गया प्रयाग मथुरा * काशी तथा पुष्कर ।
ठूला पर्वत औ नदी-नद, बनी * मानीस झैं सुन्दर ॥
गंगाद्वार पुगे प्रसन्न मनले * सप्ताह सुन्ना कन ।
ठूलो हर्ष भयो सबैतिर त्यहाँ * खूसी भए सज्जन ॥ ९ ॥

द्यौता, दानव यक्ष पन्नग तथा * गन्धर्व बिद्याधर ।
आए मानिस रूप धारण गरी * आनन्दले किन्नर ॥
आएनन् जति विज्ञ पण्डित गुणा * ज्ञानी तपस्वी जन ।
डाकेथे भृगुले गई घर-घरै * तिन्लाइ सोही क्षण ॥ १० ॥

पंक्ति-बद्ध गरी सबैकन दिई * राखे सफा आसन ।
सारा सुन्न भनी बसे क्रमसहित् * आनन्द मानी कन ॥
संन्यासी र विरक्त वैष्णव गुणी * साम्ने बसेका थिए ।
दीक्षा नारदबाट चार ऋषिले * शास्त्रै विधान्ले दिए ॥ ११ ॥

एकातर्फ बसे ऋषिश्वर मुनी * पंक्ति बनाई कन ।
अर्को तर्फ समस्त देवगणले * आफ्नू लिए आसन ॥
सारा स्त्रीहरुको समाज नगिचै * भिन्नै बसेको थियो ।
तिन्को चित्त कथा र भक्ति रसमा * आनन्दले लोभियो ॥ १२ ॥

भेरी शंख मृदंग ढोल नगरा * बज्थे ति एकातिर ।
जै जैकार गरे समस्त सुरले * सानन्द अर्को तिर ॥
लावा पुष्प अबीर वर्षण गरे * आकाश देखी जब ।
बिच्याए जय-घोषको ध्वनि तिखो * पारेर श्रोता सब ॥ १३ ॥

ज्ञानी नारदका निमित्त त्यसरी * देखेर श्रोता गण ।
थाले गर्न सनत्कुमार ऋषिले * श्रीभागवत् वर्णन ॥
विज्ञानी शुकले परीक्षितजिको * निम्ती कथा जो भने ।
भन्छु मोहि कथा यथामति यहाँ * भक्ती र मुक्ती दिने ॥ १४ ॥

सुन्नूहोस् अब सावधान मनले * हो जुन् कथा अमृत ।
त्यस्को पान गरेर शान्ति मनमा * मिल्नेछ राम्रोसित ॥
भन्नूभो शुकदेवले जति कथा * राजा परीक्षित् कन ।
मोही भन्छु कथा म भागवतको * सुन्नोस् सबै सज्जन ॥ १५ ॥

सुन्दैनन् जबसम्म मानिस भई * यो मुक्ति-दाता कथा ।
त्यस्लाई हुँदैन शान्ति सुख क्यै * भोग्ला अनेकौं व्यथा ॥
घेरे शास्त्र पढ़ेर चिन्तन गरे * झन् बढ्छ मन्मा भ्रम ।
त्यस्ले मुक्ति हुँदैन मानिसहरू * गर्छन् वृथामा श्रम ॥ १६ ॥

भक्ति प्राप्त हुने त भागवत ने * हो मुक्ति-दाता पनि ।
कस्ले भेदन गर्नु नित्य जनले * भक्ती म पाऊँ भनी ॥
गर्दामा हयमेध एक सय वा * त्यो बाजपेयादिक ।
के पस्ट गरुन् प्रमस्त धनले * दानादि वर्षौं तक ॥ १७ ॥

जानन् यदि सुन्न भागवत यो * श्रद्धा बढ़ाई कन ।
त्यस्लाई हुँदैन भक्ति अथवा * श्रीकृष्णको दर्शन ॥
जाहांसम्म रहन्छ पाप तनमा * दुर्भावनाको घर ।
गर्दैनन् मन सुन्न भागवतको * तिन्ले कथा सुन्दर ॥ १८ ॥

सुन्दामा शुकको सुधासरि कथा * पाइन्छ जस्तो फल ।
त्यस्तो प्राप्त हुँदैन दान व्रत वा * तीर्थादि वर्षौं डुल ॥
जस्ले अर्थ समेत पढ्छ शुकको * मीठो सुधा झैं कथा ।
त्यस्का पाप समस्त ताप तनको * नशिन्छ मन्को व्यथा ॥ १९ ॥

जो गर्छ पाठ दिन हूँ शुकको शुधा यो ।
श्री कृष्णको चरण - पंकज पाउला त्यो ॥
अध्याय, श्लोक अथवा पढि एक पाऊ ।
पारी सफा हृदय कृष्णविषे लगाऊ ॥२०॥

सुन्ने गरे शुक सुधा दिनहूँ खुसीले ।
पाउन्न दुर्लभ कुरा भन कुन् छ त्यस्ले ॥
संसारका सकल वस्तु अनित्य जानो ।
श्री कृष्ण भक्तिकन केवल नित्य ठानी ॥२१॥

उन्कै सुनेर महिमा तन त्यान्छ जस्ले ।
कैवल्य मुक्ति पद पाउँछ जान उस्ले ॥
रोकेर चित्तकन याद गरी प्रभूको ।
जो मृत्युको बखतमा यहि भागवत्को ॥२२॥

सुन्नेछ पाठ प्रभु ! भक्ति मिलोस् भनेर ।
पुग्नेछ बस्न जन त्यो प्रभु कृष्णनेर ॥
पूजा गरी पिपल वृक्ष र तीर्थ दान ।
सेवा गरेर तुलसी दलले प्रधान ॥२३॥

जो पुण्य हुन्छ, जति मिल्दछ भोग मान ।
त्यो हुन्न भागत झैं तिमि सत्य जान ॥
मानेर भक्ति रसलाइ सदा प्रधान ।
त्यस्कै गरी रहनु पर्दछ नित्य ध्यान ॥२४॥

युँदैन जो जुनि भरी शुकको सुधा यो ।
सुन्दैन भागवतको महिमा ठुलो जो ॥
चाण्डाल झैं पुरुष त्यो किन जन्म लिन्छ !
त्यो मूर्ख व्यर्थ जननी कन कष्ट दिन्छ ॥२५॥

जस्ले सुनेन शुक - शास्त्र स्वयं कहीले ।
धिक्कार जन्म पशु झैं बुझि लेउ ऐल्हे ॥
त्यस्ता मनुष्यहरूको नर जन्म व्यर्थ ।
हुन् भार भूमिकन गर्न भनो अनर्थ ॥२६॥

कोटी जन्म उपासना श्रम गरी * गर्दैं रहे दिन् दिन ।
मौका मिल्दछ सुन्न भागवतमा * क्यै लाग्छ त्यस्को मन ॥
सोही कारण यो अपूर्व छ कथा * उद्योग ठुलो गरी ।
सुन्नू पर्दछ हे मुने ! हृदयमा * श्रीकृष्ण-भक्ती धरी ॥२७॥

काम क्रोध र लोभ मोह मनका * जुन् वेग हुन् चंचल ।
रोकी ती सबलाइ कृष्ण पदको * चिन्तन् गरोस केवल ॥
मन् जन्मनु मम्म जुन् सुजनले * एकाग्र पारी मन ।
अमृत झैं गरि यत्न भागवतको * गर्दैन क्यै चिन्तन ॥२८॥

म्यम्लाई सुख शान्ति हुन्न कहिले * हो व्यर्थ त्यो जीवन ।
आमालाइ दिएर कष्ट भवमा * आए पछी जन्मन ॥
सुन्नू पर्छ अवश्य भागवत यो * श्रीकृष्ण भेट्टाउन ।
गर्छन् भक्त भनी दयामय दया * ती नन्दका नन्दन ॥ २९ ॥

बेर कोटि मनुष्य जन्महरुको * क्यै पुण्य राम्रो भए ।
मौका मिल्दछ सुन्न भागवत यो * आज्ञा प्रभूले दिए ॥
इच्छा गर्दछ जो मरेपछि ठुलो * पाऊँ म राम्रो गति ।
म्यन्ले सुन्नु र मन्नु भागवत ने * पर्नेछ हे सद्मति ॥ ३० ॥

गर्ला पाठ सधैं प्रसन्न मनले * जो यो सुधा सागर ।
गर्छन् भक्त भनेर रक्षण स्वयं * गोविन्द दामोदर ॥
सुन्दैनन् जबसम्म कान दुइले * श्री भागवत्को गुण ।
काटिन्नन् तबसम्म पाप तनको * सप्रश्न उस्को मन ॥ ३१ ॥

आफ्ना इन्द्रियलाइ रोक्न नसकी * दुःखी हुने रोगले ।
आयु क्षीण भएर पीड़ित हुने * सन्तान दारिद्रबले ॥
भोग्ने कष्ट अनेक घोर कलिमा * प्राणीहरू छन् जति ।
पाउन् पुण्य भनी दिए शुकजिले * सप्ताह सुन्ने मति ॥ ३२ ॥

गर्दा योग समाधि घोर तपले * पाइन्न जुन् सत्फल ॥
त्यो सप्ताह सुनेर मिल्छ कलिमा * भक्ती गरी केवल ॥
त्यस्ते नै व्रत दान तीर्थ हरूमा * स्नानादि जो गर्दछन् ।
त्यो भन्दा पनि मिल्छ उत्तम गती * सप्ताहले मुक्ति झन् ॥ ३३ ॥

ज्ञानी नारदको र चार ऋषिको * संवाद यो जो भयो ।
सोही सूत र शौनकादिहरूको * व्याख्यान चल्दै थियो ॥
आज्ञा सूतजिको सुनेर खुशि भै * बोल्दा भए शौनक ।
शंका एक भयो मलाइ मनमा * हे धर्मका रक्षक ! ॥ ३४ ॥

श्रीमद्भागवत प्रधान सबमा * के हेतु भन्नू भयो !
झन् सप्ताह ठुलो कमो गरि भयो * शंका मलाई छ यो ॥
सारा शास्त्र पुराण ग्रन्थ हरूमा * अत्यन्त ठूलो हुने ।
साक्षात् कृष्ण स्वरूप भागवत यो * के हेतु हो मानिने ॥ ३५ ॥

हो यो मुक्ति दिने भनेर अहिले * आज्ञा भएको सुनी ।
यस्को कारण भन्नुहोस् हजुरले * राम्रो गरी हे मुनि !
यस्तो प्रश्न सुनेर शौनकजिको * श्रीसूत हाँसी कन ।
लागे भन्न बुझाइ कारण सबै * राम्रो गरी वर्णन ॥ ३६ ॥

ज्ञानी शौनक जी, निवारण छिटै * शंका म गर्छू अब ।
इच्छा गर्नु भयो अघी प्रभुजिले * वैकुण्ठ जाने जब ॥
सोधे उद्धवले उसै बखतमा * हे कृष्ण ! योगेश्वर !
पाल्नू हुन्छ हजुर धामतिर ता * सद्भक्त नारी-नर ॥ ३७ ॥

बद्दामा बलिको प्रभाव बलियो * उन्मत्त सारा हुनन् ।
नाना पाप गरेर भूमिकन यो * सन्ताप धेरै दिनन् ॥
भारी खान कठिन् भएर पृथिवी * गो-रूप धारी कन ।
गर्नेछन् बहुतै विलाप भवमा * पर्नेछ तिन्ले रुन ॥ ३८ ॥

तिन्को रक्षक छैन कवै प्रभु विना * उद्धार गर्ने पनि ।
इच्छा त्यागि दिनोस स्वधामतिरको * ऐल्हे दयालू बनी ॥
गर्दा धारण रूप त्यो सगुणको * गर्छन् सबै दर्शन ।
धर्दा निर्गुण रूप अल्मलविषे * पर्छन् गुणी सज्जन ॥ ३९ ॥

फेरी निर्गुण रूप गुप्त प्रभुको * मानिन्छ त्यै कारण ।
सारालाइ छिटै हुँदैन सजिलो * त्यो रूप जानी लिन ॥
सोही कारण भक्तका उपरमा * राखी दया हे हरि !
गर्नोस् झट्ट कुनै उपाय सजिलो * बिन्ती छ पाऊ परी ॥ ४० ॥

त्यागे उद्धवले विनम्र स्वरमा * विन्ती गरेको सुनी ।
गर्नुभो मनमा विचार प्रभुले * केही नजान्ने बनी ॥
कस्तो युक्ति गरेर भक्त जनको * पुग्नेछ इच्छा अब ।
के गर्दा हित हुन्छ विज्ञ जनको * राम्रो भनी माधव ॥ ४१ ॥

आफ्नो ठुलो तेज प्रभाव लाई ।
त्यो भागवत् भित्र दिए लुकाई ॥
त्यस्ले पनी शान्ति भएन मनमा ।
सोचेर फेरी पनि केही छिन्मा ॥ ४२ ॥

आफ्नै विग्रह रूप जानि प्रभुले * त्यै भागवत् ग्रन्थमा ।
आफैं गर्नु भयो प्रवेश जनको * कल्याणको निम्तिमा ॥
सोही कारण कृष्ण रूप भनमा * यै भागवत् ग्रन्थ हो ।
यस्को पाठ गरी परम्पद छिटै * जाइन्छ यो सत्य हो ॥ ४३ ॥

सुन्नू पाठ सुनाउनू हृदयमा * भक्ती हुनू पर्दछ ।
दर्शन् मात्र गरे पनी सकलको * कल्याण यो गर्दछ ॥
राखे शास्त्र पुराण ग्रन्थहरुको * थुप्रो त एकातिर ।
राखे भागवतै तुला उपरमा * सानन्द अर्को तिर ॥ ४४ ॥

भारी भागवतै भयो सकलमा * सारा हल्लुङ्गो भए ।
ज्ञानी सन्त र भक्तका हृदयको * शंका कुशंका गए ॥
चिन्ता कष्ट दरिद्रता हरिदिने * क्यै छैन यस्ले सरी ।
झन् सप्ताह सुन्यो भने त कलिमा * खूसी रहन्छन् हरि ॥ ४५ ॥

त्यो सप्ताह शुरू हुने बगतमा * आश्चर्य यौटा भयो ।
हेर्ने छक्क परी उपस्थित सबै * त्यो दृश्य जो देखियो ॥
भक्ती ज्ञान विराग पुत्र तरुणा * आपना लिई साथमा ।
आइन् खूसि भएर कीर्तन गरी * सानन्द त्यै स्थानमा ॥ ४६ ॥

गोविन्द, दामोदर, हे मुरारे !
उद्धार मेरो गर हे मुरारे ॥
गरेर उच्चारण बार-बार ।
होगिन् सबैलाइ बना उदार ॥ ४७ ॥

वन्दे नम्र सनत्कुमार हरुको * सानन्द पाऊ परिन् ।
सम्झन्दै हरि नाम शुद्ध मनले * तत्काल विन्ती गरिन् ॥
हे ज्ञानी ऋषि हो ! सप्ताह कलिले * बाधा दिएको थियो ।
मेरो निर्मल देह पुत्रहरुको * सप्ताह द्वारा भयो ॥ ४८ ॥

पाऊँ स्थान मलाई बस्न दिनुहोस् * सोचेर राम्रो मुने !
आज्ञा हुन्छ जहाँ म बस्छु त्यहि नै * कल्याण मेरो हुने ॥
यो विन्ती सुनि भक्तिको ति ऋषिले * आनन्द मान्दै भने ।
बस्नू वैष्णव भक्तका हृदयमा * आनन्द छौ पाउने ॥ ४९ ॥

बाधा क्यै तिमिलाइ घोर कलिले * देवैन कैल्हे पनि ।
तिम्रै सेवनले हुनेछ जनको * उद्धार हे मानिनी ! ॥
भक्तीले सुनि बात विज्ञ ऋषिको * अत्यन्त हर्षित भइन् ।
त्यै बेला हरि-भक्तका हृदयमा * सानन्द बस्ते गइन् ॥ ५० ॥

जस्तै दीन दरिद्र हीन मतिको * पापी भए तापनि ।
भक्ती गर्छ भने प्रसन्न मनले * हे कृष्ण प्यारो ! भनी ॥
त्यस्को निम्ति त्यजेर धाम सुखको * प्राणप्रिया रुक्मिणी ।
पाल्नू हुन्छ गजेन्द्र, द्रौपदि, सखा * प्यारा सुदामा भनी ॥ ५१ ॥

जो सुन्छ भागवतको महिमा अपार ।
जो भक्ति गर्छ हरिका पदमा नुहेर ॥
तिन्लाइ भक्ति दिन कृष्ण बनेर राम ।
हुन्छन् उपस्थित त्यहीं त्यजि काम-धाम ॥ ५२ ॥

इति श्री भागवत माहात्म्यको तृतीय अध्याय समाप्तो ॥ ३ ॥

अब चौथो अध्याय

लागे भन्न बुझाइ सूत मुनिले * सानन्द हे कौशिक !
बस्ता वैष्णवको सुखी हृदयमा * त्रैलोक्यका रक्षक ॥
जे जैकार गरे सबै सुजनले * सद्भक्तले नै पनि ॥
लाजा पुष्प अबीर वर्षण गरे * चौतर्फ शंख-ध्वनि ॥ १ ॥

गर्थे उत्सव भक्तले थरि · थरी * श्रद्धा र भक्ती धरी ।
तिन्को भाव बुझी दयामय दया * गर्थे स्वयं श्री हरि ॥
जो·जो भक्त थिए प्रसन्न मनले * सप्ताह सुन्ने त्यहाँ ।
तिन्ले देह र गेह सम्पति सबै * बिर्सी दिए छिन्महाँ ॥ २ ॥

ज्ञानी नारदले कुमारहरूको * सत्कार सेवा गरी ।
सोधे नम्र भएर चित्त नबुझी * विस्तारले राम्ररी ॥
यो सप्ताह सुनेर घोर कलिमा * संसार पारी तरी ॥
को·को भक्त गए बताउनु हवस् * सम्झाइ राम्रो गरी ॥ ३ ॥

यो सुन्ने मनमा विचार हुनगो * मेरो त्यसै कारण ।
लागे भन्न बुझाइ चार ऋषिले * सम्झेर नारायण ॥
भन्थे सोहि कथा बुझाइ क्रमले * श्रीसूत ज्ञानी यता ।
सुन्थे शौनक आदि विज्ञ ऋषिले * आनन्द मान्दै उता ॥ ४ ॥

लागे भन्न सनत्कुमारहरुले * देवर्षि ज्ञानी ! सुन ।
होला धर्म विनाश घोर कलिमा * बढ्दै गई दुर्जन ॥
पूजा पाठ र धर्म-कर्म जनले * सम्पूर्ण त्यागी दिनन् ।
क्रोधी दुष्ट असत्य भाषण गरी * ठग्ने कलीमा हुनन् ॥ ५ ॥

आमा बाबु त्यजेर भिन्न रहनन् * स्त्रीका रही साथमा ।
गर्नन् भोग सहर्ष कामुक बनी * दिन्मा तथा रातमा ॥
अर्काको उपकारमा मन दिने * होवैन कोही पनि ।
खोस्नेछन् धन दार खोजि अरुके * सम्पत्ति मेरो भनी ॥ ६ ॥

जूआ खेल्नु, बनेर चोर अरुको * दुःखी तुल्याई मन ।
एक्लै बस्न रुचाउनन् कलिविषे * पापी तथा दुर्जन ॥
त्यस्तालै पनि सुन्दछन् यदि भने * सप्ताह राम्रो गरी ।
हुन्छन् मुक्त अवश्य घोर कलिमा * भेट्टाउनन् श्री हरि ॥ ७ ॥

डुङ्गा हो भव-सिन्धु तर्न सजिलो * सप्ताह भन्ने गुन ।
भन्दैछौं इतिहास यै विषयको * पैल्हे भएको सुन ॥
यौटा ब्राह्मण आत्मदेव कहिने * कर्मिष्ठ ज्ञानी थिए ।
थामी धर्म ति तुंगभद्र नदिको * तीर्मा बसेका थिए ॥ ८ ॥

तिन्की पत्नि थिइन् सुशील र गुणी * क्यै कर्कशा धुन्धुली ।
बस्थे ती दुइ दम्पती खुसि भई * संसारमा नै भुली ॥
गर्थे दान र धर्म दीन जनमा * बाँड्थे सकेको धन ।
तिन्को सन्तति क्वै भएन र निकै * दुःखी भए ब्राह्मण ॥ ९ ॥

साह्रै दिक्क भएर एक दिन ती * त्यागी गृहस्थी सब ।
पीचे जंगलमा दुखी हृदयले * सम्झी उनै माधव ॥
यौटा कूप रहेछ सोहि वनमा * सानन्द पानी दिए ।
दुःखी चित्त हुँदा बसेर त्यहिं नै * विश्राम गर्दा भए ॥ १० ॥

सन्यासी अवधूत एक त्यहिं नै * आएर पानी पिए ।
देखी तिन्कन आत्मदेव खुसिले * तिन्को नगीचै गए ॥
देखी चिन्तित विप्रलाइ तिनिले * सोधे दयालू बनी ।
चिन्ताग्रस्त म देख्दछू किन भयौ * उद्विग्न यस्ता भनी ॥ ११ ॥

बोले ब्राह्मण आत्मदेव मनमा * इच्छा छ सन्तानको ।
बस्नू व्यर्थ गृहस्थ भै सुत बिना * हो तापको हेतु यो ॥
पानी पिण्ड दिने भएन घरमा * सन्तान काही भने ।
बाटो देख्दिन मृत्युको पछि पनी * उद्धार आफ्नू हुने ॥ १२ ॥

राखे वृक्ष पनी दिदैन फल क्यै * वा फूलको वृक्षले ।
गाई पालि लिए पनि त घरमा * बाँझी छ, दुर्भाग्यले ॥
सुन्नेले पनि गर्दछन् थरि-थरी * चर्चा अपूतो भनी ।
मेरो जीवन भो वृथा, अब कुनै * देख्दीन बाटो पनि ॥ १३ ॥

पानी पिण्ड दिए पनी पितृहरू * लिन्नन् कुनै हर्षले ।
मेले दान दिए पनी द्विजहरू * हुन्नन् खुसी द्रव्यले ॥
आएँ त्याग्न भनी म यो वखतमा * आफ्नू दुखी जीवन ।
मेले बाँच्नु वृथा छ दुःस्थिति मही * भन्दैछ मेरो मन ॥ १४ ॥

सन्तानको मुख मयंक मरी नदेखी ।
सन्तानको सकल गो मनबाट शेखी ॥
सन्तानको अब रहेन मलाइ आशा ।
सन्तानको परि मरें म अकाट्य पाशा ॥ १५ ॥

यस्तो विन्ति गरी त्यहीं धुरु-धुरु * ती विप्र लागे रुन ।
संन्यासी, द्विजलाइ त्यो विषयमा * भन्छन् बुझाई कन ॥
तिम्रो हेरिसकें ललाट अहिले * सम्पूर्ण राम्रो मित ।
इच्छा पूर्ण गराउने द्विज ! कुनै * होवैन तिम्रो सुत ॥ १६ ॥

अर्को भन्छु कुरा, विचार मनमा * सन्तोष शान्ती हुने ।
बाटो योग्य सपार हे द्विजपते ! * उद्धार आफ्नू हुने ॥
छोरा प्राप्त गरी अधी सगरले * ती अंगका भूपले ।
बन्दी भैकन उग्रसेन नृपले * वस्नू पऱ्यो कंसले ॥ १७ ॥

जान्दैछौ इतिहास तापनि अझै * छोरो तिमी माग्दछौ ।
मायजाल भनेर सन्तति तिमी * राम्रो गरी जान्दछौ ॥
आफ्नै मात्र भलो हुने मनपरी * सन्तानले गर्दछन् ।
आमा-बाबु छिटै मरे धन सबै * भेट्टाउँछू भन्दछन् ॥ १८ ॥

स्वप्नाझैं भवजालमा नपर यो * सन्तानको मोहमा ।
भोग्नूपर्छ मरे पछी नरकको * त्यो यातना व्यर्थमा ॥
त्यागी यो घरबार मोह मनको * सन्तोष मानी कन ।
भन्दैछू खुसिले तिमी गर बरू * संन्यास नै धारण ॥ १९ ॥

लागे भन्न नि आत्मदेव मनमा * क्यै बेर सोची कन ।
सुन्देछु हितका कुरा हजुरको * एकैक हे सज्जन !
संन्यासी कमरी बनौं म मनमा * इच्छा छ सन्तानको ।
शिक्षा सुन्छु तथापि यो हृदयमा * पस्तैन क्यै बात त्यो ॥ २० ॥

इच्छा पूर्ण गराउने हजुरले * यौटा दिनू होस् सुत ।
गर्नेछु न त आत्मघात यहिं ने * मेलें नराम्रो सित ॥
चिन्ता दुःख बढेर यो बखतमा * उद्विग्न छू बेसरी ।
शिक्षा सुन्न तयार छैन हितको * जान्नू हवस् राम्ररी ॥ २१ ॥

जिद्दी ब्राह्मणले गरी जब दिए * सत्पुत्रमा नै बल ।
संन्यासी खुशि भै दिए सुत हुने * तिन्लाइ यौटा फल ॥
पत्नीलाइ दिनू लगेर फल यो * हे विप्र ! जाऊ घर ।
इच्छा पूर्ण हुने दिएँ सुत गुणी * होला छिटै सुन्दर ॥ २२ ॥

अन्तर्धान भए उसै बखतमा * ती योगि एकातिर ।
चोकी त्यो फल आत्मदेव खुसिले * फर्केर आए घर ॥
संन्यासी सितको कुराहरू भनी * एकैक पत्नी कन ।
हात्मा राखिदिए अलभ्य फल त्यो * खानू भनी त्यै क्षण ॥ २३ ॥

लागिन् गर्न कुतर्क त्यो फल लिई * ती ब्राह्मणी धुन्धुली ।
सम्झिन् कष्ट अनेक गर्भवतिको * बाँझी हुँदा झल्झली ॥
रुच्ने छैन मलाई खान चिज क्यै * आलस्य बढ्ला अति ।
सुत्केरी म हुनेछु, कष्ट सहुँला * आपत्ति पर्ला कती ॥ २४ ॥

मनेछु म अवश्य बालक कते * तेसों परे पेटमा ।
चल्नो छ सुकुमारि यौवनवती * पर्छू वृथा कष्टमा ॥
लाग दुःख सही प्रसूति - गृहको * छोरो जसै जन्मला ।
स्वस्को लालन - पालनादि सबका * टण्टा ठुलो आउला ॥ २५ ॥

पर्ला सुत्नु अवश्य मूत्र मलमा * रक्षा गरी पुत्रको ।
वन्ध्यानै रहनू म मान्दछु वरू * सन्तान भन्दा निको ॥
यस्तै तर्क गरी लगेर फज त्यो * राखिन् लुकाई कन ।
सोह्रामा पतिले भनिन् फल मिठो * खाएँ दिएकै दिन ॥ २६ ॥

आइन् भेट्न भनी कुनै दिन त्यहीं * वैन्ही तिनैकी थिइन् ।
वैन्हीलाइ वसाइ आदर सहित * आफ्नू विपत्ती भनिन् ॥
हे वैन्ही ! म कसो गरौं अब ठुली * चिन्ता पऱ्यो चित्तमा ।
दुख्ली कारण यै परीकन भएँ * व्यर्थै परी कष्टमा ॥ २७ ॥

वैन्हीले सुनि त्यो कुरा सब भनिन् * तिन्की हितैषी बनी ।
चिन्ता कत्ति नमान्नुहोस अब दिदी * कयें यत्न गर्छू पनि ॥
मेरो गर्भ छ पेटमा यस बखत् * त्यो जन्मला जुन् घरी ।
त्याई सुम्पिदिनेछु, कोहि अरुले * जान्नै नसक्ने गरी ॥ २८ ॥

तिम्रा ज्वाइँ रिसाउनन् वरु दिनू * उन्लाइ केही धन ।
जान्दैनन् अरुले तुह्यो म मनुँला * भन्छू अरू क्यै सुन ॥
पानू दुक्क भिनाजुलाइ तिमिले * छोरो भयो लौ भनी ।
सारा कार्य हुनेछ गुप्त रितले * जान्दैन कोही पनि ॥ २९ ॥

शक्ति जाँच्न भनेर दिव्य फलको * गोलाइ खुवाई दिनू ।
आफू गर्भिणि झैं भएर घरमा * विश्वास पारी लिनू ॥
यो सल्लाह गरेर निश्चय भयो * फर्केर वैन्ही गइन् ।
गाईलाइ लगेर त्यो फल स्वयं * ती धुन्धुलीले दिइन् ॥ ३० ॥

वेही वस्त्र निकै बनिन् खुशि हुँदै * ती नक्कली गर्भिणी ।
पार्थिन् स्वाँग अनेक कष्टहरुका * केही नजान्ने बनी ॥
वैन्हीका दस मास पूर्ण जब भो * जन्मेछ छोरो उहाँ ।
त्याई पुत्र त्यही सुटुक्क दिदिको * सुम्पिन् खुसीले त्यहाँ ॥३१॥

त्यो सम्चार ति आत्मदेव द्विजले * पाएर हर्षित भए ।
धेरै दीन दुखी र विप्रहरूमा * सम्पत्ति बाँड़ी दिए ॥
नाना गीत र वाद्यको थरि-थरी * गर्दा भए उत्सव ।
कोही दीन दुखी रहेन पुरमा * सन्तुष्ट पारे सब ॥३२॥

स्वामीलाइ भनिन् सबै गरिमकें * जो गर्नु गर्नें तर ।
मेरो दूध भएन खान दिनु के * यस्लाइ हे ईश्वर !
बेन्हीको सुत जम्मिई मरिमक्यो * त्यस्लाइ डाकी कन ।
धाई राख्नमके हुनेछ सहजै * यो बालको रक्षण ॥३३॥

गर्छें काम खुसी भएर घरमा * आई परेको सब ।
यस्तो बात ति आत्मदेव द्विजले * स्त्रीको सुनेथे जब ॥
त्यस्ले गर्नु भने प्रसन्न मनले * केही नसोची कन ।
डाकिन् धुन्धुलिले तुरुन्त बहिनी * आइन् र सोही दिन । ३४॥

रक्षा बालकको गरिन् जतनले * पाई प्रसस्तै धन ।
सूमो विप्र थिए सबै तरहले * त्यो पुत्र पाई कन ॥
गर्ने नाम अनेक ब्राह्मण मिली * हो धुन्धुकारी भनी ।
सेवा चाकरिले गरी दिन - दिने * बढ्दै गया त्यो पनि ॥३५॥

गाईको पनि पुत्र जन्मन गयो * त्यस्को पछी क्यै दिन ।
देखिन्थे दुइ कान मात्र पशु हैं * मानीस जस्तै तन ॥
आए छक्क परेर मानिसहरू * हेर्न छिमेकी पनि ।
गर्ने नाम गरी विचार सबले * गोकर्ण हुन् यी भनी ॥३८॥

रक्षा तो दुइको गरेर द्विजले * गर्दै गए पालन ।
त्यस्को मित्रि कुरा बुझेन अरुले * क्यै, वित्त लागे दिन ॥
तो गोकर्ण भएपछि अलि ठुला * षट्शास्त्र पढ्दै गए ।
ज्ञानी धार्मिक सत्यनिष्ठ र गुणी * दानी हितैषी भए ॥३७॥

लियो धुन्धुकारी बढ़ी दुष्ट बानी ।
दिने कष्ट नाना थरी क्यै नमानी ॥
अरूलाइ कुट्ने र मानें गरेर ।
कुकुर्मी र क्रोधी जुआडे बनेर ॥३८॥

दियो कष्ट माता-पिता बन्धुलाई ।
बन्यो सर्वभक्षी त्यजी कर्म लाई ॥
उडायो सबै सम्पती जो भएको ।
सबै आत्तिए चाल देखेर त्यस्को ॥३९॥

लगाएर आगो घरै पोलिदिन्थ्यो ।
छिमेकीहरूको सदा हानि गर्थ्यो ॥
लिई शस्त्र मारा दुखी दीनलाई ।
अनेकों थरी कष्ट दिन्थ्यो रिसाई ॥४०॥

माता-पितालाइ कुटेर क्वै दिन ।
मारा उडायो घरको लगी धन ॥
वेश्या र पापीकन सम्पती दिई ।
आई पुग्यो लर्ज्जरिदै नशा पिई ॥४१॥

गर्थ्यो गर्नु नगर्नु काम रिसले * त्यो धुन्धुकारी खल ।
चिन्तामा परि आत्मदेव सहसा * वन्दे गए दुर्बल ॥
थाले गर्न विचार एक दिन ती * हे देव, यो के भयो ?
यस्तो पुत्र बरू हुनू त नहुनू * नै भन्छु राम्रो थियो ॥४२॥

हा हा कष्ट, कपो गरौं भनि रुँदै * भन्थे ति जाऊँ कहाँ ।
कस्तो पाप गरेछु पूर्व जुनिमा * त्यै भोग्न आएँ यहाँ ॥
सम्झाए बहुते मलाइ मुनिले * संसार मिथ्या भनी ।
त्यस्को दुष्परिणाम देवगतिले * प्रत्यक्ष भोगें पनि ॥४३॥

रोएको त्यसरी सुनेर नगिचै * गोकर्ण ज्ञानी गए ।
बाबूलाइ बुझाइ बात हितको * विस्तार गर्दा भए ॥
बाबा ! सुन्नुहवस् अनित्य छ सबै * संसार माया भनी ।
स्त्री छोरा धन बन्धु छाडि सहजै * पनेंछ जानू पनि ॥४४॥

सोही कारणले पिता ! सब त्यजी * यी मोहका बन्धन ।
जानुस् जंगलमा बसेर हरिको * गर्नू हवस् चिन्तन ॥
जस्ले योग लिएर बस्छ वनमा * त्यागी बनी वैष्णव ।
त्यस्लाई दुइ लोकमा सुख सदा * दिन्छन् उनै माधव ॥४५॥

सोधे फेरि ति आत्मदेव द्विजले * हे बाबु ! वन्मा गई ।
के कर्तव्य हुनेछ, बस्नु कसरी * पनेंछ कस्तो भई ॥
त्यो सारा तिमिले बुझाउ क्रमले * जान्दीन केही पनि ।
दुःखी छू अहिले म जान्दिन कुनै * कर्तव्य के हो भनी ॥४६॥

नगर्ने कुरा गर्न आशा बढाएँ ।
नमर्ने न बाँच्ने भई कष्ट पाएँ ॥
नमिल्ने भयो मिल्नु पर्ने मलाई ।
न सप्र्यो गति सप्रने मार्ग पाई ॥४७॥

बाबुको बुझि भाव प्रश्न सुनि त्यो * गोकर्णजी भन्दछन् ।
काम क्रोध र लोभ मोह त्यजि यो * ज्ञानी बनी तर्दछन् ॥
बस्नू पर्छ गरेर चिन्तन सदा * सम्झी उनै ईश्वर ।
यो संसार समुद्र नाघ्न सजिलो * अर्को कहाँ के छ र ॥४८॥

चोला अनित्य सुत दार सबै अनित्य ।
संसारमा सुख कतै पनि छैन नित्य ॥
दिन्छन् कसोरि सुख यी जब छन् अनित्य ।
वैराग्य हो सुख दिने मन भित्र सत्य ॥ ४९ ॥

गोकर्णको जब सुने उपदेश त्याहाँ ।
बिर्मी दिए सब कुरा उहि बीच माहाँ ॥
त्यागेर त्यो घर हिंडे वनमा सहर्ष ।
लागी रहे तप तिरै ति अनेक वर्ष ॥ ५० ॥

वैराग्यले पछि भयो द्विजलाइ ज्ञान ।
क्यै छैन यो बुझि लिए प्रभुको समान ॥
वैराग्य प्राप्त हुनगो जब साधनाले ।
पारी तरे पछि तिनी हरिको कृपाले ॥५१॥

इति भागवत माहात्म्यको चौथो अध्याय सकियो ॥ ४ ॥

अब पांचौं अध्याय

भन्थे सूत कथा प्रपन्न मनले * सुन्थे मुनी शौनक ।
श्रोता योग्य अरू पनि त्यहिं थिए * ज्ञानी बुढ़ा बालक ॥
ज्ञानी ब्राह्मण आत्मदेव त्यसरी * पारी तरेथे जब ।
लाग्यो भन्न भएर उच्च स्वरले * त्यो धुन्धुकारी तब ॥ १ ॥

राख्वेको छ कहाँ बनाउ जननी ! * सम्पूर्ण त्यो वैभव ।
मानेछ् तिमिलाइ नत्र अहिल्यै * छाड़्दीन मैले अब ॥
छोरोको सुनि घोर बात जननी * मान्दै डराइन् अनि ।
मारा वस्तु दिइन् झिकेर घरको * हे बाबु ! लैजा भनी ॥ २ ॥

आफ्नू त्यो स्थितिमा विचार मनमा * निस्कै गरीथिन् अनि ।
हाम्फाली जलमा मरिन् निशिविषे * ती धुन्धुली ब्राह्मणी ॥
व्यर्थै हो घर-बार यो भनि हिंडे * गोकर्ण तीर्थाटन ।
लाग्यो बस्न सहर्ष भन्दरि गरी * त्यो धुन्धुकारी, सुन ॥ ३ ॥

एक्लै गर्न रजाई राखि घरमै * वेश्या तथा दुर्जन ।
मिथ्यायो सब सम्पति अनि हिंड्यो * त्यो चोर्नलाई धन ॥
वेश्याले धन त्यो परस्पर लिई * सल्लाह गर्दा भए ।
हाम्रो सम्पति जान्छ केहि दिनमै * पापिष्ट यो पक्रिए ॥ ४ ॥

यस्लाई अब मार्नु पर्दछ भनी * सल्लाह पक्का गरी ।
घाँटी बाँधि दिए तथापि नमरी * जीवित् हुँदा, बेसरी ।
कोचेर मुखमा नमानि डर क्यै * बल्दो अघुल्टो जब ।
टल्को कष्ट खपेर आखिर मऱ्यो * त्यो धुन्धुकारी तब ॥ ५ ॥

वेश्याले बटुलेर सम्पति सबै * तस्काल भागी गए ।
यस्ले हुन्छ स्त्रिया-चरित्र घटिया * बानी नराम्रो लिए ॥
नारीका मुखमा रहन्छ गुलियो * वाणी सुधा झैं तर ।
नाईन् धार तिखो हुने उदरमा * तर्वारले आखिर ॥ ६ ॥

नीको मान्नु हुँदैन क्यै विषयमा * विश्वास कैल्हे पनि ।
लिन्छन् सम्पति साथ जीवन पनी * पापी बनी डंकिनी ॥
वेश्यालाइ रहन्छ प्यास धनको * त्यै हेतु प्यारो गरी ।
लुट्छन् सम्पति, छाड्दछन् कुकुरझैं * हेलाँ गरी बेसरी ॥ ७ ॥

भाई प्रेत स्वरूप वायु सरिको * त्यो धुन्धुकारी भयो ।
भो कष्ट खपी रह्यो घुमिघुमी * आधार खोज्दै थियो ॥
पाको अन्न नपाइ खान दुखले * रोएर काट्थ्यो दिन ।
आयो कष्ट मलाइ घोर अधिको * दुष्कर्मको कारण ॥ ८ ॥

भन्ने नर्क गरेर पाप मनले * सम्झी रहेथ्यो सब ।
गया तीर्थ डुलेर त्यै बखतमा * गोकर्ण आए तब ॥
आफ्नू त्यो घरमा गएर पिढिमा * राती सुतेका थिए ।
दाउ प्रेत स्वरूप धारण गरी * आयो र देख्दा भए ॥ ९ ॥

कैल्हे हात्ती बाघको रूप कैल्हे ।
कैल्हे भैंसी गोरु राँगो कहीले ॥
कैल्हे कालो राक्षसी रूप धारी ।
आयो नाना रूपले धुन्धुकारी ॥ १० ॥

को हौ नाम बताउ काम किन हो ※ देखाउँदै छौ भय ।
यस्तो दुर्गति के गरी हुन गयो ※ कुन् पापले भो क्षय ॥
भूत प्रेत पिशाच राक्षस तिमी ※ को हौ मलाई भन ?
तिम्रो जान्न यथार्थ यो वस्तुतमा ※ खोज्दैछ मेरो मन ॥ ११ ॥

केही बोल्न सकेन केवल रुँदै ※ त्यो धुन्धुकारी रह्यो ।
छकेंथे जल तीर्थको अनि पछी ※ क्यै बोल्नसक्ने भयो ॥
हे भाई ! सुन भन्दछू सब कुरा ※ त्यै धुन्धुकारी म हूँ ।
वेश्याका वशमा परेर हुनगो ※ यो दुर्गती के कहूँ ॥ १२ ॥

भोग्दैछू म अनीतिका फलहरू ※ यो प्रेतको रूपमा ।
केही यत्न गरी छुटाउ तिमिले ※ भन्छू परी पाउमा ॥
दाजूको सुनि बात चिन्तित भए ※ गोकर्ण केही अनि ।
लागे भन्न गया, प्रयाग, मथुरा ※ वाराणस मा पनि ॥ १३ ॥

पानी पिण्ड दिएँ प्रसस्त विधिले ※ उद्धारको खातिर ।
तिम्रो मुक्ति भएन कारण छ के ※ जानुन् उनें ईश्वर ॥
तिम्रो मुक्ति हुनू असाध्य छ भनी ※ आश्चर्य मान्छू म त ।
केही युक्ति भए बताउ तिमि नै ※ गनेंछु राम्रो सित ॥ १४ ॥

दिन्छन् उत्तर फेरि खिन्न-मनले ※ ती धुन्धुकारी अनि ।
धरै पल्ट गया गएर तिमिले ※ श्राद्धै गरे तापनि ॥
मेरो मुक्ति हुँदैन, यत्न अरु क्ये ※ सोची विचारी गर ।
यस्तो बिन्ति गरेर प्रेत हिंडिगो ※ तत्काल एकातिर ॥ १५ ॥

प्रातःकाल भयो छिमेकि जनले * गोकर्ण आए भनी ।
आई भेट्न कुरा गरे कुशलको * संचो विसंचो पनि ॥
ज्ञानी वृद्ध विचारवान र गुणी * जान्नेहरू जो थिए ।
तिन्लाई सब बात घोर निशिको * एकेक भन्दा भए ॥ १६ ॥

के गर्दा हित हुन्छ हे सुजन हो ! * त्यो प्रेतको भन्नुहोस् ।
मेले गर्न सकान यो विषयमा * केही निधो जान्नुहोस् ॥
धरै बेर गरे विचार सबले * शास्त्रादि हेरी तर ।
त्यस्को केहि निधो भएन र भने * ती व्यक्तिले आखिर ॥ १७ ॥

हो यो कार्य असाध्य, छैन पथ क्यै * उद्धार त्यस्को हुने ।
आफैले गर क्यै उपाय तिमिले * कल्याण चाँडो हुने ॥
यस्ता बात सुनेर चिन्तित भए * गोकर्ण ज्ञानी अनि ।
बालेथे स्तुति गर्न झट्ट रविको * पुग्नेछ इच्छा भनी ॥ १८ ॥

हे सूर्य नारायण ! हे दिवाकर !
जगत्पते ! हे जगदीश ! भास्कर !
त्यो धुन्धुकारी कसरी र के गरी ।
त्यागेछ प्रेतत्व, दुखी छु यो घरी ॥ १९ ॥

शिक्षा म पाऊँ प्रभुको अहीले ।
दुःखी छ मारे मन यो त्यसैले ॥
गोकर्णको बिन्ति सुनी खुसीले ।
आएर दर्शन् दिनुभो पहीले ॥ २० ॥

हे गोकर्ण ! तिमी नमान मनमा * सन्ताप क्यै बातको ।
यो भद्रागवत प्रधान सबमा * हो रूप यो कृष्णको ॥
यस्को गाउ तिमी प्रसन्न मनले * सप्ताह राम्रो सित ।
तिम्रा पूर्ण हुनन् मनोरथ छिटै * होला सबैको हित ॥ २१ ॥

यो आज्ञा सुनि सूर्यको मनमनै * गोकर्ण खूशी भए ।
आफ्ना ती पुरवासि बन्धुकन यो * वार्ता सुनाई दिए ॥
हे मेरा सब बन्धु-बान्धवहरू ! * सप्ताह भन्नू पर्‍यो ।
जान्नूहोस् शुभ कार्य यो गरिदिए * त्यो धुन्धुकारी तर्‍यो ॥ २२ ॥

तिन्को बात सुनी सबै सुजनले * यो यत्न राम्रो भनी ।
खोजी स्थान, गरे तयार पहिले * शास्त्रोक्त राम्रो पनि ॥
डाके वैष्णव भक्तलाइ खुसिले * बूढा पुराना कन ।
अन्धा पंगु तथा लुला र बहिरा * जो जो थिए सज्जन ॥२३॥

आए सुन्न कती स्वयं दुख सही * सप्ताहको त्यो कथा ।
ठान्थे निश्चय पाप-ताप मनको * हनेंछ यस्ले व्यथा ॥
त्यो सप्ताह हुने सबै तरहले * पूरा तयारी भयो ।
हावा रूप भएर सुन्दछु भनी * त्यो धुन्धुकारी गयो ॥२४॥

बस्ने स्थान नपाइ एक क्षण त्यो * खोज्दै र हेर्दै थियो ।
गाडेको तहिं एक बाँस नगिचै * देखी त्यहीं नै गयो ॥
गाँठा सात थिए र छिद्र उसमा * सानू बनेको थियो ।
हावा रूप धरी बसेर त्यहिं नै * सप्ताह सुन्ने भयो ॥२५॥

थाले भन्न कथा प्रसन्न मनले * गोकर्ण आफैं जब ।
सुन्ने व्यक्तिहरू थिए जति त्यहाँ * खूसी भएथे सब ॥
पूरा भो जब त्यो कथा सुख दिने * सप्ताह पैल्हो दिन ।
गाँठो एक फुटी ठुलो ध्वनि भयो * त्यो बाँसको त्यै क्षण ॥२६॥

श्रोताले सब सुन्दथे दिन-दिनै * आश्चर्य लाग्दो ध्वनि ।
सातौं ग्रन्थि पनी फुट्यो, जब भयो * सप्ताह पूरा अनि ॥
देखेथे सबले त्यहाँ हुन गयो * आश्चर्य यौटा जब ।
त्यागी प्रेत स्वरूप मुक्त हुनगो * त्यो धुन्धुकारी तब ॥२७॥

आयो दिव्य स्वरूप धारण गरी * गोकर्णको सामुमा ।
लाग्यो भन्न गरी प्रणाम खुसिले * उत्साहको साथमा ॥
भाई, धन्य तिमी प्रपन्न म भएँ * उद्धार मेरो भयो ।
जो प्रेतत्व थियो समस्त तनमा * सप्ताह सुन्दा भयो ॥२८॥

चर्चा यै रितको चल्यो थरि-थरी * त्यो श्रेष्ठ सप्ताहको ।
त्यैं वेला सहसा विमान नगिचै * आयो र वैकुण्ठको ॥
शंका पर्न गयो र दूतसित त्यो * सोधे ति गोकर्णले ।
सप्ताहा सबले सुने मन दिई * श्रद्धा तथा भक्तिले ॥२९॥

आयो एक विमान मात्र अहिले * यो धुन्धुकारी कन ।
जो हो कारण दूत हो ! भन सबै * यस्तो भएको किन ?
यस्तो प्रश्न सुनेर दूत हरुले * सम्पूर्णका सामुमा ।
लागे भन्न बुझाइ बात हितको * गोकर्णका साथमा ॥३०॥

हे गोकर्ण ! अनेक भेद छ बुझ्यौ * भन्ने र सुन्ने पनि ।
यस्ले चित्त लगाइ सादर सुन्यो * उद्धार होला भनी ॥
सोही कारणले विमान अहिले * यो एक आयो यहाँ ।
हुन्छौ मुक्त पछी तिमीहरु सबै * ये यत्न गर्दा महाँ ॥३१॥

यस्ता बात गरी चढेर रथमा * त्यो धुन्धकारी गयो ।
आना खुसि भएर उच्च स्वरले * जै-जै ध्वनी धन्कियो ॥
फेरी भन्छु कथा भनेर सहसा * गोकर्णको मन् भयो ।
सुन्ने वैष्णव भक्त त्यो बखतमा * जम्मा भएकै थियो ॥

सप्ताह वपालि फेरि विधिले * सप्ताह थाले जब ।
दूत मो क्रमले र सात दिनमा * सांगे गरेथे तब ॥
आई कृष्ण विमानमा बसि त्यहीं * तत्काल पाल्नू भयो ।
आफ्ने रूप समान पारि दिनुभो * मारा खुसी फैलियो । ३३॥

पैन्हाएर किरीट कुण्डल सजा * त्यो दिव्य पीताम्बर ।
सारा वैष्णव भक्तलाइ रथमा * राखे गरी आदर ॥
केही भेद रहेन त्यो बखतमा * सानो र ठूलो भनी ।
ती गोलोक गए, पठाउनु भयो * हेभक्त ! जाओ भनी ॥ ३४ ॥

ठूलो योग समाधिले नमिलने * जुन् लोक हो उत्तम ।
पाए बस्न र नाशभो थरि-थरी * दुर्भावनाको तम ॥
यो सप्ताह समान छैन कलिमा * प्रेतत्व ना ी दिने ।
गर्नूपर्छ विचार खूब दिनहूँ * कल्याण भेट्टाउने ॥ ३५ ॥

सप्ताह घोर कलिमा छ सुधा समान ।
प्यूने सुधा अमर हुन्छ भनेर जान ॥
जो सुन्छ भागवतको महिमा अपार ।
जानेछ त्यो तन त्यजी भव-सिन्धु पार ॥ ३६ ॥

श्रीभद्भागवत माहात्म्यको पाँचौं अध्याय सकियो ॥ ५ ॥

—*—

अब छैठौं अध्याय

सोधे फेरि सनत्कुमार हरुको * मानन्द पाऊ परी ।
जुन् सप्ताह सुनेर शुद्ध मनले * जाइन्छ पारी तरी ॥
त्यस्को के छ विधान शास्त्र-मतले * गर्नू हवस् वर्णन ।
तिन्को बात सुनेर विज्ञ ऋषिजी * बोले बुझाईकन ॥ १ ॥

सप्ताहको श्रवणमा मन जान्छ जैल्हे ।
श्रीकृष्णको पनि कृपा हुन जान्छ तैल्हे ॥
डाकेर विज्ञ गणितज्ञ कुनै पहीले ।
हेराउनू अमल साइत भक्त जनले ॥ २ ॥

मेन्हा आश्विन, भाद्र कार्तिक तथा * थाल्नू कि त्यो मार्गमा ।
मान्छन् उत्तम शुक्लपक्षकन नै * प्रत्येक शास्त्रादिमा ॥
ज्ञानी वैष्णव भक्तलाइ खुसिले * निम्ता पठाई कन ।
डाक्नुपर्दछ सुन्न त्यो शुभ कथा * आउन् सबै सज्जन ॥ ३ ॥

सुन्ने फुर्सद छैन सात दिन नै * श्रद्धा भए तापनि ।
जान् पर्छ अवश्य एक दिनता * सप्ताह सुन्छू भनी ॥
एकै छिन् पनि गर्छ वैष्णव भने * सत्संग सप्ताहमा ।
त्यस्लाई सुख शान्ति मिल्दछ पछी * जानेछ वैकुण्ठमा ॥ ४ ॥

गाड्नू तोरण बाँस आदि कदली * खाँबो ध्वजा झालर ।
चारै तर्फ लगाइ सज्जित-सफा * पारी लिनू सुन्दर ॥
वेदी पानुं तयार शास्त्र विधिले * अग्लो र राम्रो पनि ।
चारैतर्फ समान राख्नु क्रमले * कर्तव्य हो यो भनी ॥ ५ ॥

गाउनुपर्छ रुओ भरेर डसना * त्यो श्रेष्ठ व्यासासन ।
त्यस्लाई पनि पानुं सज्जित सफा * चौतर्फ घेरा कन ॥
कोही जंगलमा कि तीर्थ घरमा * वा गोठमा नै पनि ।
राम्रो मण्डप रचनुपर्दछ सफा * शृङ्गार द्वारा अनि ॥६॥

माला वेलि चमेलिका वरिपरि * झुण्ड्याउनू राम्ररी ।
कार्यक्रम समस्त भित्रि मनमा * श्रद्धा र भक्ती भरी ॥
रुचा उत्तम विष्णुभक्त र गुणी * त्यागी हउन् वैष्णव ।
जिन्को चितविषे कदापि नरहोस् * पाऊँ भनी वैभव ॥ ७ ॥

ओछ्याउनाइ अनेक आसनहरू * चौतर्फ राखी दिनू ।
जिम्मे स्थान विचार्नु स्त्री-पुरुषको * आफैं खटाई दिनू ॥
गर्भस्थ स्त्री अरु बाल वृद्ध सबको * राम्रो सुरक्षा गरी ।
सुन्नू पर्दछ भक्तिपूर्वक कथा * कल्याण गर्छन् हरि ॥ ८ ॥

राख्नू सहर्ष उपवाचक पर्छ जान्ने ।
त्यागी रहोस् सकल वैभव तुच्छ ठान्ने ॥
फर्केर उत्तर दिशातिर बस्तु श्रोता ।
पण्डित बसुन् पूर्व फिरेर वक्ता ॥ ९ ॥

फर्केर उत्तर बसुन् कि त विज्ञ वक्ता ।
पूर्वै फिरून् सकल मण्डल पारि श्रोता ॥
कर्ता छ जो सकल कार्य विषे प्रधान ।
त्यागोस् सहर्ष उसले अभिमान मान ॥ १० ॥

वक्ताको गुण भन्दछू अलिकती * श्रोताहरू सुन्नू होस् ।
चारै वेद पुराण शास्त्र क्रमले * सम्पूर्ण जान्ने रहोस् ॥
निर्लोभी हरिभक्त ब्राह्मण गुणी * सन्तोष मान्ने कन ।
वक्ता राख्नु विचारपूर्वक सदा * ज्ञानी गुणी सज्जन ॥११॥

सक्ने संशय नाश गर्न सहजै * शंका उठेका धरी ।
त्यस्ता पण्डित राख्नु विज्ञ जनले * छानेर राम्रो गरी ॥
कर्तालै गरि क्षौर शुद्ध रहनू * सानन्द पैल्हो दिन ।
वक्तालै पनि छौर गर्नु खुसिले * शंका नमानीकन ॥१२॥

गर्नू भोजन एक छाक दिनमा * केही हविष्यान्नको ।
सक्नेले फल-मूल मात्र लिनु यै * आज्ञा छ शास्त्रादिको ॥
प्रातःकाल उठेर नित्य गरिने * जो कर्म हो सो गरून् ।
गर्दै पालन नित्य एक क्रमले * श्रोता र वक्ता रहुन् ॥१३॥

सामग्री जति पुग्छ शक्ति त्यतिनै * ल्याएर जम्मा गरुन् ।
पूजा सिद्धिगणेशको त पहिले * निर्विघ्न निम्ती गरून् ॥
पूजा श्रीहरिको गरी चरणमा * न्यूराइ आफ्नू शिर ।
श्रद्धा-भक्तिसहित गरुन् स्तुति पनी * जोरेर दोंटे कर ॥१४॥

हे गोविन्द ! म मूर्ख छू हजुरको * जान्दीन केही स्तुति ।
गर्दैछू म प्रणाम मात्र पदमा * आनन्द मान्दै अति ।।
यो संसार समुद्र तारि दिनुहोस् * हे कृष्ण ! दामोदर ! ।
बारम्बार प्रणाम गर्छु पदमा * गोविन्द ! योगेश्वर ।।१५।।
पूजा पुस्तकको पनी गरिलिनू * श्रीकृष्ण रूपी भनी ।
जो वस्तू छ तयार अर्पण गरुन् * क्यै द्रव्य मेरो पनि ।।
वक्ता पण्डितको प्रसन्न मनले * पूजा गरुन् सादर ।
मान्दै नम्र बनी गरुन् स्तुति पनी * जोरेर दोटै कर ।।१६।।
हे ज्ञानी ! शुकरूप जानि मनमा * गर्छू म यो प्रार्थना ।
मैले भोग्नु कदापि केहि नपरोस् * संसारको यातना ।।
फेरी वस्छु भनेर सात दिनको * संकल्प पूरा गरी,
पाँचोटा द्विजको गरुन् वरण, क्यै * सामग्रि राम्रा धरी ।।१७।।
सारा ब्राह्मण द्वारपाल र अरू * सत्पात्र ज्ञानी जन ।
सम्झन्दै हरिको गरुन् जप वसी * माला फिराई कन ।।
कर्ता आसनमा वसुन् अनि पछी * आज्ञा लिई मान्यका ।।
चन्ता चंचल वृत्ति रोक्नु मनको * जंजाल गार्हस्थ्यका ।। १८ ।।
गोक्नुपर्छ दुई घटी जति कथा * विश्राम मध्याह्नमा ।
आइन् चार घडी छँदै दिन भनी * पाइन्छ शास्त्रादिमा ।।
बिताले अति प्रष्ट भन्नु बुझिने * श्रद्धा स्वयं वर्षने ।
बढ्ने शक्ति तथा प्रभू-चरणमा * भक्ती स्वयं आउने ।। १९ ।।
गर्नू वैष्णवले कथा सुनि सधैं * श्री कृष्णको कीर्तन ।
पाल्ने बढ्दछ भक्ति झन् हृदयमा * गोविन्दको दिन्-दिन ।।
खान् पर्छ हविष्य अन्न दिनहूँ * श्रोताहरूले पनि ।
कथा क्यै मल-मूत्रको पनि नहोस् * सुन्दा कथामा भनी ।। २० ।।
खानामा फल-मूल दूध-दहिको * थोरै-गुणी भोजन ।
कथा हुन्न कुनै पनी किमिमको * यो देहमा दुर्गुण ।।

कर्तालै जति त्याग्नु पर्दछ सबै * भन्छू म त्यो हे मुनि !
दीक्षा श्री हरिको नलीकन सुने * कयै हुन्न त्यस्तो सुनि ॥ २१ ॥
गर्नू पर्दछ ब्रह्मचर्य–व्रतको * राम्रो गरी पालन ॥
सुत्नू पर्दछ भूमिमा दुख सही * कर्तव्य ठानी कन ॥
गर्नू भोजन शुद्ध क्यै टपरिमै * राखी हविष्यान्नको ।
दो पाते चिज तेल मांस मधु वा * त्यागी दिनू अन्न त्यो ॥ २२ ॥
बासी वस्तु तथा नवीन रसको * दुर्गन्ध क्यै आउने ।
त्यस्ता अन्न कुनै नखानु व्रतमा * कामाग्नि वृद्धी दुने ॥
कन्या ब्राह्मण वेद वैष्णव गुरु * गाई र स्त्री भूपको ।
निन्दा गर्नु हुँदैन केहि रितले * ज्ञानी कुनै व्यक्तिको ॥ २३ ॥
द्वेषी ब्राह्मण नीच म्लेच्छ र पतित् * चाण्डाल यस्ता सित ।
गर्नू हुन्न कदापि भाषण, व्रती * को हुन्छ त्यस्ले हित ॥
मौनी नै रहनू र सत्य कहनू * हुन् जो कथाका व्रती ।
त्यस्ले पर्दछ गर्नु यी सब कुरा * धेरै कती हो कती ॥ २४ ॥
रोगी दीन दुखी दरिद्र अपुता * वन्ध्या र पापी जन ।
मर्दै जन्म लिने कि गर्भ तुहुने * वा काकवन्ध्या कन ॥
यो सप्ताह सुधा समान छ मुने ! * यस्को गरे सेवन ।
इच्छा पूर्ण हुनेछ, स्वर्ग पुरीमा * जानेछ त्यागी तन ॥ २५ ॥
यस्तै नै कमले कथा सुनिसकी * श्रोताहरूले पनि ।
पूजा पुस्तकको र भागवतको * गर्नू खुशीले अनि ॥
जै·जै कार गरुन् मिलेर सबले * बाजा र शंख·ध्वनि ।
वक्ता वाचक विप्रलाइ धनले * सन्तुष्ट पारुन् अनि ॥ २६ ॥
बाँडुन् अन्न र द्रव्य दीन जनमा * दुःखी दरिद्री कन ।
गाई दान र अन्न वस्त्र दिनु जो * शक्ती छ आफ्नू धन ॥
सुन्को पुग्छ भने त तीन पलको * राखेर सिंहासन ।
श्रीमद्भागवत प्रधान सबमा * त्यै माथि राखीकन ॥ २७ ॥

गर्नु पूजन भक्तिपूर्वक अनी * श्रद्धा बढ़ाई कन ।
वक्ता पण्डितलाइ दान दिनु त्यो * क्यै दक्षिणामा धन ॥
ज्ञानी नारद ! धर्म छैन अरु क्यै * यो भागवत् दान् सरी ।
शक्ती पुग्छ भने दिएर यहि नै * संसार जान्छन् तरी ॥ २८ ॥
भक्ति ज्ञान विराग स्त्री-पुरुषमा * गर्छ भनी स्थापन ।
जो इच्छा मनमा थियो सब पुग्यो * एकैक त्यै कारण ॥
चारै भाइ कुमारका चरणमा * ढोगेर राम्रो गरी ।
मान्हे खुसि भएँ कृपा हजुरको * पाएर नै यो घरी ॥ २९ ॥
भक्ति ज्ञान विराग स्थापन भए * संसारमा सादर ।
तस्मात् भागवतै समान भवमा * अर्को कहाँ के छ ?
पाएँ दर्शन कृष्णको पनि यहीं * अत्यन्त छु हर्षित ।
जानें भागवत प्रधान सबमा * गर्ने सबैको हित ॥ ३० ॥
ज्ञानी नारदको कुरा सुनिसकी * अत्यन्त खुसी भए ।
जे जैकार गरेर भागत नै * हो श्रेष्ठ भन्दै गए ।
ज्ञानी नारदलाई चार ऋषिले * शिक्षा दिएथे जति ।
भने वर्णन त्यो गरें सुनिसक्यौ * एकैक हे सद्मति ॥ ३१ ॥
के सुन्ने छ विचार लौ भन तिमी * सानन्द हे शौनक !
सोधे शौनकले विनम्र स्वरमा * हे सूत पौराणिक ! ॥
भेट्टे श्रीशुकले सुनाउनु भयो * राजा परीक्षित् कन ।
भेट्टे भागवती कथा अधि गरे * गोकर्णले वर्णन ॥ ३२ ॥
त्यो भन्दा सनकादिले कति पछी * भन्दा भए त्यो कथा ।
तक्षको काल बताइ बक्सनुहवस् * सुन्छु म हर्ने व्यथा ॥
जाने मन्त्र बुझाइ सूत मुनिले * तिन्को सुनी प्रश्न त्यो ।
त्यो बेला कलि तीस वर्ष जति नै * पूरा बितेको थियो ॥ ३३ ॥
सुन्नु शुक्ले परीक्षित तरे * यो भागवत् नै सुनी ।
तक्षको काल त भाद्र शुक्ल नवमी * ने जान पक्का भनी ॥

त्यस्को वर्ष यित्यो दुई सय अनी * आषाढ़ मैन्हा थियो ।
पैल्हा झैं वुझ शुक्लपक्ष नवमी * गोकर्णको काल हो ॥ ३४ ॥
फेरी वर्ष वितेर तीन सय जो * कार्तिक शुक्ले महाँ ।
फैल्हे झैं तिथिमा ति चार ऋषिले * नारद् मुनीथ्यैं त्यहाँ ॥
यै हो कालहरू कथा विषयको * पैल्हे वितेको जति ।
यो सप्ताह सुनेर मुक्त नहुने * होवैन क्वै सद्मति ॥ ३५ ॥
रोग - ग्रस्त दुखी असक्त जनले * सप्ताह सुन्छू भनी ।
इच्छा गर्छ भने म एक दिनको * भन्छू सबै त्यो पनि ॥
थाप्नू दीप गणेशजी कलश त्यो * सामग्रि जम्मा गरी ।
संकल्पै पहिले गरी वरणको * बाँड़ी दिनू राम्ररी ॥ ३६ ॥
टीका ब्राह्मणले लगाइ पढ़नू * पुण्याह वाचन् अनि ।
पूजा दीप गणेशको कलशको * निर्विघ्न पारुन् भनी ।
पूजा पुस्तकको यथाक्रम गरी * श्रीकृष्ण गोपालको ।
राखी मूर्ति सुवर्णको कि प्रतिमा * स्थापन् गरी विष्णुको ॥ ३७ ॥
श्रद्धा भक्ति धरेर पूजन गरुन् * शक्ति पुगेको जति ।
राखी पुस्तक सामु भागवतको * ज्ञाता छ जो सद्मति ॥
उस्ले भाग लगाइ सात द्विजमा * एकेक बाँडो दिनू ।
थोरै धेर हुँदैन, त्यो क्रम पनी * सोधेर जाती लिनू ॥ ३८ ॥
पूरा पाठ सफेर सात द्विजले * पैल्हे विसर्जन् गरी ।
पढ़नू विष्णु सहस्र नाम क्रमले * वुझ्ने गरी राम्ररी ॥
भक्ति ज्ञान छिने यि भागवत् झैं * पाइन्न खोजे पनि ।
ज्ञानी नारद जान्दछौ सब कुरा * कर्तव्य के हो भनी ॥ ३९ ॥

संसारका विषय तुच्छ भनेर जानी ।
सत्संग औ हरि-कथा अति श्रेष्ठ मानी ॥
जो गर्दछन् श्रवण कीर्तन भक्ति गान ।
तिन्लाइ मिल्छ सुख वैभव पूर्ण ज्ञान ॥ ४० ॥

श्री इष्टदेवता चरणकमलेभ्यो नमः

श्रीमद्भागवत महापुराण

शुकसागरको

माहात्म्य

पहिलो अध्याय–

निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतं द्रवसंयुतम् ।
पिबत भागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः ॥ १ ॥
सच्चिदानन्द रूपाय विश्वोत्पत्यादि हेतवे ।
तापत्रय विनाशाय श्री कृष्णाय वयं नुमः ॥

शौनकको नारदजीसँग भेट–

नैमिषारण्यमा शौनक आदि अठासी हजार ऋषिहरूले पौराणिक सूत ऋषिलाई निवेदन गरे–हे सूतजी ! यस कलिकालमा समस्त प्राणी सांसारिक मायामोहमा अल्झेर जानी-जानी अनेक अनैतिक कार्यमा डुबी दानव जस्तै आचरण गरिरहेका हुनाले अनेक प्रकारका दुःख भोग्दै सदा असन्तुष्ट रहने छन् । अतः हामी सबैको यस्तो इच्छा छ कि त्यस्ता अधोगति प्राप्त जीवको उद्धारका निमित्त हजुरले कुनै यस्तो भगवच्चरित्रको वर्णन गर्नु होस् जसले ज्ञान, वैराग्य र भक्ति सहजै प्राप्त हुन सकोस् । फेरि यो पनि सुनाउने कृपा गर्नोस्—प्रभुका अनन्य भक्तहरू यस मायारूपी बन्धनबाट सहजै मुक्त हुन सकून् । त्यस्ता भक्तलाई श्रीकृष्ण भगवान्को दर्शन र भक्ति प्राप्त हुने सुगम उपाय पनि गम्भीरी विचार गरेर आज्ञा होस् ।

शौनकादि मुनिहरूको यस्तो लोक-कल्याणकारी प्रश्न सुनेर सूतजी भन्नुहुन्छ—हे शौनकादि ऋषि हो ! म समस्त ऋषिहरूलाई त्यो उत्तम र

सजिलो उपाय भन्दछु, जो जीवन र मरणरूपी भयलाई सहजै काट्न सक्छ र मनमा भगवद्भक्तिको बीज उमार्न सक्छ । यहाँहरू सावधान भएर ध्यान-पूर्वक सुन्नुहवस्—कलियुगको प्रारम्भमा श्रीशुकदेवले राजा परीक्षितलाई श्रीमद्भागवत महापुराण सुनाएका थिए । त्यो भन्दा बर्ता हृदय पवित्र पार्ने र प्रभुको उत्तम चरित्ररूपी अमृत खाउन सक्ने अर्को कुनै शास्त्र वा पुराण छैन । अतः म त्यही उत्तम भागवतको कथा यहाँहरूको समक्ष आफ्नो बुद्धि अनुसार वर्णन गर्दछु । यो श्रीमद्भागवतको कथा देवताहरूलाई पनि अप्राप्य र दुर्लभ छ । हे ऋषिश्वर हो ! यही भागवतको कथा सुनेर राजा परीक्षित कर्मरूपी बन्धनबाट सहजै मुक्त भएका थिए । यो कुरा थाहा पाएर ब्रह्माजी-लाई अचम्म लाग्यो र उनले एक दिन भगवद्भक्तिका सबै साधनहरूलाई तौले तर सबै साधन श्रीमद्भागवतभन्दा हलुका भए । यदि श्रीभागवतको सप्ताह पारायण योग्य व्यक्तिद्वारा विधिपूर्वक गर्नसके अवश्य यस संसार-सागरबाट मुक्त हुन सकिन्छ अर्थात् जन्म-मरणको कष्ट काटिन्छ । प्राचीन समयमा सनकादिले नारदजीलाई यो कथा सुनाएका थिए । यति सुनेर शौनकजीले सोधे—हे सूतजी ! नारद मुनि त सदैव मायादेखि मुक्त रहन्छन्, फेरि दुइ घडीभन्दा बर्ता एक ठाउँमा बसिरहन सक्तैनन्, त्यस्ताले यो भागवतको कथा कहाँ र कसरी सुनेथे ? विस्तारपूर्वक आज्ञा हवस् ।

त्यति सुनेपछि सूतजीले भने—हे शौनक ! स्वयं शुकदेवजीले मलाई आफ्नो भक्त र सुपात्र जानेर एकान्तमा भागवतको कथा सुनाएका थिए । कुनै दिन सनकादि चारै जना सत्संग गर्न इच्छाले बदरी वनको विशाल पुरीमा पुगे । त्यहाँ तिनीहरूको नारद ऋषिसित भेट भयो । त्यस बखत नारदजीको चिन्तित दशा र व्यग्रता देखेर सनकादिले सोधे—हे मुनिवर ! तिमी अहिले कहाँबाट आइरहेका छौ ? कहाँ जाने इच्छा छ ? तिम्रो चिन्तित दशा किन भयो ? तिमी त वीतराग र जीवन-मरणदेखि मुक्त भइसकेका छौ तापनि तिम्रो यस्तो स्थिति किन भयो ? दया गरेर यसको कारण सुनाऊ ।

त्यति सुनेर नारदजी भन्दछन्—हे विज्ञ मुनि हो ! प्रत्येक जीवहरूको

कर्म-स्थान मृत्युलोक नै हो भनेर म मनुष्य-लोकतिर आएको थिएँ र अनेक तीर्थहरूमा गएँ। जस्तै—काशी, प्रयाग, पुष्कर, नासिक, हरिद्वार आदि सबै स्थानमा भ्रमण गरें, तर मलाई कहीं पनि शान्ति प्राप्त भएन। कलि-युगले सबै स्थानमा आफ्नो प्रभाव फैलाइसकेछ। दया, धर्म, दान, जप-तप आदि कहीं पनि देख्न पाइन। मनुष्य प्रतिदिन विषय भोगमै गाडिई केवल पेट पालन गरिरहेका छन्। भाग्यले ठगिएका र बुद्धिहीन, मिथ्या बोल्ने, दयाहीन, दरिद्र, हरि-भजनदेखि विमुख, हिंसा गर्ने देखिन्छन्। ब्राह्मण, साधु सन्त पनि पाखण्डी, दुराचारी, लोभी र दम्भी भइसकेका छन्। कन्या बेचेर पेट पाल्न लागिसकेका छन्। तीर्थस्थान र आश्रम आदिमा बेइमान, फटाहा-हरूको अधिकार भइसकेछ। ती धर्मको नाममा लूट र हत्या पनि गर्दछन्। मन्दिर र देवालयहरूमा विधर्मी म्लेच्छहरूको र शूद्रादिको अधिकार भइ-सकेछ। दासताको वृद्धि भइरहेछ। नारीहरू वेश्यावृत्ति गरेर पेट पाल्न लागेका छन्। पतिव्रता धर्मको प्रतिदिन नाश भइरहेको छ। म हजुरलाई कति विन्ती गरौं, यस कलियुगले समस्त भूमण्डलमा आफ्नो अधिकार स्थापित गरिसक्यो। म डुल्दै जाँदा यमुनाको तटमा यौटी युवती रोइरहेकी र उसैको नगीच दुइ जना बूढा मरणासन्न अवस्थामा भूमिमा ढलिरहेका देखें, तिनको ऊर्ध्वश्वास चलिरहेको छ र ती युवती तिनको सेवा गरेर तिनलाई जीवन पार्ने चेष्टा गर्दैछन् तर ती मूर्च्छित भूद्दो झैं ढलिरहेका छन्। त्यो आश्चर्यजनक स्थितिको विषयमा जान्न म केही नजीकै गएँ। मलाई देख्ना-साथ नै युवती उभिई अत्यन्त दुःखी भइन् र भन्न लागिन्—हे मुनिवर! साधु महात्माको दर्शन त सांसारिक पाप-तापलाई नाश गर्न सक्तछन्। हजुर मेरो प्रार्थना सुन्नुहुवस् र मेरो कष्ट निवारण गरिदिनुहुवस्। मेरो ठूलो भाग्य हुनाले यस विपत्तिको बेलामा हजुरको दर्शन पाएँ।

नारद ऋषिले भने—हे मुनि हो! मेले ती युवतीलाई सोधें, तिमी को हौ? यी दुवै पुरुष को हुन्? फेरि तिम्रो सेवा गर्ने यी समस्त स्त्रीहरू, जो तिमीलाई चारैतिरबाट ढाकेर बसेका छन्, को हुन्? मेरो प्रश्न सुनेर ती

युवतीले भनिन्–हे मुनिवर ! म भक्ति हुँ, यी दुवै पुरुष ज्ञान र वैराग्य मेरा पुत्र हुन् । यो सबै स्त्रीहरू जो मेरो वरिपरि छन् , गङ्गा आदि नदीहरू हुन् । यस कलियुगको प्रभावले मेरा पुत्रहरूको यो अवस्था भयो । हे मुने ! मेरो जन्म द्रविड देशमा भयो र कर्णाटक देशमा युवावस्थामा प्राप्त भएँ । मेरो स्वागत-सत्कार महाराष्ट्रमा वर्ता भयो । म गुजरात प्रान्तमा आउनासाथ मलाई वृद्धावस्थाले छोप्यो । अब म वृन्दावनमा आएकी छु । यहाँ आइपुगेर म त तरुणी भएँ तर मेरा छोराहरू तरुण तन्नेरी हुनु पनें हो तर यस्तो विपरीत किन भयो ? यही चिन्ता र दुःखले म साँह्रै दुःखी भएकी छु । हजुर मलाई यसको कारण बुझाइदिनु हवस् ।

सूतजीले भने–हे ऋषि हो ! ती युवतीले नारदजीसित यसरी सोधेपछि नारदजीले भने—हे सुन्दरी ! म आफ्नो ज्ञानको बलले तिमीलाई अहिले नै सबै कुरा भन्दछु, ध्यान दिएर सुन–यस कलिको प्रभावले सबै मानिस पापी, धूर्त, पाखण्डी एवं भक्तिले हीन भइसकेका छन् । ती ज्ञान, वैराग्य र भक्तिले हीन भएका हुनाले त्यतातिर हेर्न पनि मनपराउन्नन् । तर यो वृन्दावन धाम-मा भने भक्ति सबैतिर नाचिरहन्छिन् । अतः यो गोलोकधाम धन्य छ । यसै कारण तिमी तरुणी भएकी छौ र तिम्रा पुत्रहरू सुषुप्तावस्थामा छन् । इनलाई यहाँ केही शान्ति अवश्य प्राप्त भएको होला । यति सुनेर भक्तिले भनिन्—हे मुने ! राजा परीक्षितले यो दुष्ट कलिको नाश किन गरेनन् ? तब नारद-जीले भने–हे कल्याणी ! राजा परीक्षितले कलियुगको दीन दशा देखेर यस कारण नाश गरेनन् कि कलियुग केवल पाप र अधर्मको खानी हो तापनि अन्य युगभन्दा यस कलिमा अलिकति पनि हरि-भजन र कीर्तन गर्नसके समस्त पाप-ताप नाश हुन्छन् । फेरि उनले आफ्नो सद्बुद्धिद्वारा विचार गरे–अन्य युगमा हजारौं वर्ष तपस्या, अनेक दान, जप, पूजा, यज्ञ आदि गरेर पनि त्यो फल पाउन सकिन्न जो कलियुगमा केवल नाम सङ्कीर्तनले सहजै प्राप्त हुन्छ । यसै कारण राजा परीक्षितले कलियुगलाई नष्ट गरेनन् । नारद-जीको त्यति कुरा सुनी भक्तिले भनिन्–हे देवर्षे ! हजुरको दया भएर प्रह्लादले

अपूर्व भक्ति पाए र हजुरकै दयाले ध्रुवले अचल लोक पाए । हे मुने ! हजुर-को दर्शनले मलाई पनि अपूर्व आनन्द प्राप्त भयो । हजुर ब्रह्माजीका मानस-पुत्र हुनुहुन्छ । म हजुरलाई प्रणाम गर्दछु ।

दोस्रो अध्याय

नारद सनत्कुमारको भयो सुभग संवाद । सकल हुन्छ वर्णन यहाँ हुने चित्त आह्लाद ॥

भक्ति, ज्ञान-वैराग्यको कष्ट निवारणार्थ नारदजीको प्रयत्न—

नारदजीले भने—हे देवि ! तिमीले दुःख मान्नु पर्दैन किन भने तिमी श्रीकृष्ण भगवान्‌की अत्यन्त मनपरेकी छौ । तिमी उनैको ध्यान गर । तिम्रो कष्ट प्रभुले अवश्य निवारण गर्नेछत् । प्रभुले आफ्ना भक्तको कष्ट सदैव निवा-रण गरेका छन् । कौरवको सभामा द्रौपदीको रक्षा उनैले गरेका थिए । आफ्ना भक्त अम्बरीषको पनि रक्षा गरे—फेरि तिमी त उनलाई प्राणभन्दा पनि प्रिय छौ । तिमीले डाकेपछि उनी जस्तै पापीका घरमा पनि तत्काल पुग्दछन् । सत्य, त्रेता र द्वापरमा ज्ञान वैराग्यले मुक्ति दिन्थे तर कलियुगमा त केवल भक्ति नै मोक्ष दिन सक्तछिन् । पहिले कुनै समयमा तिमीले भगवान् मित्र सोधेकी थियौ—'म के काम गरूँ ?' अनि भगवान्‌ले तिमीलाई आज्ञा भएको थियो—तिमी भक्तहरूलाई सन्तुष्ट र शक्तिशाली बनाऊ । अनि तिमी-लाई ज्ञान-वैराग्य नामका दुइ छोरा र मुक्ति नामकी दासी प्राप्त भइन् । तिम्रो मुख्य स्वरूप वैकुण्ठ धाममा भक्तहरूको कल्याण गर्नू हो । यस लोकमा केवल [illegible] रहने छौ । हे भक्ति ! सत्य, त्रेता र द्वापरमा तिम्रो ठूलो सम्मान थियो तर यो कलिमा तिम्री दासी मुक्ति क्षीण भइन् र वैकुण्ठ गइन् । यस लोकमा तिमीले नडाकी ती आउन्नन् र आए पनि धेरै नबसेर फेरि फर्केर जान्छिन् । यो ज्ञान-वैराग्य तिम्रा छोरा सधैं तिमीसंगै रहन्छत् तर कलियुगमा यिनको मान-सम्मान नहुनाले यिनी बूढा भए, तर तिमी चिन्ता नगर । म तिम्रा दुवै पुत्रलाई पहिले जस्तै तुल्याउनेछु । तिमीलाई पनि प्रत्येक मनुष्यको

हृदयमा र घर-घरै स्थापित गराउन सकिन भने मलाई कसैले पनि हरि-भक्त नभनून् । कलियुगमा केवल भक्ति नै सार वस्तु छ । भक्ति छ भने श्रीकृष्ण स्वयं पाल्नुहुन्छ र भक्तिमै निवास छ । भक्तिको अनादर गर्ने व्यक्ति भगवान्-को पनि अनादरको पात्र बन्दछ र त्यसको नाश अवश्य हुन्छ ।

सूतजी भन्नुहुन्छ—हे शौनक ! नारद मुनिद्वारा त्यति उत्साहित भए-पछि भक्तिका समस्त अङ्ग बलिया भए, अनि उनले भनिन्—हे मुने ! हजुर परम भक्त हुनुहुन्छ र ममित अनन्य भावले स्नेह गर्नुहुन्छ, यस निम्ति म पनि सदैव हजुरमा निवास गर्दछु । हजुरलाई त्यागेर अन्यत्र कहीं पनि जान सक्तिन । हजुरले मेरो कष्ट घटाउनु भएको छ । अब कृपा गरेर मेरा यी दुवै पुत्रको कष्ट निवारण गरिदिनुहोस् । सूतजीले भने—हे शौनक ! भक्तिको त्यस्तो करुण वचन सुन्दा नारदजीको मनमा दया लाग्यो र भक्तिका छोरा ज्ञान-वैराग्यलाई हल्लाएर सचेत तुल्याउन खोजे तर ती सचेत भएनन् । अनि उनले वेद, वेदान्तको उद्घोष गरे र गीता पाठ सुनाएर सचेत पारे, ज्ञान र वैराग्य उठेर बसे पनि तर आलस्यले छाडेन । तिनको कपालका रौं सबै सेता भइसकेका थिए र शरीर जर्जर भइसकेको थियो । अतः ती दुवै फेरि पहिलेकै स्थितिमा ढले । तिनको त्यस्तो दुर्दशा देखेर नारदजीको मनमा विषाद उत्पन्न भयो र उनले भगवान्को स्मरण गरे । उसै बखत आकाशवाणी सुनियो—हे नारद ! तिमी दुःखी नहोऊ । तिमीले गरेको प्रयत्न विफल हुने छैन । यी ज्ञान वैराग्य फेरि जाग्रत र सचेत हुने उपाय तिमीलाई सन्त, महात्मा र ऋषिहरूले बताउने छन् । उनीहरूले दिएको शिक्षा अनुसार काम गर्न सक्यौ भने इच्छा पूर्ण हुनेछ र ज्ञान-वैराग्य पनि सचेत र पहिले जस्तै बलवान् हुनेछन् । नारद मुनिले त्यस आकाशवाणीको अर्थ राम्ररी बुझ्न सकेनन् र ती ज्ञान-वैराग्यलाई त्यही अवस्थामा उहीं छाड़ी सन्त महात्माको खोजीमा हिंडे । ती अनेक तीर्थ हरूमा गए, अनेक सन्त, महात्मालाई भेटे तर त्यो आकाशवाणीको अर्थ कसैले पनि बुझ्न वा बताउन सकेन । कुनै महात्माले भने—वेदध्वनि, वेदान्त-घोष र गीता पाठले पनि ती सचेत भएनन् भने अब तिनले उठ्नू असम्भव

जान्ने छ । अर्का सन्तले भने—नारदजी जस्ता ज्ञानी र ब्रह्माका मानस-पुत्रले ज्ञान-वैराग्यलाई जीवन दान दिन सकेनन् भने अरु कसैमा पनि त्यो सामर्थ्य छैन । नारदजी चिन्तित अवस्थामै अनेक स्थानमा भ्रमण गर्दै अब ती ज्ञान वैराग्यका लागि तपस्या गर्दछु भनेर बदरिकाश्रममा गए । त्यहाँ उनले सनकादि मुनिहरूको दर्शन पाए । अनि नारदजीले भने—हे सन्त-महात्मा हो ! मेरो ठूलो सौभाग्य हुनाले नै आज हजुरहरूको दर्शन पाएँ । हजुरहरू परम ज्ञानी, पूर्वजहरूका पनि पूर्वज, ब्रह्माका मानस-पुत्र सदैव पाँच वर्षके अवस्थामा रहने हुनुहुन्छ । हजुरहरू सधैं 'हरिशरणम्' र 'ॐनमोभगवते वासुदेवाय, यही मूलमन्त्रको जप गरिरहनु हुन्छ र वैकुण्ठमा निवास गर्नु हुन्छ । नाम संकीर्तन नै हजुरहरूको मुख्य कर्म एवं धर्म छ । म अत्यन्त दुःखी छु । अतः मलाई आकाशवाणीको अर्थ आज्ञा हवस् र आकाशवाणीमा ज्ञान-वैराग्यको उद्धार हुने कुन साधन बताएको हो बुझ्न सकिन ।

सनकादिले भने—हे मुने ! हामी तिम्रो शङ्का र कष्ट तत्काल निवारण गर्दछौं, ध्यान दिएर सुन—प्राचीन ऋषि-मुनिहरूले ज्ञान-वैराग्य र भक्तिका अनेक साधन बताएका छन् तर ती सबै अत्यन्त कठिन छन् र स्वर्गको सुख दिन सक्छन् तर मुक्ति दिन समर्थ छैनन् । भगवान्को दर्शन हुने र मुक्ति प्राप्त हुने साधन अझ गुप्त गुप्त छ । आकाशवाणीले जुन उत्तम कर्मको उपदेश दियो, त्यो हामी भन्दछौं, सुन—द्रव्ययज्ञ, योगयज्ञ, ज्ञानयज्ञ र तपोयज्ञ यी चारै भन्दा स्वर्ग प्राप्त गराउँछन् तर विद्वान्हरूको स्वाध्यायरूपी ज्ञानयज्ञलाई नै श्रेष्ठ-कर्म भन्दछन् । त्यही नै श्रीमद्भागवतको स्वाध्याय हो जसको पारायण शुकदेव आदि ब्रह्मज्ञानीहरूले वर्णन गरेका छन् । त्यही स्वाध्यायले भक्ति, ज्ञान र वैराग्यलाई बल पुऱ्याउँछ र तिनको समस्त कष्ट निवारण हुनेछ । श्रीमद्भागवतको ध्वनिले कलिकालका समस्त पाप—सिंहको गर्जनाले वनका जन्तुहरू भागे झैं—नाश भएर जानेछ ।

नारदजीले भने—हे विज्ञ ऋषि हो ! मैले वेद-ध्वनि, वेदान्त-घोष र गीताको पाठ गरेर तिनलाई सचेत पार्न उद्योग गरें तर त्यति गर्दा पनि ती

ज्ञान, वैराग्य सचेत भएनन् भने अब श्रीमद्भागवतको ध्वनि सुनेर ती कमरी जागा हुनन् ? नारद मुनिका त्यस्ता कुरा सुनी सनकादिले भने–हे नारद ! श्रीमद्भागवतको कथा वेद, वेदान्त, उपनिषद् आदि अन्यान्य शास्त्रको तत्त्व झिकेर रचना गरिएको छ । यसै निम्ति यो ती सबै शास्त्रको तत्त्वरूपी फल हुनाले अत्यन्त उत्तम छ, जसरी कुनै वृक्षको हाँगा, जरो आदि त्यागेर केवल फल लिइन्छ, जसरी दूधबाट झिकिएको सार वस्तु घिउ नै ग्रहण गरिन्छ, फेरि जसरी ऊखूको बुटा-पात नलिएर त्यसको रस नै ग्रहण गरिन्छ । ठीक त्यस्तै समस्त वेद-वेदान्तको सार यो श्रीमद्भागवतरूपी फल ग्रहण गर्न योग्य छ ।

श्रीकृष्ण द्वैपायन व्यासले तिमीलाई केवल चार श्लोकमा श्रीमद्भागवत पुराणको उपदेश दिनुभएको थियो, त्यो सुनेर तिम्रो सबै शङ्का निवारण भएको थियो । अब तिमीले त्यही श्रीमद्भागवत पुराणको ध्वनि सुनाउनु आवश्यक छ । त्यही सुनेर ज्ञान, वैराग्य र भक्तिको कष्ट निवारण हुनेछ । यति सुनेर नारद मुनि अत्यन्त प्रसन्न भएर भने–हे मुनीश्वर हो ! हजुरहरूको दर्शन र उपदेशले मेरो मनलाई शान्ति प्राप्त भयो । अब म प्रगाढ भक्तिको प्रचार-प्रसार गर्दछु, त्यसैले संसारका जीवहरूको अज्ञान र मोह नाश पार्नेछ ।

तेस्रो अध्याय

भक्ति ज्ञान वैराग्यको दुःख समस्त हटाई । प्रबल दिए सुख स्नेहले कथा अनन्त सुनाई ॥

नारद मुनिले भने–हे मुनि हो ! भक्ति, ज्ञान, वैराग्यको कष्ट निवारण गर्न म श्रीमद्भागवत कथाको ज्ञानयज्ञ गर्दछु तर त्यसको निम्ति उत्तम ठाउँ र त्यसको समस्त महिमा मलाई सुनाउनु हवस् । फेरि त्यस कथाको विधान र कहिले आरम्भ गरी कहिले समाप्त पार्नू पर्दछ यो पनि आज्ञा हवस् ।

सनकादिले भने–हे देवर्षे ! तिमीलाई हामी सबै विधि वर्णन गर्दछौं, ध्यानपूर्वक सुन–यस कथाको उपयुक्त स्थान हरिद्वारको नजीक आनन्द घाट छ । त्यहाँ ऋषि-मुनि, देवता, सिद्ध महर्षि आदि सबै बस्तछन् । त्यस घाटमा

गङ्गाको स्वच्छ बालुवा र वरिपरि अनेक लता वृक्षहरूले शोभायमान छ । फेरि त्यहाँ अनेक प्रकारका पुष्प र तिनको सुगन्ध चलिरहन्छ । त्यहाँ सबै प्राणी परस्परको वैरभाव बिसेर आनन्दपूर्वक बस्तछन् । त्यही स्थानमा भक्ति, ज्ञान र वैराग्य स्वयं आउने छन् र श्रीमद्भागवतको कथा सुनेर फेरि अघि झैं युवावस्थामा प्राप्त हुनेछन् । सूतजीले भने—हे शौनक ! नारदजीलाई त्यस्तो उपदेश दिएर स्वयं आफूहरू पनि गङ्गा-तटमा जान प्रस्थान गरे । त्यहाँ वसिष्ठ, भृगु, च्यवन, गौतम, देवल मेधातिथि, देवरात, जन्हु, परशुराम, विश्वामित्र, शाकल, मार्कण्डेय, दत्तात्रय, पिप्पलाद, व्यास, पराशर, छायारूप शुकदेव र जाजली आदि सबै मुख्य-मुख्य ऋषि-मुनि आफ्नापना शिष्य, पुत्र र पत्नी सहित आए । त्यस स्थानमा वेद, उपनिषद्, सत्र पुराण, षट्-शास्त्र, गङ्गा-यमुना, सरस्वती, नर्मदा, काबेरी, गौतमी, घाघरा आदि नदीहरू र पुष्कर आदि सरोवर तथा कुरुक्षेत्र, प्रभास आदि सबै क्षेत्र र दण्डक, काम्यक वृन्दारण्यक आदि सबै वन एवं हिमालय, सुमेरु, विन्ध्याचल, सह्याचल आदि सम्पन्न पर्वत, देव, दानव, यक्ष, गन्धर्व, किन्नर, दैत्य पनि मूर्तिमान अर्थात् मनुष्य रूप धारण गरेर त्यही आनन्द घाटमा श्रीमद्भागवतको कथारूप अमृत पान गर्न आए । त्यस कथाका मुख्य वक्ता सनकादि मुनिहरू राम्रो उच्च स्थानमा बसे र समस्त श्रोताहरू अलि तलो खण्डमा बसे । त्यहाँ वैष्णव, सन्यासी, विरक्त, ब्रह्मचारीहरू सबैभन्दा अघिल्तिर बसे । ती भन्दा पनि अघिल्तिर नारद मुनि कथामृत पान गर्न बसे । त्यस ठाउँमा एकातिर देवता अर्कोतिर ऋषि-मुनि, झन् अर्कोतिर वेद, उपनिषद् र एकातिर अनेक तीर्थ, सह-नदी एवं एकातिर समस्त स्त्रीहरू बसे । दसै दिशा शङ्ख-ध्वनि र जय-जयको शब्दले गुञ्जायमान भयो । देवताहरू आकाशबाट पुष्पवर्षा गर्नलागे ।

सूतजी भन्नुहुन्छ—ठूलो आनन्दसाथ श्रीमद्भागवतको पूजन गरे अनि सनकादि ऋषिहरू श्रीमद्भागवतको माहात्म्य सुनाउन लागे । सनकादिले भने—जो श्रीमद्भागवतको कथा सुन्नाले मात्र पनि मनमा भक्तिको उदय हुन्छ । उसको हृदयमा भगवान् स्वयं पाल्नुहुन्छ । यस भागवत ग्रन्थमा बाह्र स्कन्ध

र अठार हजार श्लोक छन् । यो पुराण शुकदेवजीले राजा परीक्षितलाई सुनाएका थिए । यस पवित्र ग्रन्थको एक श्लोक, आधा श्लोक वा चौथाई (एक पाउ) पनि नित्य सुन्ने वा पाठ गर्ने प्राणीका समस्त पाप नाश हुन्छन् । त्यस स्थानमा समस्त तीर्थहरू उपस्थित रहन्छन् र त्यो स्थान नै तीर्थ बन्न जान्छ । हजारौं अश्वमेध यज्ञ र सयौं वाजपेय यज्ञ यस श्रीमद्भागवत कथाको सोह्र खण्डको एक खण्ड पनि हुन सक्तैनन् । गङ्गा, गया, काशी, प्रयाग र पुष्कर आदि कुनै तीर्थ पनि यस कथाको समान छैनन् । अतः यस उत्तम ग्रन्थको पाठ दिनहुँ गर्नैपर्दछ । श्रीमद्भागवतको कथासँग दाँजिने—ॐकार, गायत्री, पुरुषसूक्त, वेदहरू र 'ॐ नमो भगवते वासुदेवाय' यो द्वादशाक्षरी मन्त्र, द्वादशादित्य, संवत्सर, काल, काशी, प्रयाग, ब्राह्मण, अग्निहोत्री, गाई तुलसी, पुरुषोत्तम भगवान् र वसन्त ऋतु नै छन्, अरुले सक्तैनन् । उपरोक्त सबै समान छन् र यिनमा मानू-ठूलोको भेद छैन । जो मानिस दिन-रात भागवतको अर्थ सहित पाठ गर्दछ त्यसका जन्म-जन्मान्तरका समस्त पाप स्वयं नष्ट भएर जान्छन् । नित्य भगवान्को चिन्तनमा रहनु, तुलसीमा जल चढाउनु, गाईको सेवा र नित्य भागवत पाठ—यी चारै साधन समान र मुक्ति-दाता छन् । जो मानिस अन्त्यावस्थामा भागवतको थोरै पनि श्रवण गर्दछ, त्यो अवश्य गोलोकमा वस्न पुग्दछ । जसले सुनको सिंहासनमा राखेर भाग-वतको पुस्तक सत्पात्र ब्राह्मणलाई दान दिन्छन्, ती अवश्य मुक्त हुन्छन् । जसले आफ्नो जीवनमा कहिले पनि श्रीमद्भागवत कथारूपी अमृत पान गरेको छैन, त्यसको जीवन चाण्डाल वा गर्दभको समान हो । त्यसले व्यर्थ नै आमालाई कष्ट दिएर पृथ्वीको भार बढाउने मात्र हुन् । अनेक जन्मको पुण्य एकत्र नभई भागवत कथामृत पान गर्न पाइन्न । यस कथाको निम्ति कुनै पनि तोकिएको दिन छैन । यसलाई दिनहुँ भन्नु र सुन्नु उत्तम हो । सबै भन्दा उत्तम विधि सप्ताह पारायणको हो । त्यो माघ मासमा श्रवण गऱ्यो भने उत्तम फल प्राप्त हुन्छ । जुन पुण्य तप, योग, यज्ञ, तीर्थाटन र समाधि आदिले पाउन सकिन्न, त्यो फल केवल सप्ताह सुन्नाले सहजै प्राप्त हुन जान्छ ।

शौनकले सोधे—हे सूतजी ! यो हजुरले अपूर्व कुरा भन्नुभयो । सप्ताह श्रवणको माहात्म्य ठूलो छ तर यो तप, ज्ञान आदि भन्दा पनि ठूलो कसरी भयो ? यो सुनेर सूतजीले भने—हे शौनक ! मर्यादा पुरुषोत्तम श्रीकृष्ण भगवान् जब यो भूलोक त्यागेर आफ्नो गोलोक जान लाग्नुभयो तब प्रिय सखा उद्धवले विनयपूर्वक बिन्ती गरे—हे गोविन्द ! वासुदेव ! हजूर आफ्ना भक्तहरूलाई त्यागी आफ्नू नित्य-धाममा जान लाग्नुभयो तर हजुर यहाँ नभएपछि यो घोर कलिले हजुरका भक्तहरूलाई अनेक थरिका दुःख-कष्ट दिनेछ र तिनको स्वभावमा पनि परिवर्तन गरिदिने छ । चारैतिर अधर्म फैलिने छ । अनि यी भूमिले कसको आश्रय लिने ? हे भक्तवत्सल ! हजुर बाहेक यी पृथ्वीको आश्रय-दाता कोही पनि छैनन् । हजुर निर्गुण, निराकार भएर पनि सगुण रूप धारण गरी भूमिको भारी हल्लुको पार्न युग-युगमा अवतार धारण गरिरहनुभएको छ । कलिकालमा मनुष्यले निर्गुणको उपासना गर्न कठिन छ । अतः वैष्णव-धर्मको रक्षा कसरी होला ? उद्धवको यस्तो प्रश्न सुनी भगवान् भन्नुहुन्छ—हे उद्धव ! म गएपछि मेरो प्रतिरूप श्रीमद्भागवत यहीं छाडेर जान्छु । त्यस ग्रन्थमा म स्वयं बसेको छु र त्यो सबै मेरो नै वाणी हो भन्ने जान्नु । त्यसको श्रवण, मनन, सेवन र दर्शन गर्नेले प्राणीका समस्त पाप पखालिन्छन् । यस कलियुगमा सप्ताह श्रवण भन्दा ठूलो अर्को कुनै साधन छैन । अतः सप्ताह श्रवणको विधान यसै निम्ति निश्चित गरिएको हो ।

सूतजी भन्नुहुन्छ—हे शौनकादि मुनि हो ! जुन बेला सनकादि ऋषिहरू सप्ताह श्रवणको माहात्म्य भनिरहेका थिए, ठीक त्यसै बेला यौटा आश्चर्यजनक घटना देखियो । त्यहीं भक्ति, ज्ञान र वैराग्य 'श्रीकृष्ण, गोविन्द, हरे, मुरारे ! हे नाथ, नारायण वासुदेव !' यस्तै भगवान्‌का नाम उच्चारण गर्दै प्रत्यक्ष प्रकट भए । भगवान्‌की अत्यन्त प्रिय भएकी भक्तिलाई त्यसरी आउन लागेको देखेर समस्त ऋषिहरू प्रसन्न भए । अनि भक्तिले भनिन्—यस कलिकालको दुष्ट प्रभावले मेरो नाश भइसकेको थियो, तर श्रीमद्भागवतको कथारूपी अमृत छर्कँदा सनकादि मुनीश्वरले मलाई फेरि शक्ति र पुष्टि प्रदान गरे ।

अब मलाई मेरो बस्ने स्थान खटाउनु हवस् । त्यति सुनेर सनकादिले भने—हे भक्ति ! तिमी भगवान्‌की अत्यन्त मनपरेकी छौ । अतः तिमी भक्तहरूको हृदयमा बस । कलिका दोषहरूले समस्त संसारलाई कष्ट दिए पनि तिमीलाई केही गर्न सक्ने छैनन् । सूतजीले भने—हे शौनक ! ती सनकादि ऋषिहरूको वचन सुन्नासाथ भक्ति हरि-भक्तहरूको हृदयमा स्थापित भइन्, बसिन् ।

चौथो अध्याय

गोकर्णको उत्पत्ति—

दुष्ट धुन्धुकारी भयो जस्तो द्विजको गेह । त्यो सब वर्णन गर्दछन् मेटी सब सन्देह ॥

सूतजी भन्दछन्—हे शौनक हो ! श्रीमद्भागवतको कथामा भक्ति, ज्ञान वैराग्य सम्मिलित भएपछि कथारूपी अमृतको वर्षा हुनलाग्यो । त्यो आनन्दले प्रसन्न भएका भगवान् भक्तिको वशमा परी स्वयं आपना भक्तहरूलाई आनन्द प्रदान गर्न अलौकिक रूप माधुर्यका साथ पाल्नुभयो । मेघ झैं वर्ण, घाँटीमा वनमाला, उत्तम पीताम्बर कटिमा, शिरमा मुकुट, कानमा कुण्डल, तेसो हेराईले पाल्नुभएका भगवान्‌लाई देखेर भक्तजनहरू आनन्दले लट्ठ परेर एकहरो दृष्टिले हेर्नलागे । त्यस वेला तिनीहरूले आपनू तन, मन, धन सबै त्यसैं । दसै दिशामा 'जय-जय'को ध्वनि हुनलाग्यो । आकाशबाट, लावा, पुष्प, अबीर आदिको वर्षा हुनलाग्यो । शङ्ख, घण्ट र अन्यान्य बाजाहरूको ध्वनि सुनिन लाग्यो । समस्त भक्तहरू अपूर्व आनन्दमा चुर्लुम्म डुबे । यस्तो स्थिति देखेर देवर्षि नारदले भने—हे भगवान्‌का अनन्य भक्तगण ! मैले भगवद्भक्तिको अपूर्व आनन्द आज यो कथा सुनेर नै प्राप्त गरें । यसका झैं कलिकालमा अन्य कुनै कथा-पुराण छैनन् । रूआको ढूलो थुप्रोलाई आगोले सहजै खरानी पारे झैं यस कथाले पापको थुप्रोलाई पोलेर खरानी पारिदिन्छ । उता सनकादिहरूले भने—हे नारद ! पातकी भन्दा पनि घोर पातकी अथवा कुटिल भन्दा पनि अत्यन्त कुटिल प्राणी पनि यो कथा सुनेर संसार पार तर्दछ । कलियुगमा

यही कथारूप यज्ञ नै उत्तम र प्रधान छ । माता-पिताको द्रोह गर्ने र उनलाई कष्ट दिने, मिथ्या बोल्ने, पापी, आफ्नू वर्णाश्रम धर्म त्यागिसकेको, अहङ्कारी, रक्सी खाने, ब्रह्महत्या गर्ने, गुरुपत्नी ताक्ने, विश्वासघाती, चोर, छली, कपटी, क्रूर, निर्दयी, ब्राह्मणको धन र वृत्ति हरण गर्ने, व्यभिचारी, लोभी तथा कुनै पनि पाप कर्म गर्न नडराउने यस्ता प्राणीले पनि श्रद्धासाथ यो सप्ताह सुन्दछ भने माथि कहिएका सबै पापबाट मुक्त भएर हरिको गोलोकमा वस्न जान्छ ।

सनकादि ऋषिहरूले भने–हे नारद ! यसै विषयको हामी यौटा प्राचीन कथा भन्दछौं, ध्यानपूर्वक सुन–धेरै वर्ष पहिले तुंगभद्रा नदीको किनारमा यौटा अत्यन्त रमणीय नगर थियो । त्यहाँ यौटा आत्मदेव नामका ब्राह्मण बस्तथे । ती भजन-कीर्तन, पूजा-पाठ, धर्म-कर्म र हरि-स्मरण गर्दथे । तिनले केही धन-सम्पति पनि जम्मा पारिसकेका थिए । तिनकी धुन्धुली नामकी पतिव्रता, राम्री, घरको काममा निपुण र धन जम्मा पार्नमा कुशल र बाठी पत्नी थिइन् । पति-पत्नी परस्पर मिलेर बसेका थिए । दुवैको उमेर ढल्कन लागिसकेको थियो तापनि सन्तान नहुनाले ती आत्मदेव ब्राह्मण अत्यन्त दुःखी रहन थाले । एक दिन मनमा साह्रै दिक्क लागेर ती घरबाट निस्केर जङ्गलतिर लागे । निकै पर पुगिसकेपछि थकाई लागेर यौटा सुन्दर सरोवर देखेर त्यहीं बिसाई जल पिएर थकाई मार्न बसे । देव-संयोगले त्यहीं यौटा संन्यासी आइपुगे र तलाउमा जलपान गरी त्यहीं विश्राम गर्न बसे । तिनलाई देखेर आत्मदेव नगीचै आएर संन्यासीको चरण समाती रुन लागे । तिनको कष्ट देखेर दयालु संन्यासीले सोधे–हे ब्रह्मन् ! मैले तिम्रो मनको कष्ट बुझिसकें तर यसको निराकरण गर्न कुनै पनि उपाय छैन । फेरि मैले आफ्नू योगबलले सम्पूर्ण जानिसकें, तिमीलाई सन्तानको कष्ट छ तर सात जन्मसम्म पनि तिमीलाई सन्तान हुँदैन । तिम्रो भाग्यमा यही लेखिएको छ । यति सुनेर ती आत्मदेव दुःखी भई ती संन्यासीको पाऊ समाती रोएर भन्नलागे–हे महा-प्रभु ! यदि हजुर मेरो कष्ट निवारण गरिदिनु हुन्न भने म यही तलाउमा डुबेर मेरो प्राण त्यागिदिन्छु । अब फर्केर घर जाने मेरो इच्छा छैन । यति

सुनेर संन्यासीले सकेसम्म सम्झाए—यो मायाजाल कर्मको बलियो पाशमा बाँधने हो। अब तिमी यो गृहस्थ-धर्मबाट पनि मुक्त भएर प्रभुको नाम-स्मरण गर, त्यसैमा तिम्रो कल्याण हुनेछ। यो संसारमा कुनै पनि सारवस्तु छैन। जति बुझाए पनि आत्मदेवको मनमा गाडिएन र उनी बारम्बार सन्तानको नै इच्छा गरेर प्रार्थना गर्नलागे। तब संन्यासी प्रसन्न भएर भने—हे ब्रह्मन्! यदि तिमी मैले भनेको मान्दैनौ भने यो यौटा अमृत फल दिन्छु। यो आफ्नी पत्नीलाई खान दिनू। यस फलको प्रभावले यौटा बुद्धिमान पुत्र-रत्न पाउनेछौ। त्यसले तिमी दुवै पति-पत्नीको सेवा गर्नेछ। तिम्री ब्राह्मणी नियमपूर्वक रही भने उत्तम ज्ञान दिने ठूलो ज्ञानी पुत्र जन्मने छ। यति भनेर ती संन्यासी आत्मदेवलाई फल दिएर बाटो लागे। आत्मदेवले त्यो फल ल्याएर पत्नीलाई दिए र फलको विषयमा सबै कुरा बुझाई आफू केही दिनको लागि परदेश लागे। त्यो फल लिएर ती धुन्धुली मनमनै विचार गर्न लागिन्—यो फल खाएपछि म गर्भिणी हुनेछु, मेरो पेटमा बालक आउनेछ, अनि पेट ठूलो हुनेछ, मलाई बस्न, उठ्न र हिंड्न-डुल्न पनि कष्ट हुनेछ। मेरो आहार-विहार सबै हराउने छ। मैले नौ महीनासम्म कष्ट सहनु पनेछ। त्यो कष्ट सबै खपे पनि सुत्केरीको वेदना सहनु अत्यन्त कठिन छ। यदि कुनै कारणले पेटमा बालक तेर्सो पऱ्यो भने त्यो बालक ननिस्कनाले मेरो समेत प्राणान्त हुनेछ। फेरि म अत्यन्त सुकुमारी छु। त्यस्तो भयङ्कर पेटको पीडा म सहने सक्ने छैन। उता म सुत्केरीमा रहनेछु यता मेरा घरमा भएको सबै वस्तु इष्ट-मित्र वा अन्य सम्बन्धीले बसानें छन्। फेरि ती संन्यासीले भनेका नियम पालन पनि म गर्नसक्ने छैन। यदि सकुशल बालक जन्मे पनि त्यसको लालन पालन, मल-मूत्र सफा गर्नू इत्यादि काम म कदापि गर्न सक्तिन। यस्ता अनेक कष्टबाट अलग्ग रहने ती विधवा अथवा वन्ध्या नै सुखी होलान्। यस्तै अनेक तर्क गरेर ती धुन्धुलीले त्यो अलभ्य फल गाईलाई खुवाइदिइन्। पतिले सोधे—हे साध्वी! मैले दिएको फल तिमीले खायौ? तिनले भनिन्—स्वामी! त्यो त मैले हजुरबाट पाउनासाथ खाएँ। त्यसपछि एक दिन तिनकी

बहिन भेट्न आइन् । धुन्धुलीले पतिसित मिथ्या बोलेको र फलको सबै कुरा सुनाइन् । दिदीका कुरा सुनेर बहिनीले भनिन्–दिदी ! यसमा चिन्ताको कुरा छैन । मेरो पेटमा महीना दिनको गर्भछ । म त्यो छोरो सुटुक्क ल्याइदिनेछु । त्यसलाई तिमीले आपनै छोरो भनेर पालन गर्नू । बरु मेरा पतिलाई केही धन दिएर प्रसन्न पारिदिनु । फेरि म यहीं आएर त्यस बालको लालन-पालन गरिदिनेछु । त्यो कुरा सुनेर धुन्धुली प्रसन्न भइन् । समयमा तिनकी बहिनीको छोरो जन्मियो र उनले सुटुक्क ल्याएर दिइन् । साटोमा केही द्रव्य पाइन् । त्यस बालकलाई दूध भएन भनेर धुन्धुलीले पतिलाई भनिन्–मेरी बहिनीको हालैमा सन्तान भएर मर्‍यो । त्यसलाई डाक पाए बालकको रक्षा गर्ने थिई । पत्नीको कुरा आत्मदेवले स्वीकार गरेपछि बहिनीलाई डाकिन् । त्यस बालकको नाम धुन्धुकारी राखेर निकै उत्सव मनाए । त्यसपछि गाईले पनि यौटा उत्तम पुत्र पाइन् । त्यसको सबै अंग मानिस झैं थियो, केवल कान मात्र गाईका जस्ता थिए । अतः उसको नाम गोकर्ण राखे । आत्मदेवका इष्ट-मित्र पनि आएर–'अब यी ब्राह्मणका दिन फर्किए' भन्दै आशिर्वाद दिए । आत्मदेवले पनि अनेक व्यक्तिलाई प्रसस्त द्रव्य बाँडे । दान गरेर सबैलाई सन्तुष्ट पारे ।

बिस्तार-बिस्तार ती दुवै ठूला भए । धुन्धुकारी दुष्ट, पापी, हत्यारा, चोर र व्यभिचारी भयो । गोकर्ण चाहिं पण्डित, ज्ञानी, माता-पिताको भक्त बने । त्यस धुन्धुकारीले घरको सारा सम्पति जूआ र वेश्यालाई दिएर समाप्त पार्‍यो । माता पिताले–'यस्तो गर्न हुँदैन' भन्दा कुट-पीट गर्न लाग्यो रात-दिन शिकारमा जन्तु मार्ने र रक्सी, मांसमा गाडिन लाग्यो । छोरोको कुकर्म देखेर आत्मदेव अत्यन्त दुःखी भएर रुन लागे । मनमनै भन्दथे—हे प्रभो ! यस्तो सन्तान हुनु भन्दा त निःसन्तान नै असल थियो । अब म के गरूँ ? जहाँ जाऊँ ? कहाँ बसूँ ? भन्दै बिलाप गर्न लागे । त्यो सुनेर गोकर्णले आपना पितालाई वेदान्तको उपदेश दिएर अनित्य संसारको ज्ञान गराए । गोकर्णको शिक्षा सुनेपछि आत्मदेव ब्राह्मण विरक्त भएर घर बार त्यागी वनमा गएर श्रीकृष्ण भगवानको ध्यान गरेर गोलोकवासी भए ।

पाँचौं अध्याय

गरे काम गोकर्णले त्यो सबको वृत्तान्त । गर्छन् वर्णन सूतजी मनमा भइकन शान्त ।
धुन्धुकारीको प्रेतयोनिबाट उद्धार—

सूतजी भन्दछन्—हे शौनक ! आत्मदेवले घर त्यागेपछि धुन्धुकारी आमालाई कूट-पीट गरेर धन माग्न थाल्यो । उनले छैन भन्दा पनि मानेन र एक दिन त्यस पुत्रको अत्याचारले दुःखी भएर रात्रिको बीचमा इनारमा हामफालेर मरिन् । आमा मरेपछि गोकर्ण पनि तीर्थ-यात्रामा निस्के । अब धुन्धुकारी स्वतन्त्र भयो । वेश्यालाई घरैमा ल्याएर राख्यो । सबै धन सकिए पछि चोरी गर्न थाल्यो । एक दिन ती वेश्याहरूको भनाइमा लागेर निकै धन चोरेर ल्याई तिनीहरूलाई दियो । वेश्याहरूले परस्पर विचार गरे—यस चोरले चोरेको माल ल्याएर हामीलाई दिन्छ । कुनै दिन यो पक्रियो भने हामी पनि बच्न सक्तैनौं । अतः यसलाई समाप्त पारेर अर्के स्थानमा जाऊँ । यस्तो सल्लाह गरेर सुतेको वेलामा धुन्धुकारीको घाँटी थिचेर मारे । त्यति गर्दा पनि मरेन र बल्दो अगुल्टो मुखमा कोचेर मारे । अनि त्यहीं खाडल खनेर लाश गाडी आफूहरू सारा धन लिएर भागे । त्यसपछि धुन्धुकारी प्रेत भएर सर्दी, गर्मी, भोक, प्यास आदिका अनेक कष्ट खप्दै—हे दैव ! म यो कस्तो कष्टमा परें भन्दै वायु रूपले डुल्न लाग्यो । केही दिन-पछि गोकर्णले भाई मरेको समाचार पाई गया श्राद्ध आदि गरिदिए । त्यसपछि गोकर्ण घरमा आएर पिंढीमा सुतिरहेका थिए । आधा रात भएपछि प्रेतरूप धुन्धुकारी आफ्ना अनेक भयंकर रूप गोकर्णलाई देखाउन लाग्यो । त्यो कहिले हात्ती, कहिले भैंसी, कहिले बाख्री र कहिले आगो जस्तै रूप धारण गर्थ्यो । अन्त्यमा त्यो मनुष्य रूपमा प्रकट भयो । अनि त्यसको स्थिति देखेर गोकर्णले जाने कि यो कुनै अधोगतिमा प्राप्त भएको जीव रहेछ । अनि त्यसलाई सोधे—तिमी को हौ र रात्रिमा मलाई भयानक रूप किन देखाइ-रहेका छौ ? तिम्रो यो दशा कसरी भयो ? तिमी प्रेत, पिशाच, यक्ष, राक्षस को हौ ? मलाई सत्य-सत्य भन ।

सूतजी भन्दछन्–हे शौनक ! गोकर्णले त्यति सोधेपछि प्रेतरूप धुन्धुकारी अत्यन्त व्याकुल भएर रुन लाग्यो तर बोल्न सकेन । अनि गोकर्णले आफ्नो कमण्डलुबाट तीर्थको जल लिएर छर्किदिए । त्यस जलले त्यो बोल्न सक्ने भयो र भन्न लाग्यो—हे गोकर्ण ! म तिम्रो भ्राता धुन्धुकारी हूँ । म आफ्नो पापले गर्दा प्रेत योनिमा प्राप्त भएको छु । मैले अनेक हत्या गरें, माता-पितालाई कष्ट दिएँ । वेश्या गमन गरें । मेरो ब्राह्मणत्व समाप्त भयो । अब म केवल हावा पिएर नै बाँचेको छु । अब तिमी मेरो केही सहायता गर । कुनै उपाय गरी मलाई यस प्रेतयोनिबाट मुक्त गराऊ । त्यति सुनेर गोकर्णले भने—मैले तिम्रो उद्धारका लागि गया श्राद्ध गरे । अनेक तीर्थ-हरूमा श्राद्ध र दान पनि गरिदिएँ । तर तिम्रो मुक्ति भएन । अब तिमी नै आफ्नू मुक्तिको उपाय भन । अनि प्रेतले भन्यो—हे भाई ! हजारों गया श्राद्ध गरे पनि मेरो मुक्ति छैन । यस विषयमा तिमी स्वयं विचार गरेर कुनै उपाय निश्चय गऱ्यौ भने मात्र मेरो मुक्ति हुनेछ । गोकर्णलाई प्रेतको कुरा सुनेर आश्चर्य लाग्यो—मैले जति गया श्राद्ध र तीर्थ गरिदिए पनि मुक्ति हुँदैन भने यसको मुक्ति हुनु कठिन छ । तैपनि कुनै उपाय विचार गर्नु पर्ला भनी प्रेतलाई विदा दिएर निकै बेर बिचार गरे, तर कुनै पनि निष्कर्षमा पुग्न सकेनन् । प्रातःकाल उठेर इष्ट-मित्रलाई रातीको सबै घटना सुनाए । तिनको प्रश्न सुनेर कतिपय योग्य ब्राह्मणले गोकर्णलाई सल्लाह दिए—यस विषयमा तिमी सूर्य नारायणसित सोध । अनि गोकर्णले आफ्नो तपोबलको प्रभावले सूर्यनारायणको बाटो छेकेर नम्रतापूर्वक सोधे—हे सूर्य-देव ! हजुर सबै वेद-वेदांगका ज्ञाता हुनुहुन्छ । यस संसारका साक्षीरूप हजुरलाई प्रणाम गर्दछु । भगवन् ! धुन्धुकारी प्रेतको मुक्ति हुने कुनै उपाय आज्ञा गरिबक्सियोस् । गोकर्णका प्रश्न सुनेर सूर्यनारायणले गम्भीर वाणीले

आज्ञा भयो—हे गोकर्ण ! श्रीमद्भावतको सप्ताह पारायणले त्यो अधोगतिमा पुगेको प्रेत योनि भएको धुन्धुकारीको उद्धार अवश्य हुन्छ । सूर्यनारायणको यस्तो वचन सुनेर गोकर्णले सप्ताह पारायण गर्ने अठोट गरे । श्रीमद्भागवतको कथा हुन्छ सप्ताह भन्ने सुनेर अनेक देश, ग्राम, नगरका स्त्री-पुरुष, विद्वान्; पण्डित र अन्धा, लँगड़ा, पंगु, युवा, वृद्ध आदि समस्त नर-नारी आएर एकत्र भए । गोकर्णले कथा प्रारम्भ गरेपछि धुन्धुकारी पनि आफ्नो बस्ने स्थान खोज्न लाग्यो । त्यसै वेला उसले यौटा सात गाँठा भएको बाँस देख्यो र त्यसैको सबैभन्दा तल्लो प्वालमा बसेर कथा सुन्न लाग्यो । गोकर्ण-ले प्रथम स्कन्धबाट थाले । बेलुका त्यस दिनको कथा सकिएपछि यौटा विचित्र घटना घट्यो-जुन बाँसमा प्रेत बसेको थियो त्यसको पहिलो गाँठो चर्को शब्द गरेर पड्क्यो । त्यसै क्रमले दिनहूँ कथाको विश्राम भएपछि एक-एक गाँठो फुट्दै गयो । यसै गरी धुन्धुकारी श्रीमद्भागवतको बाह्रै स्कन्ध सुनेर सातौं दिन बाँसको अन्तिम गाँठो फुटेर मुक्त भयो । अनि दिव्यरूप धारण गरेर समस्त श्रोताहरूको सम्मुख प्रकट भयो । त्यसको श्याम वर्ण, पीताम्बर धारण गरेको, दाजू गोकर्णलाई प्रणाम गरेर भन्यो—मलाई हजुरले प्रेत-योनिबाट मुक्त पारिदिनुभयो । श्रीमद्भागवतको यो पवित्र कथा धन्य हो, यो सप्ताह पारायण पनि धन्य हो जसले मलाई भगवानको वैकुण्ठ धाम प्राप्त भयो । यस कथाको श्रवणले समस्त पाप कम्पित अर्थात् डराउँछन् जस्तरी आगोले काठलाई भस्म पार्दछ, त्यसै गरी यो सप्ताह पारायण पनि समस्त पापलाई नाश पारिदिन्छ । यह कथालाई नसुन्ने व्यक्तिले संसारमा जन्म लिएको व्यर्थ छ । यो देह रक्त, मज्जा, मांस र छाला आदिले बनेको अनित्य छ अर्थात् नाशवान् छ । बूढो भएपछि यो शक्ति हीन र रोगहरूको घर बन्दछ । यो असन्तोष र कहिल्यै तृप्त नहुने इच्छा एवं कामनाले गर्दा अनेक दुःखको

कारण बन्दछ । अन्त्यमा देह ढलेपछि भस्म हुन्छ कि विष्ठा हुन्छ । यसको अन्य कुनै गति छैन । केवल सप्ताह श्रवण गरेर नै भगवान्‌लाई प्राप्त गर्न सक्तछ । यो भागवतको कथा सुनेर नै हृदयका तृष्णारूपी गाँठो फुक्दछन् । कथाले बुद्धि शुद्ध र पवित्र भएर समस्त कर्म क्षीण हुन्छन् । त्यो धुन्धुकारी सबै श्रोतालाई यसरी कथाको श्रेष्ठता बुझाउँदै थियो, त्यसै बेला स्वर्गबाट उसको निम्ति यौटा विमान आइपुग्यो र धुन्धुकारी पार्षदहरूका साथै उक्त विमानमा बस्यो । त्यो देखेर सबै श्रोता र गोकर्णले तो पार्षदपरूसित सोधे—हे पार्षद हो ! यहाँ बसेका सबै श्रोताहरूले यो कथारूपी अमृत पान गरे तर विमान यौटा मात्र किन आयो ? यी सबैको निम्ति किन आएन ?

पार्षदहरूले उत्तर दिए—हे गोकर्ण ! कथाको फलमा भेद सुन्ने व्यक्तिको भेदले हुन्छ । जसले जति श्रद्धा र भक्तिपूर्वक सुने, तिनले त्यस्तै फल प्राप्त गरे । यस प्रेतले सात दिनसम्म खान-पिन त्यागेर कथा सुन्यो । फेरि कथा सुन्ने बेलामा एकचित्त रहन्थ्यो र कथाप्रति श्रद्धा एवं भक्ति थियो । यसै कारण मुक्ति प्राप्त भयो । कथाको बखतमा कतिपय श्रोता कथा सुन्दछन् तर तिनको चित्तवृत्ति संसारी मोहमायामै डुलिरहन्छ । त्यसै कारण तिनलाई उचित फल प्राप्त हुन सक्तैन ।

सूतजीले भने—हे शौनक ! श्रावण महीनामा गोकर्णले फेरि श्रीमद्भागवतको कथा भने र समस्त श्रोताले ध्यानपूर्वक कथा सुने । त्यही कथाको मध्यमा भगवान् स्वयं आफ्ना भक्तगण सहित प्रकट हुनुभयो । अनि आफ्नो पाञ्चजन्य शङ्खध्वनि गनुभयो र दसै दिशामा जय जयको उद्घोष हुनलाग्यो भगवान्‌ले गोकर्णलाई हृदयमा टाँस्नुभयो र आफ्नो समान रूप दिनुभयो । त्यस स्थानका प्राणी चाण्डालदेखि पशु-पक्षीसम्म दिव्य-रूप धारण गरेर गोकर्णको कृपाले विमानहरूमा बसेर वैकुण्ठधाम गए । पहिलेको समयमा राम-

चन्द्रजीको कृपाले सारा अयोध्याका प्रजा वैकुण्ठधाम गए जस्तै तिनीहरू पनि गए ।

हे नारद ! गोकर्णले सुनाएको कथाको एक अक्षर पनि जसको कानमा पऱ्यो त्यसले फेरि आमाको गर्भमा आउनु पर्दैन अर्थात् जीवन-मरणरूप कष्टबाट मुक्ति पायो । अनेक वर्षसम्म जप-तप-योग-यज्ञ गरेर पनि जुन भगवान्लाई पाउन सक्तैनन् ती भगवान् केवल श्रीमद्भागवतको कथा सुन्नाले नै दर्शन दिन आइपुग्दछन् । श्राद्धमा भागवत पाठ गरे पितृ प्रसन्न हुन्छन् । नित्य पाठ गरे जीवन्मुक्त हुन सकिन्छ । यसमा कुनै शंका छैन ।

छैठौं अध्याय

हुन्छ काम सप्ताहको त्यो सब यज्ञ-विधान । विधिले गरि भन्छन् यहाँ उपजाई दृढ ज्ञान ॥

सप्ताह श्रवण विधि वर्णन—

सनकादिले भने—हे नारद ! अब तिमी सप्ताह पारायणको विधि सुन— यो विधान मनुष्यहरूको श्रद्धा र धनमा नै निर्भर गर्दछ । यस पारायणमा यौटा विवाहको समान धन चाहिन्छ । यसको निम्ति उत्तम आषाढ, श्रावण, भाद्र, आश्विन र मार्गशीर्ष महीना मानिन्छ । यी महीनाहरूमा नै सप्ताहको कथा भन्नु र सुन्नु फलदायक हुन्छ । यी महीनाहरूमा पनि भद्रा र व्यतीपात नपरोस् भन्ने विचार राख्नु पर्दछ । कथा आरम्भ हुनुभन्दा पहिल्यै इष्ट-मित्र र छिमेकी नगर; पुर ग्राममा पनि अमुक दिन सप्ताह पारायण आरम्भ हुन्छ भन्ने सूचना पठाउनु पर्दछ । सूचना पाएपछि श्रद्धा भक्ति हुने जति अवश्य उपस्थित हुन्छन् । स्त्री पुरुष, बाल-वृद्ध; संन्यासी; विरक्त; त्यागी; वैष्णवादि सबैलाई निम्ता पठाउनु पर्दछ । कसैको पनि अपमान गर्न हुँदैन । कथा भन्ने र सुन्ने ठाउँ तीर्थस्थान वा नदीतट अथवा आफ्नो घरमै निश्चय गर्नु

पर्दछ । पुराण भन्ने स्थान सबै प्रकारले सुसज्जित र सफा राख्नु पर्दछ । चारैतिर केराको थाम गाडेको अग्लो र सफा मण्डप तयार पार्नू । फल; पुष्प; पल्लव; पत्रहरूको तोरण बनाएर मण्डपको चारैतिर सजाउनू । ध्वजा चँदुवा पनि टाँगनू । कथा वाचक पण्डितलाई व्यासासन अग्लो स्थानमा बनाउनु । वक्ता उत्तरतिर फर्केर बसे श्रोता पूर्व फर्कनु । वक्ता र श्रोता दुवैको माझमा पूर्व दिशा अवश्य परोस् । वक्ता पण्डित वैष्णव; विरक्त; लोभ नभएको; वेद जान्ने; कथामा उचित उदाहरण र दृष्टान्त दिएर श्रोतालाई बुझाउन सक्ने योग्य हुनुपर्दछ । स्त्रीमा लम्पट; लोभी; नास्तिक; पाखण्डी व्यक्तिलाई कथा वाचक तुल्यायो भने कथा सुनेको फल पाउन सक्तैन ।

कथा भन्ने वक्ताको छेउमै यौटा उपवाचक पनि राख्नुपर्छ । कथा भन्ने ब्राह्मणले एक दिन अघि नै कपाल क्षौर गर्नू । श्रोता वक्ता दुवै थरिले दुइ घडी पहिले नै उठेर शौच-स्नान, पूजा-पाठ आदि नित्यकर्म संक्षेपमा गरे पनि हुन्छ । समयमा कथा भन्ने स्थानमा आइपुग्नु पर्दछ । कथा प्रारम्भ हुनुभन्दा पहिले निर्विघ्न समाप्तिका लागि श्रीगणेशजीको पूजन गर्नूपर्दछ । त्यसपछि पितृहरूलाई तर्पण दिई देह शुद्धिका लागि प्रायश्चित्त गोदान पनि गर्नूपर्दछ । त्यसपछि यौटा भिन्नै मण्डपमा श्रीकृष्ण भगवान्‌को षोडशोपचारले विधिपूर्वक पूजा गरेर अनि भागवत पुस्तकको पञ्चोपचारले पूजन गर्नू । कथा भन्ने पण्डितको पनि पूजन गरेर तिनलाई वस्त्राभूषणले सज्जित तुल्याउनू । अन्य ब्राह्मणहरूको पनि वरण गरी वस्त्राभूषण दिई द्वादशाक्षरी मन्त्र—'ॐ नमो भगवते वासुदेवाय' यस मन्त्रको जप गर्न लगाउनू । त्यसपछि प्रार्थना—हे दयासागर ! हे भगवन् ! म यो संसाररूपी माया मोहमा गाडिएको दुःखीलाई उद्धार गरिबक्सयोस भन्नू—

वढोस् शक्ती भक्ती तन-मन सदा उज्ज्वल हओस् ।
चढोस् प्रीती रीती दिन-दिन सुधाको रस बगोस् ॥
अढोस् पाऊमा ती नयन भ्रमरा झैं घुमिरहोस् ।
गढोस् माया मेरो प्रबल पदमा कत्ति नडगोस् ॥

विद्वान् ब्राह्मणले सूर्योदयदेखि साढे तीन प्रहरसम्म मीठो स्वरले बुझाएर स्पष्टसित कथा सुनाउनु । मध्याह्नमा दुइ घडी जति विश्राम राख्नु । कथाको अन्त्यमा वैष्णवगणले कीर्तन गरुन् । मल-मूत्रको वेग शान्त गर्न थोरै र एक छाक हविष्य भोजन गर्नू । यदि सकिन्छ भने दूध र फल मात्र खाएर बसे उत्तम हो ।

सूतजी भन्दछन्—हे नारद ! विष्णु-मन्त्रको दीक्षा र गुरुबाट गायत्री मन्त्र नसुनेको नास्तिक व्यक्ति कथा सुन्नको अधिकारी हुन सक्तैन । श्रोताहरूले ब्रह्मचर्य पालन गरी भूमिमा शयन गर्नू र पातमा खानु । मह, तेल, दाल र गरिष्ट गर्ने वस्तु, बासी अन्न त्यागी काम; क्रोध; मद; लोभ; मोह; मान र दम्भ आदि त्यागी दिनू । दरिद्र, रोगी, पापी, सन्तान हीन र संन्यासीले यो कथा अवश्य श्रवण गरुन् । वन्ध्याबीले सुने पुत्र प्राप्त गर्दछे । यसै क्रमले कथा समाप्त भएपछि उद्यापन गर्नु तर भगवद्भक्तलाई उद्यापनको आवश्यकता छैन ! किनकि त्यस्ता व्यक्ति त केवल कथा श्रवण गरेर नै पवित्र हुन्छन् । फलको आशा गर्ने व्यक्तिले जन्माष्टमीको व्रत झैं उद्यापन गर्नै पर्दछ ! कथा सकिएपछि श्रोता जति सबैले यथाशक्ति वक्ता पण्डितको पूजन गर्नु पर्दछ । झाँझ, मृदंग, ढोल, नगरा आदि बाजा बजाएर हरि-कीर्तन गर्नु । दरिद्र, दीन-हीन-मागेलाई अन्त-वस्त्र दिएर सन्तुष्ट पार्नु । भोलिपल्ट वैष्णव, विरक्त श्रोताहरूले गीता र विष्णु सहस्रनाम पाठ गर्नु र गृहस्थ श्रोताहरूले दशमस्कन्धका श्लोकहरूले घिउ, मह, पायस जौ-तिल-चामलको हवन गर्नु पर्दछ । यो सबै काम सकिएपछि ब्राह्मण-

लाई अनेक थरिका उत्तम पदार्थ तयार पारी भोजन गराउनु । तिनलाई शृङ्गार गरिएकी उत्तम गाई दान गरेर दिनु । यदि शक्ति छ भने सुनको सिंहासन बनाएर त्यसमा श्रीमद्भागवतको पुस्तक राखी कथा भन्ने पण्डितलाई दान दिनु । यसरी पारायण कथा सुन्ने श्रोताको इच्छा अवश्य पूर्ण हुन्छ र त्यसले धर्म, अर्थ, काम र मोक्ष चारै पदार्थ प्राप्त गर्दछ । यसमा संशय छैन ।

सूतजीले भन्ने—हे शौनक ! यसै क्रमले सप्ताह पारायण चलिरहेकै वेला संयोगले योगेश्वर शुकदेव आइपुगे । उनको आयुको सीमा छैन र उनी सदैव सोह्र वर्षका जस्ते देखिन्छन् । उनी कथा समाप्त हुने दिन नै आइपुगे त्यस वेला पनि ती मनमनै श्रीमद्भागवतको पाठ गरिरहेका थिए । शुकदेवजी लाई देख्नासाथ सबै जना उठेर आदर सत्कार गर्दै यौटा अग्लो आसनमा बसाले । नारदजीले तिनको विधिपूर्वक पूजा गरे । शुकदेवजी राम्ररी बसिसकेपछि उनले भने—हे श्रोतागण हो ! यो श्रीमद्भागवत वेद-वेदान्त र समस्त पुराणहरूको साररूप कल्पवृक्षको उत्तम फल हो । शुकदेवरूपी सुगाको मुखारविन्दबाट निस्केको यो अत्यन्त आनन्द दिने अमृतले सेचन गरिएको छ । यस फलमा बोक्रा र कोया छैन, केवल मीठो रस मात्र छ । समस्त प्राणीले यस दिव्य रसको पान गरिरहनु योग्य छ । यसद्वारा परब्रह्म परमात्मा श्रीकृष्णको शीघ्र प्राप्ति हुन्छ । सूतजी भन्दछन्—हे शौनक ! शुकदेवजी यसरी आफ्नो प्रवचन गर्दै थिए ठीक उसै वखत त्यस सभाको माझमा आफ्ना पार्षद वली, उद्धव, प्रह्लाद, अर्जुन सहित भगवान श्रीकृष्णचन्द्र स्वयं प्रकट हुनुभयो । नारदजीले तत्काल उठेर यथा योग्य पूजा गरेर उच्च आसनमा बसाले र उनको सम्मुख सबै श्रोताहरू सहित हरि-कीर्तन गर्नलागे । त्यस कीर्तनको आनन्दले विभोर भएर शिव-पार्वती र ब्रह्माजी

पनि त्यहीं पाल्नु भयो । त्यसपछि कीर्तनको ध्वनि र आनन्द झन बढ्दैगयो । नारदजीले वीणा बजाए, उद्धवले मजीरा र प्रह्लादले करताल बजाए, अर्जुन ले राग आलाप गर्न थाले, इन्द्रले जयघोष गरे, शुकदेवले सबैलाई कीर्तनको भाव र अर्थ बताए । ती सबैको माझमा शक्ति, ज्ञान र वैराग्य परम तेजस्वी भएर नाच्न लागे । त्यस्तो कथा र कीर्तनले प्रसन्न भएका भगवान्ले आपना भक्तजनहरूलाई आज्ञा भयो—तिमीहरू इच्छा लागेको वर माग । अनि सबै भक्तहरूले एक स्वरसित बिन्ती गरे—हे भगवन् ! हाम्रो इच्छा केवल यही छकि जहाँ यो सप्ताह पारायण हुन्छ त्यहाँ हजुर अवश्य सवारी हवस् । भगवान् श्रीकृष्णले 'तथास्तु' भनी आपना पार्षद सहित त्यहाँबाट अन्तर्धान हुनु भयो । त्यसपछि सबै ऋषि-मुनि र श्रोताहरू पनि आफ्नो निवास स्थानमा गए ।

सूतजीले भने—हे शौनक ! भगवान् श्रीकृष्ण त्यहाँबाट सवारी भएपछि कलियुगको तीस वर्ष बितेपछि भाद्रशुक्ल नवमीको दिन श्रीशुकदेवले राजा परीक्षितलाई यही कथा सुनाए । त्यसपछि कलियुगको सय वर्ष व्यतीत भएपछि आषाढ शुक्ल नवमीको दिन गोकर्णले धुन्धुकारी प्रेतलाई यो श्रीमद्भागवतको कथा सुनाए । त्यसपछि कलियुगको तीस वर्ष अरू बितेपछि कार्तिक शुक्ल नवमीको दिन सनकादि मुनिले यही कथा नारदजीसित भनेका थिए । कलियुगमा यस कथाको माहात्म्य अत्यन्त ठूलो छ ।

माहात्म्यको छैठौं अध्याय समियो ।

श्री इष्टदेवता चरणकमलेभ्यो नमः

श्रीमद्भागवत महापुराण

अर्थात

शुक-सागर

प्रथम स्कन्धः

अध्याय १

मंगलाचरण

जन्माद्यस्य यतोऽन्वयादितरत श्चार्थेष्वभिज्ञः स्वराट् ।
तेने ब्रह्म हृदाय आदिकवये मुह्यन्ति यत् सूरयः ॥
तेजो वारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोऽमृषा ।
धाम्ना स्वेन सदा निरस्त कुहकं सत्यं परं धीमहि ॥

अर्थ—जुन ईश्वर सृष्टि स्थिति, संहार गर्दछन्, जसको सत्ताले नै यस संसारको सत्ता छ र यस संसारको नाश हुँदा पनि जसको सत्ता बनि-



रहन्छ, नाश हुँदैन, जसको अस्तित्व सदैव रहिरहन्छ, जो सर्वत्र छन्, जो अत्यन्त ज्ञानवान् र प्रकृति भन्दा भिन्न छन्, जो स्वयं प्रकाशमान छन्, जो यस सृष्टिको आरम्भमा आफ्नो संकल्प मात्रले ब्रह्माको उत्पत्ति गरेर वेदको

ज्ञानको प्रचार-प्रसार गर्दछन्, जसको विषयमा ठूला-ठूला ऋषि-मुनि पनि राम्ररी जान्न सक्तैनन्, जसको सत्यरूपमा यो सत्व, रज, तम तीनै थरि सत्ता रूपमा त सत्य नै बुझिन्छन्, तर भिन्न-भिन्न नामहरूले असत्य जस्तै प्रतीत हुन्छन्। जसरी महान् सूर्यनारायणको किरणले मृग-तृष्णा र षट् विकारहरूले जलमा स्थल र स्थलमा जलको भ्रान्ति छुन्छ, जुन भगवान् आफ्नो अप्रमेय ज्ञान नसकिने ज्ञानले माया, कपट, छलदेखि पर रहन्छन्-ती सच्चिदानन्दघन परब्रह्म परमात्मालाई बारम्बार नमस्कार जरेर उनको ध्यान गर्दछु।

ग्रन्थको महिमा—यो शुकसागर जुन सुखको समुद्र हो त्यो महामुनि श्रीकृष्ण द्वैपायन व्यासले आफ्नू अलौकिक ज्ञानद्वारा रचना गरेका हुन्। यस महान् ग्रन्थमा उत्तम प्रेम र अनन्य एवं विशुद्ध भगवत्-प्रेमको विशेष निरूपण गरिएको छ। यो प्रेम प्राप्त भएपछि सहजै उत्तम गति अर्थात् मोक्ष मिल्दछ। यो उत्तम महापुराण आध्यात्मिक, आधिदैविक, आधिभौतिक तीनै थरिका तापलाई समूल (जरासमेत) नाश पारेर परब्रह्म-परमात्मा श्रीकृष्णको सान्निध्य प्राप्त गराउन समर्थ छ। यस ग्रन्थको अध्ययन, मनन र आश्रय लिएपछि अरु कुनै पनि शास्त्रको अध्ययन, मनन गर्न आवश्यकता पर्दैन। यो सर्वोत्तम ग्रन्थको पाठ सुनने वा स्वयं गर्नाले श्रीकृष्ण भगवान् स्वयं त्यसका हृदयमा निवास गर्नु हुन्छ। यो शुक-सागर अर्थात् श्रीमद्भागवत वेदहरूको पाकिसकेको फल हो। यसलाई शुकदेवरूपी सुगाले चुच्चो गाडेर चाखेको हुनाले अत्यन्त आनन्द प्रदान गर्न अमृत जस्तै भयो। यो भागवत-रूपी यस्तो फल छ, जसमा बोक्रा, कोया, सारहीन केही पनि छैन। सबै अमृत जस्तो मीठो गुदी मात्र छ। जसरी सुगाले जुठ्याएको फल अत्यन्त मीठो र सरस हुन्छ, त्यस्तै शुकदेवरूप सुगाको मुखबाट निस्केको हुनाले मीठो र सरस छ।

नैमिषमा शौनकहरू धर्छन् हरिपद-ध्यान। प्रश्न सुनीकन सूतले सोध्छन् गर्न बयान॥

कुनै समयमा नैमिषारण्य नामको पुण्य-क्षेत्रमा शौनक आदि अठासी

हजार ऋषिहरूले भगवान् प्राप्तिको निम्ति हजार वर्षमा पूरा हुने यौटा ठूलो यज्ञको दीक्षा ग्रहण गरेका थिए। त्यही मौकामा त्यहाँ सूत पौराणिक आइपुगे। तब सबै ऋषिहरूले स्वागत-सत्कार गरेर व्यासासनमा। बसाले अनि शौनकले अंजली जोरेर भने—हे सूतजी! हजुर इतिहास, पुराण र समस्त धर्मशास्त्रका ज्ञाता हुनुहुन्छ। फेरि श्रीकृष्ण द्वैपायन व्यासका मनपरेका चेला पनि हजुरनै हुनुहुन्छ। अतः हजुर आफ्ना गुरुबाट प्राप्त भएको कुनै उत्तम उपदेश हामीलाई सुनाउनु हवस्। यस कलिका जीवहरूको कल्याणहोस् मन्दबुद्धि एवं अल्पायु प्राणीको उद्धार पनि हुनसकोस्। फेरि मनपरेका शिष्य हुनाले हजुरलाई अनेक इतिहास, पुराण, धर्मशास्त्र आदिको गूढ रहस्य पनि बताउनु भएको होला। हुन त अनेक शास्त्र, पुराणहरू छन् तर आयुष्य र समय थोरै हुनाले ती सबैको अध्ययन गरेर साध्य छैन। अतः हजुर परोपकारको लागि आफ्नू बुद्धि विवेकले ती सबै शास्त्रादिमा अथवा तिनको सार अंश झिकेर संक्षेपमा हामीहरूलाई सुनाउने कृपा गर्नु हवस्। हामीलाई यस्तो सुन्ने लालसा छ—जसमा वसुदेवका पुत्र भएर अवतार लिने श्रीकृष्ण भगवान्को कथामृत होस्। जसको पान गरेर संसारका सबै प्राणीहरूको सधैं र सबै प्रकारले कल्याण होस्।

शौनकादिको त्यस्तो प्रश्न सुनेर सूतजीले भन्नुभयो—हे शौनक! तपाईंले अत्यन्त मंगलमय कुरा भन्नुभयो। म तपाईंहरूले सोधे जस्तै राम्रो कथा सुनाउँछु, जसमा भगवान् श्रीकृष्णको अनेक मङ्गलमय लीलाहरूको वर्णन गरिएको छ। भगवान् श्रीकृष्णले योगमाया द्वारा अवतार धारण गरेर दाजू बलरामका साथ अनेक लीलाहरू गर्नु भएको छ। भगवान् श्रीकृष्ण सदैव आफूलाई गुप्त राख्नु हुन्थ्यो, तर भक्तको सम्मुख आफ्नो लीला प्रकट गर्न पनि ढिलो गर्नु हुँदैनथ्यो। अब घोर कलियुग आइसकेको छ। यस समयमा केवल उहाँका लीलाहरूको कीर्तन नै भगवत् प्राप्तिको मुख्य साधन छ। यत्तिन सुनेपछि शौनकले भने—हे सूतजी! देवकी-नन्दन, योगेश्वर भगवान् श्रीकृष्ण भूमण्डलको लीलाहरू सकेर आफ्नो धाम गोलोकमा पाल्नुभयो।

त्यसपछि यस कलियुगले उनका भक्तहरूलाई अनेक थरिका कष्ट दिन थाल्यो । यसै कारण हजुर हामीलाई त्यही कथा सुनाउनोस्—जुन सुन्नाले मात्र पनि यो कलिले वैष्णव भक्तहरूलाई कष्ट दिन नसकोस् ।

अध्याय-२

भक्ति धरी भगवानको शंका गरि सब साफ । शौनक मुनिका प्रश्नको दिन्छन् खत जवाफ ॥

श्रीवेदव्यासले भन्नुभयो—शौनकादि मुनिहरूको त्यस्तो प्रश्न सुनेर मेरा मनपरेका शिष्य रोमहर्षणका छोरा उग्राश्रवाजी अत्यन्त प्रसन्न भए र भगवान्‌को प्रेममा निमग्न भएर कथा आरम्भ गरे । सूतजी भन्दछन्–हे शौनक ! आफ्नो व्रतबन्ध संस्कार र वैदिक एवं लौकिक संस्कार नगरीकन नै संन्यास ग्रहण गर्नका लागि शुकदेवजी आश्रमबाट हिडे ! आफ्नो पुत्रको त्यस्तो चाला देखेर उनका पिता व्यासजीलाई तिकै दुःख लाग्यो र पुत्र शोकले व्याकुल भई कराएर डाक्नलागे—हे बाबू ! हे सुन ! पुत्र ! मलाई एक्लै छाडेर तिमी कहाँ गइरहेका छौ ? पिताको त्यस्तो करुण पुकार सुनेर पनि शुकदेवले कुनै उत्तर दिएनन् । बरू वृक्षहरूले उत्तर दिए । जुन शुकदेवले आफूलाई सम्पूर्ण जड़ र चेतन प्राणीहरूमा लीन पारिसकेका थिए, त्यस्ता सर्वात्मा व्यास-पुत्र शुकदेवलाई म प्रणाम गर्दछु । यो श्रीमद्भागवतको कथा जो यहाँ सुनाउन आँटेको छु, यो अत्यन्त गुह्यमा पनि गुह्यतम छ, यो समस्त वेद-वेदाङ्गको सार हो र भगवानलाई प्राप्त गर्ने सबैभन्दा सजिलो बाटो हो । यो अज्ञानरूप अन्धकारलाई नाश गरेर ज्ञानको ज्योति दिने बत्ती हो । श्रीशुकदेव सबै ऋषि-मुनिका गुरु हुन्, म उनलाई प्रणाम गर्दछु र यस कथाका रचयिता द्वैपायन व्यासलाई दण्डवत् प्रणाम गरेर श्रीमद्भागवतको कथा प्रारम्भ गर्दछु ।

हे शौनक ! यो कथा विश्वको कल्याण गर्नका लागि अति सजिलो बाटो छ । यसमा श्रीकृष्ण भगवान्‌को भक्तिरूपी रस धारा प्रवाह बगेको छ । श्रीकृष्णको विमल भक्ति प्राप्त भएपछि ज्ञान र वैराग्य आफैं आउँछन्

पर्दैन ! प्रत्येक प्राणी संसारको मायारूपी जालबाट मुक्त भएर कैवल्य मोक्ष प्राप्त गर्दछ । मनुष्य जन्मको अर्थ यो होइन कि केवल दिन-रात परिश्रम गरेर धन कमाउनु र खानु अनि सुत्नु र अनित्य विषयमा सुख मानेर त्यसैमा गाडिई अन्त्यमा यस संसारबाट बिदा हुनु । बाँचिरहनुको तात्पर्य वा अर्थ यो हो कि भगवान्को भक्ति तत्त्व जान्न जिज्ञासु रहेर त्यसैको खोजीमा गाडि-इरहनू र भगवान्को भजन-कीर्तन गर्दै कुनै पनि जीवलाई दुःख नदिई सकेसम्म परोपकार गरेर जीवन व्यतीत गरोस् । अब भगवत्तत्वको विषयमा सुन्नुहवस्—ज्ञाता र ज्ञेयको भेदले युक्त अखण्ड सच्चिदानन्द स्वरूपको ज्ञानलाई नै तत्त्व जान्नेहरू भनवत् तत्त्व मान्दछन् । उसैलाई ज्ञानीहरू ब्रह्म' भनेर चिन्दछन् । उसैलाई योगीजन परमात्मा भनेर मान्दछन् । फेरि भक्तहरू त्यही तत्त्वलाई भगवान्, ईश्वर भन्दछन् । कथा भन्नाले र सुन्नाले ज्ञान, वैराग्य सहित चित्तमा भक्ति उत्पन्न हुन्छ र त्यही भक्तिद्वारा सद्भक्तहरू भगवान्लाई आफ्नो हृदयमै देख्न थाल्छन् । हे शौनकादि मुनि हो ! मनुष्यले आफ्नो वर्णधर्म र आश्रम अनुसार व्यवहारमा चलेर धन कमा-उनु पर्दछ । भगवान् प्रसन्न हुने बाटो पनि यही हो । मनुष्य सन्त, महात्मा र सज्जनको संगत गरुन् र भगवान्को कथा सुनी कीर्तन गरुन् अनि तिनका अनेक जन्मका पाप स्वतः नष्ट भएर जान्छन् फेरि पाप कर्ममा लगाउने इच्छा पनि स्वयं नै मरेर जान्छन् । रजोगुण द्वारा उत्पन्न काम, क्रोध, लोभ, मोह, नष्ट भएर सत्वगुणको उज्यालो प्रत्यक्ष देखापर्छ, अनि सत्वगुण आउनासाथ यौटा विचित्र आनन्दको अनुभव हुन्छ, ठीक त्यही स्थितिलाई भगवत् प्राप्तिको स्थिति भन्दछन् ।

प्रकृतिका तीन गुण छन्—सत्व, रज र तम । यिनै द्वारा संसारको सृष्टि, स्थिति र प्रलयको निम्ति ब्रह्मा, विष्णु, रुद्र यी तीन शक्तिहरू उत्पन्न हुन्छन् । मनुष्यमात्रको कल्याण सत्वगुण हुने विष्णु भगवानद्वारा नै हुन्छ । दाउरा भन्दा धूवाँ र धूवाँभन्दा आगो उत्तम भए झैं तमोगुणभन्दा श्रेष्ठ सत्वगुण र रजोगुणभन्दा श्रेष्ठ सत्वगुण हुन्छ । चितेका युग युगान्तरदेखि महात्माहरू

विष्णु भगवान्‌के आराधना गर्दछन् । महात्माहरू कसैको निन्दा-स्तुतिमा लाग्दैनन् ! कसैको गुण-दोषतिर नहेरेर भूत-प्रेतादिको उपासना वा साधनामा पनि लाग्दैनन् । यी सबै कार्य भन्दा परे बसेर केवल विष्णु भगवान्‌को र उनका अंशावतारहरूको पूजा ध्यान गर्दछन् । धन, सम्पति र सन्तानको इच्छा हुने रजोगुणी र तमोगुणी पुरुष आफ्नो कामना (इच्छा) पूर्ण गर्न भूत-प्रेत आदिको पूजा पनि सहर्ष गर्दछन् । भगवान् कृष्णले गीतामा जुन बाटोलाई उत्तम भनेर तोक्नुभएको छ, त्यही नै मुक्तिको स्वच्छ र शुद्ध बाटो हो । समस्त धर्म-कर्म, तप, ज्ञान आदि साधनभन्दा श्रीकृष्ण भगवान्‌को प्राप्ति नै उत्तम हो । उनैले स्वर्गको प्रारम्भमा यो संसारको रचना गरे र त्यसैमा क्रीडा गर्दछन् । ती समस्त प्राणीलाई आफ्नो मायामा डुबाइ-राख्छन्, तापनि आफू सच्चिदानन्दघन, अगोचर, अव्यक्त हुनाले कमलको पातमा पानीझैं निर्लिप्त रहन्छन् । ती ईश्वर नै पंचमहाभूत, तन्मात्रा र इन्द्रियहरूले अनेक प्रकारका योनि (जन्म) को रचना गर्दछन् र आफू नै भिन्न-भिन्न जीवनमा प्रवेश गरेर ती प्राणीहरूको भरण-पोषण गर्दछन् ।

अध्याय ३

परब्रह्म भगवानले धरे रूप चौबीस । सुन्छन् अतिशय ध्यानले वर्णन नित्य मुनीश ॥

सूतजी भन्नुहुन्छ—सृष्टिको प्रारम्भमा ईश्वरले जब संसार रचना गने इच्छा गरे तब महत्तत्त्व, अहङ्कार र पञ्चतन्मात्रा आदि सोह्र कलाले युक्त पुरुषरूप धारण गरे । जब ती योगनिद्राबाट जागा हुन्छन् तब तिनका नाभि-बाट यौटा सहस्रदल कमल उत्पन्न भएर सागरका जलको माझितर आउँछ । अनि त्यही कमलबाट ब्रह्माको उत्पत्ति हुन्छ । ती क्षीरशायी नारायण भगवान्‌को विराट् रूपमा समस्त ब्रह्माण्ड व्याप्त रहन्छ । योगी; ज्ञानी त्यही विराट् रूपलाई आफ्नो दिव्यदृष्टिले देख्दछन् । त्यही विराट् रूपमा हजारौं हात-पाऊ मुख, शिर, नाक, आँखा, उदर आदि विद्यमान रहन्छन् । ती सहस्र शिरमा मुकुट, वस्त्र, कानमा कुण्डल, हजारां नेत्र, र समस्त आयुधले युक्त हुन्छन् ।

प्रभुको त्यही नारायण स्वरूप भक्तजनको रक्षा र पापिष्टहरूको संहार गर्नको निम्ति अवतार धारण गर्दछन् । तिनैको अंशले सम्पूर्ण प्राणिहरूको सृष्टि हुन्छ ।

इनै नारायण भगवानले कौमारसर्गमा सनक, सनन्दन, सनातन र सनत्कुमारको अवतार धारण गरे । दोस्रो अवतारमा वराह रूप धारण गरेर पृथ्वीलाई रसातलबाट ल्याउनु भयो । तेस्रो अवतारमा नारदको रूप धारण गरी सात्वत तन्त्र, यसैलाई 'नारद पंचरात्र' पनि भन्दछन्—त्यसको ऋषिहरूलाई उपदेश गरे । यसैमा कर्म-बन्धनबाट मुक्त हुने विषय निरूपण गरिएको छ । चौथो अवतार—धर्मकी पत्नी मूर्तिदेवीको गर्भबाट नारायण अवतार भयो । इनैले बदरी वनमा गएर घोर तपस्या गरे । पाँचौं अवतार माता देवहूतीको गर्भबाट कपिल मुनिको भयो । इनैले आफनी आमालाई सांख्य-शास्त्रको उपदेश दिए । छैठौं अवतार—यसमा अनसूयाको गर्भबाट दत्तात्रय रूपमा प्रकट भएर अलर्क र प्रह्लाद आदिलाई ब्रह्मज्ञानको उपदेश दिए । सातौं अवतार—आकूतिको गर्भबाट यज्ञ भगवानको भयो । आठौं अवतार—नाभि राजाकी रानी मेरुदेवीका गर्भबाट ऋषभदेव नामले भयो । उनले परमहंसको उत्तम बाटो देखाए । नवौं अवतार—राजा पृथुको रूपमा भयो । यिनले गोरूपी पृथ्वीको दोहन गरेर अनेक औषधी, रत्न र अन्नहरूको सृजना गरे । दसौं अवतार—मत्स्यरूपमा धारण गरे । चाक्षुप मन्वन्तरमा पृथ्वी जलामय भएको बेलामा इनै पृथ्वीलाई डुङ्गा बनाई वैवश्वत मनुको रक्षा गरेका थिए । एघारौं अवतारमा कच्छप (कछुआ) भएर समुद्र मन्थनमा देवताको मदत एवं सुरक्षा गरेका थिए । बाह्रौं धन्वन्तरीको अवतार हो । यिनैले सिन्धुबाट प्रकट भएर अमृतको घड़ा देवताहरूलाई दिएका थिए । तेह्रौं मोहिनी अवतार धारण गरेर देवताहरूलाई अमृत खान दिएका थिए । चौधौं नृसिंहावतार धारण गरेर दानवराज हिरण्यकशिपुलाई मारेर भक्त प्रह्लादको रक्षा गरेका थिए । पन्ध्रौं अवतारमा वामन रूप धारण गरी दानी बलिलाई पाताल धपाएर इन्द्रलाई स्वर्गको राज्य दिएका थिए । सोह्रौं

अवतारमा परशुराम रूप धारण गरी अहंकारी राजाहरू र अनेक क्षत्रियको एक्काइस पटक संहार गरेका थिए । सत्र अवतारमा पराशरद्वारा सत्यवती को गर्भबाट द्वैपायन व्यासको रूपमा प्रकट भएर वेदको विभाजन गरी अनेक ग्रन्थको रचना गरेका थिए । अठारौं अवतारमा रामरूप धारण गरी रावण को संहार गरेर पृथ्वीमा धर्मको स्थापना गरेका थिए । उन्नाइसौं अवतारमा श्रीकृष्ण सोह्र कलाले पूर्ण रूप धारण गरी कंस आदि दानवको संहार गरेका थिए । त्यसपछि बुद्धदेवको अवतार धारण गरेर अनेक देशमा बुद्धधर्मको प्रचार गराएका थिए । यस कलियुगको अन्त्यमा विष्णुयश नामका ब्राह्मण को घरमा कल्कि भगवान्को अवतार हुनेछ । अनि अधर्मको नाश र धर्म को स्थापना गर्नेछन् ।

हे शौनक ! पृथ्वीमा जति-जति पापीहरूको कुकृत्यले भार बढ्नेछ र धर्मको हानि हुनेछ, तब भगवान् आफ्नो अंशले अवतार धारण गरी पापीहरूको संहार गरेर भक्तजनको रक्षा गर्दछन् । यो प्रभुको साकार अर्थात् प्रत्यक्ष देख्न पाइने रूप हो । फेरि भगवान्को अर्को निराकार रूप पनि छ, यसैलाई अव्यक्त, सूक्ष्म पनि भन्दछन् । यस रूपले न कुनै गुण ग्रहण गर्दछ, न देखिन्छ, नसुनिन्छ । आत्माको आरोप हुनाले यो जीवात्मा कहिन्छ । यही जीवात्मा बारम्बार जन्मने र मर्ने लीला गर्दछ । यो जीवात्मा अत्यन्त सूक्ष्म भएर पनि अज्ञानले गर्दा स्थूल देह धारण गर्दछ । यस जीवलाई ज्ञान उत्पन्न हुनासाथ स्थूल शरीरको आरोप त्यागेर मुक्त हुन्छ । जब उसले आफ्नो सच्चिदानन्द रूप चिन्दछ, तब उही परमात्मामा लीन हुन्छ ।

ईश्वर आफ्नो लीला मात्रले सृष्टि-स्थिति-संहार गर्दछन् तर त्यसमा मोहित हुँदैनन् अर्थात् गाडिन्नन् । ती समस्त प्राणीमा गुप्त रूपले निवास गरेर तिनले गरेका सम्पूर्ण (जाती नजाती) कार्य हेरिरहन्छन् । कर्म गरे पनि त्यसमा आसक्त हुँदैनन् । नटुवाले अनेक खेल दर्शकहरूलाई देखाउँछ र पछि सबै बटुली लिन्छ । त्यस्तै ईश्वर यो संसारमा अनेक लीला गर्दछन् र पछि सबै लीन गराउँछन् । धेरै अज्ञानी व्यक्तिहरू नटुवाको त्यो चातुर्य

वा कौशल बुझ्न सक्तैनन् । ठीक त्यसै गरी बुद्धिहीन व्यक्ति पनि प्रभुको त्यो विचित्र लीला जान्न-बुझ्न सक्तैनन् । केवल योगी, ज्ञानीहरू मात्र योग-बलले तत्त्वद्वारा जान्दछन् । ती निरन्तर उनैको मनन-चिन्तन गरेर अन्त्यमा यो मिथ्या सांसारिक बन्धन छिनालेर परमपदमा पुग्दछन् ।

हे शौनकजी ! यस शुकसारमा भगवान्का समस्त अवतारको वर्णन शुकदेवले गरेका छन् तापनि श्रीकृष्ण अवतारको विस्तृत वर्णन गरिएको छ । व्यासजीले शुकदेवलाई यो अनुपमेय ग्रन्थको अध्ययन राम्रो प्रकारले गराएका छन् । जुन बेला राजा परीक्षित गङ्गा तटमा आमरण व्रत लिएर ठूला-ठूला ऋषि-मुनिहरूका साथ बसेका थिए, त्यसै बेला शुकदेवले त्यहाँ पुगेर यो शुकसागर ग्रन्थ विस्तारले सुनाएका थिए । हे शौनक ! जुन बेला शुकदेव यो कथा सुनाइरहेका थिए, त्यस बेला म पनि त्यहीं उपस्थित थिएँ । त्यहीं भेले यो मुक्तिदाता ग्रन्थको अध्ययन गर्न पाएँ । अब म आफ्नू बुद्धि अनुसार समस्त ऋषि-मुनिहरूको समक्ष वर्णन गर्दछु ।

अध्याय ४

भाग लगाए वेदको रचे पुराण अनेक । त्यसले तृप्ती हुन नसकी माने बहुत उदेक ॥

व्यासजीले भने—त्यो नैमिषारण्य क्षेत्रमा शौनकादि मुनिहरूले यौटा दीर्घकालीन महायज्ञको अनुष्ठान गरेका थिए । ती ऋषिहरूमा सबैभन्दा वृद्ध, विद्वान् र ऋग्वेदका ज्ञाता शौनकजी थिए । तीनै सबैका अग्रगण्य थिए । सूतजीको भगवद्भक्ति सम्बन्धी वार्ता सुनेर उनको प्रशंसा गर्दै भने—हे सूतजी ! हजुर ठूलो भाग्यशाली र अनेक इतिहास, पुराण आदिका ज्ञाता एवं वक्ताहरूमा श्रेष्ठ पनि हुनुहुन्छ । अब हामी सबैमाथि कृपा गरेर शुकदेवजीले परीक्षितलाई सुनाएको कथा कुन युगमा, कुन स्थानमा र कस्तो कारण परेर सुनाएका थिए सोही कथा सुन्न पाऊँ । श्री. द्वैपायन व्यासले कसको बिन्ती सुनेर परमहंस संहिताको रचना गरेका थिए,

त्यो पनि सुन्ने इच्छा छ । शुकदेवजी अवधूत बौलाहा जस्ता योगी थिए र आफूलाई कहीं पनि 'म यस्तो हुँ' भनेर प्रकट गर्दैनथे । तर ती संसारको मोह मायादेखि टाढा रहन्थे । तिनको तेज, यश र योगमा निष्ठा आफ्ना पिता वेदव्यास भन्दा पनि बर्ता थियो । जब शुकदेवजी संन्यास लिन भनेर कुटीबाट निस्केपछि व्यासजी–'बाबू ! सुन, छोरा ! मतिर फर्केर हेर' भन्दै पछि-पछि दगुर्दै गए । अलि पर पोटा जलाशयमा केही स्त्रीहरू नाँगै स्नान गरिरहेका थिए । नाङ्गा शुकदेवलाई देखेर पनि तिनीहरूले लुगा लगाएनन् . नाङ्गै उभिई रहे । तर व्यासजीलाई देख्नासाथ तिनीहरूले तत्काल लुगा लगाए । त्यो देखेर व्यासजीले ती स्त्रीहरूसित त्यस्तो गर्नाको कारण सोधे । अनि तिनीहरूले उत्तर दिए—शुकदेवको दृष्टिमा स्त्री-पुरुषको कुनै भेद-भाव छैन, तर हजुरको दृष्टिमा अझ पनि त्यो भेद-भाव छँदैछ ।

हे सूतजी ! त्यस्ता परम ज्ञानी शुकदेव, जो वैही, लाटो र बौलाहा एवं मूर्ख जस्तै नगर, ग्राम, वनमा डुलिरहनेलाई हस्तिनापुर का राजा परीक्षितले कसरी चिने र तिको परस्पर के कस्तो कुरा-कानी भयो ? फेरि ती शुकदेव यौटी गाई दुहुने समय भन्दा बर्ता कुनै पनि गृहस्थको द्वारमा उभिँदैनथे र त्यस गृहलाई तीर्थरूप तुल्याइदिन्थे । ती राजा परीक्षित कहाँ सात दिनसम्म कसरी बसे ? फेरि राजा परीक्षित भगवानका अनन्य भक्त थिए । अतः तिनको जन्म-कर्मको विषयमा पनि सुनाउनु हवस् । ती राजाले सानै उमेरमा कस्तो कारण परेर राज्यको सुख भोग त्यागी गंगा-तटमा मृत्युपर्यन्त अनशन व्रत लिएका थिए ?

शौनकको त्यस्तो प्रश्न सुनेर सूतजीले भने—हे शौनक ! यो द्वापर युगमा महर्षि पराशरको अमोघ वीर्यले सत्यवतीको गर्भबाट महर्षि व्यासको जन्म भयो । तिनै व्यासजी एक समय सरस्वती नदीमा स्नान ध्यान गरेर एकान्तमा बसेका थिए । ती त्रिकालज्ञ (भूत, भविष्य वर्तमान) जान्दथे, दिव्यदृष्टि थियो । उनले कलियुगमा धर्म क्षीण हुनेछ अन्याय अनाचार बढ्नेछ, समस्त भौतिक वस्तुहरू शक्तिहीन हुनेछन् । मनुष्य नास्तिक हुने

छन् , अल्पायु र कर्तव्यहीन हुनेछन् । अतः उनले यज्ञ आदिको विस्तारका लागि वेदको चार भाग गरिदिए; त्यसो भए थोरै बुद्धि भएका स्मरण-शक्ति कम भएका व्यक्तिले पनि वेदको अध्ययन गर्न सक्नेछन् ! यौटा ठूलो वेद साङ्गोपाङ्ग कण्ठस्थ राख्न अत्यन्त दुष्कर कार्य हुनेछ भनेर नै वेदको विभाजन गरेका थिए । ती वेदको नाम ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्व-वेद राखे । ऋग्वेद आफ्नू शिष्य पैल मुनिलाई पठाए । सामवेद जैमिनीलाई पढाए, यजुर्वेद वैशम्पायनलाई पढाए र अथर्ववेद सुमन्तु मुनिलाई पढाए । इतिहास र पुराण मेरो पिता रोमहर्षणलाई पढाए । व्यासजीका यी शिष्य-हरूले आफ्नो बुद्धि अनुसार यी वेदहरूका अनेक शाखा (हाँगा) बनाए । यी वेद हरू स्त्री, शूद्र र पापी मनुष्यले सुन्ने अधिकार नहुनाले व्यासजीले तिनै वेदहरूको सार अंश पाँचौं वेद महाभारत नामक इतिहासको रचना गरे । त्यस ग्रन्थलाई पढेर स्त्री-शूद्र आदिले पनि वेदोक्त आचरण गर्न सक्दछन् ।

हे शौनक ! वेदव्यासले महाभारत नामक ऐतिहासिक, अपूर्व ग्रन्थ लेखे तापनि मनमा सन्तोष भएन । अनि खिन्न भएर सरस्वती नदीको तटमा एकान्त स्थानमा बसेर मनमनै दुःखी हुनलागे । तिनको चित्तमा अनेक कल्पना आएर विचार गरे—मेरो यो खिन्नता र दुःखको कारण के हो ? गुरु जनको चाकरी पनि गरें, वेदको अर्थ पनि सजिलो बनाएँ । मैले सबै वेद पढिसकेको छु, महाभारतको रचना पनि गरिसकें, तर अब मैले गर्नें कुन काम शेष छ, त्यो बुझ्न सकिन । यसैले मेरो मन खिन्न भएको हो । व्यासजी यसरी चिन्तित र दुःखी भइरहेकै वेला अकस्मात् त्यही स्थानमा देवर्षि नारद आइपुगे, तिनलाई देखेर व्यासजीले आसन दिए र उनी बसेपछि भने—हे नारदजी ! तपाईं ब्रह्माका पुत्र र सर्वज्ञ हुनुहुन्छ । मेरो मनको खिन्नता र दुःख जान्नु हुन्छ । अतः मेरो यो कष्ट निवारण गरिदिनोस् ।

अध्याय ५

नारदले जीवन-कथा आफ्नो सकल बताइ । हरि-कीर्तन हैं क्यै अरु छैन भने समुझाइ ॥

सूतजीले भने—वेदव्यासको त्यस्तो दुःखपूर्ण कुरा सुनी नारदले मुसुक्क हाँसेर भने—हे व्यासजी ! तपाईं वेदका ज्ञाता र उत्तम जिज्ञासु हुनका साथै पाँचौं वेद महाभारतका रचनाकार पनि हुनुहुन्छ । वेदान्तका सूत्र रचेर त्यसको राम्ररी अध्ययन पनि गरिसक्नु भएको छ तापनि किन यस्तो खिन्न हुनुहुन्छ ? यसको कारण केवल यो हो—तपाईंले यी सबै उत्तम काम गरे पनि भगवानको पवित्र गुण र यशको वर्णन राम्ररी गर्नु भएन । त्यो ज्ञान जसले भगवान्‌लाई प्रसन्न पनि सक्तैन, उनको यशको र गुण वर्णन नभएको एवं भगवद्भक्तको कल्याण हुँदैन भने त्यो ज्ञान व्यर्थ हो । तपाईंले श्रीकृष्ण भगवान्‌को महिमा वर्णन राम्ररी गर्नु भएन । यस असार संसारमा त्यही वाणी सार्थक र पवित्र हो जसले गोविन्दको गुणगान गरिन्छ । सत्पुरुषको निम्ति दामोदरको कीर्तन, गायन, श्रवण समस्त पाप नष्ट पार्दछ । भगवद्भक्तिले हीन मनुष्यको जीवन यस संसारमा वृथा र भारस्वरूप छ । हे व्यासजी । तपाईं ज्ञानी, यशस्वी र अमोघ दृष्टि भएका हुनुहुन्छ । अब भविष्यमा संसारका जीवको उद्धारका लागि यौटा यस्तो ग्रन्थको रचना गर्नुहवस्, जसमा भगवान्‌का लीलाहरूको यथार्थ वर्णन होस् । संसारी मनुष्य यसै पनि वासना, मोह र विषयमा गाडिएका हुन्छन्, त्यसमाथि तपाईंले पशुहिंसा र कामनायुक्त कर्मको उनीहरूलाई उपदेश दिनुभएको छ, त्यसले गर्दा मूर्खहरू तपाईंका उपदेशलाई धर्म मानेर अनेक अधर्म कार्य गर्दैछन्, अर्कोले दिएको असल उपदेश सुन्न तयार छैनन् । अतः लोक-हितको निम्ति सर्वसाधारणको निम्ति भगवान्‌का अलौकिक लीलाहरूको वर्णन गर्नुहवस् । फेरि जो सज्जन भक्तगण भगवान्‌को भजन-कीर्तन गर्दछन् ती थोरै नै समयमा कल्याण प्राप्त गर्दछन् । सांसारिक सुख भोग त मनुष्यलाई आफ्नो कर्मानुसार मिल्दै रहन्छन्, तर भगवद्भक्ति चाहीं

जगदीशको चरणमा आफूलाई मन-वचनले समर्पण नगरिकन प्राप्त हुन सक्तैन । भगवान्को भक्ति प्राप्त भएपछि मानिस जीवन–मरणबाट मुक्त भएर यस असार संसाको निःसार विषय भोग भोग्दैन । एकपल्ट भक्तिरूपी रस चाखेपछि फेरि त्यसलाई छाड्न सक्तैन ।

हे व्यासजी ! तपाईं भगवान्के अवतार हुनुहुन्छ । तपाईंको हृदयमा समस्त वेद र ज्ञान बसिरहेको छ, तापनि म स्मरण गराइरहेको छु— मानिसको ज्ञान, वेदाध्ययन, तपस्या, स्वाध्याय, दान-धर्म र यज्ञादिको अनुष्ठानको केवल यौटै तात्पर्य हो कि भगवानका अपूर्व लीलाहरूको वर्णन र त्यसमा प्रेम–श्रद्धा–भक्ति रहोस् । उनै जगदीश्वर यस संसारको उत्पत्ति, स्थिति र लय गर्दछन् र समस्त प्राणीमा निवास गर्दछन् वा विद्यमान छन् । हे व्यासजी ! अब म तपाईंलाई आफ्नो पूर्वजन्मको वृत्तान्त भन्दछु— म पूर्वजन्ममा दासी-पुत्र थिएँ । मेरी आमाले मलाई सन्त-महात्माहरूको सेवा गर्न सुम्पिदिइन् ! एक पल्ट केही योगीहरू वर्षाऋतुको चतुर्मासा गरिरहेका थिए । म नित्य तिनीहरूको चाकरी गर्दथें । तिनीहरूको मुखारविन्दबाट निस्केको भगवान्का लीलाहरूको नित्य श्रवण गर्दथें । तिनको म हृदयले सेवा गर्दथें, कपट भाव थिएन । तिनले खाएर रहेको पुरा अन्न एक छाक मात्र खान्थें । त्यसले मेरो पूर्वजन्मको सबै पाप नाश भयो । सत्पात्रको सेवाले मेरो हृदय शुद्ध भयो, चित्तमा भगवान्को लीला विराजमान भयो । भक्तिदेवीले मेरो हृदयमा प्रकाश फैलाएर मेरो अज्ञानरूपी अन्धकार हटाइदिइन् । अनि भगवान्मा मेरो प्रीति भयो र मेरो बुद्धि पनि स्थिर भयो । यस अनित्य संसारबाट मेरो मन फर्कियो र यस संसारलाई अनित्य र कल्पित मात्र लागें । ती महात्माहरूले गरेको पूजा-पाठ र भजन-कीर्तन मध्यानपूर्वक हेर्दथें र त्यस्तै आचरण गर्दथें । त्यस क्रमले ती महात्माहरूको संगतमा मेरो दुइ ऋतु बिते । त्यति दिनमै ममा भएको रजोगुण र तमोगुण पनि नष्ट भए । शुद्ध हृदयमा भगवद्भक्तिको उदय भयो । अनि ती महात्माहरूले मलाई आफ्नो आज्ञाकारी सेवक र भगवानको भक्त जानेर

भगवद्भक्तिको गूढ एवं गुप्त रहस्यको उपदेश दिए। तिनीहरूले मलाई त्यो ज्ञान बुझाए, जसको निरूपण अर्थात् वर्णन भगवान् श्रीकृष्णले गीतामा गर्नुभएको छ त्यही उपदेश र ज्ञानले मैले श्रीकृष्णको माया र उनको स्वरूप जान्न चिह्न सक्ने भए। वास्तवमा त्यसैले कैवल्य पद प्राप्त हुन्छ।

हे व्यासजी! आफ्ना सबै शुभाशुभ कर्म भगवान्मा अर्पण गर्नाले नै दैहिक, दैविक, भौतिक तापबाट मुक्त होइन्छ। जे खानाले रोग उत्पन्न हुन्छ, त्यही वस्तुलाई यदि विधिपूर्वक सेवन गरे उत्तम स्वास्थ्य त्यसैले दिन्छ र रोग पनि निको हुन्छ। त्यस्तै मनुष्य आफ्नू कर्म त दिनहुँ गर्दछ तर त्यस कर्ममा आफ्नो अहंभाव (मैले गरेको, कर्ता म हुँ) त्यागेर सबै कर्म कृष्णार्पण गर्दै रह्यो भने कर्ता म हुँ भन्ने अहंभाव नष्ट भएर जान्छ। अनि उसले गरेका कर्मका जाति-नजाती फल त्यसलाई प्राप्त हुँदैनन्। बरु त्यसलाई उत्तम ज्ञान मिल्दछ। जो मानिस भगवान्का स्वरूपको ध्यान गर्दछन् र उनलाई दण्डवत् प्रणाम गर्दछन् तिनलाई प्रद्युम्न, संकर्षण र अनिरुद्ध सहित भगवान्का चारै रूपको दर्शन मिल्दछ र तिनै ज्ञानी भई वैवल्य मोक्षपद पाउँछन्।

हे व्यासजी! मेरो भगवद्भक्ति देखेर श्रीकृष्णले मलाई आत्मज्ञान, ऐश्वर्य र आफ्नो प्रेमरूपी भक्ति दिनुभयो। हे व्यासजी! हजुरको ज्ञान अमोघ (कहिल्यै विफल नहुने) छ हजुर पनि प्रभुको प्रेममय लीलाहरू उनको पवित्र यश गुणको वर्णन गरेर आफ्नो मनको दुःख हटाउनु होस्। भगवान्को चरित्र वर्णनले आफ्नो आफ्नो हृदयको कष्ट मात्र होइन कि समस्त संसारका प्राणीहरूको अनेक कष्ट नाश भएर तिनलाई चिर शान्ति प्राप्त हुनेछ। यही नै सजिलो उपाय वा बाटो छ।

अध्याय ६

जगतमहाँ जाँदा भए, हुनगै जसरि प्रसिद्ध । दिइ प्रतीत अति ध्यानमा बोले नारद सिद्ध ।

सूतजी भन्नुहुन्छ—हे शौनक ! नारदले आफ्नो पूर्वजन्मको कथा वेदव्यासलाई त्यसरी सुनाएपछि उनले सोधे—'हे देवर्षि ! तौ योगीहरू बाटो लागेपछि तिमीले आपनो शेष जीवन कसरी बितायौ ? तब नारदजीले भने—हे व्यासजी ! त्यस बखत म सानै थिएँ । आमाको म यौटै छोरो थिएँ तौ मलाई असाध्य माया गर्थिन् । म पनि उनैको आश्रयमा थिएँ । मेरी आमा निर्धन र पराधीन दासी थिइन् । तौ मेरो निम्ति केही पनि गर्न असमर्थ थिइन् । आमासित त्यही बस्तीमा दिन बिताउन थालें । एक दिन सर्पले टोकेर आमा मरिन् । मलाई तिनको मृत्युमा कुनै प्रकारको कष्ट अनुभव भएन । त्यसलाई प्रभुको इच्छा जानेर म मनमनै प्रसन्न भएँ र उत्तराखण्डको बाटो समाएँ । हे व्यासजी ! उत्तराखण्डतिर अनेक वन, पर्वत र थरि-थरिका पुष्प र फलले भरिएका रूखहरू देखे । ग्राम र नगरहरू पनि देखे । तर म थामिइन, बराबर अगाड़ी हिंड्दै गएँ । निकै पर पुगेपछि यौटा बाक्लो वनमा नदी देखें । त्यहाँ अनेक हिंसक वनका जन्तुहरू बस्तथे । मलाई भोक र प्यासले दुःख दिएको थियो । नदीको जल पिएर मन शान्त पारें अनि यौटा पीपलको वृक्षमनि पद्मासन बाँधेर बसी भगवान्को उही विग्रहको ध्यान गर्न लागें जुन विग्रहको वर्णन अघिका तौ महात्माहरूले गरेका थिए । मलाई प्रभुको भक्ति र प्रेम त पहिले नै अलिअलि थाहा भइसकेको थियो, उनको कृपा भयो र त्यहीं दर्शन पाएँ । म प्रसन्न भएँ र आनन्दाश्रु नेत्रबाट बग्न लाग्यो तर त्यो प्रभुको विग्रह तत्काल विलीन भयो । म आत्तिएँ र मन अतृप्त नै रह्यो । त्यसको दर्शन गर्ने इच्छा बारम्बार हुन लाग्यो । त्यही मौकामा प्रभुको मधुर वाणी सुनियो—हे भक्त ! तिमीलाई यस जन्ममा फेरि मेरो प्रत्यक्ष दर्शन मिल्न सक्तैन । एक पल्ट दर्शन पायौ, भयो । यस जन्ममा तिमी मेरो भजन-कीर्तन गरेर जीवन बिताऊ । अर्को

जन्ममा तिमीलाई मेरो परमपद प्राप्त हुनेछ र मेरो पार्षद् भएर बस्न पाउने छौ। मेरो कृपाले आफ्नो उपार्जन गरेको ज्ञान कहिल्यै विर्सने छैनौ र मेरो प्रति तिम्रो यो प्रेम पनि कहिल्यै नष्ट हुने छैन। तिमीलाई यस जन्मको सम्झना पनि रहिरहने छ। यति भनेर भगवान् अन्तर्धान हुनुभयो। म पनि काल पर्खेर जीवन काट्न लागें। अन्त्य समयमा बिजुली चम्के झैं भयो र मैले आफ्नो पंचतत्त्वको शरीर त्यागिदिएँ। अनि प्रभुको विशेष पार्षद्–पद प्राप्त गरें।

हे व्यासजी—कल्पको अन्त्यमा महाप्रलय हुन लागेपछि ब्रह्मादि सबै देवता प्रभुको अङ्गमा प्रवेश गर्नलागे, म चाहिं मुखबाट नै प्रभुको अङ्गमा पसें। एक हजार पल्ट सत्य, त्रेता, द्वापर कली चारै युग बितेपछि ब्रह्माजी जागा भए। तिनका शरीरबाट मरीचि आदि ब्रह्मर्षिहरू उत्पन्न भए, तिनैहरूका साथ म पनि उत्पन्न भएँ। त्यसै वेलादेखि उनै दयाका खानी प्रभुको कृपाले म सबै लोकमा अबाध गतिले डुल्दछु। उनै ईश्वरको भजन कीर्तन गर्दछु। यो वीणा पनि मलाई उनैले दिएको हो। अब भगवान् मैले डाक्नासाथ तुरुन्त दर्शन दिन्छन्। हे व्यासजी! भगवान्का चरित्रको गान गर्नाले र नाम कीर्तन गर्नसके यो अनित्य संसार पार तर्न अर्को डुङ्गा चाहिन्न––यो मेरो विश्वास र अनुभव सिद्ध हो। यम, नियम, संयम र जप-यज्ञ आदिले त्यस्तो शान्ति प्राप्त हुँदैन, जस्तो भगवत् कथा कीर्तनले प्राप्त हुन्छ। हजुरले मसित जति कुरा सोध्नुभयो, त्यसको मैले यर्थाथ उत्तर दिएँ। अब आज्ञा पाए म जाने थिएँ। यति भनेर देवर्षि नारद वीणा बजाउँदै लोक-भ्रमण गर्न हिंडे। अनि व्यासजीले विचार गरे देवर्षि नारद धन्य छन्। उनले लोक कल्याणको लागि आफ्नो जीवन अर्पण गरिसकेका छन्। वीणामा भगवानको नाम संकीर्तन गरेर यो त्रिविध सन्तापले तप्त जगतलाई सुख र शान्ति प्रदान गर्दछन्।

अध्याय ७

रचे भागवत व्यासले सकल गरी तम नाश दिए पढाई पुत्रमा पूर्ण भयो सब आश ॥

शौनकले सोधे—हे सूतजी ! जब नारदजी बिदा भए तब परम ज्ञानी व्यासजीले के निश्चय गरे ? त्यस्तो प्रश्न सूनी सूतजीले भने—हे शौनकजी ! व्यासजी नारदका उपदेशको भित्री अर्थ सम्झेर प्रसन्न एवं शान्त भए । व्यासजीको आश्रम सरस्वती नदीको पश्चिम तटमा शम्याप्रास भन्ने पवित्र स्थानमा छ । त्यस स्थानमा बयरका वृक्षहरूको सुरम्य वन छ । त्यहीं ऋषि-मुनिहरू निरन्तर यज्ञको अनुष्ठान गरिरहन्छन् । व्यासजी आफ्नो आश्रममा बसेर आचमन गरेर शुद्ध मनले आफ्नो योगबल द्वारा भगवान्‌को माया देखे । जसले गर्दा समस्त प्राणी गुणहरूले रहित भए पनि तीन गुणमै हुँ हुन्छन् र कर्मरूपी बन्धनमा अल्झिन्छन् । व्यासजीले आफ्नो बुद्धि बलले—भक्तियोग मात्र परम शान्तिको बाटो र साधन रहेछ भन्ने स्पष्ट बुझे । अतः जीवको मुक्तिको सजिलो बाटो भक्तिलाई नै मानी श्रीमद्भागवतको रचना गरे । यसैलाई परमहंसको संहिता (वेद) भन्दछन् । श्रीमद्भागवत सुन्नाले भगवान्‌को भक्ति प्राप्त हुन्छ । अनि प्राणी उनै भगवान्‌को मायारूपी बन्धन, शोक, मोह, अज्ञानबाट मुक्त हुन्छ । यो भागवत संहिताको रचना गरेर उनले सबै भन्दा पहिले आफ्ना पुत्र शुकदेवलाई यसको उपदेश दिए र साङ्गोपाङ्ग पढाए ।

शौकनजीले सोधे—हे सूतजी ! शुकदेव त परमज्ञानी एवं वीतराग, निवृत्ति परायण थिए भने उनलाई श्रीमद्भागवत जस्तो विशाल ग्रन्थको अध्ययन गर्ने किन आवश्यकता परेछ ? सूतजीले भने—हे शौनक ! आत्मारामित प्रेम गर्ने भक्तहरूको निम्ति प्रभुको चरित्र जति गान गर्नसक्यो उति नै वर्ता आनन्द प्रदान गर्ने अमृत रस दिन्छ । यो भागवत् कथा भक्तको चित्तलाई आफूतिर तान्दछ । भगवत् कथा उनलाई यस्तो सरस, मधुर एवं मीठो लाग्दछ कि बारम्बार सुनिरहने इच्छा गरे पनि तृप्त हुँदैनन् । यति शुकदेव त स्वयं परम ज्ञानी, भगवद्-भक्त एवं आफ्नै आत्मामा विचरण

गर्नें आत्मज्ञानी र श्रीकृष्ण द्वैपायन व्यासका छोरा हुन् । ती जस्ता भगवद् भक्तले यस्तो अमृत झैं मीठो कथाको अध्ययन किन नगरुन् । उनलाई श्रीमद्भागवत संहिताले स्वयं अध्ययन गर्न आफूतिर आकर्षित गरेको थियो । यसै निम्ति उनले भागवतको अध्ययन गरे ।

सूतजी भन्दछन्––हे शौनक ! अब परीक्षितको जन्म र मोक्ष प्राप्तिको कथा भन्दछु, ध्यानपूर्वक सुन । त्यस कथामा श्रीकृष्ण भगवान् र पाण्डव हरूको चरित्र वर्णन छ । महाभारतको युद्धमा जब भीमसेनको गदाले कौरवहरूको संहार भयो र अभिमानी दुर्योधनको तिघ्रा पनि गदा-युद्धमा भाँचिदिए तब दुर्योधनको त्यस्तो दयनीय दशा देखेर द्रोणपुत्र अश्वत्थामा लुकेर पाण्डवहरुको शिविरमा गएर त्यस घोर कालरात्रिमा पाण्डवतर्फका बाँचेका महारथीहरूको शिर कृपाचार्य र कृतवर्मा को मद्दतले काटिदिए । त्यसै वेला सुतिरहेका द्रौपदीका पाँच पुत्रलाई पनि मारे । जब द्रौपदीले आफ्ना छोराहरू मरेको सुनिन् तब रून-कराउन र विलाप गर्न लागिन् । अश्वत्थामाको यो क्रूर एवं नीच कर्मकसैलाईपनि मनपरेना स्वयं दुर्योधनलाई पनि त्यो समाचार सुनेर दुःख लाग्यो । द्रौपदीलाई अर्जुनले सान्त्वना दिए र त्यो नीच हत्याराको शिर काटेर ल्याउने प्रतिज्ञान गरे । त्यसपछि श्रीकृष्ण-लाई साथमा लिई अर्जुन अश्वत्थामालाई पक्रन हिंडे । अर्जुनलाई त्यसरी आउन लागेको देखेर अश्वत्थामा भागे । आफ्नो सुरक्षाको लागि ती जहाँ-जहाँ गए, त्यहाँ अर्जुनलाई आफ्नो पछि-पछि आउन लागेको देखे । अनि उनले अर्जुन द्वारा आफ्नू प्राण रक्षाको कुनै उपाय नदेखी ब्रह्मास्त्र प्रयोग गर्ने निश्चय गरे । ब्रह्मास्त्र प्रहार गर्न जाने पनि त्यसको मार्जन गर्ने विद्या तिनलाई थाहा थिएन । डाले तिनले ब्रह्मास्त्रको प्रयोग अर्जुनलाई ताकेर गरिदिए । अर्जुनले जब त्यो तेजोमय प्रचण्ड ब्रह्मास्त्रलाई आफूतिर आउन लागेको देखेर श्रीकृष्ण भगवान्सित प्रार्थना गर्नलागे–हे गोविन्द ! हजुरनै यो त्रिगुणमयी सृष्टिको रचना गर्ने सच्चिदानन्द घन परमेश्वर हुनुहुन्छ । यस सृष्टिको आदि र अन्त्यमा केवल हजुर नै शेष रहनु हुन्छ । हजुर नै भक्त-

हरूलाई सुरक्षा प्रदान गर्न र तिनलाई संसारको बल्दो तापबाट सुरक्षा गर्न अनेकानेक अवतार धारण गर्नुहुन्छ (हजुरनै) ब्रह्माको रूप धरेर सृष्टिको रचना र विष्णुरूपले संसारको पालन एवं रुद्ररूपले संहार गर्नुहुन्छ। हजुरको अवतार भक्तको रक्षा गर्नका निमित्त नै हुन्छ। अतः हजुर मलाई यो प्रचण्ड तेजोमय अग्नि जुन मतिर आइरहेको छः यसबाट बाँच्ने सजिलो उपाय के छ ? आज्ञा हवस।

श्रीकृष्णले आज्ञा भयो—हे सखा! तिम्रो डरले आत्तिएको अश्वत्थामाले तिमीलाई मार्न छाड़ेको ब्रह्मास्त्र हो। यस अस्त्रले तिम्रो जीवन घोर संकटमा पारिदिएको छ। त्यो अश्वत्थामा यसको प्रहार गर्ने विधि त जान्दछ, निवारण गर्न जान्दैन। यसको निवारणका लागि तिमी पनि ब्रह्मास्त्र प्रहार गर। अरु कुनै अस्त्रले पनि यसको निवारण हुन सक्तैन। भगवान् कृष्णको यस्तो वचन सुनी महारथी धनञ्जयले तत्काल आचमन गरेर ब्रह्मास्त्रको प्रहार गरे। ती दुवै ब्रह्मास्त्र परस्पर जुधे। तिनको ठक्कर लाग्नाले निस्केको प्रचण्ड अग्निले तीनै लोकका जीव भयभीत हुन लागे। अग्निको ज्वालाले सारा प्राणी दग्ध हुन लागे। त्यसरी प्रलयकारी अग्नि बढ्दै गएको देखेर धनंजयले दुवै ब्रह्मास्त्रलाई निवारण गरेर शान्त पारे अनि झम्टेर अश्वत्थामालाई पक्रेर पाता फर्काई बाँधे। अनि श्रीकृष्ण भगवान्ले रिसाई आज्ञा भयो—हे विजय! यस पापीलाई तुरुन्त मारिहाल। यसले निर्दोष बालक र निरपराध व्यक्तिहरूको नृसंश हत्या गरेको छ। यसले धर्मको विपरीत आचरण गरेको छ। कुनै पनि धर्मात्मा व्यक्ति—सुतेका, असावधान; मतवाला; बौलाह, बालक; नारी र शरणागत, डरले भागेको, अज्ञानी र रथहीन व्यक्तिलाई मार्दैनन्। तर यो दुष्टले सुतेका र असावधान बालकहरूको हत्या गरेको छ। अतः यो अवश्य नै मार्न योग्य छ। किन भने बाँचिरह्यो भने यसले फेरि यस्तो पाप गर्न सक्तछ। तिमीले द्रौपदीसित यसलाई मार्ने प्रतिज्ञा पनि त गरेका छौ। अतः यस कुलांगारको शिर काटेर द्रौपदीको अधिस्तर राखियो। भगवान् श्रीकृष्णले अर्जुनको परीक्षा लिन यस्ता वचन आज्ञा भएको थियो तर धीर-

वीर धनंजयले आफ्ना गुरु-पुत्रको हत्या नगने इच्छा प्रकट गर्दै श्रीकृष्ण सहित शिविरमा द्रौपदीको सामुन्ने उभ्याइदिए। पशु झैं बाँधिएका गुरुपुत्र-लाई देखेर द्रौपदीको मनमा दया आयो, नितको कमलो मन पग्लियो, तिनले गुरु पुत्रलाई नगस्कार गरिन् र बन्धनबाट मुक्त पार्न पार्थसित प्रार्थना गरिन्—हे आर्य! यी गुरुपुत्र तथा ब्राह्मण हुन्। ब्राह्मणको हत्या गर्नू ठूलो पाप हो। यी सदैव पूज्य छन्। हजुरले यिनकै पितासित धनुर्विद्या पढेर सम्पूर्ण शस्त्रास्त्रको ज्ञान पाउनु भएको हो। छोरोको रूपमा स्वयं द्रोणाचार्य नै हजुर-को सामुन्ने वन्दीरूपमा उभिएका छन्। यिनलाई मार्नाले यिनकी आमा कृपी पनि मजस्तै काँतर भएर विलाप गर्नेछन्। उनलाई छोरोप्रति स्नेह हुनाले नै तिनी आचार्य द्रोणसित सती गइनन्। कृपीको आत्माले मलाई कहिल्यै पनि क्षमा गर्ने छैन। इनलाई मारेर पनि मेरा मरिसकेका पुत्र फर्केर आउने होइनन्। जसरी पुत्र-शोकले म व्याकुल छु; उसै गरी इनकी माता पनि हुने छन्। ब्राह्मणको क्रोधरूपी आगो सपरिवार भस्म खरानी पार्न समर्थ हुन्छ। अतः अब यिनलाई छाडिदिनु होस्।

सूतजीले भने—हे मुनिजन हो! द्रौपदीको न्याय र धर्मयुक्त कुरा सुनेर त्यहाँ उपस्थित समस्त नर-नारी, बाल-वृद्ध सबैले द्रौपदीको गुण-गान गरे। धर्मराज युधिष्ठिरले महारानी द्रौपदीको धर्म सम्मत कुरा सुनेर सम्मान गरे। नकुल, सहदेव र स्वयं श्रीकृष्णले पनि द्रौपदीका वचनको आदर र प्रशंसा पनि गरे। सबैले द्रौपदीको भनाइमा समर्थन गरे। तर भीमसेनले रीसले राता-राता नेत्र गराई भने—यो दुष्टले सुतेका बालकहरूको व्यर्थमा हत्या गरेको छ। अतः यसलाई मार्नै पर्दछ। अनि श्रीकृष्णले मुसु-मुसु हाँस्दै अर्जुनसित आज्ञा भयो—हे सखे! तिमीले द्रौपदीसित गरेको प्रतिज्ञा र भीमसेनको इच्छा पूर्ण गर्नुपर्दछ। तर मेले शास्त्रमा—'पतित ब्राह्मणको पनि वध गर्नु पाप हो' भनेको छु र आततायीलाई दण्ड नदिनु पनि पाप हो। अतः मेरो दुवै आज्ञाको पालन गर्दै द्रौपदीसित गरेको प्रतिज्ञा पूरा गर। श्री कृष्णको यस्तो वचन र त्यसको भाव बुझेर अर्जुनले तरवार द्वारा अश्व-

त्थामालाई चारपाटे मुडेर तिनको माथमा भएको मणि झिकिलिए । त्यस कार्यले ती गुरु-पुत्र श्रीहीन हुन गए । श्रीहीन त सुतेका बालकहरूको हत्या गर्दा नै भइसकेका थिए तापनि मुडिएर मणि झिकिएपछि झन् बर्ता श्रीहीन देखिए । तिनको टाउको निहुरियो । तिनलाई जाती-नजाती दुई-चार कुरा भनेर त्यस शिविरबाट धपाइदिए ! अश्वत्थामाको निम्ति त्यो अपमान मृत्यु-भन्दा पनि बर्ता दुःख दिने भयो । त्यसपछि पाण्डवहरूले आफ्ना मरेका सबै बन्धु-बान्धवको अन्तिम क्रिया-कर्म गरे ।

अध्याय ८

प्राण परीक्षितको बच्यो, रह्यो पांडुकुल नाम । नृप दुर्योधनको क्रिया हुनगो वेद विधान ॥

सूतजी भन्दछन्—हे शौनकजी ! आपना स्वजनलाई जल-दान दिन धृतराष्ट्र र श्रीकृष्णलाई अघि लगाई पाण्डवहरू विधवा स्त्रीसमेत भई गङ्गा-तटमा गए । स्त्रीहरू कुररी पक्षी झैं विलाप गर्दै गए । तिनको शोकले धर्मराज युधिष्ठिर पनि अत्यन्त दुःखी भए । धृतराष्ट्र, गान्धारी, कुन्ती र द्रौपदी आदि सबै आफ्ना छोरा, नाती र स्वजनका निम्ति शोक गर्नलागे । त्यस वेला श्रीकृष्णले वेदव्यास र धौम्य आदि मुनिहरूका साथ ती सबैलाई अनेक उदाहरण र दृष्टान्त दिएर सान्त्वना दिए र—यो नाशवान् संसारमा जो जन्मेको छ, त्यो एक दिन अवश्य मर्दछ । अतः तो मरिसकेका व्यक्ति-को निम्ति शोक गर्नु व्यर्थ छ—भनेर सम्झाए, बुझाए ! यसरी अनेक युक्तिद्वारा अजातशत्रु युधिष्ठिरलाई बुझाई हस्तिनापुरका राजा बनाए । उनी-द्वारा तीन अश्वमेध यज्ञ पनि गराए । यसरी युधिष्ठिरको स्वच्छ कीर्ति इन्दु-भन्दा पनि बर्ता गरेर फैलाए । हस्तिनापुरमा बसेको निकै दिन बितेपछि भगवान् श्रीकृष्ण द्वारका जान तयार हुनु भयो । त्यसै वेला यौटा घटना देखापऱ्यो । उनले प्रत्यक्ष देखे—बुहारी उत्तरा डरले आत्तिएर रुँदै र दगुर्दै आइरहेकी छन् । उत्तराले व्याकुल स्वरमा भनिन्—मेरो रक्षा गर ! मलाई

बचाऊ ! हे योगेश्वर ! हजुर देवताका पनि देवता र संसारका रक्षक तथा सर्वशक्तिमान् हुनुहुन्छ । हेर्नुहोस्—यो बल्दो फलामको बाण मतिर आइ-रहेको छ । हे मधुसूदन ! यसले मेरो गर्भ नष्ट पारिदिन्छ । हे प्रभो ! हजुर नै मेरो रक्षा गर्न समर्थ होइबक्सिन्छ ।

सूतजीले भने—हे शौनक ! उत्तराको त्यस्तो काँतर प्रार्थना सुनेर द्वारका जान हिँडिसकेका श्रीकृष्ण रथबाट हाम्फालेर नगीचै आई भन्नुभयो—अश्वत्थामाले पाण्डव-वंशको नाश गर्नका निम्ति फेरि ब्रह्मास्त्रको प्रयोग गरे । पाण्डवहरूले पनि पाँचोटा बल्दो बाण आफूतिर आउन लागेको देखे । अनि सबैले आफ्नो अस्त्र झिके । त्यसै वेला भक्तवत्सल भगवान्‌ले आफ्ना भक्तको रक्षाका लागि आफ्नो सुदर्शन चक्रले तिनीहरूको जीवन-रक्षा गर्नु-भयो । ती योगेश्वरले उत्तराको गर्भमा प्रवेश गरेर आफ्नो मायारूपी कवच-ले त्यस गर्भलाई ढाकिदिनु भयो । हे शौनक ! ब्रह्मास्त्रले कसैको पनि रक्षा हुन सक्तैन र कुनै अन्य उपायले त्यसको निवारण पनि हुन सक्तैन, तापनि दयालु श्रीकृष्णले आफ्नो तेज द्वारा तत्काल त्यसलाई शान्त पारिदिनु भयो । उनी अजन्मा, सर्वशक्तिमान् भएर पनि उत्पत्ति, स्थिति, संहार गर्दछन् र भक्तहरूको रक्षाका निम्ति नै जन्म (अवतार) धारण गर्दछन् । कुन्ती र द्रौपदीले जब भगवान्‌को त्यो अपूर्व शक्ति देखे—उनले ब्रह्मास्त्रलाई एक क्षणमै शान्त पारिदिए—अनि उनीहरूले श्रीकृष्णको यस प्रकार स्तुति गरे—कुन्तीले भनिन्—हे जनार्दन ! हजुर समस्त पदार्थ र प्राणीहरूमा एक भावले विद्यमान हुनुहुन्छ । हजुर प्रकृतिदेखि पर भए पनि समस्त इन्द्रियहरूद्वारा प्राणीहरूको दृष्टिमा आउनु हुँदैन अर्थात् प्राणीहरू चर्म-चक्षुले हजुरलाई देख्न सक्तैनन् । आफ्नो मायाले सम्पूर्ण सृष्टि ढाक्ने हजुरलाई म अज्ञानी स्त्रीले कसरी चिह्न सक्छु ? जसरी नर्तक वा चटकीलाई प्रत्यक्ष देखे पनि त्यसको भित्री विद्या जान्न सकिन्न, त्यस्तै अज्ञानी हजुरलाई जान्न समर्थ हुँदैनन् । सन्त परमहंसको हृदयमा भक्ति बढाउन र भक्तहरूको रक्षा गर्न नै हजुरको अवतार भएको हो । हामी जस्ता अज्ञानी नारीहरूले अव्यय-

लाई कमरी चिह्न सक्ने ? हे माधव ! हे वासुदेव ! हजुरलाई बारम्बार साष्टांग प्रणाम छ । जुन भगवानको नाभिबाट कमल उत्पन्न भएर ब्रह्माको सृष्टि गर्दछ, जो शेष-शय्यामा योगनिद्रामा विराजमान रहन्छन् , जसका चरणमा कमलको चिह्न अंकित छ, जो वक्षस्थलमा वनमाला धारण गर्छन्, जसका नेत्र कमल समान छन् उनै श्रीकृष्णलाई मेरो बारम्बार प्रणाम छ । हे दामोदर ! जसरी पापिष्ट कंसद्वारा सताइएकी माता देवकीको रक्षा गर्नु भएको थियो, उसै गरी पापी कौरवहरूबाट मेरो रक्षा गर्नु भयो । म हजुरका उपकारहरूको गणना गरेर पनि पार पाउन सक्तिन । हजुरले—विषबाट, लाक्षागृहबाट, हिडम्ब आदि दानवबाट, द्रुपदको सभामा अनेक राजाहरूबाट र महाभारतको संग्राममा पनि मेरा पुत्र पाण्डवहरूको रक्षा गर्नु भयो । अहिले भर्खरै यस ब्रह्मास्त्रबाट मेरो वंशको रक्षा गर्नु भयो । यी आपत्तिहरू ले हजुरलाई चिह्ने सजिलो बाटो हुन् । म हजुरसित यही वर माग्दछु— हामीमाथि सदैव विपत्ति पर्दै रहुन् र हजुर त्यसको निवारणका लागि बारम्बार हामीलाई दर्शन दिंदै रहनु हवस् । सुखी मनुष्य अहंकारमा डुबेर कहिले पनि हजुरको नाम स्मरण गर्दैन । दुःखी मनुष्य विपत्तिमा सदा हजुरलाई नै सम्झिरहन्छ । निर्धनका धन, भक्तहरूका रक्षक र मोक्षदाता हजुरका चरणमा मेरो बारम्बार प्रणाम छ । हे मुरारे ! सबैमा हजुरको स्नेह प्रेम समान रहन्छ, हजुरका न कोही मित्र छन् न कुनै शत्रु, तैपनि आपनो बुद्धिअनुसार मनुष्य हजुरलाई मित्र र शत्रु दुवै थरी मान्दछन् । हजुरले लगी नहुने कुनै धर्म-कर्म शेष छैनन् । तथापि संसारलाई शिक्षा दिन धर्म-कर्म पनि गर्नु हुन्छ । बालक कालमा माता यशोदालाई आपनू बाल-लीला देखाउन कहिले नौनीको हाँडी फोर्ने तथा कहिले ओखलमा बाँधिनु, कुनै बेला आमाको प्रेममा विह्वल भएर नयनबाट आँसू बगाउनु आदि हजुरका ती मोहिनी रूपको वर्णन म कति गरूँ ? सृष्टिकर्ता ब्रह्मा पनि हजुरको मायाले चकित भएर ग्वाल-बाल एवं गाई-बाछालाई लुकाएका थिए । हजुर संसारको कल्याण गर्न नै अवतार

धारण गर्नु हुन्छ । हजुरको अनेक लीलाहरू भक्तजनका निम्ति भजन, श्रवण र कीर्तन गर्नका निम्ति हुन्छन् । जुन भक्तजन हजुरका लीलहरूको श्रवण कीर्तन दिनहुँ गर्दछन्, तिनले हजुरको दर्शन चाँडै नै पाउन सक्छन् र जन्म-मरणको बन्धनबाट सहजै मुक्त हुन्छन् ।

हे भक्तवत्सल ! अब हजुर हामीलाई त्यागेर किन जाने इच्छा गर्नु हुन्छ ? हामीलाई हजुरबाहेक अरु कसको भरोसा छ ? हजुर नभए पछि हाम्रो अस्तित्व पनि रहन्न । हजुर नभएपछि हाम्रो यो घर अपवित्र हुनेछ । कति भनौं—यो भवन; नगर बन्धु-बान्धव; कुटुम्ब, वन, पर्वत, नदी सबै डरलाग्दो देखिन थाल्नेछन् । हजुर, विश्वरूप, विश्वका स्वामी हुनुहुन्छ । हजुर मेरो मायारूपी बन्धन छिनाल्न समर्थ हुनुहुन्छ । गंगाजीको धारा समुद्रमा झरे झैं म पनि हजुरमा लीन हुने इच्छा गर्दछु । हे माधव ! म बारम्बार प्रणाम गर्छु ।

सूतजीले भने—हे शौनक ! कुन्तीको यस्तो भक्तिपूर्वक मीठो वचनले गरिएको स्तुति सुनेर मुसु-मुसु हाँस्दै श्रीकृष्णले भन्नुभयो—लौ त, ठीक छ भन्दै रथबाट बर्लनुभयो र सबैसँग फेरि हस्तिनापुरतिर फर्कनु भयो । यसै गरी जतिपल्ट हरिले द्वारका जाने इच्छा गर्नु हुन्थ्यो, युधिष्ठिर आफ्ना बन्धु-बान्धवको मृत्यु सम्झेर शोकाकुल हृदयले विनयपूर्वक रोक्तथे । भगवान् श्रीकृष्ण चाहीं अनेक दृष्टान्त र उदाहरण दिएर शान्त पार्ने प्रयत्न गर्दथे । त्यतिले पनि जब युधिष्ठिरको शोक-चिन्ता गएन । तब भन्नलागे—हे गोविन्द ! मभन्दा दुराचारी र दुष्टात्मा अरु को होला, जसले यो राज्यको लोभमा अनेक अक्षौहिणी सेना सहित आफ्ना कुटुम्बी, सम्बन्धी, गुरुजन, सुहृद् आदि सबैलाई युद्धको आगोमा होमिदिएँ । तिनका विधवाहरू काँतर स्वरमा विलाप गरेर मेरो हृदयमा तीखा बाणहरू लागे झन्दा पनि बर्ता पीड़ा दिहरहेका छन् । शास्त्रहरूको भनाई छ—राजाले प्रजाको रक्षाका निम्ति धर्म-युद्ध गरोस् र शत्रुको संहार गरेमा उसलाई कुनै पनि दोष-पाप लाग्दैन, तैपनि मलाई शान्ति प्राप्त भइरहेको छैन । जुन-जुन नारीहरूका पति, पुत्र, बन्धु-

बान्धव हामीहरूद्वारा मारिए, तिनको दृष्टिमा म घोर अपराधी हुँ। यी यज्ञ-यागादिले त्यसको प्रायश्चित्त गर्न सक्तैनन्। अतः मेरो मन धार्मिक वेदनाले अत्यन्त दुःखी रहन्छ।

अध्याय ९

भई उहाँ वर्णन सबै भीष्म-कृष्ण संवाद। राज्य युधिष्ठिरकन दिए मेटी सकल विषाद॥

सूतजी भन्नहुन्छ—हे शौनक! धर्मराज युधिष्ठिर आफ्ना वंश वधको दुःखले जब वर्ता व्यथित भए तब श्रीकृष्णलाई लिएर कुरुक्षेत्रमा भीष्मकहाँ गए। भीष्मजी शर-शय्यामा सुतेर आफ्नू अन्त्य समयको बाटो पर्खिरहेका थिए। भीष्मलाई भेट्न त्यस त्यस बेला अनेक ऋषि-मुनि; ज्ञानी, देवर्षि नारद उपस्थित थिए, त्यसै बेला धौम्य, पर्वत मुनि, वेदव्यास, बृहदस्व, भरद्वाज, वसिष्ठ, त्रित, इन्द्रप्रमद, शिष्यहरू सहित परशुराम, गृत्समद; गौतम, अत्रि, सुदर्शन, विश्वामित्र कक्षीवान, कश्यप, अंगिरा, स्वयं शुकदेवजी आदि ब्रह्मज्ञानी मुनिहरू र भरतवंशका शिरोमणि भीष्मको अन्तिम दर्शन गर्न कुरुक्षेत्रमा उपस्थित भएका थिए। भीष्मजी देश-काल र धर्मका ज्ञाता थिए। तिनले उपस्थित सबै ब्रह्मर्षि, राजर्षि, देवर्षिहरूलाई देश, काल अनुसार उचित सम्मान गरे। फेरि श्रीकृष्णलाई पनि भीष्मले राम्ररी जान्दथे। उनले जगदीश्वरको पूजा अन्तःकरण र पूजा-सामग्री द्वारा पनि सम्मानपूर्वक गरे। पाण्डवहरू विनम्र भावले भीष्मको नगीचै गएर बसे। तिनलाई देख्नेबित्तिकै भीष्मका आँखामा प्रेमका आँसू देखापरे। उनले विस्तारै भने—हे धर्मावतार हो! तिमीहरूले धर्मको आश्रय लिंदा र श्रीकृष्णको शरणमा रहँदा पनि अनेक थरिका दुःख पायौ यस कुरामा म साह्रै दुःखी छु। तिमीहरूलाई बालक अवस्थामै छाडेर तिम्रा पिता स्वर्ग गए। रानी कुन्तीले ठूलो कष्ट सहेर तिमीहरूलाई लालन-पालन र सुरक्षा गरी ठूलो बनाइन्। तिमीहरू अलि बुझ्ने भएपछि पापिष्ट दुर्योधनले तिमीहरूलाई महान् कष्ट दियो।

यी सबै घटनाहरू यिनै श्रीकृष्णका लीलाहरूको कारण हो, भन्ने कुरा म जान्दछु। यो पनि थाहा छ—यी कृष्ण आफ्ना भक्तहरूलाई अनेक थरिका कष्ट दिएर त्यसमा पास भएपछि मात्र आफ्नू अलभ्य भक्ति दिन्छन्। धर्मराज युधिष्ठिर; महाबली भीमसेन, गाण्डीवधारी धनंजय भएका स्थानमा विपत्ती कसरी आउन सक्छ, तर कृष्णका लीलाहरूलाई कसैले पनि जान्न-बुझ्न सक्तैनन्, यसको यथार्थ जान्न ठूला-ठूला ब्रह्मज्ञानीलाई कठिन पर्दछ। अतः हे युधिष्ठिर! ब्रह्माण्डका सम्पूर्ण घटना-चक्र ईश्वराधीन छ। अतः तिमी सम्पूर्ण शोक, वेदना, चिन्ता त्यागेर आफ्ना दयनीय प्रजाहरूको पालन एवं रक्षा गर र सदासर्वदा श्रीकृष्णकै साथमा छु भन्ने सम्झ।

यी श्रीकृष्ण सर्वशक्तिसम्पन्न साक्षात् जगदीश्वर हुन् भन्ने जान। यी आफ्नो मायाले सबैलाई मोहित गराई यदुवंशमा अवतार लिएका हुन्। यस गूढ तत्त्वलाई देवर्षि नारद, भगवान शिव र कपिल देव नै जान्दछन्। तिमीहरू त मामाका छोरा, आफ्ना दाजू, आफ्ना हितू हुन् भन्ने मात्र जान्दछौ। तिमीले आफ्नो प्रेम-पाशमा बाँधेर यिनलाई आफ्नो दूत, मन्त्री र सारथिसम्म बनायौ। यिनैद्वारा आफ्ना डाकेका अतिथिको पाउ धुन पनि लगायौ। हे धर्मराज! यी समदर्शी भए पनि आफ्ना आश्रित भक्तमाथि विशेष कृपा गर्दछन्, त्यसै हुनाले मेरो अन्त्य समयमा मलाई दर्शन दिन स्वयं उपस्थित भएका छन्। जुन भक्तजन अनन्य भक्ति-भावले इनको स्मरण, कीर्तन गर्दै देह त्याग गर्दछन्, ती सम्पूर्ण कर्म-बन्धनबाट मुक्त हुन्छन् र प्रभुको सायुज्य मुक्तिमा प्राप्त हुन्छन्। मेरो केवल यही इच्छा छ—इनको दर्शन गर्दागर्दै यो देह त्याग गरूँ। सूतजीले भने—हे शौनक! युधिष्ठिरले शर-शय्यामा सुतेका भीष्मसित सम्पूर्ण ब्रह्मर्षि, देवर्षिहरूको सामुन्ने धर्मको विषयमा अनेक प्रश्न सोधे। तत्त्वज्ञानी र धर्म जान्ने भीष्म पितामहले—वर्णाश्रम, राग वैराग्य, प्रवृत्ति निवृत्ति आदिका अनेक रहस्य-युक्त भेदहरू बुझाए। फेरि दान-धर्म, राजधर्म, मोक्षधर्म, भगवद्धर्म, द्विविध धर्म आदिको संक्षेप र कुनै-कुनै विस्तारले पनि भिन्न-भिन्नरूपमा बुझाए।

यसको अतिरिक्त धर्म, अर्थ, काम, मोक्ष प्राप्तिका साधनहरूको पनि विस्तृत वर्णन करे ।

त्यसै मौकामा सूर्य उत्तरायण भए । अनि देह त्याग्ने उत्तम समय जानेर पितामहले आफ्नो वाणी संयम गरी मनलाई रागादिबाट हराई सच्चिदानन्द घन भगवान् श्रीकृष्णमा लगाए । त्यसै वेला गोविन्द भगवान्ले पनि आफ्नो चतुर्भुज रूप धारण गरी दर्शन दिनुभयो । भीष्मको शरीरमा बाणहरूको जति पीडा थियो, त्यो तत्काल प्रभुको दर्शन मात्रले शान्त भयो र उनै माधवको मोहिनी रूपमा आफ्ना नेत्र एकत्र पारिदिए अर्थात् एकोहरो दृष्टिले हेरिरहे । आफ्ना इन्द्रियवृत्तिहरूलाई रोकेर प्रभुको स्तुति गर्नलागे भीष्मले भने—म आफ्नो मनलाई वासुदेवको रचणारविन्दमा अर्पण गरि-रहेको छु । जो प्रभु अकर्ता अकर्मा भए पनि आफ्ना लीला-विलासको निम्ति योगमायाद्वारा संसार सृष्टि गरेर स्वयं लीला गर्दछन् । करोडौं सूर्य-को जस्तो तेज भएका, जसका मुखमण्डलमा औंटी झैं बाटिएका अर्थात् घुँगुरिका अलक छरिएका छन्, जसले पीताम्बर धारण गरेका छन्, जसका चारै बाहुमा शंख, चक्र, गदा, पद्म शोभित छन्, जसका घाँटीमा कोस्तुभ मणि र वक्षस्थलमा वनमाला झुण्डिएका छन्, त्यस्ता त्रिभुवन धनी धनंजयका अनन्य मित्र भगवान् श्रीकृष्णका चरणमा मेरो अहैतुक प्रीति लागोस् । वासुदेवको युद्धभन्दा पूर्वको रूप मेरो हृदयमा सदा विराजमान छ—तिनको घुँघुरिएको अलक, घोड़ाको टापले उडाएको धूलोले अलि-अलि मैलो भएको र मुख-चन्द्रमा पसीनाका थोपा टल्केका, तिनको श्याम शरीरमा रक्त-बिन्दु-हरू नीलमणीको पर्वतमा मूगा झैं शोभायमान थियो । यस्ता भगवान श्रीकृष्णका चरणमा मेरो मन समर्पित रहोस् । जुन सारथि बनेका श्रीकृष्णले, अर्जुनले भनेको सुन्नासाथ दुवै तर्फका सेनाहरूको माझमा लगेर रथ उभ्याइ-दिए र आफ्नो एक दृष्टि अर्थात् केवल हेराइले नै कौरवहरूको आयुष्य क्षीण पारेर पाण्डवहरूलाई अभय दान दिए । पार्थलाई युद्धबाट विमुख देखेर जुन समय भयंकर स्थितिमा पनि पार्थलाई आत्म-विद्याको उपदेश दिएर

अज्ञानरूपी अन्धकार नाश गरिदिए । ती योगेश्वर गोविन्दका चरणमा मेरो चित्त सदैव लागिरहोस् । मेले युद्धक्षेत्रमा शस्त्र उठाउन लगाउने छु भन्ने प्रतिज्ञा गरेको थिएँ, तर जो प्रभुले भक्तको प्रतिज्ञा पूरा गर्न आफ्नो प्रतिज्ञा लाई हेलाँ गरी रथबाट हाम्फालेर रथको चक्का उचाली मतिर दगुरे । त्यस बेला यति छिटो दगुरे कि काँधको उत्तरीय खस्यो, पृथ्वी कम्पित भइन् । मैले आफ्ना तीखा बाणले तिनको अंग रक्ताम्य पारिदिएको थिएँ । अर्जुनले छेक्दा-छेक्दै पनि उसलाई बलपूर्वक घुचेटेर मलाई मार्न दगुरे । उनै श्रीकृष्ण भगवान् मलाई परमगति प्रदान गरुन् । जुन भगवान्को अनिन्द्य मन्द हास्य प्रेमपूर्ण हेराइले ब्रजका समस्त गोपिनीहरू मोहित रहन्थे, उनै श्रीकृष्ण मलाई परमगति प्रदान गरुन् । जुन प्रभुको, युधिष्ठिरको राजसूय यज्ञमा मेरो सामुन्ने अग्रपूजा भएको थियो, उनै भगवान् आज मेरो अन्त्यावस्थामा सम्मुख उभिनु भएको छ ।

सूतजी भन्दछन्—हे शौनक ! भीष्मले मन, वचन, कर्मले आत्म-स्वरूपको ध्यान गरेर त्यसैमा आफूलाई लीन पारिदिए । त्यसपछि उनी शान्त भए । भीष्मलाई ब्रह्ममा लीन भइसकेका सम्झेर सबैतिर शान्त र सबै व्यक्ति मौन भए । त्यस बखत पक्षिहरूले पनि कुनै शब्द नगरेर शान्त रहे । त्यस बखत आकाशबाट देवताहरूले पुष्पवृष्टि गरे । स्वर्गका दुन्दुभी, नगरा आदि बाजा बजे । युधिष्ठिरले भीष्मको अन्तिम संस्कार गरे र केही समय सम्म चिन्तामग्न भए । ऋषि-मुनिहरूले भगवानको स्तुति गरे । अनि श्रीकृष्णसित विदा भएर आफ्ना आश्रममा गए । भगवान्ले धृतराष्ट्र, गान्धारी, कुन्ती, युधिष्ठिर आदि सबैलाई सान्त्वना दिनुभयो र सबै जना हस्तिनापुर फर्के । त्यहाँ पुगेर धृतराष्ट्रको आज्ञा र गोविन्दको सल्लाह अनुसार धर्मराज युधिष्ठिर न्याय र नीतिपूर्वक राज्य गर्न लागे ।

अध्याय १०

गरे शान्ति स्थापन गरी कुरुमणिले जब राज । गए द्वारिका प्रभु पनि दिई बनाइ सब काज ॥

शौनकजीले सोधे—हे सूतजी ! राजा भएर युधिष्ठिर राजसिंहासनमा बसेपछि के-के भयो, त्यो सबै कथा वर्णन गर्नुहवस् । त्यस्तो प्रश्न सुनी सूतजी भन्दछन्—हे शौनक ! कौरव-पाण्डव दुवै वंश कालको गतिसंग युद्ध गरेर समाप्त प्रायः भए । तिनको घर-झगड़ाले वनमा लागेको डढेलो जस्तै तिनलाई समाप्त गरिदियो । उत्तराको गर्भ मात्र श्रीकृष्णको कृपाले सुरक्षित रहेको थियो । हे शौनक ! युधिष्ठिरले राज्य सिंहासनमा बस्नासाथ अधर्मको नाश भई धर्म स्थापन हुन लाग्यो । श्रीकृष्णको शरणमा रहनाले र भीष्म-को उपदेशले युधिष्ठिरलाई ज्ञान प्राप्त भइसकेको थियो । अतः नियमपूर्वक संसारको सुख भोग गरे पनि त्यसमा आसक्त थिएनन् । देवराज जस्तै सम्पूर्ण पृथ्वीको शासन गर्न लागे । तिनका चारै भाई भीमसेन, अर्जुन, नकुल र सहदेव उनको आज्ञा सदैव पालन गर्दथे । तिनको राज्यमा वेलामा पानी पर्दथ्यो, पृथ्वी उर्वरा थिइन् । अन्न-फल चाहिने भन्दा पनि वर्ता उत्पन्न हुन्थ्यो, धन रत्न परिपूर्ण थियो । ठूला-ठूला कल्चौंडा भएका गाईहरू पर्याप्त दूध दिन्थे । अनिकालको कहीं पनि नाम थिएन । सारा प्रजा सुखी थिए । वेदज्ञ ब्राह्मण र स्नातक यज्ञ यागादि कर्म नियमपूर्वक गर्दथे । प्रजा वर्ण र आश्रम अनुकूल आचरण गर्दथे । पर्वत, वन, लता, वृक्ष, सधैं हरिया र भरीला फूल र फलले लटरम्म रहन्थे, समस्त प्रजा दैहिक, दैविक र भौतिक एवं आध्यात्मिक तापबाट मुक्त थिए ।

श्रीकृष्ण भगवान् आफ्ना प्रिय बन्धुहरू तथा बहिनी सुभद्राको खुसीका लागि अझ केही महीना त्यहीं बसेर उनीहरूको शोकजनित ताप निवारण गरी एक दिन द्वारका जाने इच्छा प्रकट गर्नु भयो । प्रभुको इच्छा जानी युधिष्ठिर महाराजले प्रेमपूर्वक अंकमाल गरेर विदा दिए । अनि सबैलाई सन्न र सन्तुष्ट पारी बूढा-पुरानाबँग पनि विदा भई रथमा चढ्नु भयो ।

साना ठूला सबैले यथायोग्य प्रणाम आशिर्वाद दिए। त्यस बेला गान्धारी, धृतराष्ट्र, कुन्ती, द्रौपदी, कृपाचार्य धर्मराज युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल, सहदेव, उत्तरा, युयुत्सु, गुरु धौम्य र वेदव्यास तथा सत्यवती आदि सबै भगवान्को प्रेममा निमग्न भएर केही बेरको लागि मोहयुक्त भई प्रेमको आँसु बगाउन थाले। सबै नर-नारी प्रभुको वियोगमा व्याकुल भए तापनि यात्रामा अपशकुनको डरले आँखाको आँसु आँखैमा राखे, तल खस्न दिएनन्। ती पाण्डवहरू जुन श्रीकृष्णका साथमा खानु-पिउनु; र उनको शरीर स्पर्श एवं कुराकानी गर्थे, तिनको चित्तको दशा कस्तो भयो होला वर्णन गरेर साध्य छैन। विरहले व्याकुल भएर प्रभुको यात्राको तयारीमा लागे। मधुसूदनको विदा हुने बेलामा अनेक थरिका ढोल, मृदंग, शंख, घण्टा बज्नलागे। उनका प्रिय सखा पार्थले मोतीको झालर-युक्त सेतो छत्र श्रीकृष्णको माथि ठिक्क पारो राखे। उद्धव र सात्यकी चमर हाँक्न लागे। नगरका स्त्रीहरू आफापना घरको ख्याल र अटालीहरूबाट चियाएर हेर्नलागे। प्रभुको अलौकिक सौन्दर्यको दर्शन पाई आशिर्वाद र दण्डवत् प्रणाम गर्नलागे। आकाशबाट पुष्पवृष्टि भयो। ब्राह्मणहरू उच्च स्वरले वेद पढ्न लागे। यद्यपि ती सबैको आशिर्वाद र शुभकामनाको प्रभुका सामुन्ने कुनै मूल्य वा महत्व थिएन तापनि लौकिक व्यवहार अनुसार समयोचित कर्तव्य थियो। नगरका रमणीहरू परस्पर कुरा गर्नलागे—हे सखी हो! यी पीताम्बर, वनमाला र कौस्तुभ मणि धारण गर्न, जसको उमेर सदैव युवा नै रहिरहन्छ, सनातन ब्रह्म हुन्। यिनले सौन्दर्यमा करोडौं कामदेवलाई पनि जितेका छन्। यी कुन्तीपुत्र अर्जुनका अभिन्न मित्र हुन्—जसको तेज करोड़ौं सूर्य जस्तै छ, ती देवकीका पुत्र परब्रह्म परमेश्वर हुन्, यिनै सृष्टि, स्थिति, लय गर्दछन्। सृष्टिको आदिमा पनि यिनै रहन्छन् र अन्त्यमा पनि समस्त चराचर जगत् आफूमा लीन गराई क्षीरसागरमा योग निद्रामा शयन गर्दछन्। फेरि सृष्टि गर्ने इच्छा हुनासाथ महत्तत्वादि समस्त शक्तिहरूलाई यिनै प्रेरित गर्दछन्। वेदहरूको रचना गर्ने इनै हुन्। ठूला-ठूला योगी, ज्ञानी, ब्रह्मवेत्ता, ऋषि-

मुनि, तपस्वी आदिलाई पनि जसको दर्शन दुर्लभ छ, उनै प्रभुको आज हामी प्रत्यक्ष दर्शन गरिरहेका छौं। जसका लीलाहरू तथा चरित्रको वर्णन वेद, पुराणहरू गर्दछन्, उनै परब्रह्म आज हामीलाई दर्शन दिइरहेका छन्। ती ब्रजका गोपिनीहरू धन्य हुन्, जसले यिनैसंग रास विलास र यिनका चरणको स्पर्श पाए र आनन्दमा मग्न भए। ती पवित्र नारीहरू पनि धन्य हुन्, जसको यिनले पाणिग्रहण गरे र जो सधैं यिनका साथ रमण गर्दछन्। तिनले पूर्व जन्ममा अवश्य पनि कठोर तपस्या गरेका होलान्, त्यसैको उत्तम फल अहिले प्राप्त गरिरहेका छन्। ब्रजका सुन्दरी बालाहरू यिनको अधरामृत पान गर्न पाएको सम्झना साथ मूर्च्छा परे झैं हुन्थे, भने जो रमणी पत्नीहरू सधैं यिनको अधरामृत पान गर्न पाउँछन्, ती भन्दा भाग्यमानी त्रिलोकमा को होला ? जसले आफ्नू बाहु-बलले अनेक राजाहरूलाई जिती जुन रुक्मिणीलाई पाणिग्रहण गरे ती महरानी साक्षात् लक्ष्मी हुन्। ती सधैं यिनैका साथमा रहेर यिनका चरणको सेवा गर्दछिन्। ती पटरानीहरू पनि धन्य हुन्, जसको वशमा यी आदिरूप भगवान् सदा रहन्छन्। जसको वशमा सम्पूर्ण विश्व छ, ती अनादि ब्रह्म हुन्। ती सोह्र हजार एक सय पत्नीहरू पनि धन्य हुन्, जो यिनको सेवा गरेर आनन्द भोग्दैछन्। वास्तवमा ती स्त्रीहरू पवित्र हुन् र तिनको जीवन पनि सफल छ, जसका स्वामी यिनै ब्रह्माण्डका स्वामी छन्। यिनी अनेक अलभ्य वस्तुहरू तिनलाई दिएर तिनको चित्त मोहित पार्दछन्।

सबका घट-घटमा निवास गर्ने अन्तर्यामी भगवान श्रीकृष्णले ती नारीहरूका मनको भावना र भक्ति जानेर मन्द-हास्यका साथ प्रेमपूर्ण दृष्टिले तिनीहरू तर्फ हेर्नुभयो र तिनको अभिनन्दन गर्नुभयो। त्यसरी समस्त कामवासीहरूलाई प्रसन्न पार्दै विदा हुनुभयो। राजा युधिष्ठिरले प्रभुप्रति धेरै स्नेह हुनाले, बाटोमा कसैले कष्ट दिन्छन् कि, कुनै शत्रु हुकेर बसेका छन् कि भनेर शस्त्रास्त्रले सज्जित विशाल सेना श्रीकृष्णको साथमा पठाए। भाइहरू पनि निकै परसम्म पुऱ्याउन गए। अलि परै गएपछि भगवान्ले

स्वयं पाँचै भाइलाई अंकमाल गरेर फर्काउनु भयो। केवल उद्धव र सात्यकी मात्र हरिसँग गए। हे शौनक! भगवान् श्रीकृष्ण विशाल सेनाका साथ कुरुजांगल, पांचाल, शूरसेन र यमुनाका निकट पर्ने प्रदेशहरू-ब्रह्मावर्त, कुरुक्षेत्र, मत्स्य, सारस्वत, मरु प्रदेश आदि नाघेर सौवीर एवं आभीर देश-हरूको पश्चिमी भाग आनर्त देशमा पुगे। श्रीकृष्णको रथका घोडाहरू थाकेका हुनाले तिनलाई त्यहीं विश्राम गर्न फुकाइदिए। त्यहाँबाट गोविन्दको सवारी जुन-जुन देशबाट जान्थ्यो, त्यहाँका राजा आदरपूर्वक अनेक उपहार ल्याएर सेवा सत्कार गर्दथे। त्यसरी वासुदेव भगवान् आनन्दपूर्वक यात्रा गर्न लागे।

❦❦❦

अध्याय ११

आए हरि द्वारावती, भयो दुःखको अन्त। गरे स्तुती सबले त्यहां, मिलि आनन्द अनन्त॥

सूतजी भन्दछन्—हे शौनक! सबै प्रकारले सम्पन्न र वैभवपूर्ण आनर्त देश श्रीकृष्ण भगवान्को थियो। त्यसैको नगीच स्वर्गको अमरावती भन्दा पनि उत्तम द्वारकापुरी थियो। आफ्नू देशको सीमा भित्र पुग्नासाथ प्रभुले पांचजन्य शङ्ख बजाए। त्यसको ध्वनिले समस्त प्रजाको विरह वेदना नष्ट भयो। हाम्रा प्राणप्रिय श्रीकृष्ण आइपुगे भन्ने कुरा उनीहरूले थाहा पाए। रातो रंगको ओंठ र नरम बाहुमा सेतो शङ्ख-रक्त-कमलमा सेतो रजहाँस बसे झैं शोभा श्रीकृष्णको भएको थियो। प्रभुको शङ्ख-ध्वनि सम्पूर्ण भयलाई पनि भयभीत पारेर श्रद्धालु भक्तको हृदयमा हर्ष प्रदान गर्न थियो। त्यो ध्वनि सुन्नासाथ आफ्नाना घरबाट निस्के अर्थात् जो जहाँ जुन स्थितिमा थियो, उही स्थितिमा दगुरेर—गाईको ध्वनि सुनेर बाछो दगुरे जस्तै आइपुगे। भगवान्को दर्शन पाएर सबैका मुखमा प्रसन्नतको लहर व्याप्त भयो र ती सबै स्तुति गर्न लागे—हे प्रभो! हजुरका यी चरणको स्तुति शिव, ब्रह्मा र इन्द्रादि देवताहरू गर्दछन्, यही चरण-कमल हामीहरूको मुख्य आश्रय हो।

यिनै चरणको कृपाले कराल काल पनि हामीतिर हेर्न सक्तैन । हाम्रा माता-पिता, गुरू र मित्र हुनुहुन्छ । हामी हजुरलाई प्रणाम गर्दछौं । हजुरको दर्शन ठूला-ठूला योगी, तपस्वी र देवताहरूलाई पनि सहज प्राप्त हुँदैन तर हामी सधैं हजुरका मुखचन्द्रको दर्शन गर्दछौं । जब हजुर हामीलाई छाडेर मथुरा एवं हस्तिनापुर जानुहुन्छ तब हामी प्राण नभएको शरीर धारण गरे जस्ता हुन्छौं । आपना प्रजा र हितैषीहरूको यस्ता वचन सुनेर प्रभुले सबै माथि दया-दृष्टि दिदै द्वारका पुरीमा प्रवेश गर्नु भयो । श्रीकृष्ण भगवानको द्वारका-पुरी अमरावती झैं मधु, भोज, दाशार्ह, कुकुर, अन्धकर वृष्णि-वंशी यादव-हरूले—नागहरू द्वारा पातालपुरी सुरक्षित भए झैं—सुरक्षित थियो । द्वारका पुरी समस्त ऐश्वर्यले परिपूर्ण थियो । स्थान-स्थानमा जलाशय, क्रीडा स्थल, उद्यान, वाटिका, अनेक फल-फूलका वृक्षले शोभायमान थियो । अनेक जलाशयमा कमल पुष्प तथा रजहाँस निवास गर्दथे । नगर निवासी-हरूले प्रभुको स्वागतार्थ फाटकहरू गृह-द्वार तथा मूल बाटोमा तोरण, ध्वजा पताका, कदली स्तम्भ र सुवर्ण कलश सज्जित पारेर राखेका थिए । सबै-तिर सुगन्धित जल छर्केर बाटोहरू स्वच्छ पारेका थिए । गोविन्दको उपहार-का लागि फल-फूल, अक्षता, चन्दन, कुंकुम, अबीर, दही आदि राखिएका थिए । उनको बाटो पर्खेर सारा नगर निवासीहरू प्रेम मग्न भएर आफ्नो द्वारमा धूप-दीप-केरा, दही अक्षता आदि लिएर उभिइरहेका थिए ।

उता भगवान्का शुभागमनको समाचार वसुदेव, अक्रूर, उग्रसेन, बलराम, प्रद्युम्न, शाम्ब आदिले थाहा पाई अत्यन्त प्रसन्न भएर आपना समस्त आवश्यक काम छाड़ी प्रेममा विह्वल जस्ता भई ठूलो गजराजलाई अघि लगाई माङ्गलिक सामग्री र विज्ञ ब्राह्मणहरू साथमा लिई शङ्ख, घण्ट, मृदंग, वीन आदि बजाउँदै आफ्नो रथमा चढेर श्रीकृष्णको दर्शन गर्न हिंडे । उता श्रीकृष्ण पनि आपना बन्धु-बान्धव, नगर निवासी र आएका समस्त दास-दासीहरूको पनि सम्मान गर्नु भयो । गुरुजनदेखि सानो जात चाण्डाल-सम्मलाई पनि यथायोग्य सम्मान दिनुभयो । सबैलाई उनको इच्छानुसार

वरदान समेत दिनुभयो। सुयोग्य ब्राह्मण र बृद्धजनहरूलाई अधिलगाएर भगवान् कृष्णले बाजा-गाजा सहित नगरमा प्रवेश गर्नुभयो। हे शौनक। जुन बेला श्रीकृष्ण आफ्ना महलहरूको मार्गबाट जाँदै हुनुहुन्थ्यो, त्यस बेला समस्त कामिनी, नानिनीहरू आफ्नाफ्ना अटालिमा गएर प्रभुको दर्शन गर्नलागे। श्रीकृष्ण भगवान् सच्चा सौन्दर्यका प्रतिमूर्ति हुन्। उनका लामा र विशाल भुजा सम्पूर्ण विश्वलाई शक्ति प्रदान गर्दछन्। तिनका चरण कमल भक्तजनको आश्रय, शरण स्थल हो। त्यस राजमार्गमा जाँदा प्रभुको रूप छटा अलौकिक थियो। शिरमाथि सेतो छत्र, सेतै रंगको चमर हाँकि-रहेका, श्याम अंगमा पहेंलो पीताम्बर, घाँटीमा कौस्तुभ मणि, वक्षस्थलमा वनमाला र श्रीवत्सको चिन्ह शोभायमान थियो। नर-नारीहरू चारै तर्फबाट पुष्प-वर्षा गर्दै थिए। माधव भगवान् पहिले माताहरूका महलमा जानुभयो र नम्रभावले देवकी आदि सबै मातालाई दण्डवत् प्रणाम गर्नुभयो वात्सल्यमा घाँटीसम्म डुबिसकेका माताहरूले अंकमाल गरेर काखमा बसाले। तिनको स्तनबाट दुग्ध-धारा बग्नलागे। आनन्द विह्वल भएर नेत्रबाट हर्षाश्रु झरे। त्यहाँबाट बिदा भएर आफ्नू प्रासादमा गए। प्रभुको त्यो विशाल भवन विश्वका समस्त ऐश्वर्यले सुसज्जित थियो। त्यही भवनमा भिन्न-भिन्न रूपमा सोह्र हजार एक सय आठ रानीहरूका ठूल-ठूला र एकनासे भवनहरू थिए। आफ्ना प्राणेश्वर श्रीकृष्णको विरहमा तिनीहरू निकै दिनदेखि व्याकुल थिए। जब तिनीहरूले प्राणपतिलाई महलमा आउन लागेको देखे तब अत्यन्त आनन्दित भएर चरण समाउन झम्टे। लीला-विहारीले पनि पत्नी-हरूलाई हृदयमा टाँसेर सान्त्वना दिए। स्त्रीहरूका आँखाबाट अविरल अश्रु-धारा बगे। तत्काल आसनमा स्वामीलाई बसालेर पूजा गरे।

पृथ्वीका सम्पूर्ण राजाहरूलाई आफूले अस्त्र नउचालीकन नै परस्पर युद्धाग्निमा होमेर भूमिको भार हलुको पार्ने श्रीकृष्का रति झैं सुन्दरी भार्या-हरू निरन्तर उनकै साथमा बसेर पनि योगेश्वरलाई भोगमा आसक्त पार्न सकेनन्। मुख्य के भने सारा कर्म गरेर पनि प्रभु त्यसमा आसक्त थिएनन्।

उनी प्रकृतिका नियममा रहे पनि त्यसका गुणमा गाडिएका थिएनन् । उनकी योगमायाले मोहित भएका ती स्त्रीहरू प्रभुको सौन्दर्यमा मुग्ध रहन्थे र भगवान् मेरै वशमा छन् भन्ने ठान्दथे । तिनको आफ्नू अहंकार बुद्धिले भगवानको सत्त्व स्वरूप चिह्न दिएन ।

अध्याय १२

द्रौणीलाई दण्ड दिई, गरी दिव्य उपदेश । प्राण परीक्षितमा दिए प्रभुले हरि सब क्लेश ॥

शौनकजीले सोधे—हे सूतजी ! अभिमन्युका छोरा परीक्षितको जन्म कथा सुनाउनु हवस् । जुन बालक अश्वत्थामाको ब्रह्मास्त्रले उत्तराको गर्भमै मरिसकेको थियो, त्यसलाई श्रीकृष्णले कसरी जीवित पार्नु भयो ? तिनले शुकदेवसित कसरी ज्ञान प्राप्त गरे, त्यो कथा पनि विस्तारले सुनाउने कृपा गर्नु हवस् । त्यति सुनेर सूतजी भन्नुहुन्छ—हे शौनक ! महाराज युधिष्ठिर प्रजापालक, नीति-धर्म जान्ने र तेजस्वी थिए । भगवान् श्रीकृष्णको कृपाले दुकुरीमा सम्पत्तिको अभाव थिएन । अतः उनले अनेक यज्ञ गरे । उनका बन्धु बान्धव तथा पत्नी भाईहरू आज्ञा पालन गर्दथे । ती समस्त जम्बूद्वीपका चक्रवर्ती राजा थिए । तिनलाई समस्त भोगका सामग्री उपलब्ध थिए; जो देवताहरूलाई पनि दुर्लभ थियो । तर उनलाई ती भोगमा कुनै सुख थिएन । उनलाई भगवद्भजनमा नै आनन्द मिल्दथ्यो । हे शौनक ! जब उत्तराको गर्भको बालक ब्रह्मास्त्रको तेजले दग्ध हुनलाग्यो, तब श्रीकृष्ण भगवान् सूक्ष्मरूपले उत्तराको गर्भमा प्रवेश गरे । उनको त्यो ज्योतिर्मय सूक्ष्मरूप शरीर बुढी औंला जत्रै थियो । अत्यन्त राम्रो श्याम शरीर, बिजुली जस्तो तेजयुक्त, पीताम्बर धारण गरेको र शिरमा सूर्य जस्तै टल्कने मुकुट प्रकाशमान भइरहेको थियो । तिनको चार बाहूमा शंख, चक्र, गदा, पद्म शोभित थियो । राता नेत्र र कानमा कुण्डल एवं हातमा आगो झैं बल्दो गदा लिएर त्यस गर्भ स्थित बालकको वरिपरि घुमाइरहन्थे । जसरी सूर्य-

नारायण अन्धकार नाश गरिदिन्छन्, त्यसै गरी त्यो गदा अश्वत्थामाले छाडेको ब्रह्मास्त्रको आगोलाई शान्त पारिरहेको थियो। गर्भको त्यो बालक त्यो तेजोमय, ज्योतिर्मय शक्तिलाई आफ्नू चारैतिर घुमिरहेको प्रत्यक्ष देख्दै थियो। 'यो को होला ? कहाँबाट आयो होला ?' यस्तो विचार गर्भस्थ शिशुको मनमा उत्पन्न हुन्थ्यो। त्यसै बेला पाण्डवहरू यौटा ठूलो यज्ञको दीक्षा लिन राजा मरुतले यज्ञ गरेर छाडेको स्थानमा धन लिन उत्तरतर्फ गएका थिए। पाण्डवहरूको अनुपस्थितिमा र श्रीकृष्णको उपस्थितिमा दस महीना पुगेर बालक जन्मियो तर त्यो बालक गर्भबाट बाहिर निस्कनासाथ मरे जस्तो भयो। बालक मरेको देख्नासाथ सम्पूर्ण अन्तःपुरमा कोलाहल मच्चियो। शोकको समुद्र नै उल्ल जस्तो भयो। कुरुवंशलाई पिण्ड-पानी दिने केवल यही यौटा बालक जन्मेको थियो तर त्यो पनि मऱ्यो। कुन्ती, सुभद्रा, द्रौपदी आदि सबै महान शोकरूपी समुद्रमा डुबेर आँसू बगाउन थाले। उत्तराले मरेको बालकलाई जन्म दिइन् भन्ने सुनेर भगवान् श्रीकृष्ण तुरुन्त सात्यकिलाई लिएर अन्तःपुरमा जानुभयो। त्यहाँको करुण क्रन्दन सुनेर प्रभुको मन पनि दुःखी भयो। त्यति विलाप त युद्धमा मरेका पति-पुत्र, बन्धु-बान्धवका लागि पनि सुभद्रा र द्रौपदीले गरेका थिएनन्। जति त्यो मर्खर जन्मेको बालकका लागि गरिरहेका थिए। किन भने त्यही बालक तिनीहरूको वंशको बत्ती स्वरूप थियो। भगवान श्रीकृष्णलाई देख्नासाथ पाउमा परेर झन् उच्च स्वरले विलाप गर्दै रुन-कराउन लागे। अलिकति शान्ति भएपछि भने-हे मधुसूदन ! यो बालक ब्रह्मास्त्रले मर्ने छैन भन्ने हजुरको प्रतिज्ञा थियो र साठी वर्ष बाँचेर धर्मपूर्वक राज्य चलाउने छ पनि आज्ञा भएको थियो, तर यो त मुर्दा नै जन्मियो। यो हजुरको नाति अभिमन्युको छोरो हो। यो अश्वत्थामाको ब्रह्मास्त्रले मरेर भूमिमा ढलिरहेछ। हे मुरारे ! यस बालकलाई आफ्नू अमृतमय दृष्टिले जीवन-दान देऊ। यदि यस्तो गर्नु हुन्न भने पाँच पाण्डव सहित हामी सबै प्राण त्यागिदिने छौं। सुभद्राले भनिन्—हे दाज्यू ! मेरी बुहारी उत्तराले यही बालकको निम्ति

आफूलाई जीवित राखिन्, नत्र सती जाने थिइन् । यस्तो भएर पनि यो बालक जीवित रहन सकेन । हजुर त सर्वशक्तिमान् हुनुहुन्छ । अतः यसको रक्षा गर्नुहवस् । सबै रानीहरूको विलाप र उत्तराको कठोर शोक देखेर श्रीकृष्णले भन्नुभयो—अब तिमीहरू चिन्ता नगर, म अहिल्यै यस बालकलाई जीवित तुल्याउँछु । त्यसपछि भगवान् प्रसूति गृहमा जानुभयो । त्यहाँको प्रबन्ध पनि हेर्नुभयो । चारैं कुनामा जलपूर्ण घड़ा छन्, आगो बलिरहेको छ, घिउको आहुति पनि हालिदै छ, सेतो फूल र सरस्यूँ छरेको छ, टल्कने शस्त्र पनि राखिएको छ । यस विधिले यक्ष, राक्षस र अन्य व्यधिहरूद्वारा प्रसूति गृह पूर्ण सुरक्षित थियो । त्यसै वेला द्रौपदी आदि सबै रानीहरू दगुर्दै त्यहीं आइपुगे र भने—हे कल्याणि ! तिम्रो सामुन्ने तिम्रा ससुरा श्रीकृष्ण उभिएका छन्—यि सबैका जीवन-दाता हुन् । अनि श्रीकृष्णले आज्ञा भयो—छोरी ! अब तिमीले शोक गर्नु पर्दैन । तिम्रो छोरो अहिल्यै जीवित हुन्छ । मैले कहिल्यै पनि झूठो बोलेको छैन । सबैका सामुन्ने मैले जो प्रतिज्ञा गरेको छु, त्यो अवश्य पूर्ण हुन्छ, मैले तिम्रो यसबालकको रक्षा गदा तिम्रो गर्भमै गरें । त्यति नगरेको भए यो बालक उसै वेला मरिसक्ने थियो· उस ब्रह्मास्त्र प्रहार भएको थियो । यति भनेर श्रीकृष्णले त्यस बालकलाई आफ्नो सुधामय दृष्टिले हेर्दै भन्नुभयो—यदि मैले कहिल्यै मिथ्या बोलेको छैन र सदैव ब्रह्मचर्यको नियम पालन गरेको छु तथा युद्धमा कहिल्यै पिठिउँ देखाएको छैन एवं विसेर पनि पाप गरेको छैन भने अभिमन्युको यो मरिसकेको बालक तुरुन्त जीवित हवस् । श्रीकृष्णले त्यति भन्नासाथ बालक हातपाउ उसारेर रुन लाग्यो । सूतजी भन्दछन्—हे शौनक ! सत्य र धर्मको कारले श्रीकृष्णजीले ब्रह्मास्त्रलाई ब्रह्मलोक फर्काइदिए । योगेश्वरको यो अद्भुत देखेर अन्तःपुरका समस्त स्त्रीहरू छक्क परे र गोविन्दलाई दण्डवत् प्रणाम गरे । गोविन्द भगवान्ले बालकको नाम 'परीक्षित' राखिदिए । किनकि त्यो बालक कुरुकुल परिक्षीण (नाश) भइसकेपछि जन्मेको थियो । जब महाराज युधिष्ठिर फर्केर आए तब त्यो समाचार सुनेर प्रसन्न भई—गाई,

भूमि, हात्ती, अश्व, अन्न-वस्त्र, धन अनेक ब्राह्मण र याचकलाई दिए । अनि विज्ञ ज्योतिषीहरूलाई डाकी युधिष्ठिरले सोधे—हे ज्योतिर्विद् सज्जन हो ! यस बालकको भविष्य अर्थात् गुण-अवगुण के छ, भन्नुहवस् ।

ती जान्नेहरूले भने—हे धर्मराज ! यो बालक अत्यन्त प्रतापी, यशस्वी र इक्ष्वाकुकै समान प्रजा-पालक हुनेछ । राजा शिवी झैं दानी र अर्जुन समान धनुर्धारी तथा तपाईं झैं धर्मात्मा होला । अनेक ठूला-ठूला यज्ञको दीक्षा लिनेछन् र अधर्मी पापीहरूलाई दण्ड दिने छन् । कलियुगलाई दमन गरेर श्रीकृष्णको भक्त हुने छन् । यौटा ऋषिको श्राप द्वारा तक्षकले टोकेर मर्नु भन्दा पहिले गंगातटमा शुकदेवसँग आत्मज्ञान प्राप्त गरी गंगातटमै प्राण त्याग्नन् । ज्योतिषीहरू बिदा भएपछि बालक शुक्लपक्षका चन्द्रमा झैं प्रतिदिन बढ्न लागे । त्यसैताका राजा युधिष्ठिरले राजा मरुतको यज्ञमा गाडिएको धन ल्याएर राजसूय यज्ञ गरे । श्रीकृष्णले हेर-विचार गरिदिएर त्यो यज्ञ निर्विघ्न सम्पूर्ण भयो । केही दिनपछि श्रीकृष्ण अर्जुनलाई लिएर सबैसित बिदा भई द्वारका जानुभयो ।

अध्याय १३

राज्य परीक्षितकन मिल्यो बढ्यो कीर्ति जय छाइ । शिक्षा पाई विदुरको कुरुमणि हिंडे तपलाई ॥

सूतजी भन्दछन्—हे शौनक ! तीर्थाटन गरेर विदुरजी हस्तिनापुर आए । उनले मैत्रेयसंग आत्मज्ञान प्राप्त गरिसकेका थिए । हस्तिनापुर निवासीहरूलाई विदुर आए भन्नेज्ञान भयो । अनि युधिष्ठिर, भीम, अर्जुन, नकुल, सहदेव, धृतराष्ट्र, गान्धारी, युयुत्सु, संजय, कृपाचार्य, कुन्ती द्रौपदी सुभद्रा, कृपी आदि र नगरका अनेक नर-नारीहरू उनको दर्शन गर्न आए । विदुर सबैका हितैषी, शुभचिन्तक र प्रिय हुनाले सबैले यथायोग्य प्रणाम गरे । उनी आपनू नित्यकर्म सकेर बसेपछि युधिष्ठिरले भने—हे काका ! हजुरले हामीलाई चराइरुले झैं पालन-पोषण गर्नु भयो । बेला-

वेलामा हाम्रो प्राण रक्षा र विपत्तिबाट रक्षा गर्नु भयो । आज किन हामीलाई पटक्क बिर्से झैं गर्नु भएको ? तपाईं कुन-कुन प्रधान तीर्थमा जानुभयो ? त्यस तीर्थाटनमा कसरी जीवन निर्वाह भयो ? काका ! तपाईं द्वारका अवश्य जानुभयो होला, त्यहाँ हाम्रा आराध्यदेव श्रीकृष्ण आपना बन्धु-बान्धव सहित कुशल-मंगल त हुनुहुन्छ ? त्यहाँ नगएको भए पनि प्रभुको विषयमा अवश्य सुन्नु भएको होला ।

अजातशत्रु युधिष्ठिरको यस्ता कुरा सुनेर विदुरले उनलाई समस्त तीर्थहरूको वर्णन विस्तारले सुनाए, तर केवल यदुवंशको संहारभएको वर्णन सुनाएनन् । यदुवंशको विनाशको वर्णन सुनेर युधिष्ठिरलाई ठूलो शोक पर्दछ भन्ने कुरा विदुरलाई थाहा थियो । उनी पाण्डवहरूलाई दुःखी देख्न सक्तैनथे । यसै कारण यदुवंशको विनाशको वर्णन गरेनन् । केही दिनसम्म विदुरजी हस्तिनापुरमा सुखपूर्वक बसे । विदुर धर्मराजका अवतार थिए, तर माण्डव्य ऋषिको श्रापले सय वर्षसम्म शूद्र भएर बस्नु परेको थियो । कुनै समयमा यौटा राजाका सिपाहीहरूले माण्डव्यकै आश्रम नगीच कतिपय चोरहरूलाई समाते । तिनैहरूको साथमा माण्डव्यलाई पनि चोर ठानेर पक्रेर लगे । राजाले चोरहरूलाई सूली हाल्नु भन्ने आज्ञा दिए । ती चोरहरूका साथै माण्डव्यलाई पनि शूलीमा चढाए । तत्काल राजालाई—यी त माण्डव्य ऋषि हुन् भन्ने थाहा भयो र शूलीबाट झिक्ने आज्ञा दिए र थाहा नपाएर हुन गएको आफ्नो अपराधको क्षमा मागे । अनि माण्डव्यले यमराजकहाँ गएर सोधे—मलाई कुन पापमा शूली चढाउने दण्ड दिएको ! यमराजले उत्तर दिए—तिमीले सानैमा यौटा शलहलाई कुशको टुप्पाले घोचेका थियौ । ऋषिले भने—त्यो पाप मेरो अज्ञानावस्थाको थियो । त्यसको निम्ति यति कठोर दण्ड दियौ । अतः तिमी सय वर्षसम्म मनुष्य योनिमा जन्म लिएर मृत्युलोकमा रहने छौ ।

माण्डव्यको त्यस्तो श्रापले नै विदुरको अवतार भएको हो । उनी साक्षात् धर्मको गति राम्ररी जान्दथे । उनले आफ्ना दाजू धृतराष्ट्रलाई सम्झाए—

हे महाराज ! अब अत्यन्त नजाती समय आउँदैछ । हजुर यहाँबाट तत्काल वनतर्फ हिंड्नु हवस् । जुन डरलाग्दो काल आइरहेको छ, त्यसलाई कसैले पनि टार्न सक्तैन । हजुरका पुत्र-पौत्र आदि सबै नाश भइसके । वृद्धावस्थाले गर्दा सबै इन्द्रिय शिथिल भइसके, तैपानि किन भीमका बाण जस्ता तीखा वचन सुन्न यहाँ बस्नुहुन्छ । पाण्डवहरूलाई अनेक कष्ट दिनु, मान उद्योग गर्नु, तिनकी पत्नी द्रौपदीको सभाका बीचमा इज्जत लिनु, राज्य खोस्नु आदि गरिसकेर आज उनैले दिएको अन्न लाज नमानेर खाई शरीरको भरण-पोषण गर्नू के यो उचित हो ? अब हजुरलाई लिन काल शीघ्र आउन आँटेको छ । अतः मेरो कुरा मानेर संन्यास धारण गरी चुपचाप यहाँबाट उत्तराखण्डतिर प्रस्थान गर्नु हवस् । विदुरका यस्ता धार्मिक वचन धृतराष्ट्रलाई साँह्रै राम्रो लाग्यो, फेरि उनी प्रज्ञा-चक्षु थिए । उनी त्यसै रातमा गान्धारी र विदुरलाई लिएर कसैले थाहै नपाई वनको बाटो लागे ।

भोलिपल्ट नित्यकर्म सकी ब्राह्मणहरूलाई तिलपात्र गाई भूमि र सुवर्ण दान गरे र आजानुबाहु युधिष्ठिर जब धृतराष्ट्र, गान्धारी र विदुरको दर्शन गर्न आए, तब ती तीनै जनालाई त्यहाँ नदेखी केवल संजयलाई मात्र शोकग्रस्त बसिरहेको देखे । अनि मनमा व्याकुल भएर संजयलाई सोधे—हे संजय ! मेरा पिता धृतराष्ट्र, माता गान्धारी र सबैको हित चिताउने विदुरलाई देखिदन, कहाँ गए ? भीमसेनले केही बिझने कुरा भने कि ? ती पुत्र-शोकले दुःखी भएर गंगाजीमा डुब्न त गएनन् ? मैले नै कुनै अपराध गरें कि ? हरे ! ती कहाँ गए होलान् ?

सूतजीले भने—हे शौनक ! संजय शोकले काँतर भएका हुनाले उनको वाणी अवरुद्ध भयो । आँखाको आँसू पुछेर भने—हे युधिष्ठिर मलाई ती तीनै जनाको विषयमा केही पनि थाहा छैन । उनले मलाई आफ्नो कुनै पनि निश्चय वा संकल्पको विषयमा केही भनेनन् ती कहाँ गए, मलाई केही थाहा छैन । ठीक त्यसै मौकामा तुम्बुरु गन्धर्व सहित नारदजी त्यहाँ आइपुगे । युधिष्ठिरले देवर्षिको सत्कार पूजा गरेर आसनमा बसाले । अनि

युधिष्ठिरले सोधे—देवर्षे ! मेरा काका, काकी र पितृव्य (कान्छा बाबा) पुत्र-शोकले व्याकुल भएर कहाँ गए ? अनि नारदजीले भन्नुभयो—हे धर्मराज ! तिमी कुनै प्रकारको शोक नगर यो सम्पूर्ण विश्व परमात्माको अधीन छ र उही सबको सुरक्षा गर्दछ । तिमी आफूलाई 'म नै सबैको रक्षक हूँ' भन्ने मनमा ठान्दछौ, त्यो तिम्रो भूल हो । तिमी यो संसारलाई नाशवान् जान अथवा नमान, वा नित्य-अनित्य दुवैलाई मान, तर तिमीले जाने जतिको निम्ति शोक गर्नु उचित होइन । स्नेह, माया नै शोकको कारण हो, त्यसैले ममता र शोक दुवैलाई त्यागिदेऊ । यो पाञ्चभौतिक शरीर नाशवान् छ । फेरि यस जगतमा यौटा जीव अर्को जीवको आहार बन्दछ । पशु जति घाँस-पात खाएर जीवित रहन्छन्, ठूला जीव साना जीवलाई खाएर नै बाँच्दछन् । यसरी सम्पूर्ण प्राणी यौटा अर्कोको आहार बन्दछन् । यी सबैलाई जीवन दान दिने भगवान् यस बखत काल स्वरूप धारण गरेर तिनको नाश गर्न उत्पन्न भएका छन् । उनले आफ्नो सबै काम समाप्त पारिसकेका छन् । जबसम्म ती यहाँ छन्, तबसम्म तिमीहरू यहीं बस । पछि तिमीहरू पनि यहाँबाट जानु । हे धर्मराज ! तिम्रा काका धृतराष्ट्र, आमा गान्धारी विदुरसँग उत्तरापन्थमा सप्तश्रोत भन्ने स्थानमा कुटी बनाएर बसेका छन् । ती त्यहाँ तीनैकाल स्नान र अग्निहोत्र गर्दछन् । तिनका सबै पाप पखालिइसके । अब तिनका कामना पनि शान्त भइसके । सधैं भगवान्को ध्यानमा लागिरहनाले तीनै थरि गुण र अहंकार नाश भइसकेको छ । उनले आफूलाई भगवान्मा लीन गराइसके । संन्यास लिएर अब सुकेको वृक्ष जस्ता भइसकेका छन् । अर्को कुरा सुन—ती आजको पाँचौं दिन आपनू शरीर त्यागिदिनेछन् । वनमा डढेलो लाग्नाले ती त्यसैमा भस्म हुनेछन् । गान्धारी पनि त्यही अग्निमा भस्म हुनेछन् । अनि विदुर तीर्थाटनमा जानेछन् । अब तिमी उनीहरूलाई फर्काएर ल्याउने आशा नगर । यति भनेर नारदजी तुम्बुरुका साथै आकाश मार्गले गए । धर्मराजले नारदको उपदेश सुनेर शोक चिन्ता त्यागिदिए ।

अध्याय १४

नृपति डरे मनमा अति, देखि अशुभ उत्पात । सुने गए भगवान भनी, भयो मलिन तम गात ।

सूतजी भन्दछन्–हे शौनक ! श्रीकृष्णलाई भेट्न अर्जुन द्वारका गए । तिनी गएको निकै दिन भएर पनि खबर नपाउँदा धर्मराजलाई चिन्ता भयो । उनले भीमसेनलाई भने—हे भीमसेन ! अर्जुनलाई हाम्रा प्राणाधार श्रीकृष्णको कुशल-मंगल र उनको अगाडिको के कार्यक्रम छ, यो जान्न भनेर पठाएको, तर आजसम्म आएनन् । भीमसेन ! तिमी कालगति जान्दछौ–हेर, सम्पूर्ण भूतलमा उत्पात हुन थाले, दिनहुँ अनेक अपशकुन भइरहेछन् । आकाशमा उल्कापात र पृथ्वीमा भुइँचालो आइरहेछन् । मेरो बायाँ अंग फरफराइरहेछ, यो कुनै ठूलो आपत्ति वा दुर्घटनाको सूचना हो । स्याल पूर्व फर्केर कराउँछ । त्यसको मुखबाट आगोको ज्वाला निस्कन्छ । कुकुर, बिरालो दिउँसै रुन्छन् । गदहा, उल्लू, कौवा आदि रात्रिमा डरलाग्दो शब्द गरेर कराउँछन् । गाई देब्रे पारेर हिंड्छन् । सूर्य-चन्द्रको वरिपरि बारम्बार मण्डल लाग्दछ, बादल डरलाग्दो स्वरले गर्जन्छन् । पृथ्वीमा बारम्बार वज्र परिरहन्छ । ठूलठूला चक्रवात (आँधी) उठेर सबैतिर डरलाग्दो अन्धकार पारिदिन्छ । सूर्यको प्रकाश मधुरो देखिन्छ । आकाशबाट नक्षत्र र ताराहरू परस्पर ठक्कर खाएर पृथ्वीमा गिर्दैछन् । घृतमा अग्निका ज्वाला चढाउने शक्ति रहेन । गाईहरू हरबखत आँसू बगाउँछन् र बाछालाई दूध खान दिंदैनन् । देवताका प्रतिमाहरूमा पसीना आएको देखिन्छ । ती रोए जस्ता र कम्पित भए झैं छन् । यो सबैतिरको श्री-सौन्दर्य हीनता विपत्तिको पूर्वसूचना हो । यसले मेरो मन डराइरहेको छ । श्रीकृष्ण भगवान्ले यो लोक त्यागिदिनुभयो अथवा कुनै दुःखदायी घटना हुनेछ ।

राजा युधिष्ठिर भीमसेनसित यस्तै कुरा गरिरहेकै बेला अर्जुन आइपुगे । तिनका आँखाबाट आँसू बगिरहेको थियो । घाँटी निहुरिएको थियो, शरीर कान्तिहीन देखिन्थ्यो । ती आउनासाथ धर्मराजको पाउमा घोप्टिए ।

अनि धर्मराजले सोधे—हे धनञ्जय ! द्वारकामा हाम्रा बन्धु-बान्धव र यादव-हरू प्रसन्न छन् कि छैनन् । बाजे शूरसेन र मामा वसुदेव, माइजु देवकी आफ्ना सबै बहिनीहरू समेत र पुत्र-पौत्र आदि कुशल छन् ? राजा उग्रसेन र उनका भाई देवक, अक्रूर, जयन्त, गद, शत्रुजित, कृतवर्मा आदि यादव र बलराम प्रसन्न हुनुहुन्छ ? प्रद्युम्न, अनिरुद्ध, साम्ब, ऋषभ आदि सबै प्रसन्न र कुशल छन् ? हाम्रा स्वामी श्रीकृष्ण उद्धव आदि सबैलाई संचैछ ? ती आफ्नो सुधर्मा सभामा दिनहुँ बस्तछन् कि बस्तैनन् ? सत्यभामा, रुक्मिणी आदि आठ रानी र अन्य पटरानीहरू नित्य प्रभुको सेवा गर्दछन् कि गर्दैनन् ? हे पार्थ ! तिमीलाई त्यहाँ बस्ता केही संचो-बिसंचो त भएन ? तिम्रो कान्ति र तेज किन क्षीण देखिन्छ ? त्यहाँ कसैले अपमान त गरेन ? फेरि तिमीले कसैलाई केही दिन्छु भनेर दिन सकेनौ कि, कुनै प्रतिज्ञा पूरा भएन कि ? निमीले कुनै शरणागतलाई शरण लिन सकेनौ कि ? कुनै विप्र, बालक, गाई, रोगी, वृद्ध, असहाय तथा कुनै दीन हीन अबलाको सहायता नगरेर तिनलाई त्यागिदियौ कि ? तिमीले कुनै अगम्य नारीमा गमन गऱ्यौ कि ? गुरु पत्नी वा अन्य कुनै नाता पर्ने युवतीसित समागम त गरेनौ ? कुनै वृद्धले तिमीलाई सगरमा पराजित त गरेर ? बालक र बृद्धलाई नदिएर एक्लै त भोजन गरेनौ ? मलाई आशा र विश्वास छ कि तिमीले कुनै पनि अनुचित काम गरेका होवैनौ तापनि हाम्रा हितैषी एवं परम मित्र श्रीकृष्णसित अवश्य बिछोड़ भयो होला, यसै हेतु तिमीलाई मानसिक कष्ट छ र तिमी श्रीहीन भएका छौ ।

*

अध्याय १९

कलियुगले ढाक्यो भनी, भइ अत्यन्त उदास । गए युधिष्ठिर स्वर्गमा, भइ जगदेखि उदास ॥

सूतजी गन्दछन्—हे शौनक ! कुन्ती-पुत्र धनंजय भगवान् श्रीकृष्णको वियोगमा अत्यन्त व्याकुल थिए त्यसैमाथि धर्मराजले अनेक शंकायुक्त कुरा भनेको कुरा सुनेर उनको हृदय झन् सन्तप्त भयो । मुख सुकेर रंग

फीका भयो, आँखाबाट अविरल आँसूका धारा बग्नलागे, वाणी रोकियो र केही बोल्न सकेनन् । आफ्ना प्रियतम गोविन्दको सम्झनाले घुँक्क-घुँक्क पारिदियो । केही वेरमा धैर्य धारण गरेर भने—हे दाजू ! हाम्रा परम हितैषी दामोदरले हामीलाई झुक्याए, ठगे । ती हामीलाई त्यागेर यस लोकबाट गए । जसको कृपाले मेरो पराक्रमको सामुन्ने देवता पनि टिक्न सक्तैनथे, त्यो शक्ति मसंग लगिदिए । प्राण नभएको मुर्दा झैं मेरो शरीर भएको छ । मेले एक्लै द्रौपदीको स्वयंवरमा सारा राजाहरूलाई तेजहीन पारेर राजा द्रुपदको प्रतिज्ञा पूर्ण पारी उनै भगवान् श्रीकृष्णको कृपाले द्रौपदीलाई ल्याएको थिएँ । जुन श्रीकृष्णको कृपाले मेले इन्द्रलाई पराजित पारेर अग्नि-लाई खण्डव वन डढाउन दिएको थिएँ । उनकै कृपाले मय दानवले यो सभी-भवन बनाइदिएको थियो । उनकै कृपाले भीमसेनले बलवान् जरासन्धलाई मारेका । महाभारतको युद्धमा हाम्रो जीत हुनु पनि उनकै कृपा हो । उनकै कृपाले दुर्योधनसित साटो फेर्न पायौं । दुर्वासाको श्रापबाट उनैले हाम्रो रक्षा गरेका थिए । शंकरजीलाई प्रसन्न पारी मेले पाशुपातास्त्र पाउनु पनि उनकै दयाले हो । म यही शरीरले स्वर्ग गएर सुरराजको आधा आसनमा बस्न पाउनु पनि उनकै कृपा हो । मेले गाण्डीव धनु पाउनु र निवात कवच आदि दानवको संहार गर्नु पनि उनकै कृपा हो । जसको कृपाले हजुरले अनेकों यज्ञ गर्नु भयो, ती श्रीकृष्ण आज हामीलाई अनाथ अवस्थामा त्यागेर आफ्नो धाममा जानुभयो । हे महाराज ! पापिष्ट कौरवहरूको अपार सेना, जो उलेको समुद्र जस्तै असमेल थियो, जसमा भीष्म, द्रोण, कर्ण आदि ठूला-ठूला ग्राह समान थिए, मैले त्यो दुस्तर (तरिनसक्नु) संग्राम रूपी महा-सागर उनकै चरणको कृपाले एक्लै पारि तरें । हे ज्येष्ठ भ्राता ! हजुरलाई अवश्य सम्झना होला—विराट नगरमा जब कौरवहरूले राजा विराटका गाईहरू हरण गरेका थिए, त्यसवेला मेले एक्लै केवल श्रीकृष्णको कृपाले भीष्म, द्रोण, कर्ण आदि महारथीहरूको वस्त्राभूषण खोस्न सकेको थिएँ । फेरि महाभारतको युद्धमा भीष्म, द्रोण, कर्ण, शल्य, जयद्रथ, वाल्हीक,

सुशर्मा आदि ठूला ठूला वीरहरूलाई उनकै कृनाले मार्न सकें। उनले मेरो अघि-अघि हिंडेर दृष्टिपातले नै कौरव-सैन्यको आयु क्षीण पारिदिएका थिए। जयद्रथलाई मार्ने प्रतिज्ञा मैले उनकै दयाले पूर्ण पारें। म सान्है मूर्ख भएर उनलाई आफ्नो सारथी बनाएँ। युद्ध क्षेत्रमा जब घोड़ाहरू असक्त भएर थाक्ने तब म रथबाट वलेर भूमिमा उभिन्थें र श्रीकृष्ण घोडाको अंग मुसार्न थाल्दथे। त्यस वेला उनकै कृपाले शत्रुहरूको बुद्धि नष्ट हुन्थ्यो र ती ममाथि शस्त्र प्रहार गर्न सक्तैनथे। ती आफ्नो मीठो र मधुरो वाणीले मलाई पार्थ, भारत, धनंजय, सखा, कुरुनन्दन यस्ता सम्बोधन गर्दथे। उनले मलाई गीताको ज्ञान दिएर मनको अज्ञानता नष्ट पारिदिए। उनी सधैं मसँग खाने-पिउने, सुत्ने, बस्ने, डुल्ने र कुराकानी गर्ने गर्दथे। कहिले काहीं मैले व्यंग्य वचन बोलेको पनि उनी सहन गर्दथे। हे महाराज! ती मेरा मित्र, सखा र प्राण नै थिए। अब म उनी नहुँदा जीवित नै मुर्दा भइसकेको छु। म हजुरसित के भनूँ, भन्न पनि लाज लागिरहेको छ। द्वारकाबाट श्रीकृष्णका गनीहरूलाई हस्तिनापुर ल्याइरहेको थिएँ बाटोमा भिल्लहरूले मलाई यौटा निर्वल, साधारण व्यक्ति जस्तै जिते र ती अबला नारीहरूको मैले रक्षा गर्न सकिन। मेरो गाण्डीव धनु उही हो, मेरो बल र पराक्रम पनि उही हो। रथ र घोड़ा पनि उही हुन्, ठूला-ठूला योद्धाहरूको प्राण लिने बाण पनि उनै हुन् तर म लाचार भएँ। जुन पार्थले आफ्नो जीवनमा कुनै पनि शत्रुसित हारेन, पराजित भएन, आज उही पार्थ अबला जस्तै भिल्ल-हरूसित पराजित भयो र अबला नारीको रक्षा गर्न सकेन। मेरो संरक्षणमा आएका श्रीकृष्णका सुन्दरी रानीहरू र समस्त वस्त्र आभूषण, धन आदि कुनै पनि मैले बचाउन सकिन। हे भ्राता! श्रीकृष्ण बिना मेरो शक्ति क्षीण भइसकेछ। खरानीमा हालेको आहुति र बाँझोमा छरेको बीज एवं प्राण हीन शरीर व्यर्थ भए झैं म आफूलाई अनुभव गरिरहेको छु, हे महाराज! हजुरले जुन यादवहरूको कुशल-मंगल सोध्नुभयो ती सबै ब्राह्मणको श्रापले दुर्बुद्धि भएर आपसमा पुगेर धेरै मदिरा पान गरी परस्पर योटाले अर्कालाई मार-काट

गरेर सबै स्वाहा भए । तिनमा केवल चार-पाँच मात्र बाँचे । यो पनि उनै भगवान् श्रीकृष्णको लीला हो । उनैले ती सबैलाई पालन-पोषण गरेर शक्ति-शाली तुल्याएका थिए । तिनैहरू द्वारा स-साना राजाका राज्यको नाश गराई परस्पर युद्धाग्निमा होमिन कर लगाए भने पनि अत्युक्ति हुँदैन । किनकि उनले इच्छा गरेको भए त्यो संहार रोक्न सक्ने थिए र रोकिने पनि थियो, तर पृथ्वीको भार हलुको पार्न पनि आवश्यक थियो । जसरी अगाध समुद्रमा ठूला जन्तुले साना जन्तुलाई खान्छन् र ती साना-साना जन्तु मिलेर त्यो ठूलो जन्तुलाई पनि खाइदिन्छन् । हे भ्राता ! उनले मलाई गीता-ज्ञान दिएर मेरो बुद्धि निर्मल पारिदिएका हुनाले मलाई शोक छैन र मेरो चित्त उनमै लीन भइसकेको छ ।

सूतजी भन्दछन्—हे शौनक ! श्रीकृष्णको वियोगमा अर्जुन काँतर भएर अबला नारी झैं रोए पनि गीता-ज्ञानले आफ्नो शोक चाँडैनै रोक्न उनी समर्थ भए । उनको अभिमान धूलो भयो । पार्थको मुखबाट श्रीकृष्ण स्वर्गारोहण भएको र समस्त यादवहरूको नाशको समाचार सुनेपछि धर्म-राजले तत्काल आफ्नो कर्तव्य निश्चय गर्नु भयो । उनले अर्जुनसित भने—हे विजय ! अब शीघ्र नै हामीहरूले स्वर्गारोहण गर्नुपर्दछ । घोर कलियुग आउनाले र श्रीकृष्ण नहुनाले हामीले अब यहाँ बस्न हुँदैन । कुन्तीले जब श्रीकृष्ण भगवान् निजधाममा जानुभयो र शरीर त्यागि दिनुभयो भन्ने सुने पछि आफ्नू मन-चित्त प्रभुमा लगाएर देह त्याग गरिन् । जसरी काँढाले काँढा झिकेर दुवै काँढा फालिदिन्छन्, उसै गरी श्रीकृष्णले लौकिक शरीरले भूमि-को भार उतारी परमधाम जानुभयो । त्यसपछि युधिष्ठिरले कलियुगको प्रभाव बढ्दै आएको देखेर यहाँबाट प्रस्थान गर्ने पक्का निधो गरेर आफ्नो बलवान पौत्र परीक्षितलाई सारा पृथ्वीको राज्य दिएर हस्तिनापुरमा राज्या-भिषेक गरिदिए । शूरसेन देशको राजा बनाएर अनिरुद्धका छोरा वज्रको राज्य-तिलक गरिदिए । त्यसपछि राजा युधिष्ठिरले प्रजापति यज्ञ गरेर समस्त अग्निलाई आफूमा लीन गरे । अनि संन्यास लिए र समस्त राजसी वस्त्रा-

भूषण त्यागिदिए । मानापमान, अहंकार र मोह त्यागी मन र वाणी वशमा पारी सम्पूर्ण वायुहरूलाई मृत्युमा लीन गराई, त्यो मृत्युलाई आफ्नो शरीर-मा लीन गराए । उनले सत्व, रज, तममा देह मिलाए । यी तीनै गुणलाई प्रकृतिमा लीन गराई त्यस प्रकृतिलाई आत्मामा लीन गरे अनि आत्मालाई परब्रह्ममा लीन गराए । अनि उनलाई सम्पूर्ण विश्व ब्रह्मरूप देखिन लाग्यो । त्यसपछि अन्न-जल त्यागी, चीर वस्त्र पहिरी, मौन धारण गरी उनले आफ्नो कपाल फुकाइदिए र कान नसुन्ने बहिरो जस्तो भई महलबाट निस्केर उत्तर-तिरको बाटो लागे । अनि भीमसेन, पार्थ, नकुल, सहदेव र द्रौपदी आदिले युधिष्ठिरलाई माया-मोह त्यागेर त्यसरी हिंडेको देखी ती सबै पनि पछिलागे । तिनीहरूले श्रीकृष्ण भगवान्का चरणको अनन्य भावले ध्यान गरे र उनकै चरणमा लीन भए । त्यसपछि गोविन्दको प्रेममा निमग्न भएर ती सबै जना उत्तरापन्थको बाटो लागे । उता विदुरले पनि प्रभास क्षेत्रमा भगवान्मय भएर देह त्यागी आफ्नू यमलोकमा गए । श्रीकृष्णका अनन्य भक्त पाण्डवहरूको महाप्रयाणको कथा सुन्ने व्यक्ति सहजै गोलोक प्राप्त गर्दछ ।

अध्याय १६

स्वर्ग र पृथ्वीको जहाँ, भयो धर्म युत बात । पुगे परीक्षित पनि त्यहीं नलिइ कसैकन साथ ॥

सूतजीले भने—हे शौनक ! पुण्यात्मा पाण्डवहरू महाप्रयाण को लागि गएर जब पुण्यलोक प्राप्त गरे तब वीरहरूमा श्रेष्ठ राजा परीक्षितले प्रजाको शासन नीति-धर्म र ब्राह्मणहरूको सल्लाहले गर्नलागे । तिनले उत्तर नरेश-को छोरी इरावतीसित विवाह गरे । ती महारानीतर्फ तिनका चार छोरा भए । आचार्य कृपलाई गुरु तुल्याई गंगाको तटमा तीन अश्वमेध यज्ञ गरे । यी यज्ञमा अनन्त धन ब्राह्मणहरूलाई दान दिए । त्यसपछि उनी जब दिग्वि-जयको निम्ति हिंडे तब राजाको रूपमा कलियुगलाई योटी गाई र योटा

गोरूलाई कुट्न लागेको देखे। अनि परीक्षितले त्यस कलियुगलाई समातेर दण्ड दिए।

यति सुनेर शौनकले सोधे—हे सूतजी! राजाले कलिलाई केवल दण्ड दिएर मात्र किन छाडिदिए। त्यसको प्राण किन लिएनन्? राजाको रूपमा त्यो शूद्र को थियो? गाई र गोरूलाई किन लात्तिले कुटिरहेको थियो? यो कथा विस्तारले सुनाउनु हवस्। यस्तो प्रश्न सुनेर सूतजी भन्नुहुन्छ—हे शौनक! यहाँ उपस्थित सबै ऋषिहरूले आपनो तपस्याको प्रभावले यमराजलाई पनि धर्म क्षेत्रमा डाक्यो। जबसम्म यमराज यहाँ रहनु हुनेछ, तब सम्म कसैको पनि मृत्यु हुने छैन। यस निम्ति अल्पायु मानिसहरूलाई यो अति उत्तम समय छ—भगवान्को लीलाहरूको कीर्तन र रस-पान गर्न। मनुष्य आफ्नो आयु व्यर्थमा नष्ट गर्दछन्। रात्रि निद्रामा व्यतीत हुन्छ र दिउँसो धन कमाउन दगुर्दा साँझ पर्दछ! यस निम्ति भगवान्का लीलाहरूको वर्णन जति समय गर्न सकिन्छ, त्यही मात्र सफल र उपयोगी मान्नुपर्दछ। अब म त्यो पुरुषको विषयमा भन्दछु—सुन्नु हवस्। सूतजीले भने—राजा परीक्षित कुरुजांगल देशमा आनन्दपूर्वक राज्य गर्दथे। कलियुगले मेरो राज्यमा पाइला हालिसक्यो भन्ने जानेपछि उनलाई कष्ट त निकै भयो तर लड़ाइँ गर्ने उत्तम अवसर हात लाग्यो भनेर मनको सारा कष्ट बिर्सी तत्काल चतुरंगिणी सेना सज्जित पार्ने आज्ञा दिए र श्यामवर्णको अश्व जोतिएको रथ, जसमा सिंहको आकृति भएको ध्वजा थियो, धनुष-बाण र अन्य शस्त्रास्त्र लिएर नगरको बाहिर निस्के। उनले भद्राश्व, केतुमाल, भारत, उत्तर-कुरुजांगल र किंपुरुष आदि धेरै देशहरूका राजालाई जितेर आफ्नो आधिपत्य स्वीकार गराए। त्यस दिग्विजयमा आफ्ना पूर्वज पाण्डहरूको यश-कीर्ति पनि सबैतिर सुन्न पाए। श्रीकृष्ण भगवानसित पाण्डवहरूको कस्तो घनिष्ठता थियो भन्ने पनि विस्तारले सुन्न पाए। राजा परीक्षित पूर्वजको गुण-गान सुनेर निकै प्रसन्न भए र गुण-गान गनेलाई प्रसस्त धन पनि दिए। श्रीकृष्ण भगवान् प्रेमको अधीन भएर पाण्डवहरूको सखा; सारथि,

दूत र सभासद एवं सेवक पनि बनेका थिए। यहाँसम्म कि राती पाण्डवहरू सुतेपछि उनी वीरासनमा बसेर पाण्डवहरूको शिविर-रक्षा गर्दथे भन्ने पनि सुने। त्यति मात्र होइन—पाण्डवहरूको चरणमा समस्त विश्वलाई नै निहुराइ-दिएका थिए। यस्तो भगवद्लीला सुनेर परीक्षित हर्षले गद्गद् हुन्थे र दिन प्रतिदिन श्रीकृष्णको भक्ति उनको हृदयमा बढ्दै जान्थ्यो। त्यसैताका धर्मले गोरूको रूपमा एक दिन गो-रूपिणी पृथ्वीलाई भेटे। ती गाईका आँखा-बाट आँसू बगिरहेको थियो। ती श्रीहीन जस्ती देखिएकी थिइन्। तब धर्मले पृथ्वीलाई सोधे—हे देवि! तिम्रो मुख किन मलीन छ? अवश्य तिमी श्रीहीन र दुःखी छौ। तिमी कसको चिन्ता गरिरहेकी छौ? अब म यौटे खुट्टाको भइसकें भनेर मेरै चिन्ता त गरेकी होइनौ? तिम्रो शासनकर्ता राजा अब शूद्र हुनेछ भनेर चिन्ता गरेकी त होइनौ? अब देवताहरू यज्ञमा आहुति पाउने छैनन् भन्ने चिन्ता त तिमीलाई लागेको छैन? निरन्तर अकाल दुर्भिक्षमा प्रजा पीडित हुनेछन् भन्ने चिन्ता त तिमीलाई परेको छैन? अब जसका रक्षक कोही रहने छैनन् त्यस्ता स्त्री र बालकहरूको शोक त तिमीलाई लागिरहेको छैन? हे माता वसुन्धरे! मेरो विचारमा तिमी अवश्य पनि भगवान् मधुसूदनको वियोगमा दुःखी भएकी छौ। उनले नै आफ्नू लीला समाप्त पारेर तिमीलाई श्रीहीन र दुःखी तुल्याए। आफ्नो कष्टको कारण मलाई अवश्य मान। यो बलवान् कालले तिमीलाई सौभाग्यहीन तुल्याइदियो। यति सुनेर पृथ्वी भन्दछिन्—हे धर्म! तिमी सबै कुरा जान्ने भएर पनि मसित मेरो दुःखको कारण सोधिरहेका छौ? जुन प्रभुको कृपाले तिमी चार चरणका थियौ, तिम्रो चार चरण थियो, अब उनै नरहनाले केवल एक पाउवाला मात्र रहेका छौ। जुन भगवान् श्रीकृष्णमा अप्राकृतिक उन-चालीस गुणहरू थिए—सत्य, पवित्रता, क्षमा, दया, सन्तोष, त्याग, शम, दम, सरलता, क्षमता, शास्त्र चिन्तन, उपरति, तितिक्षा, ज्ञान, वैराग्य, शौर्य, तेज, ऐश्वर्य, बल, स्मृति, कान्ति, कौशल, स्वतन्त्रता, निर्भीकता, कोमलता, धैर्य, साहस, शील, विनय, सौभाग्य, बल, उत्साह गम्भीरता, कीर्ति, आस्ति-

कता, स्थिरता, गौरव र निरहङ्कारता आदि समस्त गुण प्रसस्त मात्रामा केन्द्रित थिए र शरणागत-वत्सलता आदि महान् गुण सदैव उपस्थित वा विद्यमान रहन्थे । उनै प्रभु निज धाममा जानाले यो घोर कलियुग ममाथि आइलागेको छ । मलाई तिम्रो निम्ति र देवता, पितृ, ऋषि-मुनि, साधु, संन्यासी आदि सबैको निम्ति ठूलो शोक छ । भगवान्का जुन चरणको सेवा सदा लक्ष्मी गर्दछिन्, जसमा वज्र, अंकुश, कमल, ध्वजा आदि चिह्न-हरू अंकित छन्, ती चरण ममाथि टेकिन्थे । तिनै चरणको कृपाले म सौभाग्यवती थिएँ तर अब मेरो सौभाग्य सकियो । मलाई त्यस सौभाग्य प्राप्तिमा गौरव र अभिमान थियो, यसैले श्रीकृष्ण भगवान्ले मलाई यस अवस्थामा पारिदिए । उनले यदुवंशमा अवतार लिएर अनेक असुर तथा पापी, दुष्ट राजाहरूका हजारौं अक्षौहिणी सेनाको संहार गरेर मेरो भारी हल्को पारिदिए । यस्ता भगवान्को विरह कसलाई दुःखदायी होवैन । धर्म र पृथ्वी यस्ता प्रकारका कुरा गरिरहेकै वेला राजा परीक्षित पापनाशिनी सरस्वती नदीको तटमा आइपुगे ।

अध्याय १७

अरे दुष्ट ! कलिकाल तँ दिन्छस् कष्ट महान् । भन्दै खैंचे नृपतिले आफ्नै तीखो बाण ॥

सूतजी भन्दछन्—हे शौनक ! उही सरस्वती नदीको तटमा राजा परीक्षितले मुकुट धारण गरेको यौटा शूद्रलाई हातमा लट्ठी लिएर यौटी गाई र यौटा गोरूलाई नराम्रोसित कुटिरहेको देखे । सेतो गोरू निकै राम्रो थियो, तर खुट्टाचाहीं यौटा मात्र थियो र शूद्रको डरले थर्थरि कामिरहेको थियो र बराबर मल-मूत्र त्यागिरहेको थियो । त्यहीं नगीचै कामधेनु झैं राम्री गाई, त्यो शूद्रद्वारा ठक्कर खाइरहेकी थिइन् । त्यो भोक-प्यासले आँसू बगाइरहेकी थिइन् । सुवर्णको रथमा बसेका राजा परीक्षितले धनुषमा बाण चढाएर मेघ झैं गम्भीर वाणीमा गर्जेर भने—हे दुष्ट, पापी, नराधम !

तँ को होस् ? यी गाई र गोरूलाई यसरी कुटिरहेको छस्, किन ? तेरो वेष-भूषा राजा जस्तो छ तर काम शूद्रको जस्तो छ । के तैंले अर्जुनको यो गाण्डीव धनुषलाई चिन्हीनस् ? तँ यो एकान्त स्थानमा यी निर्दोष पशुहहरूलाई निर्दयी भएर कुटिरहेको छस् । अतः तँ ठूलो अपराधी होस्, तँलाई यसको उचित दण्ड तेरो वध गर्नु नै हो राजा परीक्षितको यस्तो वचन सुनेर कलियुग डरले काँन लाग्यो ।

त्यसपछि राजाले गोरूलाई सोधे—हे वृषभ ! तिम्रा यी तीन पाऊ कसरी भाँचिए । तिमी यौटा खुट्टाले कसरी हिंड्न सक्दछौ ? तिमी गोरू हौ कि कुनै देवता हौ ? अब तिमी नडराइकन मलाई सारा वत्तान्त सुनाऊ । मेरो यो धर्म-राज्यमा तिमी बाहेक आँसू बगाउने अन्य कोही पनि देखिएन, हे धेनु पुत्र ! अब तिमीले कुमै किसिमको भय भान्नु पर्दैन । म दुष्टलाई उचित दण्ड दिन्छु । हे गो-माता ! तिमी पनि अब नरोऊ । नडराइकन आफ्नो दुःख यथार्थ वर्णन गर । तिमीले कुनै अपराध त गरेकी छैनौ ? यदि छैन भने तिम्रा यी तीन खुट्टा कसले र किन काटिदियो ? कुन पापिष्टले पाण्डव वंशको निर्मल कीर्तिमा कलंक लगायो ? जुन देशका बाघ र बाख्रा सँगै यौटै घाटमा पानी पिउँछन्, त्यस राज्यमा यस्तो घोर पाप कसले गर्न सक्यो ? त्यो पापी साक्षात् देवता नै भए पनि त्यसका हात काटिदिन्छु । त्यति सुनेर धर्मले भने—हे महाराज ! हजुरको जन्म पवित्रात्मा पाण्डव वंशमा भएको छ । श्रीकृष्णका अनन्य भक्त थिए हजुरका पूर्वज । अतः अति कुरा भन्नुथयो त्यो हजुरको योग्य छ । हे राजन् ! संसारका जीवलाई कसले दुःख दिन्छ, यो कुरा हामी जान्दैनौं शास्त्रमा पनि अनेक किसिमले यसको निरूपण गरेको पाइन्छ । द्वैतलाई नमान्ने व्यक्ति समस्त दुःखको कारण आफूलाई नै मान्दछन् । फेरि एक थरि प्रारब्धलाई नै कष्टको कारण र कर्मलाई नै दुःखको हेतु मान्दछन् । कतिपय विद्वान दुःखको कारण स्वभाव भन्छन् र कतिपय व्यक्ति कष्टका मुख्य कारण ईश्वर नै हुन् भन्दछन् । हे राजन् ! यिनमा दुःखको कारण के हो हजूरले नै तोकिदिनु हुस् ।

सूतजी भन्नुहुन्छ—हे शौनक ! राजा परीक्षित गोरूले भनेको त्यस्तो वचन सुनेर प्रसन्न भए । उनको शोक पनि कम भयो र भने—हे वृषभ ! तपाईं अवश्य पनि गोरूको रूप धारण गरेका धर्म हुनुहुन्छ ।।

यी गाईरूपकी पृथ्वी हुन् । तपाईं धर्म जान्ने हुनाले दुःख दिनेको नाम भन्नु भएन । हे धर्म ! सत्ययुगमा तिम्रो पवित्रता, तप, दया र सत्य यी चार पाऊ थिए । त्रेतायुगमा तीन पाऊ रहे, द्वापरमा दुइ पाऊ भयो र अब यो कलियुगमा यौटा पाऊ मात्र रह्यो । यो अधर्मरूपी कलियुग आपनो असत्यको प्रभावले त्यो एक चरण पनि नष्ट गर्ने प्रयत्न गर्दैछ । श्रीकृष्ण भगवान्‌ले गाईरूपी पृथ्वीको भार हल्लुको पारिदिनु भएको थियो । उनी गोलोक धाम गएपछि पापी शूद्र राजाहरू पृथ्वीको उपभोग गर्नछन् र पृथ्वीमा अनेक थरिका पाप कर्म गर्नेछन् । यही कारणले गो-माता दुःखी छन् ।

यति भनेर परीक्षित राजाले पापी शूद्र राजसी रूपधारी कलियुगलाई मार्न आफ्नू धारिलो तरवार झिके । कलियुगले आपनो प्राण-रक्षा नहुने देखेर व्याकुल भई राजसी रूप फालेर राजा परीक्षितको चरणमा घोप्टियो । राजा परीक्षित शरणागत वत्सल र दयालु हुनाले हुनाले शरणमा आएको त्यस कलियुगलाई मार्न अनुचित ठानी हाँस्ते भने—हे कलि ! तँ मेरो शरणमा आइस्, अब डराउनु पर्दैन । तर तँ अधर्मको मित्र हुनाले मेरो राज्यमा बस्नु उचित छैन । अधर्म र पाप, मिथ्या, चोरी, कपट, दरिद्रता आदि अनेक दुर्गुणहरूको मूल कारण तँ नै होस् । अतः मेरो राज्यमा एक छिनको निम्ति पनि बस्न पाउन्नस् यहाँबाट तुरुन्त भागीहाल । मेरो राज्यमा सत्य र धर्मको निवास छ । यस राज्यमा साधु, सन्त, धर्मात्मा, ठूला-ठूला याज्ञिक, हरि-भक्त बस्तछन् । यहाँ देवताहरूको पूजा नित्य गरिन्छ ।

सूतजी भन्दछन्—हे शौनक ! राजा परीक्षितको त्यस्तो कठोर आज्ञा र कालस्वरूप हातमा तरवार लिएर सामुन्ने उभिएको देखी त्यो कलियुग डरले काम्न लाग्यो र विनयपूर्वक भन्यो—हे राजन् ! हजुरको राज्य समस्त

पृथ्वीभरि छ अतः मैले निर्भय भएर बस्ने स्थान हजुर नै आज्ञा हवस् । जता हेरे पनि हजुरको कालरूप तरवार लिएको रूप स्पष्ट देख्दछु । मैले आफू बस्ने स्थान म कतै पनि देखिरहेको छैन । सूतजी भन्नुहुन्छ—हे शौनक ! कलियुगको त्यस्ता वचन सुनेर परीक्षितलाई दया लागेर आयो र भने—हे कलियुग ! तेरो निम्ति म चार ठाउँ भन्दछु—जूआ, रक्सी, हिंसा र स्त्री-प्रसंग । यी चारै स्थानमा मिथ्या, मद, आसक्ति र निर्दयता सदा बस्तछन् । यति सुनेर कलियुगले बिन्ती गऱ्यो—हे उत्तरानन्दन ! यी चार स्थानले मलाई पुग्दैन, अझ कुनै स्थान दिनुहवस् । त्यति सुनेर दयालु राजा परीक्षितले कलियुगलाई पाँचौं स्थान 'सुवर्ण' पनि दिए । यी पाँचै स्थानमा—मिथ्या, अभिमान, काम, वैरत्व र रजोगुण, अहङ्कार समान रूपले सदैव विद्यमान रहन्छन् । त्यसपछि कलियुग तिनै स्थानहरूमा बस्न लाग्यो तर त्यसै बेला राजाको सुनको मुकुट देखेर त्यसैमा बस्यो । राजा परीक्षितले धर्मको वृद्धि गरेर तपस्या, शौच र दया तीन चरण पनि जोरिदिए । फेरि पृथ्वीको वृद्धि गरेर उसलाई पनि सन्तुष्ट पारिदिए । सूतजीले भने—हे शौनक ! तिनै राजा अब धर्मपूर्वक समस्त पृथ्वीको राज्य शासन र पालन गरिरहेका छन् । तिनै राजा परीक्षित चक्रवर्ती सम्राटको रूपमा आफ्ना बाजे धर्मराज युधिष्ठिर जस्तै हस्तिनापुरमा बस्तछन् । ती उत्तरानन्दन प्रतापी, सौभाग्यशाली र राज्यलक्ष्मीले शोभायमान भएर कलियुगलाई वशमा पारी राज्य गरिरहेका छन्, उनै धर्मात्मा राजाको राज्यमा हामीहरू यो दीर्घकालीन (धेरै दिनको) यज्ञ गरिरहेका छौं ।'

अध्याय १८

गरे परीक्षितले शुरू कलिवश मैकन पाप । शृङ्गीऋषिले क्रोधमा दिए मृत्युको श्राप ॥

सूतजीले भने—हे शौनक ! भगवान् श्रीकृष्णको लीला विचित्र र आश्चर्यजनक छ । उनले नै उत्तराको गर्भमा प्रचण्ड ब्रह्मास्त्रबाट रक्षा गरेका

थिए । उनैले राजा परीक्षितलाई आफ्नो भक्ति दिए र संसारी माया-जालमा अल्झेका राजालाई ब्राह्मणको श्राप पारेर हँसले दूध-पानी छुट्याए झैं अलग्ग पारिदिए । राजा परीक्षित अन्त्य समयमा वैराग्य लिएर गंगा-तटमा गए र शुकदेवबाट भगवान्‌को कथारूपी अमृत पिउन लागे । जुन व्यक्तिलाई अन्त्यकालमा मोहले छोएन र जो भगवानको भक्तिमा लीन हुन्छन्, तिनलाई अवश्य मुक्ति मिल्दछ । कलियुग पृथ्वीमा फैलिइसकेको थियो । भगवान् श्रीकृष्णको स्वर्गारोहण हुँदा नै कलियुग आइसकेको थियो, तर राजा परीक्षितको शासन कालमा पृथ्वीमा त्यसको कुनै प्रभाव थिएन । राजा परीक्षित समदर्शी र ज्ञानी थिए । तो कलियुगको द्रोह वा द्वेष गर्दैनथे । कलियुगमा अनेक पुण्यकार्य केवल मनले विचार गर्दैमा फल दिन्थे, तर पाप कर्म चाहिं केवल संकल्प मात्रले कुनै फल दिंदैनथे । कलिमा अलिकति पनि हरि-कीर्तन भगवत् कथाको पाठ अनन्त फल दिने हुन्छन् । केवल नाम कीर्तन गर्नाले नै कलियुगमा पाप नाश हुन्छन् । अन्य युगमा ठूल-ठूला ऋषि, महात्मा, राजर्षि, जप, यज्ञ, दान आदि बाँचुञ्जेल गरे पनि त्यो फल प्राप्त गर्न सक्तैनन् जुन फल कलिमा केवल प्रभुको हृदयले सम्झना गर्दा पाइन्छ । इनै कारणहरूले गर्दा राजा परीक्षितले कलियुगको प्राण लिएनन् । उनले विचार गरे—सावधान मनुष्यको कलिले केही हानि गर्न सक्तैन । ऋषिहरूले सोधे—हे सूतजी ! तपाईको लामो आयु होस् । हामीलाई भगवत् कथाको रस पान गराउनु हुन्छ । हामी लामो अवधिसम्म चलिरहने यो यज्ञ गर्दैछौं, यस यज्ञको धूआँले हाम्रा केश जटा कैला भइसके तर यी यज्ञले हामीलाई भगवान् प्राप्त हुन्छन् वा हुँदैनन् यो भन्न सकिन्न तापनि तपाईंले हामीलाई कथारूपी अमृत पिलाएर थोरै कालमा नै हरिभक्ति प्रदान गरिदिनु भयो ।

हे सूतजी ! तपाईले सत्पुरुषको संगत गरेर भगवत् कथाको पूर्ण ज्ञान पाइसक्नु भएको छ । अतः अब भगवत् कथाको विस्तारले वर्णन गर्ने कृपा गर्नु हवस् । राजा परीक्षितले शुकदेवबाट जुन विशुद्ध भगवद्भक्ति पाएका थिए हामीलाई त्यही सुनाउनु हवस् । सूतजी भन्दछन्—हे ऋषिगण हो !

म नीच कुलमा जन्मे पनि आफूलाई भाग्यमानी ठान्दछु—यसैले मलाई महात्माहरूको सेवा र उनीहरूसंग कुराकानी गर्ने प्राप्त भइरहन्छ। हरि-भक्तहरूको एक छिनको संगतले पनि मनुष्य संसार पारी तर्दछन्। जुन भक्त-जन केवल भगवान्‌कै आश्रयमा रहन्छन्, तिनका सम्पूर्ण व्यथा स्वयं हराएर जान्छन् र अर्काको कष्ट मेट्न पनि समर्थ हुन्छन्। भगवान्‌का गुण अनन्त र लीला विचित्र छन्। प्रभुका गुणको विशेषता, उनको चरण-रजमा लुटु-पुटु गर्ने लक्ष्मीले नै जान्दछिन्। स्वयं ब्रह्माजीले उनको चरण पखालेर जगत् पवित्र पार्ने गंगालाई उत्पन्न गरे। त्यही गंगाजल भगवान् शिवको माथबाट बगेर समस्त संसारलाई पवित्र पार्दछ। अनन्त आकाशमा यौटा पक्षि जति बेर उड्न सक्तछ, त्यति नै म आफ्नो बुद्धि अनुसार उनको लीलाहरू वर्णन गर्दछु, हजुरहरू सुन्नु हवस्।

एक दिन राजा परीक्षित शिकार खेल्न वनका गएका थिए। जंगली पशुलाई लखेट्ता थाके। उनलाई भोक-प्यासले व्याकुल गरायो। जलाशय-को खोजीमा यता-उता डुल्दै तिनी शमीक ऋषिको आश्रममा पुगे। त्यहाँ महात्मा शमीक समाधि लगाएर आँखा चिम्ली शान्त भावमा आसनमा बसेका थिए। राजा परीक्षित प्यासले व्याकुल थिए। तिनले ऋषिसित पानी मागे, तर समाधिमा बसेका शमीकले राजालाई उत्तर दिएनन् र बस्ने आसन पनि दिएनन्। त्यो व्यवहार देखेर राजालाई रिस उठ्यो। यस प्रकारको अप-मान र क्रोधको यो पहिलो अवसर थियो। उनले विचार गरे—यी ऋषिले आँखा चिम्लेर ध्यान लगाएको पनि मिथ्या हो, मलाई देखेर यस्तो समाधि लगाएको हो। यसरी इनले मेरो अपमान गरेको हो। यस्तो विचार राजा-को मनमा ल्याउन उनको मुकुटमा भएको सुनमा बसिरहेको थियो र उनको बुद्धि विपरीत पारिदियो। तिनले त्यहीं नै भएको मरेको सर्प धनुषको टुप्पाले उचाली शमीकको घाँटीमा हालिदिए र नगरको बाटो लागे। केही माना बालकहरूले गएर शमीक को छोरा शृङ्गी ऋषिलाई त्यो कुरा सुनाए तब बालक शृङ्गीलाई रिस उठ्यो र उनले ती बालक हरूलाई भने—म त्यो

दुष्ट राजालाई अहिल्यै यस्तो दण्ड पिन्छु कि फेरि त्यसले कुनै पनि ब्राह्मणको यसरी अपमान गर्न सक्ने छैन । यति भनेर अंजलीमा जल लिई त्यसलाई मन्त्रले अभिमन्त्रित पारी राजा परीक्षितलाई श्राप दिए-आजको सात दिनमा तिमीलाई सर्पले डसेर मर्दछौ । राजालाई यस्तो श्राप दिएर ती आफ्नो पिता-कहाँ आए र पिताको घाँटीमा मरेको सर्प देखेर रुनलागे । छोरो रोएको सुनेर शमीक ऋषिको समाधि खुल्यो र उनले छोरोलाई रुने कारण सोधे अनि आफ्नो घाँटीमा मरेको सर्प पनि देख । बाकल शृङ्गीले पितालाई सबै वृत्तान्त सुनाए र राजा परीक्षितलाई श्राप दिएको कुरा पनि भने । राजालाई श्राप दिएको कुरा सुनेर शमीक ऋषिलाई अत्यन्त दुःख लाग्यो र छोरोलाई भने-अरे मूर्ख बालक ! तिमीले यो घोर पाप गऱ्यौ । ती राजाको सानो अपराधमा ठूलो दण्ड दियौ । तिमीले भगवद्भक्त राजालाई श्राप दिएर सारा संसारका प्राणीको निम्ति अनर्थ गरिदियौ । तिनको राज्यका सारा प्रजा सुखी छन् । सबै निर्भय भएर जप,-तप, यज्ञ आदि गर्दछन् । ती धर्मात्मा राजाको राज्यमा सिंह र गाई यौटै घाटमा पानी पिउँछन् । चौर र डाकाको नामै छैन । अब ती राजा नभएपछि प्रजामा विद्रोह हुनेछ, वर्णसंकर बढ्ने छन्; अधर्मको साम्राज्य बढ्ने छ । यी राजा कदापि श्राप दिन योग्य थिए-नन् । तिमीले यस्ता निष्पाप राजाको घोर अपराध गऱ्यौ । राजाले पनि तिमीलाई श्राप दिन्छन् कि भन्ने डर लागिरहेछ, तर ती ज्ञानी हुनाले त्यस्तो गर्नै छैनन् । ऋषि शमीक छोरोको अपराधले पछिनो गर्नलागे ।

— —

अध्याय १९

राज्य काम त्यागि नृपतिले, गरे नदीतट वास । हरे गई शुकदेवले सकल मोहको पाश ॥

सूतजी भन्दछन्—राजा परीक्षित आफ्नो राजधानीमा पुगेर महलमा गएपछि मुकुट झिकेर राख्नासाथ उनलाइ ज्ञान भयो र सोचे—मैले घोर पाप गरें । नीच व्यक्ति जस्तै निरपराध ब्राह्मणको घाँटीमा मरेको सर्प हालिदिएँ ।

ती तेजस्वी ऋषि थिए । मेरो दुर्बुद्धिले तिनलाई चिह्न सकिन । ती समाधि-मा निमग्न थिए । मैले तिनलाई ढोंगी स्याँग पारेको भनेर अनुचित व्यवहार गरें । ममाथि अवश्य कुनै ठूलो विपत्ति आउन सक्दछ । किनकि 'विनाश-काले विपरीत बुद्धिः ।' त्यो पापको मलाई कुनै भयंकर दण्ड मिलोस् भन्ने मेरो इच्छा पनि छ । म त सदैव आफूलाई ब्राह्मणको सेवक ठान्दछु र उनको आज्ञा पनि पालन गर्दछु; तर आज मेरो बुद्धि किन विपरीत भयो । राजा परीक्षित जब यसरी पछितो गरिरहेका थिए, त्यसै बेला शमीक ऋषिको यौटा शिष्य आइपुग्यो र भन्यो—राजन् ! हजुरलाई ऋषि-कुमारले श्राप दिए कि आजको सात दिनमा तक्षक सर्पले डसेर राजा मर्ने छन् । ऋषिको वचन सुनेर राजा परीक्षित प्रसन्न भए र आदरसाथ तिनलाई बसालेर भने—ऋषि-पुत्रले श्राप दिएर ममाथि ठूलो कृपा गरे । म पनि त्यो पापको मलाई कुनै घोर दण्ड मिलोस् भन्ने म विचार गरिरहेकै थिएँ । यसरी ती शमीकका शिष्यसित आफ्नो अपराधको क्षमा याचना गरेर तिनलाई विदा गरें । त्यसपछि परीक्षितले आफ्नो भविष्यको कर्तव्य निश्चित गरी तत्काल आफ्नो पुत्र जन्मेजयलाई राज्य तिलक गरिदिए । अनि समस्त राजसी पोशाक र आभूषणहरू त्यागिदिए र चीर धारण गरी आमरण अनशन व्रत लिएर गंगा-तटमा बसे । उनले आफ्ना सबै नगरका प्रजा र अन्तःपुरका रानीहरू, कुटुम्बी जन तथा राजा जयसेनलाई आफ्नो कर्तव्य राम्ररी बुझाई विदा गरिदिए । अनि मनको आसक्ति त्यागेर अनन्य भावले भगवान् श्रीकृष्णको चरणमा ध्यान लगाए । जब राजा परीक्षितले राज्य त्यागेर अनशन व्रत तथा शृङ्गी ऋषिको श्रापको विषयमा अनेक ऋषि-मुनिले सुने तब ती आफ्ना आश्रमबाट शिष्य समेत राजाको दर्शन गर्न गङ्गातटमा आए । त्यहाँ आउनेमा अत्रि, वसिष्ठ, च्यवन, अरिष्टनेमि, शरद्वान, पराशर, अंगिरा, भृगु, परशुराम, विश्वामित्र, इन्द्रप्रमद, उतथ्य, मेधातिथि, देवल, मैत्रेय; पिप्पलाद, गौतम, भरद्वाज, और्व; कण्डव अगस्त्य, देवर्षि नारद र द्वैपायन व्यास आदि थिए । अरु अठासी हजार ऋषि-मुनि पनि त्यहाँ आए । राजाले सबैको

समयानुकूल सत्कार गरी आसन प्रदान गरेर भने—म ठूलो भाग्यमानी रहेछु किनकि आज कुनै प्रयास नगरिकन नै अनेक देवता समान ऋषि-मुनिहरूको दर्शन पाएँ । मैले अहंकार गरेर ब्राह्मणको अपराध गरें, त्यो खेदको कुरा हो । म पापरूप हुनाले नै ऋषि-कुमारले श्राप दिए । यदि यस्तो नगरेको भए म संसारको मायाजालमा माकुरो झैं अल्झिरहने थिएँ । त्यस श्रापले नै म आज विरक्त भएको छु । अब मलाई तक्षकले टोक्ने र मृत्युको भय पनि रहेन । अब मेरो इच्छा छ कि उपस्थित सबै जना भगवानको अमृत सदृश लीलाहरूको वर्णन गर्नुहवस् । म हजुरहरूका चरणमा प्रणाम गर्छु । मेरो यौटै इच्छा छ—श्रीकृष्णका लीलाहरूमा भक्ति दिनदिनै बढ्दै जावस् । मैले जुनसुकै योनिमा जन्म पाए पनि श्रीकृष्णको भक्ति र सज्जनको संगति प्राप्त होस् ।

राजा परीक्षित धर्मात्मा, ज्ञानी हुनाले मृत्युको भयलाई जितिसकेका थिए । ती गंगाको दक्षिण-तटमा पूर्व फर्केर कुशको आसनमा बसेका थिए । राजालाई त्यसरी बसेको देखेर प्रसन्न भएका देवताहरूले आकाशबाट पुष्प-वृष्टि गरे । उपस्थित समस्त ऋषि-मुनिले राजाको प्रशंसा गर्दै भने—हे राजर्षि ! तपाईं श्रीकृष्णका अनन्य भक्त पाण्डव हरूको वंशमा उत्पन्न हुनु भएको हो । अतः तपाईको भगवान्‌मा अनन्य भक्ति हुनू आश्चर्यको कुरा होइन । त्यसपछि उपस्थित सबैले—राजर्षि परीक्षितको मृत्युसम्म यहीं बसेर हरि-कथा सुनाउँछौं भन्ने निश्चय गरे र आफ्नो अठोट राजालाई पनि सुनाए । ती सबैको त्यस्तो मधुर वाणी र निश्चय सुनी राजा निकै प्रसन्न भएर भने—हे महात्मा हो ! यहाँहरू सबै तत्त्ववेत्ता र ज्ञानी एवं भगवत् परायण हुनुहुन्छ, अतः मेरो कर्तव्यको शिक्षा दिई भगवान्‌लाई प्राप्त गर्ने सजिलो बाटो देखाउनु हवस् । अल्पायु प्राणीहरूको निम्ति विशेष गरेर म जस्तो चाँडै नै मर्न आँटेको व्यक्तिले मन, प्राण, शरीरले कुन कार्य गर्नु उचित छ ?

राजा परीक्षित ती समस्त उपस्थित सज्जनहरूसंग यस्तो कुरा गरिरहेकै बखत अवधूत झैं डुल्ने, परम ज्ञानी, जन्म-मृत्युदेखि रहित; महर्षि वेद व्यासका छोरा शुकदेवजी त्यहाँ आइपुगे । ती अनेक नर-नारी र बालकहरू

घेरिएका थिए । तिनको उमेर सयकडौं वर्षको भइसके पनि सधैं सोह्र वर्षका झैं देखिन्थे । तिनका सबै अंग कोमल र सुकुमार; राम्रो रूप, विशाल नेत्र, अग्लो नाक, पुष्ट काँध, शंख झैं घाँटी, उक्सेको वक्षस्थल, लामा बाहु औंठी जस्ता बाटिएका (गुडाकेश) कपाल र दिगम्बर थिए । तिनको यौवनावस्था चित्ताकर्षक थियो । त्यस्ता ब्रह्मज्ञानी शुकदेवजी आएको देखेर सबै जना जुरुक्क उठे । राजा परीक्षितले सूर्य झैं तेजिला शुकदेवलाई अतिथि रूपमा आएका देख्नासाथ उठेर शिर निहुराई प्रणाम गरे । अनि उच्च आसनमा बसालेर पूजा गरेपछि समस्त ऋषि-मुनिहरू पनि आफ्ना आसनमा बसे । त्यसपछि राजा परीक्षित उभिएर शुकदेवलाई प्रणाम गरी भन्नलागे—हे ब्रह्मस्वरूप योगेश्वर ! हजुर यहाँ आएर म अनाथलाई सनाथ र शक्ति सम्पन्न तुल्याइदिनु भयो । म ब्राह्मणको अपराधी भए पनि हजुरले यहाँ आएर दर्शन दिने सौभाग्य बक्सियो । जहाँ-जहाँ हजुरका चरण टेकिन्छन्, त्यो स्थान तीर्थ समान हुन्छ । हजूर जस्ता अवधूत महात्माको दर्शन मात्र पाए पनि मनुष्य पवित्र हुन्छ, झन हजुरका चरण धुने, पूजा गर्ने र आसन प्रदान गर्ने व्यक्ति त पापी भए पनि मोक्षको अधिकारी भएर आनन्द प्राप्त गर्दछ ।

हे महाभाग ! जसरी श्रीनारायणको सामुन्ने पर्नासाथ दैत्य तुरुन्त भाग्दछन्, उसै गरी हजुरको सम्पर्कले महान् पाप भाग्दछन् । हजुरले मलाई ब्रह्म हरि-भक्त पाण्डवहरूको वंशज जानेर आज यो कृपा गर्नु भयो । हजुर जस्ता आत्मामा रमण गर्ने सिद्धको दर्शन पाउनु पनि श्रीकृष्णकै कृपा हो । जन्को आउने र जाने कुरा थाहा पाउन सकिन्न, त्यस्ता योगेश्वरको दर्शन पाउनु पनि ठूलो सौभाग्यको कुरा हो । हजुरले मेरो मृत्यु हुन आँटेको बेलामा अकस्मात् यहाँ आइदिएर मेरो उद्धार गरेर सारा पापबाट मुक्त पारिदिनु भयो । परम सिद्धि प्राप्त गरेका हजुर योगीहरूको पनि गुरु हुनुहुन्छ । अब म आफ्नो कल्याणको निम्ति प्रश्न गर्दछु—मरणासन्न प्राणीको के कर्तव्य हो ? मनुष्य मात्रले गर्ने योग्य कर्तव्य के हो ? मृत्यु-ग्रस्त पुरुषले

कुन कथा सुन्नु योग्य छ र कुन देवताको जप, अनुष्ठान, स्मरण, भजन-कीर्तन गर्नु पर्दछ ? कुन-कुन कुरा त्याग्नु र के-के ग्रहण गर्ने योग्य छ। फेरि हजुर कुनै पनि गृहस्थको घरमा यौटी गाई दुहुने जति बेलासम्म मात्र अडिनुहुन्छ। अतः म दीन-हीन माथि कृपा गरेर मेरा प्रश्नहरूको उत्तर अवश्य दिनुहवस्।

सूतजीले भने—हे शौनक ! राजाले त्यस्तो मर्म-स्पर्शी र धर्मयुक्त वचन भनेको सुनी सबै धर्मका ज्ञाता श्रीशुकदेवजी जो नाल काटिएकै बेला-देखि आत् जन्मको समयदेखि नै संसारको माया-मोह त्यागेर परमहंस व्रत-को ज्ञान प्राप्त गरिसकेका त्यस्ता ज्ञानीले राजा परीक्षितका प्रश्नको उत्तर राम्ररी बुझेर दिनलागे।

इति श्रीमद्भागवतमहापुराण शुकसागरको प्रथम स्कन्ध समाप्त भयो।

॥ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ॥

श्रीमद्भागवत महापुराण

अर्थात

शुक-सागर

द्वितीय स्कन्धः

अध्याय १

लीलाले भार हर्ने तरह-तरहको रूपले दुष्ट मारी।
लीलाले मोक्ष पार्ने सुख विभव दिई ताप सन्ताप टारी॥
लीलाले रंग भर्ने थरि-थरि बडिया कार्यलाई बढ़ाई।
लीलाले ध्यान धर्ने प्रभु-चरण धरुन् चित्तमा नित्य आई॥



नृपको तम सारा हरी, भन्छन् शुक धरि ध्यान।
आदि विराट स्वरूपको हुन्छ समस्त बयान॥

शुकदेवजी भन्नुहुन्छ—हे राजन्! तिमीले आज यो अत्यन्त उत्तम कुरा सोध्यौ। यसले तिम्रो साथै अरुको पनि अवश्य भलो हुनेछ। तिम्रो यो प्रश्न श्रवण, कीर्तन भन्दा पनि उत्तम छ। यसै कारण योगी, महात्मा

यस्ता प्रश्नको अत्यन्त सम्मान गर्दछन् । मनुष्य सदैव सांसारिक माया-जालमा अल्झिरहेका हुन्छन्, तिनलाई आफ्ले जन्म लिएको वास्तविक लाभ मिल्दैन । ती सधैं धन कमाउनतर्फ नै लागिरहेका हुन्छन् । त्यस्ता व्यक्तिको आयुष्य व्यर्थमा बितेर जान्छ । तिनको दिन झूठो गृह कार्यमा, रात निद्रा र स्त्री प्रसंगमा बित्दछ । समस्त जीवन स्त्री, पुत्र, शरीर, सम्बन्धी र धन कमाउन तथा सबैको भरण-पोषण गर्नका लागि दगुर्दैमा आयुष्य समाप्त भएको थाहा नै पाउन्न । परिवारलाई नै हितैषी ठान्दछ, तर वास्तवमा त्यो सत्य होइन । ती मूर्खहरू बौलाहा जस्ते त्यसैमा रमाउन थाल्छन् । तिनलाई आफ्नो मृत्यु नगीच आएको थाहै हुन्न र अन्त्य शरीर त्यागेर जोन्छन् । हे परीक्षित ! यस्ता मनुष्यको निम्ति हजारों ज्ञानका कुरा सुन्ने र भन्ने योग्य छन् । ती सबै कुराहरू तिम्रो प्रश्नभित्रै छन् । हे राजा परीक्षित ! जन्म-मृत्युको भय फाल्नका निम्ति सर्वशक्तिमान्, सबै जीवका स्वामी, भगवान् कृष्णका लीला, कथामृतको श्रवण, कीर्तन, स्मरण गर्नु आवश्यक छ । यही मनुष्य जीवन सार्थक र सारयुक्त छ र मनुष्य जन्म पाएको यही सफलता हो । अन्त्य समयमा श्रीकृष्णको सम्झना चित्तमा बनी रहोस् भन्नका निम्ति धर्म र ज्ञानले आफ्नू जीवन भगवत्-निष्ठ तुल्याइराख्नु पर्दछ ।

हे राजा परीक्षित ! समस्त ठूला-ठूला ऋषिश्वर, मुनीश्वर ज्ञानी जसले निर्गुण स्वरूप प्राप्त गरिसकेका छन्—ती पनि भगवान्को श्रवण-कीर्तनमा लीन रहन्छन् । म तिमीलाई त्यो उत्तम वेद समान भगवत्-स्वरूप महापुराण सुनाउने छु, जो मैले आफ्ना पिता वेदव्यासजीसंग द्वापर युगको अन्त्यमा सुनेर पूर्ण अध्ययन गरेको छु । त्यो श्रीमद्भागवत महापुराण वेद, उपनिषद् र समस्त शास्त्रहरूको सार हो । हे राजन् ! म स्वयं पनि निर्गुण रूपको उपासना गर्दछु तापनि श्रीकृष्ण भगवान्को अमृतरूपी लीलाहरूले मेरो चित्तलाई बलपूर्वक आकृतिर तानिसकेको छ । यसैले मैले यस महापुराणको सांगोपांग अध्ययन गरें । हे परीक्षित ! तिमी उनै श्रीकृष्ण भगवान्का भक्त छौ, यसै कारण म तिमीलाई प्रभुको अमृतरूपी कथा-रस पान गराउँछु ।

त्यो कथामृत पिएपछि मनुष्यलाई फेरि यस लोक र परलोकमा पनि कुनै वस्तुको इच्छा रहन्न, सबै शास्त्रको सारभूत यसको ज्ञानी ऋषि-मुनि, योगी, महात्मा सबैले भगवन्नामको कीर्तन प्रेमपूर्वक गर्नु योग्य छ। समस्त जप, तप धर्म-कर्म, योग, साधना, यज्ञ आदि भन्दा नाम संकीर्तनकै महत्व बर्ता छ। हे परीक्षित! अज्ञानले गर्दा मनुष्य आफ्नो आयुष्य व्यतीत गरिदिन्छ। त्यस आयुष्यले उसलाई कुनै लाभ छैन। महत्वपूर्ण जीवन र जन्म लिएको यथार्थ लाभ त्यसैलाई प्राप्त हुन्छ, जसले दुइ घड़ी पनि भगवानको नाम संकीर्तन र कथा श्रवणमा व्यतीत गर्दछ। हे राजन्! राजा खट्वांगले भगवान्को नाम संकीर्तनको मद्दत लिएर केवल दुइ घड़ीमै मोक्ष प्राप्त गरेका थिए। हे परीक्षित! तिम्रो निम्ति त अहिले सात दिनको जीवन बाँकी छ। यति समयमा तिमी आफ्नू कल्याण हुने जे पनि गर्न सक्तछौ।

मर्ने बेला आइपुग्यो अर्थात् मृत्यु आयो भन्ने जानेर (मनुष्यले) भयभीत वा व्याकुल हुनु मूर्खता हो! त्यस मौकामा आफ्नो ज्ञानद्वारा वैराग्य लिई समस्त माया-मोह फाली घरबाट बाहिर निस्केर पवित्र तीर्थमा स्नान गरोस् र उत्तम एकान्त स्थानमा विधिपूर्वक आसन लगाओस्। त्यसपछि भगवान्को 'ॐ' यो प्रणवको मनमनै जप गरोस्। यो प्राणवायु र मनलाई एकाग्र वा वशमा पार्ने सजिलो उपाय हो। आफ्ना इन्द्रियको वेग रोकेर तिनलाई सांसारिक विषय वासनाबाट तानी उहीं 'ॐ' को निरन्तर जप गर्दै रहनुपर्छ। चंचल मनलाई बत्तीको ज्वाला झैं स्थिर राख्नु, यदि त्यो मन भाग्ने दगुर्ने खोज्दछ भने बुद्धिद्वारा त्यसलाई रोक्नुपर्दछ। त्यसपछि चित्त एकाग्र र स्थिर पारी भगवान्को स्वरूपहरू मध्ये कुनै थोटा मात्र अंगको ध्यान गरोस्। विस्तार-विस्तार थोटा अंगको ध्यान गर्दागर्दै प्रभुको सम्पूर्ण रूपलाई चित्तमा बसालोस्। त्यसपछि कुनै पनि वासनाको कल्पना वा चिन्तन नगरेर त्यही रूपमा तल्लीन रहोस्। त्यसरी ध्यान गर्दागर्दै जब चित्त र मन भगवत् प्रेमको आनन्दमा डुब्न लाग्दछ तब त्यस मुमुक्षुलाई एक प्रकारको विचित्र आनन्द अनुभव हुन थाल्दछ। अनि त्यसको मन

त्यहाँबाट अन्त जान खोज्दैन । यदि भगवान्को ध्यान गर्दा यो मूढ मन रजोगुण,तमोगुणले गर्दा स्थिर हुन नसकेर पनि साधकले व्याकुल हुनु हुँदैन। आत्तियो भने काम बन्दैन । बिस्तार-बिस्तार धैर्यपूर्वक त्यो चंचल चित्तलाई वशमा पार्ने यत्न गरोस् । साधकले आफ्नू धारणा लगाइराख्न पर्दछ । त्यही योग धारणले गर्दा योगीलाई हृदयमा भगवान्को दर्शन मिल्दछ र त्यसलाई प्रभुको भक्ति पनि प्राप्त हुन्छ । राजा परीक्षितले सोधे—भगवन् ! मनुष्यमा रहेको अज्ञानरूपी मललाई चाँडो सफा गर्न सकिने कुन धारणा हो ? त्यो धारणा कसरी गर्ने र त्यसको उपाय के हो ? यति सुनी शुकदेवजी भन्नु हुन्छ—हे राजन् ! योग साधना गर्ने साधकले पहिले आफ्नो देहलाई वशमा पार्न आसनको आवश्यकता पर्दछ र आफ्नो क्रिया-शक्तिलाई वशमा पार्न प्राणायामको साधना गरेर, त्यसैद्वारा सम्पूर्ण विषय-वासना इच्छाहरू त्यागी मन आदि समस्त इन्द्रियहरूलाई आफ्नो नियन्त्रणमा पार्नु पर्दछ । त्यसपछि ज्ञानद्वारा मनलाई सम्झाइ-बुझाइ चारैतिरबाट, कछुवाले आफ्ना अंग समेटे झैं समेटनु पर्दछ । अनि साधकले भगवान्को विराट् रूपको ध्यान गरोस् । साधकले मनमा यस्तो विचार गरोस् कि यो सम्पूर्ण सृष्टि, समस्त तत्त्व, जल, वायु, अग्नि, आकाश, पृथ्वी, अहंकार महत-तत्त्व र प्रकृति—यी सात पदहरूले आवृत्त (ढाकिएको) समस्त ब्रह्माण्ड विराट् भगवान्को नै रूप, शरीर हो । उनैले सबैलाई धारण गरेका छन् । तत्त्वज्ञानी व्यक्ति विराट् भगवान्को स्वरूपको वर्णन यसरी गर्दछन्—पाताल विराट् भगवानको पैताला, रसातल उनका पंजा, र खुट्टाको पैताला, महातल उनको गोलिगाँठा । वितल र अतल उनका पिंडुला, तलातल दुवै घुँड़ा, सुतल उनका दुवै तिघ्रा, यी भूलोक हुन् । हे राजन् ! उनको नाभिरूप समुद्रलाई आकाश मान्दछ । उनको विशाल वक्षस्थल स्वर्गलोक, घाँटी महर्लोक, मुखारविन्द जनलोक, मस्तक (निधार) तपलोक योगीहरू मान्दछन् । ती सहस्र-शिर भगवान्को माथ (शिर) सत्यलोक र सम्पूर्ण देवता उनका बाहु हुन्, दिशाहरू शब्द सुन्ने कान, नाकका बाल अश्विनीकुमार, जो घ्राण-शक्तिका प्रतीक हुन् ।

अग्नि नै उनको मुख र अन्तरिक्ष नेत्र हुन्, सूर्य ती नेत्रका-ज्योति, परेला दिन र रात हुन्। ब्रह्मलोक उनको भृकुटि विलास हो। तालू जल र जिभ्रो रस हो। मस्तक वेदहरू हुन् र दाह्रा नै यमराज हुन्। स्नेह दाँत र उनको मीठो हाँसो संसारलाई मोहित पार्ने माया हो। माथिल्लो ओठ लज्जा तल्लो लोभ हो! उनको स्तन धर्म र पिठिउँ अधर्म हो। उनको मूत्रेन्द्रिय प्रजापति ब्रह्मा हुन्, अण्डकोष मित्रावरुण र कोखा समुद्र हो। उनको हाड पर्वत र नाडीहरू नदी हुन्। वृक्ष नै उनका रोम र वायु श्वास-प्रश्वास हुन्। समयको गति नै उनको चाल (हिंडाई) हो र गुणहरूको चक्र विराट भगवान्को क्रीडा हो। हे राजन्! बादल उनका रौं हुन् र संध्या नै वस्त्र हो। मूल प्रकृति हृदय हो र मन नै चन्द्रमा हुन्। महत्-तत्त्व ती विराट् भगवान्को चित्त हो! रुद्र अहंकार हुन्। जंगली पशु उनको कम्मर र हात्ती-घोडा आदि पशु उनका नङहरू हुन्। किसिम-किसिमका पक्षीहरू उनका कवा हुन्। बुद्धि नै मन हो र मनुष्य विराट भगवान्का निवासस्थान हुन्। अप्सरा, चारण, किन्नर, गन्धर्व आदि उनका स्वर हुन्। दैत्य, दानव, राक्षस आदि उनको वीर्य र ब्राह्मण मुख, क्षत्रिय बाहु, वैश्य तिघ्रा र शूद्र उनका चरण हुन्। समस्त ठूला-ठूला यज्ञ आदि जो देवताहरूको निम्ति गरिन्छ ती विराट् भगवान्का कर्तव्य कर्म हुन्। हे राजन्! यो मैले तिमीलाई विराट् भगवान्को स्थूल शरीरको ज्ञान गराएँ। यो देखि भिन्न अरु केही पनि छैन। बुद्धि द्वारा मनलाई वशमा पारेर यही विराट्रूपमा लगाई उनैको ध्यान गर्नु पर्दछ। अन्य सांसारिक विषयमा आसक्ति हुनु नै जीवलाई आसक्तितिर अग्रसर गराउनु हो।

❀❀❀

अध्याय २

हुन्छ जहाँ वर्णन सबै, हरिको मौलिक रूप। दर्शन मिल्दछ पुरुषको आकृति परम अनूप॥

शुकदेवजी भन्नु हुन्छ—हे राजन् सृष्टिको आरम्भमा प्रजापति ब्रह्माले पनि यस्तै विचार गरेका थिए। तिनको त्यो विचारले प्रसन्न भई भगवानले

पनि प्रलय भन्दा अघिको स्मृति (सम्झना) जो प्रलय कालमा लुप्त भएको थियो, फेरि प्रदान गरे । आफ्नू पूर्व-स्मृति पाएर ब्रह्माको बुद्धि निश्चित भयो । उनको दृष्टि अमोघ भयो । उनलाई भगवान्का लीलाहरू र ईश्वरत्व (ईश्वर हुन् भन्ने ज्ञान) प्राप्त भयो । त्यही ज्ञान द्वारा उनले पुनः सृष्टि गर्नसके । हे राजन् ! वेदहरूको अर्थ अत्यन्त रहस्य मय छ । तिनको अर्थ बुझ्न नसकेर अनेक प्राणी स्वर्गादिको प्राप्तिमा नै सुख मानेर चौरासीमा डुलि रहन्छन् । जीव स्वर्गादि प्राप्तिको वासनामा भौंतारी रहन्छ, त्यसलाई कहीं पनि शान्ति र सत्यसुख मिल्दैन । अतः ज्ञानीले सांसारिक वस्तुको— नभइ नहुने जति मात्र चाहना गरुन् । शेष वस्तु सारहीन ठानेर त्यसमा आपक्ति नबढाओस् । यदि त्यो सौभाग्यले बिना परिश्रम नै प्राप्त हुन्छ भने पनि पाएभन्दा अझ बर्ता पाउने यत्न नगरोस् । जस्तै सुत्नका लागि भूमि प्राप्त भएको छ भने पलंगको इच्छा नगर्नु । यदि टाउको मुनि राख्न हात छ भने तकियाको इच्छा नगर्नु, हातको अंजलिले नै भाँडाको काम चल्दछ भने भाँडाहरूको संग्रह-नगर्नु । रुखका बोक्राले लुगाको काम चल्दछ भने राम्रा-राम्रा लुगा नजोर्नु । वृक्षका पात फलले पनि भोक मेटिन्छ भने अन्नको भण्डार नखोज्नु । पानीको निम्ति अनेक नदी-नाला छन् । बस्नको निम्ति कन्दरा गुफा छन् भने महल बनाउने इच्छा नगर्नु । शरणागतको रक्षा गर्ने प्रभु छन् भन्ने विश्वास भएपछि कुनै पनि धनीकसँग रक्षा गर भन्न नजानु, र केही पनि नमाग्नु । यस्तो विचार गरेर समस्त विषय भोगबाट चित्तलाई हटाउनु र व्यर्थका वस्तुहरूको संग्रह गर्नमा समय खेर नफाली भगवान्को भजन-कीर्तनमा मन लगाउनु । हे राजन् ! अब म भगवान्को सूक्ष्म र स्थूल रूप भन्दछु, ध्यानपूर्वक सुन, कतिपय साधकहरू आफ्नो हृदयाकाशमा भगवान्को दिव्य स्वरूपको चिन्तन यसरी गर्दछन्— चार भुजा धारण गरेका, तिनमा शंख, चक्र, गदा र पद्म लिएका । उनको अनुहारमा मन्द-मन्द हाँसो झल्किरहेको, विशाल भुजदण्डमा रत्न जडित बाजूबन्द र शिरमा अत्यन्त सुन्दर मुकुट शोभायमान छ । कमल-पुष्प झैं

पहेंलो पीताम्बर पैन्हेका, कानमा कुण्डल, घाँटीमा कौस्तुभ मणि र वक्षस्थलमा श्रीवत्सको चिह्न तथा वनमाला शोभायमान छ । योगिहरूको फक्रेको हृदय रूपी कमलमा उनका चरण विराजमान छन् । उनका कपाल गुडाकेश छन् । समस्त अंगप्रत्यंग अनेक आभूषणहरूले सुशोभित छन् र ती मुसु-मुसु हाँस्ते आफ्ना भक्तहरूलाई हेर्दछन् । जबसम्म साधकको चित्त स्थिर हुँदैन, तबसम्म यही मोहिनी रूपको ध्यान गर्नु उचित छ । साधकको बुद्धि र मन जति-जति भगवद्-भक्तिमा लाग्दै जान्छ उति-अति उसको चित्तवृत्ति स्थिर हुँदै जान्छ । जबसम्म साधकले प्रभुका एक-एक अंगको ध्यान ठीकसित गरि-सक्तैन, तबसम्म यस नियमको सधैं पालन गरिरहनु पर्दछ । यो स्थूल शरीरको चिन्तन हो । भगवान् द्रष्टा छन्, उनैको सगुण र निर्गुणरूप हुन् ।

हे राजन् ! योगीले आफ्नो देह त्याग्नका लागि देश, काल, परिस्थिति-को विचार नगरोस् । सुखपूर्वक यौटा आसनमा बसेर आफ्ना समस्त इन्द्रिय-हरू वशमा पारी शुद्ध बुद्धिले मनलाई पनि रोकी शरीर बुद्धिलाई क्षेत्रज्ञ (जीव) मा र त्यस क्षेत्रज्ञलाई अन्तरात्मा (ईश्वर) मा विलीन गरोस् । यसरी परमात्मामा विलीन भएर साधक शान्त रहोस् यति गरेपछि साधकले अरू केही गर्नु पर्दैन । त्यस वेला साधक सत्व, रज, तम यी तीनै गुणबाट मुक्त हुन्छ । अहंकार, महत्-तत्त्व र प्रकृतिको अस्तित्व पनि रहन्न । त्यस वेला साधकलाई काल पनि ग्रसित गर्न समर्थ हुँदैन । योगीहरू परमात्मा वाहेक अरू सबै पदार्थ त्यागिदिन्छन् । शरीरसित सम्बन्ध राख्ने सम्पूर्ण पदार्थको आसक्ति त्यागेर केवल भगवान्को स्वरूपमा आसक्त रहन्छन् ! यही प्रभुको परमपद कहिन्छ । शास्त्रहरूमा पनि यसैको प्रतिपादन गरिएको छ । जब योगीले यसरी आफ्ना इन्द्रियहरू जितिसक्तछ, तब कुर्कुच्चाले गुदद्वार थुनेर अपानवायुलाई षट्चक्र भेदनको प्रयत्नले ब्रह्मरन्ध्रतिर लैजाओस् । पहिले मणिपुरचक्रमा स्थित वायुलाई हृदय-चक्रमा स्थित पारी फेरि त्यहाँबाट उदान वायुको सहायताले वक्षस्थलको विशुद्ध चक्रमा स्थित पारोस् र फेरि त्यस वायुलाई विस्तार-विस्तार तालिमूल अर्थात् विशुद्ध चक्रको अघिल्लो भागमा पुऱ्याओस्

त्यसपछि आँखा, कान, नाक, मुख यी सातै छिद्र (प्वाल) लाई थुनेर तालिमूलमा जुन वायु स्थित गरिएको छ, त्यसलाई दुवै भृकुटीको माझमा आज्ञाचक्रमा स्थिर पारोस् । यदि त्यस योगीलाई अरू कुनै लोकमा डुल्नेमन छैन भने आधा घडीसम्म त्यस प्राणवायुलाई आज्ञाचक्रमा रोकेर परमात्मामा लीन होओस् । त्यसपछि ब्रह्मरन्ध्र भेदेर इन्द्रियहरू सहित देह त्याग गरोस् ।

हे राजन् ! यदि त्यस योगीको कुनै लोकमा विचरण गर्ने इच्छा भए मन सहित इन्द्रियहरूका साथै शरीर त्याग्नु उचित छ । योगीको शरीर अति सूक्ष्म वायु झैं हुन्छ, ऊ सबै स्थानमा जान सक्तछ । तपस्या, योग, विद्या र समाधि द्वारा त्यो योगी सर्वत्र डुलिरहन्छ । कर्म-बन्धन द्वारा नै प्राणी बिना रोक-टोक विचरण गर्न सक्तैन । योगी जब ब्रह्मलोक जान थाल्दछ तब पहिले त्यो आकाश लोक हुँदै अग्निलोकमा पुग्दछ । त्यहाँ उसका शेष पाप भस्म हुन्छन् । त्यपछि ध्रुवको निवासास्थान शिशुमार चक्रमा पुग्दछ । त्यो शिशुमार चक्र ब्रह्माण्ड भ्रमणको मुख्य केन्द्र हो । त्यसपछि त्यो प्राणी यमलोकमा जान्छ । त्यहाँ ब्रह्मवेत्ता योगीहरू बस्तछन् । प्रलयकालका शेषको निस्केको आगोले तलका सबै लोकहरू भस्म परिदिन्छ । अनि महर्लोकमा बस्ने सबै योगीहरू ब्रह्मलोकमा जान्छन् । त्यस महर्लोकमा बस्नेहरूको आयु एक कल्पको हुन्छ । त्यहाँ देवताहरू विहार गर्दछन् , ब्रह्मलोकमा बस्नेहरूको आयु ब्रह्माकै बराबर दुइ परार्द्धको हुन्छ । यहाँ शोक, रोग, मृत्यु, बुढ्याइँ आदि केही पनि छैन तापनि त्यहाँका प्राणीहरू यी जन्म-मृत्युको विपत्तिमा अल्झेका प्राणीहरूको कष्ट देखेर दयाले दुःखी हुन्छन् । योगी जन आफ्नो सूक्ष्म शरीर पृथ्वीमा मिलाउन सक्छन् । यसरी पृथ्वी रूपले जललाई र जलले अग्नि र अग्निले वायुको आवरण चिरेर आकाशरूप पर्दालाई पनि भेदन गर्दछ । त्यस प्राणीको घ्राणेन्द्रिय आफ्नो गन्धसहित तन्मात्रामा लीन हुन्छ त्वचा स्पर्श तन्मात्रामा विलीन हुन्छ। कान, रोम तथा सम्पूर्ण कर्मेन्द्रिय पनि आफ्ना तन्मात्रामा विलीन भएर सूक्ष्म शरीर प्राप्त गर्दछन् । यसरी पंचभूतहरूबाट बनेको स्थूल शरीरद्वारा सूक्ष्म आवरणमा विलीन भएर

जान्छ । त्यसपछि अहंकारमा लीन भएर आफ्ना सूक्ष्म भूतहरूलाई पनि तामस अहंकारमा लीन पार्दछ । त्यसपछि आफ्ना इन्द्रियहरूलाई राक्षस अहंकारमा विलीन गरेर मन सहित सबै इन्द्रियका स्वामी देवताहरूलाई सात्विक अहंकारमा विलीन पारेर त्यो महत्तत्त्वमा प्रवेश गर्दछ । त्यसपछि सम्पूर्ण लयस्थान प्रकृतिमा लय भएर जान्छन् । हे राजन् । महाप्रलयमा प्रकृतिको आवरण (पर्दा) पनि लय भएर जान्छ तापनि योगी जन परमानन्दमा मग्न भएर आनन्दरूप ईश्वरमा विलीन हुन्छन् तिनले फेरि जन्म-मृत्युरूप यस संसारमा आउनु पर्दैन । राजा परीक्षित ! यसै कारण ज्ञानीहरू र वेदहरूले सद्योमुक्ति र क्रममुक्ति भनेका छन् । जो प्राणी सांसारिक विषय भोगमा गाडिएका छन्, तिनलाई भगवत् प्राप्ति बाहेक अरु कुनै कल्याण कारक उपाय छैन । प्रजापति ब्रह्माले सम्पूर्ण वेदको राम्ररी अध्ययन गरेर यही निधो गरेका छन्—'सच्चिदानन्दघन परमात्मा प्रति भक्ति र प्रेम हुनु नै सर्वोत्तम धर्म हो । समस्त प्राणीहरूमा भगवान् श्रीकृष्ण नै आत्मारूपले बसेका छन् । यसनिम्ति मनुष्यले सदासर्वदा सबै परिस्थितिमा आफ्नो शक्तिअनुसार भगवान श्रीकृष्णको कथा श्रवण, कीर्तन भजन गर्नु योग्य छ । त्यसले विषय-वासना-रूपी सबै मल स्वयं पखालिन्छन् र भगवत् प्राप्ति सहजै हुन्छ ।

अध्याय ३

इच्छा कुन-कुन देवता, मिल्दछ कस्तो सार । एक एक गरि सकल त्यो, ऋषि गर्छन् विस्तार ॥

शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! अब म तिमीलाई भिन्न-भिन्न कामना (इच्छा) पूर्ण पार्ने विधि वर्णन गर्दछु, सुन—जुन साधक ब्रह्मतेजको इच्छा गर्दछन्, तिनी बृहस्पतिको पूजन गरुन् । जो शक्तिशाली बन्न मन गर्दछन्, ती इन्द्रको पूजा गरुन् । सन्तानका इच्छुकले प्रजापतिको पूजन गरुन् । लक्ष्मी (धन-सम्पत्ति) को इच्छा हुनेले मायाबेवीको पूजन

गरुन् । जो तेजका इच्छुक छन् ती अग्निको पूजा, सेवा गरुन् । वीरता पाउन खोज्नेले एकादश रुद्रको पूजा गरुन् । प्रशस्त अन्नको इच्छा हुनेले अदितिको पूजन गरुन् । स्वर्गको इच्छा हुनेले देवताहरूको पूजन गरुन् । राज्यको लालसा हुनेले विश्वेदेवहरूको पूजा गरुन् । साराका प्रजाकाई वशमा राख्न साध्यदेवहरूको पूजन गरोस् । पुष्टि पाउन भूमिको र प्रतिष्ठा पाउन आकाश र पृथ्वी दुवैको आराधना गरोस् । सौन्दर्य पाउन गन्धर्वहरूको र राम्री पत्नी पाउन उर्वसी अप्सराको पूजा गरोस् । सबैको मान्य हुन खोज्नेले प्रजापति ब्रह्माको र यश एवं कीर्तिको लागि यज्ञ-पुरुष भगवान्को पूजन गरोस् । क्रोधको इच्छा भए वरुणको र विद्या पाउन भगवान् शिवको पूजन गरोस् । पति-पत्नीमा प्रेम स्थिर राख्ने मन भए उमाको आराधना गरोस् । धर्मको निम्ति श्री विष्णुको र वंश-रक्षाका लागि पितृहरूको तथा अनेक विघ्न-बाधाबाट सुरक्षाको लागि यज्ञादिको, फेरि बलवान् बन्नको लागि मरुद्गणहरूको, राज्य प्राप्तिको निम्ति मन्वन्तरका स्वामीको, अभिचारको निम्ति निर्ऋतिको पूजन गरोस् । ऐश्वर्यको निम्ति चन्द्रमाको र निष्काम भक्ति पाउनको लागि नारायणको पूजन गरोस् । मोक्षको इच्छा छ भने भगवान्को पूजन गरोस् । फेरि सबै प्रकारका उपासकहरूलाई आफ्नो कल्याणको लागि भगवान्को उपासनाभन्दा ठूलो अरू केही छैन । फेरि भगवान्को उपासना गर्नाले माथि कहिएका सबै देवताहरूका निधिहरूका पनि निधिहरू स्वयं प्राप्त हुन्छन् । त्यति सुनेपछि शौनकजीले सोधे—हे सूत पौराणिक ! त्यसपछि राजा परीक्षितले श्रीशुकदेवजी सँग अरू के-के प्रश्न गरे ? हे सूतजी ! तपाईं भगवद्भक्त हुनुहुन्छ र बाल-क्रीडाहरू पनि भगवद्-भक्तिमै हुन्थे । शुकदेव झन भगवान्मय हुन् । जुन महात्माको भगवान्मा यस्तो विशुद्ध प्रेम छ, तिनले भनेका कथाहरू अवश्य सांसारिक जीवको कल्याण गर्ने होला । जुन मनुष्यले आफ्ना कानले श्रीकृष्णका लीला कथाहरू कहिल्यै सुनेको छैन, त्यसले व्यर्थ पृथ्वीमा भाररूप भएर सुँगुर, कुकुर, गदहा भन्दा पनि नजाति जन्म व्यतीत गऱ्यो भन्ने जान्नू ।

सूतजी ! जुन कानमा श्रीकृष्णका कथा पुगेका छैनन्, ती प्वाल जस्तै हुन् ! जुन जिभ्रोले भगवान्‌को भजन कीर्तन गरेको छैन, त्यो भ्यागुतोको जिभ्रो समान छ । जुन माथ श्रीकृष्णको चरणमा न्यूरिएको छैन, त्यो केवल शरीरको यौटा भारी मात्र छ । जुन हात श्रीकृष्णको पूजामा अघि सरेनन्, ती अनेक आभूषणले सज्जित भए पनि व्यर्थ हुन् । जुन आँखाले भगवान्‌को दर्शन गरेका छैनन्, ती व्यर्थ हुन् । जुन खुट्टा भगवान्‌को लीला स्थानसम्म वा तीर्थहरूमा पुगेका छैनन्, ती सुकेका वृक्षभन्दा पनि व्यर्थ हुन् । जुन पापात्मा पुरुषले भगवान्‌को व्रजभूमि र त्यहाँको चरण-रज आफ्नो शिरमा धारण गरेको छैन, त्यो जीवित भए पनि मरेकै समान छ । जसले तुलसीको वास्ना प्राप्त गरेको छैन, जसले प्रभुको मंगलमय कथाको श्रवण, कीर्तन गरेको छैन, त्यसको हृदय वज्र जस्तै हो । भगवत् कथा सुन्दा प्रेमको उद्वेगले आँखाबाट अश्रुधारा नबग्ने र जो रोमांचित हुँदैन, त्यसको जन्म व्यर्थ हो । अतः हे सूतजी ! अब हामीलाई त्यही कथा सुनाउनु हवस्, जुन शुकदेवजीबाट राजा परीक्षितले सुनेका थिए ।

अध्याय ४

सृष्टि स्थिति पालन गरी, प्रभु लिन्छन् अवतार । हर्छन् भारा जगतको राखी सकल विचार ।

सूतजीले भने—हे शौनक ! शुकदेवजीको त्यस्तो रहस्य पूर्ण भगवद् महिमा मुछिएका अमृत झैं वचन सुनेर राजा परीक्षितले आफ्नो चित्त श्रीकृष्णको चरणमा लगाइदिए । तीनलाई राज्य वा घर-सम्बन्धी कुनै पनि चिन्ता थिएन—किनकि पत्नी, पुत्र, राज्य र कोष आदिको सारा भार भाई बन्धुहरूलाई सुम्पिसकेका थिए । तिनको मनमा अलि-अलि जो माया-ममता थियो त्यो पनि अवधूत शुकदेवजीको कृपाले नष्ट भएर गयो । उनलाई आफ्नो मनें समय थाहा थियो,

त्यसैले पनि संसारीमाया-मोह वा विषय-वासनाहरूबाट चित्त हटाइसकेका थिए त्यस्तो पवित्र विचार एवं बुद्धि भइसकेका राजा परीक्षितले शुकदेवजी संग सोधे—हे भगवन् ! हजुर भगवत् तत्त्वको ज्ञाता र पवित्रात्मा हुनुहुन्छ । हजुरको मुखारविन्दबाट म जति जति भगवान्को कथा श्रवण गर्दै जान्छु, उति-उति मेरा सम्पूर्ण पाप र अज्ञान नाश भइरहेछन् । अब भगवान् नारायण यस सृष्टिको रचना कसरी गर्दछन्, फेरि पालन र संहार पनि सुन्ने इच्छा छ । कसरी सृष्टिको रचना गरेर कसरी नष्ट पारिदिन्छन् ? आफू केवल यौटै भएर पनि यो अनेक रूप हुने सृष्टिलाई कुन हेतुले रच्दछन् ? मेरो यो शंका निवारण गरिदिनु हुवस् ।

सूतजी भन्दछन्—हे शौनक ! राजा परीक्षितको त्यस्ता गूढ वचन सुनेर शुकदेवजी भन्नलागे—म ती परमपिता परमात्माको चरणमा बारम्बार प्रणाम गर्दछु, जुन भगवान् यस सृष्टिको उत्पत्ति, स्थिति र लय गर्नको निम्ति सत्वगुण, रजोगुण र तमोगुणरूपिणी आफ्ना तीनै शक्तिलाई धारण गरेर ब्रह्मा, विष्णु र रुद्र स्वरूप प्रकट गर्दछन् । तिनै ईश्वर सम्पूर्ण चल र अचल जीवादिको हृदयमा विद्यमान रहन्छन् । जसलाई प्राणी आफ्नो बल-बुद्धिले पनि चिह्न सक्तैनन् । ती प्रभु र उनको महत्ता अनन्त छ । म बारम्बार तिनलाई नमस्कार गर्दछु । जो भक्तजनको कष्ट निवारण गर्न र दुष्ट जनको शक्तिलाई रोक्न बारम्बार अवतार धारण गर्दछन् । त्यस्ता परम ऐश्वर्यशाली भगवान् श्रीकृष्ण, जो सधैं आफ्नो गोलोक-धाममा विहार गर्दछन् र जो ब्रह्मरूप छन् , जसका नामको कीर्तन, श्रवण, स्मरण, पूजन र दर्शन, माया-मा गाडिएका जीवहरूको पापलाई अग्निले रुओको थुप्रो जलाए झैं जलाएर भस्म पारिदिन्छन् । ज्ञानीहरू जसका चरणको आश्रय लिएर यसलोक र परलोकको आसक्तिलाई आफ्नू हृदयबाट हटाएर सहजै ब्रह्मपद प्राप्त गर्दछन् । म तिनै भगवान् श्रीकृष्णलाई कोटि-कोटि प्रणाम गर्दछु । ठूला-ठूला तपस्वी, ऋषि-मुनि, योगी, मन्त्रवेत्ता, ब्रह्मचारी, सदाचारी, यज्ञ गर्ने र दानी आदि आफ्ना कामना र सर्वस्व जबसम्म उनै श्रीकृष्णका चरणारविन्दमा अर्पण

गर्दैनन् , तबमम्म तिनको कल्याण हुन सक्तैन । भगवान्का चरणमा आत्म-समर्पण गरिदिनु नै कल्याणकारी बाटो हो । ठूला-ठूला घोर पापी र नीच पनि जनको शरणमा आएर सहजै मोक्षपद प्राप्त गरिसकेका छन् , तिनै भगवान्लाई मेरो बारम्बार नमस्कार छ । जुन श्रीकृष्ण भगवान् ज्ञानीहरूका आत्मा, भक्तगणका ईश्वर, कर्म गर्नेहरूको निम्ति वेद तथा धार्मिक वृत्ति भएका सज्जनहरूको र तपस्वी जनको तपरूप छन् , तिनको ब्रह्मस्वरूपको ध्यान ब्रह्मा, शङ्कर आदि समस्त देवतागण गर्दछन् र उनको चिन्तनमा नै सदासर्वदा गाडिरहन्छन् । जो लक्ष्मीका पति, यज्ञ पुरुष छन् , प्राणिमात्रका रक्षक घट-घटवासी र लोक-पालक छन् । ती ब्रह्माण्डका स्वामी र यदुवंशी-हरूका संरक्षक हुन् । ती भक्तवत्सल भगवान श्रीकृष्णलाई म बारम्बार प्रणाम गर्दछु । जुन भगवान्ले ब्रह्माको हृदयमा उनको पूर्वस्मृति जगाइदिए र जसले साङ्गोपाङ्ग वेद आपनो मुखबाट प्रकट गरे, तौ ज्ञान उत्पन्न गर्ने श्रीकृष्ण भग-वान् मेरो हृदयमा विराजमान रहुन् । जो देवकीनन्दन सम्पूर्ण प्राणिहरूमा आत्मरूपले रहेर पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र पाँच प्राणवायु तथा एक मन जम्मा सोह्र कलाहरू द्वारा समस्त भोग भोग्दछन् , उनै भगवान् मेरो वाणी शुद्ध पारेदिउन् । म भगवान् व्यासजीलाई कोटि-कोटि नमस्कार गर्छु ।

हे राजा परीक्षित ! तिमीले जो प्रश्न सोध्यौ, त्यसको उत्तरमा म तिमीलाई त्यही उपदेश दिनेछु जुन प्रजापति ब्रह्मालाई नारायणले सर्वप्रथम दिनुभएको थियो । प्रजापति ब्रह्मा सबै वेद जान्दछन् तापनि त्यो उपदेश तिनको निम्ति जान्न आवश्यक थियो । त्यही उपदेश ब्रह्माले नारदलाई सुनाएका थिए ।

अध्याय ५

[illegible] स्वरूपले भी जति यात अनूप । सकल तत्व ऋषि भन्दछन् वर्णन गरिकन रूप ॥

नारदजीले सोधे—हे प्रजापति ! हजुरले केवल मलाई मात्र उत्पन्न [illegible] होइन कि सम्पूर्ण देवता र यो समस्त सृष्टि हजुरले नै गरेको हो । अतः

अब मलाई आत्मा र परमात्माको ठीक-ठीक तत्त्व बुझाउनु हवस् । हे पिता जी ! यस जगत्को लक्षण के हो ? यो कसको आधारमा छ ? यसको कसले रचना गरेको हो ? यो फेरि कसमा लीन भएर जान्छ ? यो कसको अधीन छ ? वास्तवमा यो के वस्तु हो ? कृपया यो सबै मलाई आज्ञा हवस् । हजुर सर्वज्ञ र सबका स्वामी हुनका साथै यो संसार आफ्नो हत्केलामा राखेको अमला झैं हजुरको निम्ति छ । हे पिताजी ! हजुरलाई यो ज्ञान कसरी र कहाँबाट प्राप्त भयो ? हजुर कसरी आफ्नो मायाले उत्पन्न गरेका पंचभूतहरूद्वारा सम्पूर्ण जगतको सृष्टि गर्नुहुन्छ । यस जगतको सृष्टि गरेर पनि हजुरमा कुनै विकार उत्पन्न हुँदैन । हजुर सृष्टिका रचयिता भएर पनि फेरि कसको तपस्या गर्नुहुन्छ ? हजुरदेखि ठूलो अर्को को छ ? यस तत्त्वलाई राम्ररी बुझाउनु हवस् ।

ब्रह्माजीले भने—हे नारद ! तिमीले जुन-जुन कुरा सोध्यौ ती अति उत्तम छन् । ती केवल तिम्रो निम्ति मात्र लाभदायक नभएर सारा संसार-को निम्ति लाभप्रद छ र मुख्य मेरो निम्ति किन भने तिनमा भगवान्का लीलाहरूको सुन्दर वर्णन छ । तिम्रा जो शंकाहरू छन् ती सबै सत्य हुन् । हे नारद ! यस सृष्टिको रचयिता तिमी मलाई नै ठान्दछौ तर त्यो कुरा सत्य होइन, मभन्दा पनि ठूलो अर्को ब्रह्म शक्ति छ, जसको आश्रय लिएर म सृष्टिको रचना गर्दछु । जसरी सूर्य, चन्द्र, अग्नि, ग्रह, नक्षत्र त्यस ब्रह्म-शक्तिद्वारा प्रकाशमान हुन्छन् । त्यसै गरी म पनि उनै स्वयं प्रकाश भगवान्-को प्रकाशले शक्ति सम्पन्न भएर सृष्टिको कार्य गर्दछु । तर कतिपय व्यक्ति-हरू उनै भगवान्को मायाले मोहित भई मलाई नै सृष्टिकर्ता मान्दछन्, तर त्यो कुरा होइन । म पनि उनैको अधीन रहन्छु र उनकै प्रेरणाले सृष्टिको रचना गर्दछु । हे नारद ! यो संसार सृष्टि गर्न जुन मूल कारणको कल्पना गरिएको छ, त्यो द्रव्य, कर्म, काल, स्वभाव र जीव यही तत्त्व हुन् । यिनैले सम्पूर्ण ब्रह्माण्डको उत्पत्ति हुन्छ । भगवान्ले वेदहरूको उत्पत्ति गरे । वेदहरू उनै भगवान्को गुण, महिमा वर्णन गर्दछन् वा गाउँछन् । देवताहरू पनि

नारायण भगवान् द्वारा नै उत्पन्न भएका हुन् । यो सम्पूर्ण यज्ञ, तप, धर्म-कर्म उनै नारायणको प्राप्तिका निमित्त गरिन्छ । ज्ञानद्वारा नै नारायण भगवान्लाई चिन्ह सकिन्छ । नारायण भगवान् द्रष्टा भए पनि सबैका ईश्वर हुन् । निर्विकार भए पनि सर्वमय छन् । उनैले मेरो उत्पत्ति गरेका हुन् र उनैद्वारा प्रेरित भएर म यो जगत् रचना गर्दछु । हे नारद ! सबैभन्दा पहिले रजोगुण, सत्वगुण यी तीन गुण भगवान् आफ्नो मायाले आफूसँगै उत्पन्न गर्दछन् र उसैको अनुसार रजोगुणले सृष्टि रचिन्छ, सत्वगुणले सृष्टि-को स्थिति हुन्छ र तमोगुणले त्यसको प्रलय हुन्छ । यही तीन सत्व, रज, तम–द्रव्य, ज्ञान र क्रियाको मदत लिएर मायाभन्दा पर नित्य युक्त जीवलाई मायामा स्थिति गरी कार्य, कारण, कर्त्ताको अभिमानले ढाक्दछन् । हे नारद ! भगवान् नारायण यी तीनै गुणहरूको आवरणले आफ्नो स्वरूप लुकाउँछन् । यसै कारण अज्ञानी पुरुष उनलाई देख्न सक्तैनन् । ती भगवान् नै मलाई र समस्त संसारको रचना गर्दछन् । जब मायापति भगवान्को सृष्टि गर्ने इच्छा हुन्छ, तब ती आफ्नी मायाद्वारा स्वयं काल, कर्म र स्वभावलाई पहिले स्वीकार गर्दछन्, तिनै नारायणको शक्तिले काल—रजोगुण, सत्वगुण तमोगुणमा क्षोभ उत्पन्न गरिदिन्छ र स्वभाव त्यसमा रूपान्तर गरिदिन्छ, कर्म महत्तत्वलाई जन्म दिन्छ, त्यसपछि रजोगुण र तमोगुणको वृद्धि भएर महत्तत्त्वमा विकार उत्पन्न भई ज्ञान, क्रिया र द्रव्यरूप अहंकार उत्पन्न हुन्छ, यो तम-प्रधान अहंकार तीन थरिको हुन्छ—पहिलो वैकारिक, अर्को तेजस तामस । यिनीहरूमा क्रमैले ज्ञानशक्ति, क्रिया-शक्ति र द्रव्य-शक्ति हुन्छन् । त्यसपछि तामस अहंकारमा विकार उत्पन्न हुन्छ र त्यसबाट आकाश तत्त्वको उत्पत्ति हुन्छ र त्यसैबाट तन्मात्रा र गुण शब्द बन्दछ । त्यसैले द्रष्टा र दृश्यको ज्ञान प्राप्त हुन्छ । त्यसपछि जब आकाश-तत्त्वमा विकार उत्पन्न हुन्छ तब त्यसबाट वायुतत्त्व उत्पन्न हुन्छ । वायु-तत्त्वको गुण शब्द र स्पर्श दुवै हुन्छन् । इन्द्रियहरूमा स्फूर्ति, शरीरमा जोवन-शक्ति बल र ओज यसैले गर्दा प्राप्त हुन्छ । काल, कर्म र स्वभावानुसार वायुमा पनि विकार उत्पन्न

हुन्छ । त्यसबाट अग्नितत्त्वको उत्पत्ति हुन्छ । यसको मुख्य गुण रूप नै हो । यसको साथै आफूलाई बनाउने आकाश र वायु तत्त्वका गुण यसमा शब्द र स्पर्शरूपमा विद्यमान रहन्छन् । अग्निको विकारले जल उत्पन्न हुन्छ । यसको मुख्य गुण रस हो । यसलाई उत्पन्न गर्ने आकाश, वायु र तेजका गुण—शब्द, स्पर्श र रूप यसमा उपस्थित रहन्छन् । जलको विकारबाट पृथ्वी उत्पन्न हुन्छ, यसको मुख्य गुण गन्ध हो र यसका कारण तत्त्वहरूको गुण—शब्द, स्पर्श, रूप रस यी पनि यसमा विद्यमान रहन्छन् । यसरी प्रत्येक तत्त्वमा त्यसका मुख्य गुण र त्यसलाई उत्पन्न गर्ने तत्त्वहरूका गुण पनि त्यसमा विद्यमान रहन्छन् । वैकारिक अहंकारबाट मन र इन्द्रियहरूको अधिष्ठानरूप दस देवताहरूको उत्पत्ति हुन्छ । तिनको नाम हो—दिशा, वायु, सूर्य, वरुण, अश्विनीकुमार, अग्नि, इन्द्र, विष्णु, पितृ र प्रजापति । जब तेजस अहंकारमा विकार उत्पन्न हुन्छ तब त्यसबाट पाँच ज्ञानेन्द्रिय—श्रोत्र, त्वचा, प्राण, नेत्र र जिह्वा उत्पन्न हुन्छन् । पाँच कर्मेन्द्रिय–मुख, हात, पाउ, मूत्रेन्द्रिय र गुदाको सृष्टि हुन्छ । तेजस अहंकारबाट नै बुद्धि र प्राण उत्पन्न हुन्छ । नारद ! जुन बेला यी समस्त तत्त्व भिन्न-भिन्नै थिए त्यस बेलासम्म सृष्टि हुन सक्तैनथ्यो र शरीर रचना पनि हुन सक्तैनथ्यो । जब परमात्माले आफ्नो शक्तिद्वारा प्रेरित गरेर यिनलाई परस्पर मिलाइदिए तब यी सबै तत्त्वहरूले कार्य, कारण र स्वभाव स्वीकार गरेर यो सम्पूर्ण विश्वको रचना गरिदिए । यसैलाई ब्रह्माण्ड पनि भन्दछन् । यो ब्रह्माण्डरूपी अण्डा (फूल) हजार वर्षसम्म जलमै रह्यो । फेरि काल, कर्म र स्वभावलाई ग्रहण गर्ने भगवान्ले त्यसमा प्राण हालिदिए । त्यही अण्डा फुटाएर विराट् भगवान् प्रकट भए, जसका तिघ्रा, चरण, बाहु, नेत्र र भाव तथा शिर हजारौं छन् । ज्ञानीहरू उपासना गर्नलाई ती सम्पूर्ण लोकहरूको स्थिति तिनै विराट् भगवानका मान्दछन् । उनको कटिदेखि तलका अंगहरूमा सप्त पाताल र माथिका अंगहरूमा सप्त स्वर्ग लोकको कल्पना गर्दछन् । ती विराट् भगवान्को मुख ब्राह्मण, पाखुरा क्षत्रिय, उरु वैश्य र पाऊ शूद्र मानिन्छन् । उनको

नाभिमा भुवर्लोक, हृदयमा स्वर्गलोक, वक्षस्थलमा महर्लोक, घाँटीमा जनलोक, निधारमा तपलोक र मस्तकमा सत्यलोकको स्थिति मानिन्छ । कटिमा अतल, उरूमा वितल, घुँडामा सुतल, तिघ्रामा तलातल, गोलिगाँठामा महातल, औलाहरूमा रसातल र पैतालामा पाताल लोकको स्थिति मानिन्छ । विराट् भगवान्को सम्पूर्ण अंगमा लोकहरूको स्थिति मानिन्छ ।

*

अध्याय ६

मन्दछन् ऋषि अति प्रेमले, सकल विराट विभूति । नर स्वरूपार्थ बुझाउँदै, छिकि तेजोमय द्युति ॥

ब्रह्माजीले भन्नुभयो—हे नारद ! विराट् भगवान्को मुखबाट वाणी, र अग्नि उत्पन्न भए । गायत्री, त्रिष्टुप् अनुष्टुप्, बृहती, जगती आदि सात छन्द विराट् भगवान्का सात धातुहरूबाट उत्पन्न भएका हुन् । अन्न, रस र रसना तथा तिनका अधिष्ठाता वरुण विराट् भगवान्का जिब्रोबाट भएका हुन् । प्राण, अपान, व्यान, उदान र समान यी पाँच वायु विराट् भगवान्का नाकबाट उत्पन्न भएका हुन् । अश्विनीकुमार, औषधिहरू र गन्ध घ्राणेन्द्रियबाट उत्पन्न भएका हुन् । आँखाबाट तेज र रूप, आँखाका दुवै नानीबाट सूर्य र स्वर्गलोक उत्पन्न भयो । कानबाट समस्त तीर्थ र दिशाहरू उत्पन्न भए । श्रोत्रेन्द्रियबाट शब्द र आकाश उत्पन्न भए । समस्त यज्ञ, वायु र स्पर्श तिनको त्वचा (छाला) बाट भए । वृक्ष, औषधि र कुश तिनको रोंबाट उत्पन्न भए । बिजुली, बादल, हुंगा, फलाम आदि सम्पूर्ण यज्ञ उनको कपाल र नङबाट उत्पन्न भएका हुन् । भुजा (पाखुरा) बाट लोकपाल प्रकट भए । भूः भुवः स्वः यी तीन लोक उनको हिंडाइबाट उत्पन्न भएका हुन् । भगवान् विराट्को लिंग स्थान प्रजापति, वीर्य र सृष्टिका आश्रय स्थान हुन् । उनका पाँच इन्द्रियहरू यम, पितृ आदिका उत्पत्ति स्थान हुन् । उनको पिठिउँ नरकालय र अधर्मका स्थान हुन् । नाडिहरूबाट नदीहरू र हाडहरूबाट पर्वत समूह उत्पन्न भए । हे नारद ! म, शंकर र तिम्रा भाई सनकादि, तिमी,

धर्म, देवता; दैत्य, मनुष्य, नाग, पक्षी, स्वेदज, अण्डज, जरायुज आदि सबै प्राणी, पितृ, सिद्ध, नाग; आकाश आदि सम्पूर्ण भूत, नक्षत्र ग्रह आदि सबै भूतहरूलाई उनै प्रकाशित पार्दछन् । ती सबै भूत प्राणीहरू उनै विराट् पुरुष-मा मिलेका छन् र ती सबैमा एकरूप भएका छन् ।

हे नारद ! जनलोक, तपलोक, र सत्यलोकमा ब्रह्मचारी, तथा वानप्रस्थी र संन्यासी बस्तछन् । गृहस्थहरू भूलोक र आकाश तथा स्वर्गलोक-मा बस्तछन् । प्राणीहरूका लागि शास्त्रहरूमा ईश्वर प्राप्तिका दुइटा बाटो बताइएको छ—पहिलो सकाम कर्मयोग र अर्को निष्काम कर्मयोग । मनुष्यहरू यी दुइ बाटोमध्ये यौटा रोजेर भोग तथा मुक्ति अवश्य प्राप्त गर्दछन् । हे नारद ! ती विराट् भगवान्को नाभिबाट सहस्रदल कमल उत्पन्न भयो र त्यही कमलमा मेरो उत्पत्ति भयो । म त्यसवेला एक्लै थिएँ र मैले सम्पूर्ण यज्ञ सामग्री तथा आवश्यक वस्तुहरू, औषधि, घिउ, रस, माटो, जल, ऋग्, यजुः, साम, यज्ञहरूको नाम र मन्त्र अनुष्ठानको विधि आदि समस्त सामग्री विराट् भगवान्को शरीरबाट प्राप्त गरेर यज्ञद्वारा उत्पन्न उनको यजन गरें । अनि तिम्रा भाइहरूले विराट् भगवान्को पूजा गरे । ती भगवान् पुरुष प्राकृत गुणहरूदेखि भिन्न भए पनि सृष्टिको रचना गर्न आफ्नी मायाले ती सबै वस्तु स्वीकार गर्दछन् । तिनै भगवान्को इच्छाले म उत्पन्न भएर सृष्टि-रचना गर्दछु, विष्णु पालन र रुद्र संहार अर्थात् प्रलय गर्दछन् । हे नारद ! तिमीले जति सोधेका थियौ, मैले त्यसको उत्तर दिइसकें । हामी पनि तिनलाई राम्ररी तत्त्वले जान्दैनौं, केवल तिनका लीलाहरूको गुण-गान गर्दछौं । उनी त केवल भक्तिको वशमा रहन्छन् । ती अजन्मा प्रभुलाई म नमस्कार गर्दछु । त्यो सुन्नाले समस्त पाप नष्ट भएर जान्छन् र प्राणीहरू जीवन-मरणको कष्टबाट मुक्त हुन्छन्—त्यसैलाई तिमी ध्यापूर्वक सुन—

अध्याय ७

हरिले लिनुभो लोकमा, जो चौबीस अवतार । हरे कष्ट सब जीवको गर्छन् त्यै विस्तार ॥

ब्रह्माजीले भन्नुभयो—हे नारद ! प्रलयकालमा जब पृथ्वी जलमा डुबेकी थिइन् तब पृथ्वीलाई बाहिर ल्याउन भगवान्‌ले १—वराह अवतार धारण गरे र आदिदैत्य हिरण्याक्षलाई मारे । २—त्यसपछि भगवान्‌ले रुचि प्रजापतिकी आकूति नामकी स्त्रीको गर्भबाट यज्ञ नामको अवतार धारण गरे र उनले दक्षिणा नामकी पत्नीबाट सुयमा नामका अनेक देवता प्रकट गरे । तिनैले देवताहरूको संकष्ट नाश गरे । त्यही कष्ट हरण गरेका हुनाले उनको नाम 'हरि' भयो । ३—कर्दम प्रजापतिकी पत्नी देवहूतीबाट कपिल नामले अवतार धारण गरे । उनले आफ्नी आमालाई सांख्ययोगको उपदेश गरे । ४—महर्षि अत्रिकी अनुसूया नामकी पत्नीबाट दत्तात्रय अवतार धारण गरी यदु र सहस्रार्जुनलाई योगको उपदेश दिए । ५—हे नारद ! मैले सृष्टिको आरम्भमा अनेक लोक रचना गर्नको निम्ति घोर तपस्या गरें । त्यस तपस्याले प्रसन्न भएर सनक, सनन्दन, सनातन, सनत्कुमार रूपमा अवतार धारण गरे । तिनले आफ्नो उपदेशले प्रलय कालमा बिर्सेको ज्ञान पुनः ऋषिहरूलाई सम्झाए । ६—दक्षप्रजापतिकी कन्या मूर्तिको गर्भबाट धर्मद्वारा भगवान्‌ले नर-नारायणको अवतार लिए । तिनले अनेक अप्सराहरूद्वारा पनि भंग पार्न नसक्ने कठोर तप गरे । ७—राजा उत्तानपादका पुत्र ध्रुवलाई दर्शन दिनको निम्ति नारायण अवतार धारण गरे । ८—पापी राजा वेनलाई ब्राह्मणहरूले हुँकार द्वारा मारिदिए । तिनको शरीर मन्थन गर्नाले भगवान् पृथु नामले प्रकट भए ! उनले आफ्ना पिता वेनको उद्धार गरे र सम्पन्न पृथ्वी जितेर धर्मको स्थापना गरे । पृथ्वीरूपी गाई दुहेर सम्पूर्ण तत्त्व उनैले निकाले । ९—राजा नाभिकी पतिव्रता पत्नी सुदेवीको गर्भबाट ऋषभदेवको रूपमा अवतार धारण गरे । उनले मूढ पुरुष झैं योगको साधना गरेर सम्पन्न ऋषिहरूलाई परमहंस र अवधूतहरूको लक्षणको उपदेश दिए । १०—

भगवान्‌ले हयग्रीव अवतार धारण गरे । यो अवतार वेदमय, यज्ञमय र सर्वदेव-मय थियो । उनकै श्वास-प्रश्वासले वेदवाणी उत्पन्न भयो । ११—चाक्षुष मन्वन्तर सकिएपछि सत्यव्रतले मत्स्य भगवान्‌को दर्शन पाए । प्रललकाल-मा पृथ्वीरूपी डुंगामा बसेर तिनै मत्स्य भगवान्‌को कृपाले वेद र समस्त जीवहरूको रक्षा गर्न सकेका थिए । १२—क्षीरसागर मन्थन गर्दा भगवान्‌ले कछुवाको अवतार धारण गरे र मन्दराचल पर्वत पिठिउँमा बोके । १३—हिरण्यकशिपुको संहार गर्न भगवान्‌ले नृसिंह अवतार धारण गरेर भक्त प्रह्लादको रक्षा गरे । १४—गज र ग्राहको लामो युद्धमा जब ग्राहले गज-लाई मार्न लागेको थियो तब गजको पुकार सुनी त्यसको रक्षा गर्न अवतार धारण गरेर गजको रक्षा गरेका थिए । १५—देवराज बली जब इन्द्रलाई जितेर स्वयं इन्द्र भएर स्वर्गमा बसे तब भगवान्‌ले वामन अवतार धारण गरी राजा बलीसित तीनै लोकको राज्य खोसेर इन्द्रलाई दिए । उनैले उपेन्द्र-को पदवी धारण गरी देवताहरूको रक्षा गरे । १६—हे नारद ! तिम्रो भक्तिले प्रसन्न भएर हंसावतार धारण गरी तिमीलाई भागवत-धर्मको उपदेश दिए । १७—उनै भगवान्‌ले स्वायंभुव मनुको अवतार धारण गरी प्रत्येक मन्वन्तरमा मनुष्यहरूको रक्षा गरे ! १८—भगवान्‌ले धन्वन्तरी अवतार धारण गरेर आयुर्वेदको रक्षा गरे । १९—जब क्षत्रियहरू विप्र-द्रोही र धर्मको मर्यादा लंघन गर्न लागे तब परशुरामको अवतार धारण गरी पृथ्वीबाट एक्काइस पटक क्षत्रियहरूको संहार गरी पृथ्वी कश्यपादि ऋषिहरूलाई दान दिए । २०—त्रेतायुगमा जब राक्षसहरूको अत्याचार बढ्दै गयो, तब लंकाको राजा रावण सबैको राजा भयो । त्यसको संहार गर्न राम अवतार धारण गरे । २१—द्वापर युगमा जब सम्पूर्ण दानवहरू राजारूपमा अवतार लिने छन् र ती आफ्नो अत्याचारले पृथ्वीमा हाहाकार पार्ने छन् तब भूमीको भार हर्न श्रीकृष्णको अवतार धारण गर्नेछन् । ती व्रजधाममा अनेक लीला गर्नेछन् । त्यसपछि महाभारतको युद्ध पारी आफ्ना प्रिय सखा अर्जुनको सारथी बनी शेष बाँचेका सम्पूर्ण दैत्यहरूको संहार गराउने छन् । श्रीकृष्णको अवतार

सोन्है कलाले पूर्ण हुनेछ । २२–हे नारद ! त्यसपछि भगवान पाखण्डीहरूलाई उपदेश दिन बुद्ध रूपमा अवतार लिने छन् । २३–पृथ्वीमा जब शूद्रको राज्य स्थापित हुनेछ र ब्राह्मण, क्षत्रिय, वैश्य आफ्नो कर्म त्यागिदिनेछन् , जब स्वाहा, स्वधा, वषट्कारको ध्वनि र देवता-पितृको यज्ञ, श्राद्ध लोप हुनेछ तब कलियुगमा कल्कि अवतार धारण गर्नेछन् ।

हे नारद ! सृष्टिको आरम्भमा तपस्या, नौ प्रजापति, मरीचि आदि महर्षिहरु मबाट उत्पन्न हुने छन् । जब सृष्टिको रक्षा गर्न धर्म, विष्णु, मनु, देवता र राजाको रूपमा भगवान्ले अवतार लिने छन् । जब प्रलयको समय आउँछ । तब अधर्म, रुद्र र क्रोध एवं दैत्यहरूको रूपमा भगवान्का विभूतिहरू उत्पन्न हुन्छन् । हे नारद ! बरु बालुकाको कण गन्न सकिएला तर उनका विभूतिहरूको गणमा गर्न सकिन्न । उनको स्वरूपलाई न म, न सनकादि नै जान्न सक्तछन् भने अरुको त कुरै छैन । भगवान् शेष उनका गुणहरूको सदैव हजार मुखले गान गरिरहन्छन् तापनि पार पाउन सक्तैनन् । हे नारद ! तिनको योगमायालाई म जान्दछु, तिमी जान्दछौ र भगवान् शंकर जान्दछन् । उनका प्रियभक्त प्रह्लाद, मनु, शतरूपा, प्रियव्रत, प्राचीनबर्हि, ऋभु, ध्रुव, इक्ष्वाकु, पुरूरवा, मुचुकुन्द, जनक, गाधि, रघु, अम्बरीष, सगर, गय, ययाति, मान्धाता, अलर्क, शतधनु, अनु, रन्तिदेव, भीष्म, बलि, दिलीप, उत्तङ्क, सौभरि, शिबि, देवल, पिप्पलाद, उद्धव, पराशर, सारस्वत, विभीषण, हनुमान, अर्जुन, विदुर र श्रुतदेव आदिले जान्दछन् । हे नारद ! ब्रह्मको वास्तविक रूप सर्वमय तथा ज्ञान स्वरूप छ, त्यो एकरस र शान्तिमय छ । त्यो स्वरूप मायारूपी मलले रहित छ । मैले भगवान्को अवतार र उनको स्वरूपको वर्णन गरें । जुन उपदेश प्रभुले सृष्टिको आरम्भमा मलाई केवल चार श्लोकमा दिनुभएको थियो, त्यही भागवत उपदेश मैले तिमीलाई दिएको हुँ । अब तिमी यस उपदेशलाई विस्तारपूर्वक भक्तजनमा फैलाऊ । जो भक्तजन भागवत तत्त्व जान्दछन्, ती उनको मायाबाट मुक्त हुन्छन् ।

अध्याय ८

ब्रह्मा नारदको मुनी, अति अनुपम संवाद । सोध्छन् अरु पनि भूपति, मनमा लिइ आह्लाद॥

परीक्षितले सोधे—हे योगिराज ! हजुर सम्पूर्ण वेदका ज्ञाता हुनुहुन्छ । म हजुरसित सोद्धछु कि ब्रह्माजीबाट उपदेश पाएका नारदले कुन भगवत् स्वरूप·को प्रचार·प्रसार गरे ? हजुर मलाई पनि त्यस्तै उपदेश दिनुहवस्, जसले म पारब्रह्म स्वरूप श्रीकृष्णमा लीन भएर शरीर त्याग्नसकूँ । हे मुने ! जुन भक्त·जन दिनहुँ उनका चरित्रको श्रवण, गान गर्दछन्, भगवान् श्रीकृष्ण तिनको कानका प्वालबाट हृदयमा विराजमान हुन्छन् । हे ब्रह्मन् ! जीवको पंचभूत आदिसित कुनै सम्बन्ध नभए पनि उसको शरीर पञ्चभूतले निर्मित छ, यसको कारण के हो ? हजुरले आज्ञा भएको छ सृष्टिकर्ता ब्रह्मा भगवान्को नाभिकमल बाट उत्पन्न भएका हुन्, त्यसमा उनको के विशेषता भयो, मैले बुझ्न सकिन ! जुन भगवानबाट उत्पत्ति, स्थिति तथा प्रलय हुन्छ, तिनीद्वारा लोक र लोक·पालहरूको रचना कसरी भयो ? फेरि हजुरले यो पनि आज्ञा भयो—कि उनी स्वयं लोकपालहरूको रूपमा प्रकट हुने गर्दछन् । यी दुवै कुराको अर्थ पनि मैले बुझिन । कल्प, महाकल्प र अवान्तर कल्पको संख्या कति छ ? जीवहरुको आयुको परिमाण कति हो ? तीनै काललाई कसरी चिह्न सकिन्छ ? कालको सूक्ष्म र स्थूल गति के हो ? देव, पितृ र मनुष्य योनिहरु कसरी प्राप्त हुन्छन् र कस्ता-कस्ता कर्म गरेर तिनको प्राप्ति हुन्छ ? जलचर, स्थलचर, नभचर, स्थावर, जंगम आदिको उत्पत्ति कसरी हुन्छ ? ब्रह्माण्डको परिमाण के हो ? वर्णाश्रमको भेद र धर्मको स्वरूप के हो ? युग कति छन् र तिनको परिमाण कति छ ? मनुष्यको कर्तव्य र धर्म कुन हो ? तत्त्व कति छन् र तिनका लक्षण के·के हुन् ? अध्यात्मयोग र आराधनाका स्वरूप कति छन् ? योगी र ज्ञानीहरुको अन्तिम गति वा कुन गतिमा प्राप्त हुन्छन् ? तिनको पांच भौतिक शरीर कसरी नष्ट हुन्छ ? फेरि वेद, उपनिषद् र शास्त्र·पुराणको स्वरूप एवं तात्पर्य के हो सम्पूर्ण ? सृष्टिको उत्पत्ति, पालन र नाश

कुन क्रमले हुन्छ ? यज्ञादि कर्मको लाभ के मिल्दछ ? चारै पदार्थ–धर्म, अर्थ, काम र मोक्ष कसरी प्राप्त हुन सक्तछ ? जुन प्राणी प्रलयकालमा प्रकृतिमा विलीन हुन्छन् तिनको फेरि कसरी उत्पत्ति हुन्छ ? आत्मको मोक्ष र बन्धन कुन कर्म गर्नाले हुन्छ ? आत्माको स्वरूप के हो ? भगवान् आफ्नी मायाले अनेक क्रीडा वा लीला गरे पनि कसरी त्यसबाट उदासीन रहन्छन् ? हे ब्रह्मज्ञानी, शुकदेव ! म हजुरको शरणमा छु । मलाई अन्त्यको वेलामा माया-मोहबाट मुक्त पार्नें केवल हजुरनै हुनुहुन्छ । मलाई विस्तारले यी सबै भेद बुझाउनु हवस् । सूतजी भन्दछन्—हे शौनक ! राजा परीक्षितले ती अठासी हजार ऋषिहरुको सामुन्ने यस्तो प्रार्थना गरे, तब योगीश्वर शुकदेवले प्रसन्न भएर मोक्ष दिने श्रीमद्भागवत् महापुराण राजालाई सुनाए । राजाले सोधेका एक-एक प्रश्नको उत्तर र शंका निवारण पनि राम्ररी बुझाएर गरिदिए ।

अध्याय ९

चार श्लोकको भागवत, भने हरी सन्देह । बढ्यो सकल जगमा उही, प्रभुको मिलिकन स्नेह ॥

शुकदेवजी भन्दछन्—हे राजन् ! जस्तै स्वप्नामा देखेका वस्तुसँग कुनै सम्बन्ध हुँदैन, त्यस्तै आत्माको पनि सांसारिक वस्तुहरूसँग कुनै प्रकारको सम्बन्ध हुँदैन । आत्मा आफ्नो मायामा मोहित भएर अज्ञानवश यी नाशवान् र सारहीन वस्तुलाई आफ्नो ठान्न लाग्दछ । त्यो आत्मा जब मायामा लीन हुन्छ, तब आफूलाई नै कर्ता मानेर—'म हूँ, यो मेरो र यो तेरो' भन्न लाग्दछ । तर त्यही आत्मा जब मायाको आवरण (पर्दा) च्यातेर मोह त्यागी सत्व, रज, तम तीन गुणलाई उत्पन्न गर्ने कालभन्दा पनि पर हुन्छ, तब यो आत्मा आफैंमा रमाउँछ र 'आत्माराम' बन्दछ । त्यसवेला आत्मा ममत्वको भाव फालेर सांसारिक पदार्थहरूबाट उदासीन, निस्पृह

बन्दछ । हे राजन् ! ब्रह्माको तपस्याले प्रसन्न भएर भगवान्‌ले उनलाई जुन उपदेश दिनुभएको थियो, उही म तिमीलाई सुनाउँछु, एकाग्र मनले सुन—

विराट्‌रूप भगवान्‌को नाभिबाट निस्केको कमल जलको माथि आएपछि त्यसैबाट ब्रह्माजीको उत्पत्ति भयो । अनि ब्रह्माजी त्यही कमलमा बसेर सृष्टिको रचना गर्ने इच्छाले विचार गर्नलागे—यो कमल कहाँबाट आयो ? मलाई कमले उत्पन्न गऱ्यो ? म कसरी सृष्टिको रचना गर्न सक्तछु ? तिनलाई सृष्टिको रचना गर्ने शक्ति र ज्ञान-दृष्टि मिल्न सकेन । त्यसै बेला प्रलयकालको जलको अनन्त आवरणबाट दुइ अक्षर 'त' र 'प' भन्ने सुनियो । ती दुइ अक्षरको अर्थ 'तपस्या गर' हो, भन्ने निश्चय गरी ब्रह्माजी तपस्या गर्न लागे । दिव्य हजार वर्ष तपस्यामा बितेपछि अमोघ ज्ञान प्राप्त भयो । त्यसै बेला भगवान्‌ले तिनलाई आफ्नो दिव्यलोकको दर्शन गराउनु भयो । त्यो दिव्यलोक समस्त कष्ट तथा मोह-जालबाट मुक्त थियो । त्यहाँ त्रिगुण (सत्व, रज, तम) को कुनै प्रभाव थिएन । त्यहाँ कालको गति र माया उभिन पनि सक्तैनथे । त्यो दिव्य स्थान ईश्वरमय थियो । त्यहाँ प्रभुका पार्षद चतुर्भुज रूप धारण गरेर शङ्ख, चक्र, गदा, पद्म लिई अंग-प्रत्यग सौन्दर्यले परिपूर्ण थिए । पार्षदहरू मणि जडित मुकुट र वस्त्राभूषणले सज्जित थिए । तिनको देह श्याम वर्ण र बिजुली झैं कान्ति र ज्योतिर्मय थियो । तिनले पीताम्बर पहिरेका थिए । कानमा कुण्डल र वक्षस्थलमा वनमाला सुशोभित थियो । त्यस बेकुण्ठ धाममा लक्ष्मी अनेक विभूतिगणले सज्जित भई भगवान्‌का चरणको सेवा गर्दैछन् । ब्रह्माले त्यो बैकुण्ठ धाम देखे, जहाँ यज्ञपति भगवान् लक्ष्मीसहित शोभायमान छन् । भगवान्‌को मन्द हास्य मनलाई मोहित पार्ने थियो । नन्द, सुनन्द आदि पार्षदहरू सेवामा उपस्थित थिए । शिरमा दिव्य मुकुट, घाँटीमा कौस्तुभ मणि, वक्षस्थलमा श्रीवत्सचिह्न, छातीमा वनमाला र कटिमा पीताम्बर पहिरेका छन् । उनको शरीर अनेक अमूल्य रत्नहरूले टल्किरहेको । चार बाहुमा शङ्ख, चक्र, गदा, पद्म धारण गरेका छन् । पुरुष, प्रकृति, अहंकार, दस इन्द्रिय सहित

मन, पञ्च तन्मात्रा, महत्तत्त्व, पञ्चमहाभूत यी पचीस शक्तिहरू आफ्नो रूप धारण गरी भगवान्‌को सेवामा संलग्न छन्। भगवान् आपना छवटी नित्य सिद्धिहरू—ऐश्वर्य, धर्म, कीर्ति, श्री, ज्ञान र वैराग्यले परिपूर्ण छन्। यी सम्पूर्ण सिद्धिहरू भगवान्‌लाई त्यागेर अरु कहीं पनि रहन सक्तैनन्। त्यस्ता ज्योतिर्मय भगवान्‌को दर्शन पाएर ब्रह्माजी अत्यन्त प्रसन्न भए। प्रेमको उद्‌वेगले तिनको हृदय परिपूर्ण भयो। आँखाबाट प्रेमाश्रुको धारो लाग्यो। उनले न्यूरेर साष्टाङ्ग प्रणाम गरे। अनि प्रसन्न भएका भगवान्‌ले ब्रह्माजीको हात समातेर मधुर वाणीले भन्नुभयो—हे ब्रह्मन्! तिम्रो तपस्याले म प्रसन्न भएँ। अब तिम्रो मनमा जे इच्छा छ वर माग। म सर्वशक्तिमान् छु। जे मागे पनि दिन समर्थ छु। कुनै पनि प्राणी जबसम्म मेरो नगीचै आउँदैन तबसम्म त्यसको कल्याण हुँदैन। तिमीले मेरो आज्ञाले कठोर तपस्या गरेकाछौ त्यसैले मेरो दर्शन पायौ। हे ब्रह्मन्! तपस्या नै मेरो हृदय हो र म स्वयं तपस्याको आत्मा हुँ। तपस्याले नै मेरो अखण्ड शक्ति पाइन्छ। म तपोबलले नै यस सृष्टिको उत्पत्ति, पालन र नाश गर्दछु।

ब्रह्माजीले भने—हे विश्वपते! हजुर अन्तर्यामी भएर सबैको हृदयमा निवास गर्नुहुन्छ। हजुर आफ्नो अप्रमेय ज्ञानले सबै कुरा जान्न सक्नुहुन्छ—मेरो इच्छा पनि। तथापि म आफ्नो इच्छित वर माग्दछु—त्यो के भने हजुर मलाई ज्ञान-दृष्टि दिनुहोस्, जसले म हजुरको सगुण र निर्गुण दुवैलाई दुवैलाई जान्न सकूँ। माकुराको जालो झैं हजुर यो सृष्टिको रचना गरेर त्यसमा क्रीडा गरी माकुरोले जालो निले झैं हजुर पनि यो सृष्टिलाई सलक्क निल्नुहुन्छ। अब कृपा गरेर मलाई त्यो शक्ति बक्सियोस् जुन द्वारा म सृष्टिको रचना गरेर 'म कर्ता' भन्ने अभिमानबाट मुक्त रहन सकूँ। हजुरले मेरो हात समातेर मित्र तुल्याएपछि म सावधानीपूर्वक गुण र कर्महरूको अनुसार समस्त जीवको विभाजन गरेर सृष्टि गर्न सकूँ।

भगवान्‌ले आज्ञा भयो—हे ब्रह्माजी! म तिमीलाई त्यो अत्यन्त गोप्यीय स्वरूपको ज्ञान गराउँछु—जुन अनुभव, प्रेमाशक्ति र साधनहरू

ले युक्त छ । तिमी मेरो कृपाले मेरा सम्पूर्ण विस्तार लक्षणहरू र मेरा लीला-हरूको तत्त्व पनि राम्ररी जान्न सक्नेछौ । हे अनघ ! सृष्टिको आदिमा केवल ममात्र थिएँ । स्थूल र सूक्ष्म जगत् केही पनि थिएन । दुवैलाई उत्पन्न गर्ने प्रकृति नै हुन् । यस सृष्टिको रूपान्तरमा जे जति देखिन्छ वा जानिन्छ, त्यो केवल म नै हुँ । फेरि सृष्टिको अन्त्यमा जुन शेष रहन्छ, त्यो पनि म नै हुँ । सर्वत्र विद्यमान भएर पनि, जसरी नक्षत्र मण्डलमा राहु देखिन्न, त्यसै गरी म पनि आफ्नो मायाले अरुलाई दृष्टिगोचर हुन्न अर्थात् मलाई कसैले देख्न सक्तैन । जसरी सम्पूर्ण जीवको देह पंचमहाभूतले बनेको छ, ती पंचभूत देह निर्माणका कारण हुनाले तिनमा विद्यमान छन् र भिन्नाभिन्नै पनि प्रतीत हुन्छन् । ठीक उसै गरी म पनि प्रत्येक जीवमा आत्मारूपले विद्यमान छु । म बाहेक अरु कुनै वस्तु नहुनाले तिनमा विद्यमान पनि छैन । किनकि सम्पूर्ण वस्तु म भित्र नै अटाएका छन् । 'ब्रह्म होइन, ब्रह्म होइन' यो निषेध पद्धतिको अनुसार र यो 'ब्रह्म छ, यो ब्रह्म छ' यो समर्थक पद्धतिको अनुसार यही सिद्ध हुन्छ कि म सदा-सर्वदा र सर्वत्र उपस्थित छु । केवल मेरो यही वास्तविक तत्त्व हो, जो आत्मज्ञानी मेरो यो आत्मा र परमात्माको तत्त्वलाई जान्दछन्, ती मेरी मायामा कहिल्यै गाडिन्नन् । यसनिम्ति हे ब्रह्माजी ! तिमीले मेरो यस तत्त्वलाई पाइसकेका छौ, अतः तिमीलाई कुनै कालमा पनि अहंकार उत्पन्न हुने छैन ।

शुकदेवजी भन्नुहुन्छ—हे राजा परीक्षित ! त्यसरी ब्रह्मालाई जो ब्रह्म-तत्त्वको चतुश्लोकी भागवतको उपदेश दिएर भगवान् अन्तर्धान हुनुभयो । ब्रह्माले उनलाई साष्टांग दण्डवत् गरेर पूर्व कल्पमा गरे झैं सृष्टिको रचना गरे । यो चतुःश्लोकी भागवत ब्रह्माले आफ्ना पुत्र नारदजीसित प्रस भए र उनलाई सुनाएका थिए । त्यसपछि जुन वेला मेरा पित्रा द्वैपायन व्यास उद्विग्न मनले बसिरहेका थिए, त्यसै वेला देवर्षि नारद आएर मेरा पितालाई यही दस लक्षण भएको भागवत् महापुराण सुनाएका थिए र मेरा पिताले मलाई यो भागवत् पुराण सुनाएका हुन् । त्यही तिमीलाई सुनाइरहेको छु ।

अध्याय १०

लक्षण दस यस्को सबै, लक्षण सहित बताइ । मनको कलुष उतार्दछन्, ऋषि अति मोद बढाइ ॥

श्रीशुकदेवजी भन्नु हुन्छ—हे राजा परीक्षित ! यो श्रीमद्भागवत महापुराणमा जुन दस विषयको वर्णन गरिएको छ त्यो हो १–सर्ग, २–विसर्ग, ३—स्थान, ४—पोषण, ५—अति, ६—मन्वन्तर, ७—ईश कथा, ८—निरोध, ९–मुक्ति, १०—आश्रय । यिनमा नौ विषयको वर्णन दसौंको आश्रय तत्त्वको वर्णनका लागि नै गरिएको छ । महात्मा पुरुषहरूले श्रुति, तात्पर्य तथा अनुभव यी तीन थरिका सुगम रीतिले यी दसै तत्त्वको वर्णन गरिएको छ । पञ्चमहाभूत पृथ्वी, आकाश, जल, अग्नि र वायु हुन् । तिनका तन्मात्राहरू—इन्द्रिय, अहंकार र महत्तत्त्व आदिको उत्पत्तिलाई 'सर्ग' भन्दछन् । विराट पुरुषद्वारा उत्पन्न गरिएको ब्रह्माजीद्वारा जुन अनेक थरिका सृष्टि रचिन्छन् त्यसलाई 'विसर्ग' भन्दछन् । नाशवान् सृष्टिलाई यौटा मर्यादामा राख्नमा विष्णु भगवान्को जुन महत्ता प्रकट हुन्छ, त्यसलाई 'स्थान' भन्दछन् । आफ्ना भक्तहरूमा कृपा गरेर सृष्टिको पालन-पोषण र वृद्धिलाई 'पोषण' भन्दछन् । शुद्ध धर्मको अनुष्ठान, प्रजा-पालन आदि कर्म गर्ने अधिष्ठातालाई 'मन्वन्तर' तत्त्व भन्दछन् । प्राणी आफ्नो वासनाहरूले जुन कर्म बन्धनमा बाँधिन्छन् ती वासनाहरू 'अति' कहिन्छन् । भगवान्का अवतारहरूको कथा र उनका भक्तहरूको चरित्र 'ईश कथा' कहिन्छन् । स्वय कालपछि जब भगवान् आफ्नो योगनिद्रा स्वीकार गर्ने बेलामा सम्पूर्ण जीवहरू र सृष्टिका सबै तत्त्वलाई आफूमा लीन गर्दछन्, त्यसलाई 'निरोध' भन्दछन् । कर्ता र भोक्ता तथा तेरो-मेरो भन्ने अज्ञानलाई नाश गर्ने सच्चिदानन्द-घन परमात्मामा लीन हुनुलाई 'मुक्ति' भन्दछन् । हे परीक्षित ! जुन ब्रह्मद्वारा सृष्टिको उत्पत्ति र प्रलय हुन्छ, त्यही तत्त्वलाई परमब्रह्म 'आश्रय' भन्दछन् । त्यही परमात्मा, जीवात्मा र यस देहमा यी तीनै थरि तत्त्वद्वारा नै यो सृष्टि उत्पन्न हुन्छ । यी तीनमध्ये यौटाको पनि अभाव भयो भने शेष

दुवै तत्त्व व्यर्थ हुन्छन् । जो यी तीनै तत्त्वदेखि भिन्न रहेर पनि तीनै थरि तत्त्वलाई राम्ररी जान्दछ, त्यही नै सबैका आश्रय तत्त्व परमात्मा हुन् । उही सबैका आश्रय र आफ्नो आश्रय ऊ स्वयं छन् ।

विराट् भगवान् जब ब्रह्माण्ड फोरेर बाहिर निस्के तब ती आफ्नो निवास स्थान खोज्न लागे, अनि उनले आफ्नो इच्छाले जलको सृष्टि गरे । अनि त्यही जलमा श्रवण अर्थात् आश्रयको कारणले नै उनको नाम नारायण भयो । उनले एक हजार वर्षसम्म त्यही जलमा निवास गरे । उनको कृपाले नै द्रव्य, कर्म, काल, स्वभाव र जीव इत्यादिको अस्तित्व छ । उनी छैनन् भने यी कसैको पनि अस्तित्व शेष रहन्न । भगवान् सर्वप्रथम यौटै थिए । पछि उनले योगनिद्रावाट बिउँझेपछि अनेक हुने इच्छा गरे । अनि ती विराट् भगवान्ले आफ्नी योगमाया द्वारा अखिल विश्वरूपका बीज स्वरूप आफ्नो वीर्यलाई तीन भागमा बाँडे । एक अधिदैव, अर्को अध्यात्म र तेस्रो अधिभूत । विराट् भगवान हिंड्दा-डुल्दा उनको अन्तर्गत स्थित आकाश तत्त्वद्वारा इन्द्रिय बल, मनोबल र शरीर बल उत्पन्न भए । यी तीनै थरि बलले प्राणवायु उत्पन्न भयो । यस प्राणवायुद्वारा नै शरीरमा इन्द्रियहरू कार्य गर्दछन् । जब विराट् भगवान्को प्राणवायु तीव्र गतिले चल्न थाल्यो, तबउनलाई तृष्णा, क्षुधाको आवश्यकता भयो । खान-पानको इच्छा हुनासाथ सर्वप्रथम उनको मुख खुल्यो । त्यो मुखरूप इन्द्रिय खुल्नासाथ रसना (जिभ्रो) उत्पन्न भयो र त्यसमा अनेक रस उत्पन्न भए । जब उनको बोल्ने इच्छा भयो तब वाक् इन्द्रिय प्रकट भयो र त्यसका देवता अग्नि र वाणी प्रकट भए । जब विराट् भगवान्लाई हेर्ने इच्छा भयो तब नेत्र खुले र उनका देवता सूर्य-चन्द्र र नेत्र इन्द्रिय प्रकट भए । जब विराट् भगवान् जलमा शयन गरिरहेका थिए तब वेदका श्रुतिहरू उनको स्तुति गर्न थाले । तिनका देवता दिशाहरू र श्रवणेन्द्रिय प्रकट भए । जब उनलाई स्पर्श गर्ने इच्छा भयो तब देहमा छाला उत्पन्न भयो । त्यस छालामा रौं देखिए । जब उनलाई कर्म गर्ने इच्छा भयो तब हात उत्पन्न भए । उनलाई हिड्ने इच्छा हुनासाथ

चुट्टा उत्पन्न भए र तिनका अधिष्ठाता देवता पनि उत्पन्न भए र तिनका अधिष्ठाता देवता पनि उत्पन्न भए। जब उनको सृष्टि गर्ने इच्छा भयो तब वीर्य उत्पन्न भयो र त्यसका अधिष्ठाता देवता तथा लिंग उत्पन्न भयो। जब उनलाई मल-त्यागको इच्छा भयो तब गुदद्वार र उनका देवता उत्पन्न भए। जब उनको इच्छा यौटा शरीरबाट अर्को शरीरमा प्रवेश गर्ने भयो तब नाभि-उत्पन्न भयो र त्यसका देवता अपान र मृत्यु उत्पन्न भए। जब उनलाई अन्न-जल खाने इच्छा उत्पन्न भयो तब नाडी र आन्द्राहरू तथा कोखा आदि उत्पन्न भए। पृथ्वी, जल र तेजले उनको शरीरमा त्वचा, छाला, मांस, रक्त, मेदा, मज्जा र अस्थि यी सात धातुहरू उत्पन्न भए। आकाश जल र वायुतत्त्वले प्राण उत्पन्न भयो। अनि मन र बुद्धि उत्पन्न भए। यी समस्त इन्द्रियहरूको उत्पत्तिको कारण अहंकार हो। मनले सबै विकार उत्पन्न हुन्छन् र बुद्धिले ज्ञान उत्पन्न हुन्छ। शुकदेवजीले भने—हे राजा परीक्षित! मैले तिमीलाई विराट् भगवानको स्थूल शरीरको वर्णन सुनाएँ। यो स्थूल रूप पृथ्वी, जल, अग्नि, वायु र आकाश पाँच तत्त्व, अहंकार, महत्तत्त्व तथा प्रकृति यी आठ आवरणले ढाकिएका छन्। यस स्थूल शरीर भन्दा पर अर्को सूक्ष्म स्वरूप आदि, मध्य र अन्त्य रहित, नित्य, निर्विशेष; अव्यक्त छ। त्यहाँसम्म मन र वाणी पनि पुग्न सक्तैनन्। हे राजन्! भगवान्को यो स्थूल र सूक्ष्म रूप जसलाई व्यक्त र अव्यक्त पनि भनिन्छन्—आपना माया-शक्तिले प्रकाशित हुन्छन्। अतः परमात्माको वास्तविक स्वरूप जान्ने योगीहरू यी दुवैमा यौटा पनि ग्रहण गर्दैनन्। भगवान् आफ्नो मायाले विराट् र सूक्ष्मरूप धारण गर्दछन् र यी चर-अचर तथा जरायुज, अण्डज, स्वेदज र उद्भिज सृष्टिलाई उत्पन्न गर्दछन्। ती सम्पूर्ण प्रजापति, पितृ, देवता, राक्षस, भूत, प्रेत, पिशाच आदि सबै उनैका रूप हुन्। हे राजन्! भगवत् तत्त्व जान्ने ज्ञानीहरूले भगवान्का स्वरूपको बारेमा यसै गरी गरेका छन्। तर तत्त्व-ज्ञानी पुरुषहरूलाई भगवान्को केवल सृष्टि, पालन र प्रलय गर्ने रूपहरूको मात्र दर्शन गर्नु योग्य छैन, किनकि

ती प्रभु यी प्रकृति र प्राकृत रूपबाट परै छन्। यो स्थूल स्वरूपको वर्णन यस निम्ति गरिन्छ कि जुन अज्ञानी पुरुष आफूलाई र परमात्मालाई कर्ता भन्दछन्, तिनको त्यो भावना र भ्रम नष्ट होस्, किनकि यो कर्ताभाव भगवान्‌को मायाद्वारा नै प्रकट गरिन्छ। ती शुद्ध स्वरूप भगवान् त्यो माया-देखि भिन्न छन्। ती जति अवतार, रूप र आपनो स्थूल शरीर धारण गर्दछन्, ती सबै मायासम्म मात्र सीमित छन्, तर ईश्वर मायादेखि भिन्न हुनाले ती सबैदेखि पनि भिन्न छन्। उनको ब्रह्मस्वरूप अर्कै छ—त्यसको खोजी योगी र तत्त्वज्ञानीहरू गर्दै रहन्छ।

यो सृष्टिको रचना क्रम सबै कल्पना एकैनासे छ। अन्तर केवल यति छ कि महाकल्पको आदिमा प्रकृति र महत्तत्त्व आदि सबै उपन्न हुन्छन्। किन भने कल्पको आदिमा प्राकृत सृष्टि स्थिर रहन्छ, त्यो नष्ट हुँदैन, त्यसै कारण चराचर प्राणीहरूको नयाँ सृष्टि गरिन्छ। हे राजन्! म अब तिमीलाई काल परिमाण र मन्वन्तर आदिको वर्णन सुनाउँछु। अब पद्मकल्पको वर्णन सुन, शौनकले सोधे—हे सूतजी! विदुर र मैत्रेयको के कस्तो वार्तालाप भएको थियो र मैत्रेयले कुन तत्त्वको वर्णन गरेका थिए? सूतजीले उत्तर दिए—हे शौनक! जुन प्रश्न तपाईंले सोध्नुभयो उही प्रश्न राजा ररीक्षितले पनि शुकदेवसित गरेका थिए। उनले जस्तो उत्तर दिए, त्यही म पनि सबै-को सम्मुख वर्णन गर्दछु, यहाँहरू एकाग्र मनले सुन्नु होस्।

॥ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ॥

श्रीमद्भागवत महापुराण

अर्थात

शुक-सागर

तृतीय स्कन्धः

पृथ्वीलाई उचाली अरि कुलहरूको दर्प सारा निकाल्ने ।
पृथ्वीको मार नाशी सुख विभव दिई चित्तको ताप फाल्ने ॥
पृथ्वीमा मोद छाई ऋषि मुनि सबकोचित्तमा वास गर्ने ।
पृथ्वीका नाथ राखुन् अभय मन गरी पाप सन्ताप हर्ने ॥

अध्याय १



बान्धव सब त्यागी गए जसरि विदुर लिइ ज्ञान ।
गर्छन् ऋषि अनि प्रेमले, त्यस्को सकल बयान ॥

शुकदेवजीले भन्नुभयो—हे राजा परीक्षित ! जुन प्रश्न तिमीले मलाई सोध्यौ त्यही प्रश्न विदुरले मैत्रेयसित सोधेका थिए । त्यति सुनी परीक्षित बोल्छन्—हे भगवन् ! ज्ञानी विदुर र मैत्रेयजीको कहाँ भेट भएको थियो ?

ज्ञानी विदुरले मैत्रेयजीसित के सोधेका थिए र ज्ञानीहरूमा श्रेष्ठ मैत्रेयजीले के उत्तर दिएका थिए ?

सूतजीले भने—हे शौनक ! शुकदेवजी सर्वज्ञ थिए । उनले राजासित भने–हे राजन् ! एकाग्र भएर सुन । तिम्रा बूढ़ाबाजे धृतराष्ट्र जन्मान्ध थिए, तर अन्तिम अवस्थामा तिनी बुद्धिले पनि अन्धा भए । अधर्मले गर्दा तिनको ज्ञान-शक्ति र मति नष्ट-भ्रष्ट भयो । उनले तिम्रा पितामह पाण्डवहरूसित साने उमेर देखि अन्याय र दुर्व्यवहार गरे । तिनीहरूलाई लाहाको घरमा पोल्ने प्रयत्न गरे । धर्मराजकी रानी द्रौपदीको चुल्ठो सभाको बीचमा तान्न लागेको दुःशासनलाई रोकेनन् । धर्मपरायण युधिष्ठिरलाई कपटको जूआ खेल्न दुर्योधनको सम्मतिले डाकेर उनको सर्वस्व खोसे । छोराहरूलाई यो अन्याय नगर भनी रोकेनन् । त्यतिले पनि चित्त नबुझी ती पाँचै भाइलाई वनमा धपाइदिए ।

आफ्नो प्रतिज्ञा अनुसार तेह्र वर्षसम्म वनवास र गुप्तवास भोगेर आए-पछि पनि कबोलअनुसार तिनको राज्य फिर्ता दिएनन् । युधिष्ठिरको सल्लाह-ले श्रीकृष्ण भगवान् दूत भएर हस्तिनापुर कौरवहरूको सभामा जाँदा धृत-राष्ट्रलाई सकेसम्म हरिले र भीष्मले पनि सम्झाए तर तिनले श्रीकृष्णको वचन कालवश भएर र पुत्रको मोहले गर्दा ध्यानै दिएनन्, सुन्दै सुनेनन् । सल्लाह गर्न जब ज्ञानी विदुरलाई डाके तब विदुरले राजमहलमा गएर कुरुराजलाई उचित नीतिको उपदेश दिए, उनलाई न्यायोचित सल्लाह दिएर सम्झाए, त्यसैलाई 'विदुर नीति' भन्दछन् । तर त्रिदोषको रोगीलाई तीतो औषधि मन नपरे झैं कुरुराजलाई पनि विदुरको शिक्षा मनपरेन । विदुरले फेरि भने–हे कुरुराज ! पाण्डवको राज्य फिर्ता दिनुहोस् किन भने ती महान् शक्ति-शाली छन् तिनमा पनि भीमसेन बर्ता क्रोधी र दस हजार हात्तीको बल भएका छन् । अर्जुनले देवराज इन्द्र र शंकरजीलाई प्रसन्न पारेर अमोघ शस्त्रहरूको ज्ञान प्राप्त गरेका छन् । फेरि तिनको रक्षा गर्न श्रीकृष्ण तयार रहन्छन् । सम्पूर्ण यादवगण पनि पाण्डवको मदत गर्ने छन् । भीमसेनरूपी

मर्पले डस्न नपाउँदै आफनो कुलको रक्षा गर्न तिनको भाग राज्य दिने आज्ञा दिनुहवस् । ती सबै धर्मात्मा छन्, हजुरको छोरो वंशको विनाश गर्ने कुल-घाती छ । त्यो सदैव अधर्ममै लागिरहन्छ । छोरोसंगै हजुरको पनि बुद्धि बिग्रिसकेको छ । अतः आफनो कुलको रक्षा गर्ने इच्छा छ भने त्यो कुलघाती-लाई त्यागेर पाण्डवहरूलाई आफ्ना बनाई अंगाल्नु हवस् । जब विदुरजी त्यस्तो कुरा गरिरहेका थिए तब दुर्योधन जुरुक्क उठेर विदुरको तिरस्कार गर्दै, अपमान पूर्ण वचन भन्न लागे—यो दुष्ट दासी पुत्र हाम्रो अन्न खाएर पाण्डवको गुण-गान गर्दछ । यस्ता दुष्टलाई तुरुन्त नगरबाट निकालिदिनु पर्छ । दाजू धृतराष्ट्रके अगाडि त्यस्तै अनेक अपमानजनक वचन बोलेको सुनी—दाजूले केही पनि बोल्न नसकेको देखेर विदुर तत्काल त्यहाँबाट उठेर बाहिर आए अनि राजद्वारमा आफ्नो धनुष-बाण राखिदिई वनको बाटो लागे । हस्तिापुरबाट हिंडेर अनेक तीर्थ डुल्न लागे । ती शुद्ध पवित्र रहेर एक छाक खाई भूमिमा शयन गरी सारा भारतवर्षका तीर्थहरूमा स्नान, दान, दर्शन गर्दै एक दिन प्रभास क्षेत्रमा पुगे । त्यहाँ उनले सुन्न पाए—भगवान् श्रीकृष्णको सहायताले पाण्डवहरू महाभारतको युद्धमा विजयी भए । युधिष्ठिर हस्तिनापुरको राज्य गर्दैछन् । यस्तो सुनेर दुःख लागे पनि फेरि तीर्थ डुल्न हिंडे । अनेक मुख्य-मुख्य तीर्थ र मन्दिरहरूमा दर्शन गर्दै र डुल्दै एक दिन सौराष्ट्र, सौवीर, मत्स्य, कुरु जांगल आदि देशहरू छिचोल्दै यमुना-को तटमा पुगे । त्यहीं भगवद्भक्त उद्धवसित भेट भयो । उद्धव श्रीकृष्णका अनन्य भक्त थिए । विदुरले उद्धवलाई देख्नासाथ प्रेमले विह्वल भएर अंक-माल गरे । अनि दुवै जना यमुनाको पुलिनमा बसेपछि विदुरले आफ्ना आराध्यदेव भगवान् श्रीकृष्णको र बलरामको कुशल सोधे ।

विदुरले सोधे—हे उद्धवजी ! जुन श्रीकृष्ण भगवान्ले दुष्टहरूको संहार र भक्तजनको रक्षा गर्न यस पृथ्वीमा शरीर धारण गरे, ती त कुशलपूर्वक होलान् ? उनका दाजू बलराम पनि कुशल छन् ? तिनका पिता वसुदेव र छोरा प्रद्युम्न कुशल छन् ? सात्वत, वृष्णि, भोज, दाशार्हवंशी यादवहरूका

राजा उग्रसेन त कुशल छन् ? हे उद्धव ! द्वारकापुरीका समस्त यादवहरूको संचो·विसंचो के कस्तो छ, त्यो सबै मलाई सुनाउनोस् । हाम्रा महाराज युधिष्ठिरको क्षेम कुशल पनि भन्नुहुवस् तिनले आफ्ना भाइहरू र श्रीकृष्ण·को सहायतालें पुनः राज्य पाए ? हे महाभाग उद्धवजी ! गाण्डीव·धारी पार्थको कुशल भन्नुहुवस् । माद्रीका दुवै छोरा र भीमसेन पनि कुशल छन् ? जीवन भरि दुःख सहने विचरा कुन्ती अब त सुखी होलिन् ? जुन कुरुराजले छोराहरूको लै·लैमा लागेर मेरो उचित सल्लाह नमानी मलाई नगर·बाट धपाए । तिनको विनाशमा मलाई अत्यन्त क्लेश छ । तर कालको गति·लाई को रोक्न सक्दछ ? म त जगत्·पिता श्रीकृष्ण भगवान्का लीलाहरूको गुणगान गर्दै आनन्दले डुलिरहेको छु ।

भगवान् श्रीकृष्णले समस्त राजाहरूको संहार गराई पृथ्वीको भार हलुको पार्नुभयो । ती राजा धन, बलमा अन्धा झैं भएका थिए । ती पृथ्वीमा अनेकानेक पाप गर्दथे । बाँसको वनमा परस्पर घोटिएर आगो लागी सारा वन भस्म भए झैं ती राजाहरूलाई परस्पर लडाई नाश गरिदिए । हे उद्धव ! ती अजन्मा भएर पनि भक्तहरूको रक्षा गर्न जन्म लिन्छन् तथा अकर्ता भएर पनि अनेक कर्म गर्दछन् । अतः मलाई तिनकै कुशल सुनाउनुहोस् ।

अध्याय २

भन्छन् शुकजी प्रेमले, सारा विरह विलाप ।
सोध्छन् विदुर कुरा सबै, हरिको हरि सन्ताप ॥

शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! विदुरले त्यसरी सोधेपछि उद्धवलाई आफ्ना परम पूज्य आराध्यदेव श्रीकृष्ण भगवान्को सम्झना भएर आयो । उनको वियोगमा विह्वल भएर एक छिनसम्म वाणी नै रोकिएर बोल्न सके·नन् । आँखाबाट वगेका आश्रुधारा पुछेर विदुरसँग यसरी भन्नलागे—हे विदुरजी ! श्रीकृष्णरूपी सूर्य अस्ताएपछि सबैतिर अन्धकार भएको छ । ती सबै मरे समान भएका छन् । म तिनको के कुशल क्षेम सुनाऊँ ? हामी

यादवहरू सान्है अभागी रहेछौं। उनलाई कसैले पनि चिह्न सकेन। सबै यादवहरू उनलाई यौटा श्रेष्ठ यादव नै हुन् भन्ने ठान्दथे। ती नित्य साधारण मानिस झैं हामीसित उठ्ने-बस्ने गर्दथे र क्रीडा गर्दै मलाई डाकेर मेरो सल्लाह माग्दथे। हामी सबैले उनलाई नचिन्हे पनि महात्माहरू उनलाई राम्ररी चिन्दथे। उनै प्रभु आज यस भूमण्डलबाट अन्तर्धान भए भगवान्‌ले आफ्नू लीला देखाउन योगमाया द्वारा अवतार धारण गरेका थिए, अब त्यो लीला विग्रह स्वयं बटुले।

हे विदुरजी! म तिनका लीलाहरूको के वर्णन गरौं? म त नित्य उनैसित उनका चरणको सेवामा थिएँ। तिनकै चरणको धूलो टाउकोमा चढाएर आफूलाई धन्य ठान्दथें। महाराज युधिष्ठिरको राजसूय यज्ञमा उनको अग्रपूजा भएको वेला प्रभुको शोभा अवर्णनीय थियो! तिनका एक-एक लीला अप्राकृतिक थिए। तिनका लीलाहरूको सम्झना हुनासाथ म व्याकुल हुन थाल्दछु। तिनले कंसलाई मारेर आफ्ना पिता वसुदेवलाई ज्यालखानबाट छुटाए। ब्रजमा त्यहाँका बालाहरूसँग बाल-लीलाहरू गरे। त्यसैले गर्दा ती ब्रजवासीहरू तिनको भक्तिमा र प्रेममा यति बर्ता विभोर थिए कि तिनीहरूलाई प्रेमयोग र भक्तियोग बाहेक अन्य कुनै योग पनि मनपर्दैनथ्यो। तिनैले इन्द्रको मान-मर्दन गरे। कति भनौं—ब्रह्मालाई पनि एक वर्षसम्म आफ्नू लीलामा चकित पारी भुलाइराखे। ती भगवान् श्रीकृष्णले आफ्ना भक्तहरूको इच्छानुसार उत्तम गति दिए, साथै आफ्ना शत्रु कंस, शिशुपाल, जरासन्ध आदिलाई पनि परमगति दिए। किन भने तिनका शत्रुहरूको ध्यान जेरुवले गर्दा सधैं उनैतिर लागिरहन्थ्यो।

प्रजापति ब्रह्माले प्रार्थना गरेपछि भूमिको भार उतार्नको निम्ति ब्रजमा अवतार धारण गरेका थिए। तिनले पूतना आदि राक्षसी र अनेक राक्षसहरूको बाल अवस्थामै संहार गरिदिए। कालीय नागलाई नाथेर यमुनाजीको विषयुक्त जल शुद्ध पारिदिए। किशोरावस्थामा शरद ऋतु लागेपछि गोपिनीहरूसँग रास विलास गरी ती ब्रजबालाहरूलाई आनन्द प्रदान गर्दथे।

अध्याय ३

भन्छन् उद्धव प्रेमले, व्रजको सब वृत्तान्त ।
सुन्छन् नृ-प गद्गद् भई, चित्त गरीकन शान्त ॥

उद्धव भन्दछन्—हे विदुरजी ! श्रीकृष्ण आफ्ना माता-पिताको कष्ट निवारण गर्न वृन्दावनबाट मथुरा गए । त्यहाँ कंसलाई अग्लो सिंहासनबाट तानेर भूमिमा पछारी मारे । त्यसपछि सान्दीपिनी गुरुसित थोरै समयमा एकैपल्ट सुनेर सांगोपांग वेद र शास्त्र कंठस्थ पारे । अनि गुरु दक्षिणा रूपमा तिनका मरिसकेका छोराहरू यमपुरीबाट ल्याएर गुरुलाई प्रसन्न पारे । जरासन्धक सत्र अक्षौहिणी सेनासहित सत्र पल्ट दुवै भाई मिलेर हराए । अनेक राजाहरुले देख्दा-देख्दै शिशुपाललाई दिन ठिक्क पारेकी रुक्मीकी बहिनी रुक्मिणीलाई हरण गरेर ल्याई गन्धर्व विवाह गरे । सातोटा साँढेलाई यौटै बाणलिई नाथेर नाग्नजितीलाई जितेर ल्याए । जाम्बवानलाई जितेर जाम्बवतीलाई आफ्नी पटरानी बनाए । सत्यभामाको खुसीका लागि इन्द्रको मान मर्दन गरेर पारिजात वृक्ष र सुधर्मा सभा पनि ल्याए । उनले भौमासुर-लाई मारेर सोह्र हजार एक सय कन्याहरूको धर्म-रक्षाका लागि आफ्ना रानी बनाए । आफ्नू योगमायाको प्रभावले जति रानीहरू थिए उति नै रूप धारण गरेर तिनीहरूसित आनन्द विहार गरे । ती सबै रानीहरुमा आफू समान नै दस-दस छोरा जन्माए । महाभारतको संग्राम पारेर आफूले शस्त्र नछोइकन अर्जुन द्वारा अठारह अक्षौहिणी सेनाको संहार गराए । त्यसपछि पनि यादवहरु महाबली र अजय भएका देखी ब्राह्मणको श्राप पारेर, गान्धारीको श्राप पनि पूर्ण गर्नाको लागि तिनलाई परस्पर लड्न बाध्य तुल्याई संहार गरे । ती स्वयं आफै नै नाशमा प्राप्त भए । ती द्वारकापुरीमा बसेर मर्यादा र धर्मको पालन गर्दथे । सांख्ययोगमा सदैव स्थिति बनाइराख्दथे, त्यसै कारण कर्म गर्दागर्दै पनि कुनै भोगमा आसक्ति थिएन । हे विदुरजी ! एक दिन केही यदुवंशी बालकहरुले ठट्टामा दुर्वासा ऋषिलाई जिस्क्याए, अनि यदुवंश नाश हुने श्राप दुर्वासाले दिए । त्यसको केही दिनपछि सबै यदुवंशी पर्वको

दिन पारेर आफ्नो रथमा चढेर प्रभास क्षेत्रमा गए र त्यहाँ अनेक थरिका गाई, धन, रत्न, पृथ्वी आदि ब्राह्मणहरुलाई दान दिएर, वहाँ स्नान गरी ब्राह्मणहरुलाई न्यूरेर दण्डवत् प्रणाम गरे ।

अध्याय ४

बन्धु निधन सुनि कानले, गए छाडि भगवान् ।
जगत शून्य सरि भो अति, विरह विषे परि प्राण ॥

उद्धवले भने—जब सबै यादवहरूले ब्राह्मणको आज्ञा पाई भोजन गरे र वर्ता मात लाग्ने रक्सी खाई पागल जस्ता भए । अनि परस्पर दुर्वाच्य बोल्दै यौटाले अर्कोलाई मार्न लागे । आफ्नो मायाले रचेको त्यो चरित्र देखेर सरस्वतीको जल लिएर आचमन गरेर चुपचाप यौटा पीपलको वृक्ष मनि बसे । त्यो घटना हुनुभन्दा पहिल्यै मलाई आज्ञा भएको थियो—उद्धव ! तिनी बदरिकाश्रम जाऊ । मैले तत्काल प्रभुको आज्ञाको अर्थ बुझें तापनि उनको वियोग सह्य नहुनाले उनको पछि-पछि प्रभास क्षेत्रमा आएँ । मैले त्यहाँ जगतका आश्रयरूप श्रीकृष्णलाई आफ्ना दिव्य विग्रहले युक्त भएर एक्लै सरस्वती नदी तटमा पीपलको वृक्ष मुन्तिर वृक्षको फेदमा अडेस लागेर बसेका देखें । उनको दाहिने पाऊ बायाँ तिघ्रामा राखिएको थियो । ती समस्त भोगहरूबाट मुक्त थिए र तिनको अवर्णनीय शोभा थियो । संयोगले त्यहीं मैत्रेय पनि आइपुगे । अनि आफ्ना परमभक्त मैत्रेयजीकै सम्मुख प्रभुले मलाई उपदेश दिनुभयो । श्रीहरिले भन्नुभयो—हे उद्धव ! म तिम्रो हृदयको भाव जान्दछु । अतः तिमीलाई म त्यस साधनाको शिक्षा दिन्छु, जो अत्यन्त गोपनीय छ । हे उद्धव ! तिमी पहिले जन्ममा वसु थियौ । तिमीले मलाई पाउन आराधना गरेका थियौ । अब मेरो आफ्नो नित्य धाममा जाने वेला भयो, अतः तिमीले यो पश्चात्त समयमा मेरो त्यो परब्रह्म स्वरूपको दर्शन पाएका छौ । हे उद्धव ! अब तिम्रो यो अन्तिम जन्म हो, तिमी अब यो जन्म-मरणरूप चक्रमा पर्नें छैनौ किनकि तिमीले मेरो कृपा प्राप्त गरिसक्यौ । जुन उपदेश मैले सृष्टिको

प्रारम्भमा कमल माथि बसेका ब्रह्मालाई दिएको थिएँ, त्यही 'भागवत' को उपदेश म तिमीलाई दिन्छु। तिमी त्यो ग्रहण गर।

हे विदुरजी ! भगवान्को त्यस्तो मीठो, मधुर र सरस वचन सुनेर मलाई अत्यन्त आनन्द प्राप्त भयो। वाणी अवरुद्ध भएर आँखाबाट प्रेमाश्रु बग्नलागे, तब मैले विन्ती गरें—हे भगवन् ! जसले हजुरको कृपा प्राप्त गरेको छ, त्यसको निम्ति धर्म, अर्थ, काम, मोक्ष चारै पदार्थ प्राप्त छन्। तर मलाई यी चारैमध्ये योटा पनि चाहिएको छैन। मलाई त केवल हजुरका चरणको सेवा गर्न पाए पुग्दछ, तर मलाई हजुरका लीलाहरू नै अनेक थरिको भ्रममा पारिराख्दछन्, फेरि हजुर दिव्य आदिपुरुष भएर पनि मनुष्य झैं लीला गर्नुहुन्छ। हजुर आत्माराम भएर पनि हजारौं रमणीहरूसँग रमण गर्नुहुन्छ। हजुरका यस्ता विचित्र लीलाहरू मलाई भ्रमित पारिरहन्छन्। हजुर मलाई आफ्नू दिव्य स्वरूपका ज्ञान गराउनु हवस्। हे विदुरजी ! जब मैले यसरी भगवान्सित प्रार्थना गरें, तब प्रभुले आफ्नो स्वरूप ज्ञान गराउने उपदेश दिनुभयो। म ती अचिन्त्य भगवान्को मुखारविन्दबाट उनको स्वरूपको ज्ञान प्राप्त गरेर उनको पाउमा नमी परिक्रमा गरेर यहाँ यमुना तटमा आएँ। अब उनको आज्ञानुसार म बदरिकाश्रम जान्छु।

शुकदेवजी भन्नुहुन्छ—हे राजा परीक्षित ! उद्धवका त्यस्ता शोकयुक्त वचन सुनेर विदुरले सोधे—हे उद्धवजी ! भगवान्ले जो आफ्नो स्वरूपको उपदेश दिनुभएको थियो, त्यो हामीलाई पनि भन्नुहुवस्। उद्धवले भने—हे विदुरजी ! त्यो तत्त्वज्ञानको उपदेशको निम्ति मेरो सामुन्ने नै श्रीकृष्ण भगवान्ले मैत्रेयलाई आदेश बक्सिएको थियो—यो मेरो परम तत्त्वको उपदेशा मेरा भक्त विदुरलाई अवश्य दिनु। अतः तपाईं मैत्रेय कहाँ गएर उनैद्वारा त्यो परमतत्त्वको उपदेश ग्रहण गर्नुहवस्। त्यति सुनेर प्रातः हुनासाथ विदुरजी उद्धवजीकहाँ जान भनेर हिंडे।

राजा परीक्षितले सोधे—हे मुनीश्वर ! जब ब्राह्मणको श्राप सम्पूर्ण यादव नाश हुन्छन् भन्ने थियो तब उद्धव कसरी बाँचे !

श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् । त्यो सबै कुरा त श्रीकृष्ण भगवान्‌को प्रेरणाले भएको थियो । ब्राह्मणको श्राप पनि उनले आफ्नै प्रेरणाले दिन लगाएका थिए । उन्ी जब आफ्ना सबै श्रीविग्रह बटुलेर आफ्नो धाममा जान लागे तब उनले विचार गरे—म यहाँबाट स्वधाम गएपछि मेरा लीला-हरूको वर्णन र धर्मको विस्तार घट्दै जानेछ, उद्धवलाई अनन्य भक्त र लीला विस्तार गर्न सक्ने ठानेर तिनलाई यहीं छाडि दिनुभयो र बदरिकाश्रम जाने सल्लाह दिनुभयो । जब विदुरले उद्धवको मुखबाट भगवान् परमधाम पाल्नु-भएको कथा सुने तब विदुर प्रभुको प्रेममा लीन भएर प्रेमाश्रु बगाउन लागे । त्यसपछि यहाँबाट प्रस्थान गरी मैत्रेयजीको आश्रम गंगातटमा पुगे !

*

अध्याय ५

विदुरलाई मैत्रेयले शिक्षि, जग सब सार ।
महातत्त्वहरू सृष्टिको, भने भएर उदार ॥

शुकदेवजी भन्नुहुन्छ—मैत्रेयजीको आश्रम हरिद्वारमा थियो । विदुरजी उहीं पुगेर मैत्रेयसित सोधे—हे भगवन् ! संसारका सबै प्राणीहरू सुखको निम्ति अनेक थरिका कर्म गर्दछन् तर तिनलाई सुख प्राप्त हुँदैन । केरि उनको कष्ट पनि समाप्त हुँदैन । अतः यस विषयमा प्राणीलाई सुख प्राप्त हुने कुन कर्म हो, जसलाई गरेर ती सुखी हुन सकून् भन्नुहुन्छ । जुन प्राणी श्रीकृष्णदेखि विमुख भएर अधर्ममा लागेका छन्, तिनको कष्ट निवारण गर्न हजुरजस्ता साधु पुरुष नै समर्थ छन् । हजुर मलाई त्यो शान्तिमय साधनको उपदेश दिनुहोस् जसद्वारा समस्त प्राणीका कष्ट नाश भएर सनातन ब्रह्मज्ञान प्राप्त गर्न सकूं । भगवान् कसरी सृष्टि, पालन र नाश गर्दछन्, यी सबै रहस्य-मय लीलाको वर्णन गर्नु होस् । यो बाहेक प्रभुको रहस्यमय अनेक लीलाहरू छन् यो, ब्राह्मण र देवताहरूको रक्षाका निम्ति प्रकट हुन्छ, त्यो मलाई आज्ञा होस् । यस बाहेक मलाई यो पनि बुझाउनु होस् कि यस विश्वका स्वामी भगवान्, यी लोक लोकपाल आदिको कसरी रचना गर्दछन् ? कसरी उच्च

र नीच वर्णको व्यवस्था गर्दछन् ? हे मैत्रेयजी ! हजुर मलाई दीन हीन जानेर श्रीहरिका लीलाहरू राम्रा-राम्रा छानी कल्याणको निम्ति आज्ञा हवस् ।

शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! विदुरले संसारको कल्याणका निम्ति मैत्रेयलाई सोधे र मैत्रेयजी मन्दछन्—भक्तहरूमा श्रेष्ठ हे विदुर ! तिमीले दुःखी जीवहरूको उद्धारका निम्ति जो प्रश्न गऱ्यौ त्यो उत्तम हो । तिमीले व्यासजीको वीर्यबाट साक्षात् धर्मरूप अवतार लिएका छौ । यसै कारण तिमीसित कुनै पनि धर्मको मर्म लुकेको छैन । फेरि तिमी श्रीकृष्णका अनन्य भक्त पनि छौ । जब प्रभु परमधाम जान लाग्नु भयो तब ज्ञानोपदेश तिमीलाई दिनु भन्ने आज्ञा बक्सिएको थियो । यसै निम्ति भयो अखिल विश्वको उत्पत्ति, स्थिति र प्रलयको विषयमा तथा भगवान्का लीलाहरू क्रमशः म तिमीलाई सुनाउँछु । सृष्टिको आरम्भमा जगत्का स्वामी भगवान् समस्त जीवलाई आफूमा लीन गराई आफू माया सहित एक्लै थिए । त्यस बेला तिनका अनेक रूप थिएनन् । सारा जगत् भगवद् रूप नै थियो । तिनकी मायाशक्ति सुत दशामा र ज्ञानशक्ति जाग्रत अवस्थामा थिए । त्यस बेला केवल परमात्मा नै साक्षीरूप प्रकाशमान थिए । कालानुसार तिनै भगवान्की त्रिगुणमयी माया अत्यन्त क्षोभमा प्राप्त भइन् । अनि भगवान्ले विराट्रूप द्वारा आफूमा बीज धारण गरे । त्यसपछि कालगतिले ती परमात्माको अव्यक्त मायाद्वारा महत्-तत्त्व उत्पन्न भयो । त्यो अज्ञान नष्ट गर्ने विज्ञानस्वरूप थियो । त्यही महत्तत्त्व-बाट अहङ्कार उत्पन्न भयो । त्यसको अधिदैव, अधिभूत र अध्यात्म तीन रूप हुनाले मन, भूत र इन्द्रियको रचयिता छ । त्यो अहंकार वैकारिक रूपले सात्त्विक, राजस र तामस तीन गुणले युक्त । त्यसै कारण अहंकार तत्त्वमा विकार उत्पन्न भएपछि मन र त्यसका अधिष्ठाता देवता तथा राक्षस अहंकार-बाट कर्मेन्द्रिय, ज्ञानेन्द्रिय र तामस अहंकार द्वारा समस्त भूतको कारण र तिनलाई बोध गराउने आकाश प्रकट भयो । जब विराट पुरुषको दृष्टि अकाश माथिपऱ्यो तब काल, माया र तन्मात्रा उत्पन्न भए । तिनका क्षोभ उत्पन्न भएपछि वायुतत्त्व उत्पन्न भयो । वायु र आकाश दुवै विकृत भएपछि

तन्मात्रा उत्पन्न भई त्यसैबाट तेज देखियो । अनि आकाश,वायु र तेज मिलेर रस तन्मात्राको कार्यरूप जलको उत्पत्ति भयो । अनि आकाश, वायु, तेज र जल यी चार थरिको संयोगले गन्ध गुण भएकी पृथ्वीको उत्पत्ति भयो । हे विदुरजी ! यी तत्त्वहरूको परस्पर मिलनले नै अन्य तत्त्वहरूको उत्पत्ति भयो, त्यसमा ऊभन्दा अधिको तत्त्व विद्यमान रहन्छ । देवताहरुले भने—हे परमेश्वर ! यस जगतमा तीन थरिका तापले समस्त जीव व्याकुल भएका छन् अतः ती जीवादिको उद्धार र दुःख निवारणका लागि हजुरले वेदादि उत्पन्न गरेर पवित्र गङ्गाजीको पनि उत्पत्ति गर्नु भयो । हामी सबै तिनको सेवन र हजुरका चरणको नित्य वन्दना गर्दछौं । तर ती पापी जन जो हजुरका चरणदेखि टाढा रहन्छन् , तिनको उद्धार कसरी हुन सक्दछ ? हे आदिदेव ! हजुरले देवगणलाई त्रिगुणतम उत्पन्न गर्नु भएको छ, यस निम्ति हाम्रो रूप, गुण, स्वभाव भिन्न-भिन्न छ । हामी परस्पर भेट्न पाउन्नौं । हजुर हामी सबैलाई त्यो मार्ग प्रदर्शन गरिबक्सियोस् जसबाट हामी सम्पूर्ण ब्रह्माण्डको रचना गर्न सकौं र हजुरलाई त्यो समर्पण गर्न सकौं । सबै विघ्न-बाधाबाट पर रहन सकौं र शान्तिपूर्वक आफ्नो यज्ञ भाग प्राप्त गर्न सकौं । हजुर पुराण-पुरुष र सम्पूर्ण सृष्टिका आदि कारण हुनुहुन्छ । हजुरले हामीलाई जन्म दिनुभयो । अब जुन कारणले हाम्रो उत्पत्ति गरेको हो, त्यस विषयमा शिक्षा दिनुहोस् ! किनभने अब के गर्ने ? ब्रह्माण्ड रचनाका लागि हामीलाई ज्ञान दिनुहोस् ।

अध्याय ६

प्रभुका रूप विराटको, गरिकन सविस्तार ।
भेद खोलि भन्छन् ऋषि, भन्यो जसरि संसार ॥

मैत्रेयजी भन्नुहुन्छ—हे विदुरजी ! भगवान्ले मेरा महत्तत्त्व आदि शक्तिहरू संगठित हुन सकेनन् र त्यसैले गर्दा सृष्टि गर्न पनि समर्थ हुनसकेन भन्ने जानेपछि आफ्नू कालशक्तिलाई स्वीकार गरी पञ्च-महाभूत, महत्तत्त्व, तन्मात्रा र मनसहित एघार इन्द्रिय र अन्य तेईस तत्त्वमा

साथै प्रवेश गर्नु भयो । तो तत्त्वहरूमा प्रवेश गरेर उहाँले जीवादिलाई शक्ति दिनुभयो र तिनलाई जाग्रत पारिदिनु भयो । अनि सम्पूर्ण तत्त्व परस्पर मिलाइदिए । अनि अंशरूपले त्यसमा परब्रह्म शक्ति पनि प्रवेश भए र त्यसै द्वारा विराट् पुरुषको उत्पत्ति भयो । त्यही विराट् पुरुषमा यो सम्पूर्ण विश्व स्थित छ । 'नर' अर्थात् जलभित्र 'अयण' अर्थात् आश्रय लिएर त्यो अण्ड-रूप हिरण्मय विराट् पुरुष एक हजार दिव्य वर्षसम्म सम्पूर्ण प्राणीलाई आफू-मा लीन गरेर बसिरहे । ती विराट् पुरुष तत्त्वहरूलाई धारण गने ज्ञानस्वरूप क्रिया तथा आत्मशक्तिले परिपूर्ण थिए । आफ्नू शक्ति द्वारा उनले तीन भाग गरे । पहिलो भाग—ज्ञानशक्ति द्वारा चैतन्यरूप । दोस्रो भाग—दस भाग अर्थात् प्राण, अपान, समान, व्यान, उदान नाग, कूर्म, कृकल, देवदत्त र धनन्जय । तेस्रो भागमा—आध्यात्म, अधिदैव र अधिभूत यी तीन भाग प्रकट गरे । यी विराट् भगवान् ने आदि जीवन-शक्ति भएका हुनाले जीवात्मा र जीव-स्वरूप हुनाले परमात्मा तथा प्रथम अंशरूप हुनाको कारण आदि अवतार मानिएका हुन् । यी विराट् पुरुष जीवरूपले एक प्रकारका प्राण रूपले दस थरिका र अध्यात्म, अधिभूत र अधिदैव रूपले तीन प्रकारका मानिएका छन् ।

विराट् भगवान्को मुख खुल्यो त्यसबाट वाक्, इन्द्रिय र लोकपाल अग्नि उत्पन्न भए; यसैले प्राणी बोल्न सक्ने हुन्छ । त्यसपछि ताल उत्पन्न भयो: त्यसमा लोकपाल, वरुण र तिनका अंश रसेन्द्रियको स्थापना भयो । त्यसपछि नाकको प्वाल उत्पन्न भयो । त्यसमा अश्विनीकुमार प्राणेन्द्रियकासाथ प्रकट भए । अनि नेत्र प्रकट भए; उसमा सूर्यनारायण प्रविष्ट भए । त्यस नेत्रेन्द्रियबाट अनेक रूपको ज्ञान हुन्छ । अनि छाला प्रकट भयो; त्यसले स्पर्श ज्ञान भयो । अनि रोम उत्पन्न भयो; त्यसबाट ओषधिहरू प्रकट भए । अर्को लिंग प्रकट भयो र त्यसबाट वीर्यरूप द्वारा प्रजापतिको उत्पत्ति भयो । अर्को गुदा उत्पन्न भयो; त्यसमा लोकपाल, वायु, इन्द्रियसहित प्रविष्ट भए । अर्को हात प्रकट भए; त्यसमा देवराज प्रविष्ट भए । अनि विराट् पुरुषका चर

प्रकट भए; त्यसमा आफ्नो गति-शक्ति लिएर स्वयं विष्णु भगवान् प्रविष्ट भए त्यसपछि बुद्धि प्रकट भयो; त्यहाँ ब्रह्माजी प्रविष्ट भए। अनि तिनको हृदय उत्पन्न भयो, त्यहाँ मन-सहित चन्द्रमा प्रविष्ट भए। त्यसपछि विराट् भगवान्मा अहंकार तत्त्व उत्पन्न भयो, त्यसमा रुद्रदेव प्रविष्ट भए। यसमा चित्त उत्पन्न भयो, त्यसमा महत्तत्त्व ब्रह्मा प्रविष्ट भए। त्यस चित्त-शक्तिबाट जीवात्मा चेतन-शक्ति प्राप्त गर्दछ, ती विराट् पुरुषको शिरबाट स्वर्गलोक, पाउबाट पृथ्वी र नाभिबाट आकाश उत्पन्न भयो। जसमा सत्त्वगुणले देवता, रजोगुणले मनुष्य र तमोगुणले राक्षस तथा भूत-प्रेतादि उत्पन्न भए।

हे विदुरजी! मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय र तिघ्राबाट वैश्य तथा र खुट्टाबाट शूद्र उत्पन्न भए। हे विदुरजी! विराट् भगवान्को रूप तथा गुण-को वर्णन गर्न शेष, महेश, गणेश तथा ब्रह्माको पनि शक्ति पुग्दैन भने मेरो शक्ति झन् कसरी पुग्ला? जस्तो मैले गुरुको मुखबाट सुनें, त्यस्तै आफ्नो बुद्धि अनुसार तिम्रो सम्मुख वर्णन गरेर सुनाएँ। हामीहरूको भलो हुने योटै कारो छ कि हामी प्रभुका गुणको कीर्तन गरिरहौं। ती भगवान्लाई साष्टांग दण्डवत् प्रणाम गर्दछु।

ΔΔΔ

अध्याय ७

सुनी भक्ति रसले गरी, मुनिको वचन विवेक।
विदुर प्रशंशाले भरी, गर्छन् प्रश्न अनेक॥

विदुरजीले सोधे—हे मैत्रेयजी! भगवान् सत्य स्वरूप, निर्विकार, निर्गुण र इच्छारहित भएर पनि किन सृष्टि रचना गर्ने इच्छा गर्दछन्? जुन भगवान् पूर्णकाम र सदैव असंग छन् ती आफ्नू क्रीड़ाकै निम्ति पनि सृष्टि रचना गर्ने किन गर्दछन्? भगवान् आफ्नी त्रिगुणमयी मायाले सृष्टिको रचना गर्दछन् र उही मायाद्वारा त्यसको पालन र संहार पनि गरिदिन्छन्। जुन मायामा कहिल्यै लिप्त हुँदैनन्, तिनको संयोग मायासित कसरी हुन्छ? जुन भगवान् सम्पूर्ण क्लेशबाट रहित सत्-चित्-आनन्द-घन स्वरूप

छन् तिनलाई कष्ट र दुर्भाग्यले कसरी सताउँछ ? यस निम्ति हे मैत्रेयजी ! मेरो यो शंकाको निवारण गर्नुहवस् ।

त्यति सुनेर मैत्रेयजीले मुसुक्क हाँसेर भने—हे विदुरजी ! सर्वात्मा र सबैका स्वामी मुक्तस्वरूप भगवान् कहिले पनि कर्मजनित क्लेश र त्यसको बन्धनमा बाँधिन्न तापनि आफ्नी मायाद्वारा आफूलाई त्यस्तो प्रकट गर्दछ, त्यसैलाई प्रभुको लीला र माया भन्दछन् । जस्तै स्वप्नमा देखेको सबै सत्य जस्तै लागे पनि जागेपछि सबै असत्य प्रकट हुन्छन्, त्यसै गरी अज्ञानले जीव बन्धन आदिमा नभए पनि आफूलाई बन्धनमा बाँधिएको देख्दछ । आफूभित्रै रहिरहेको परमात्मालाई किन चिन्न सक्तैन भनौं भने त्यसको कारण के हो भने—अज्ञानले गर्दा त्यस जीवात्मा माथि मायाको पर्दा अर्थात् अज्ञानरूपी मायाले ढाकिएको हुन्छ । त्यसको संगसंगै तीं सम्पूर्ण दुःख क्लेश कर्म बन्धन (बाँधिएको) देहाभिमानी जीवलाई नै लिप्त गर्दछन्, तर परमात्मामा त्यस्तो आभास पनि हुँदैन । निष्काम भावनाले कर्म गर्दै रहे, तीं कर्मका फलको झूठो आरोप जीवमा लाग्दैन र विस्तार-विस्तार भक्तिद्वारा परमात्मामा लीन हुन्छ । विदुरजीले सोधे—हे मैत्रेयजी ! हजुरको कृपाले मेरो यो सन्देह नष्ट भयो, मेले यो पनि बुझें कि—जीवलाई दुःख क्लेशको विश्वास पार्ने केवल प्रभुकी माया हुन् । अतः तीं माया नै जीवलाई अज्ञानमा पारिराख्दछिन् । यस जीवले जब तीं मायालाई नाघेर पारी पुग्दछ तब सत्य स्वरूप भगवान्को दर्शन पाउँदछ । फेरि मलाई यो निश्चय पनि भइसक्यो कि—यो सुख दुःखादि मिथ्या पदार्थ वास्तवमा केही पनि होइनन्, केवल जीवलाई प्रतीत हुने मात्र हुन् । त्यो प्रतीत (विश्वास) हटेपछि जीवात्मा सुख-दुखबाट मुक्त हुन्छ र समत्व भावमा प्राप्त भई प्रभुको चरणमा लीन भएर जान्छ ।

हे मैत्रेयजी ! हजुरले अहिले आज्ञा भएको थियो—सृष्टिको आदिमा विराट् पुरुषको उत्पत्ति भयो र त्यसमा स्वयं परमात्माले प्रवेश गरे । उनैलाई आदि पुरुष भन्दछन् । तिनको हजारौं हात-खुट्टा आदि छन् । अब हजु

मलाई यो बुझाउनोस् कि—ती विराट् भगवान्बाट यो सम्पूर्ण ब्रह्माण्डको उत्पत्ति कसरी गर्दछ ? फेरि यी लोकालोक, लोकपाल, देवता, मनुष्य, पशु-पक्षि, जरायुज, स्वेदज, अण्डज र उद्भिज आदिको सृष्टि कसरी भयो ? परमात्माले रजो गुणबाट ब्रह्मा, सत्वगुणबाट विष्णु र तमोगुणबाट शंकरको रूप धारण गरेर कुन-कुन लीलाहरू गरेका छन् ? यी सबैको वर्णन विस्तारले आज्ञा हवस् । हे मैत्रेयजी ! धर्म, अर्थ, काम र मोक्षका साधनहरूको विधि, पितृगणहरूको उत्पत्ति, ग्रह, नक्षत्र आदिको स्थिति कसरी हुन सक्छ ? महत्तत्वहरू कसरी प्रकट हुन्छन् ? प्रलय कति प्रकारको हुन्छ ? प्रलयपछि योगनिद्रामा सुतेका भगवान्को सेवा कुन-कुन तत्त्वले गर्दछन् ? फेरि कुन-कुन तत्त्व तिनमा लीन भएर रहन्छन् ? जीव तत्त्व परमात्माको स्वरूप, ज्ञान, गुरु-शिष्यको परस्पर के प्रयोजन रहन्छ ? ज्ञान कसरी प्राप्त हुन्छ ? हे मैत्रेयजी ! मेरो यी सबै शंका निवारण गरिदिनु हवस् ।

शुकदेवजी भन्दछन्—हे राजा परीक्षित ! ज्ञानी विदुरको त्यस्ता प्रश्न सुनी, जगतको कल्याण हुने हेतु जानेर मैत्रेयजी प्रसन्न भएर भन्नलागे ।

अध्याय ८

प्रभुका रूप अनूपको गर्छन् विशद बयान ।
खुल्दछ भाव भए जती, जम्न गई मन ध्यान ॥

मैत्रेयजी भन्दछन्—हे विदुरजी ! तिमी ज्ञानी र भगवान्का भक्तहरूमा अति तथा स्वयं धर्मराजका प्रतिरूप हौ । तिम्रो निवास सधै हरिको चरणमा छ । उनै हरिको लीलाहरूले भरिएको श्रीमद्भागवत पुराण म तिमीलाई सुनाउँछु । त्यही भागवत् पुराण संकर्षण भगवान्ले सनत्कुमार-लाई सुनाउनु भएको थियो । फेरि उनले सांख्यायन मुनिलाई सुनाएका थिए । ती सांख्यायनले आफ्ना शिष्य तथा मेरा गुरु श्री पराशर र बृहस्पति-लाई यो भागवत् पुराण सुनाएका थिए । त्यही भागवत पराशरले पुलस्त्यको आदेशानुसार मलाई सुनाए । हे विदुरजी ! त्यही भागवत् पुराण म तिमी-

लाई सुनाउँछु । एकाग्र भएर सुन सृष्टिको आदिमा यो सम्पूर्ण ब्रह्माण्ड जल-मग्न थियो । चारैतिर केवल पानी नै पानी थियो । केवल नारायण भगवान नै शेष-शय्यामा सुतेका थिए । उनले सम्पूर्ण विश्व आफूमा लीन गरेर आत्मानन्दमा भई योग निद्रा धारण गरेका थिए । फेरि सृष्टिको समय आए-पछि ती परमात्मालाई जागा गराउन काल-शक्ति मात्र जागृत थिई । एक सहस्र चतुर्युगी वर्ष जलमा शयन गरेर बितेपछि त्यस काल-शक्तिले भगवान् नारायणलाई जागा गरायो । अनि भगवान्‌ले आफ्नो शरीरमा अनेक लोक हरुलाई देखे, आफ्नै देहमा समस्त भूत र जीवहरू पनि देखे । जब भगवान्‌को दृष्टि आफ्नो लिंग शरीर, सूक्ष्म तत्त्वमा पऱ्यो तब कालको प्रेरणाले रजोगुणद्वारा र क्षुब्ध भएर सृष्टि रचनाको निम्ति उनको नाभिबाट सूक्ष्म तत्व कमल-कोष बाहिर निस्क्यो । त्यो कमल माथितिर उठेर सूर्य समान तेजो-मय भई त्यो अपार जललाई प्रकाशमान गर्नलाग्यो । त्यस देदीप्यमान कमलमा सृष्टि रचयिता स्वयं भगवान् विष्णु नै त्यसमा प्रविष्ट भए र ब्रह्माको रूपमा प्रकट भए । त्यस कमलमा बसेका ब्रह्माले जब आफूलाई एक्लै देखे तब ती चारैतिर आँखा घुमाइ-घुमाइ आकाशमा हेर्न लागे, त्यसै कारण तिनको चार मुख भयो । ती ब्रह्मालाई त्यो अपार पानीमा उठेको त्यो कमल बाहेक अरु केही देखापरेन । ती गहीरो विचारमा गाडिए—यो कमल के हो ? म को हुँ ? मलाई कमले उत्पन्न गऱ्यो ? यो कमल कहाँबाट आयो ? यो अपार जलमा अवश्य कुनै आधार छ, जहाँबाट यो कमल आएको छ । यस्तो विचार गरेर ती कमलको नाल समाती जलमा तल वर्णन थाले तर तिनले त्यो कमलको कुनै आधार पाउन सकेनन् । त्यो जल राशिमा कमल-को उत्पत्ति स्थान खोज्दा-खोज्दै धेरै काल व्यतीत भयो । अन्त्यमा नमके फेरि उही कमल माथि आएर बसेर समाधिमा लीन भए । यसरी दिव्य सय वर्षसम्म योगाभ्यास गरेपछि तिनलाई ज्ञान भयो र उत्पत्ति गर्ने भगवान्‌लाई आफ्नै अन्तःकरणमा देखे । तिनले शेषशायी भगवान्‌को दर्शन अन्त-करणमै पाए । त्यो अनन्त जल राशिमा शेषका दस हजार फणाको छात्रको

तल नारायण भगवान् पल्टिरहेका छन् भन्ने देखे । ती भगवान्को माथमा कान्तिमय मुकुट छ र श्याम वर्ण, चार बाहु छन्, तिनका अंग-प्रत्यंग दिव्य शोभाले देदीप्यमान छन् र रत्नाभूषणले शोभित छन्, पीताम्बर पहिरेको उनको शरीर विग्रह असीम (साँधन भएको), समस्त ब्रह्माण्ड उनैमा विराजमान छ । तिनको सुलुक्क परेको नाक, कमल जस्ता नेत्र, मनोहर हास्य, भक्तजनलाई सुख दिने वक्षस्थलमा श्रीवत्सको चिह्न शोभायमान छ । शेषका सहस्र फणा उनको छाता छ । घाँटीमा वनमाला, चार हातमा शंख, चक्र, गदा, पद्म धारण गरेका छन् । ती ब्रह्माले केवल नारायणको नाभिरूपी सरोवरबाट उत्पन्न कमल, जल, आकाश, वायु र, स्वयं आफ्नो शरीर यति पाँच थोक मात्र देखे । यी बाहेक अरु केही पनि दृष्टिगोचर भएन । अनि विश्वको रचना गर्ने ब्रह्माले आफूलाई उत्पन्न गर्ने भगवान् नारायणमा चित्त लगाई उनको स्तुति गर्न लागे ।

अध्याय ९

विधिले तपमा लीन भई, गरे ईशको ध्यान ।
रचे भुवन चौंधै अनी, भइकन ब्रह्म समान ॥

ब्रह्माजी भन्दछन्—हे भगवन् ! मेरै कालपछि बल्ल हजुरलाई चिन्ह सक्ने । हजुर प्राणीहरूमा निवास गरेर पनि तिनीहरूद्वारा नचिन्हिन वा तिनले चिन्ह नसक्नु ठूलो दुर्भाग्यको विषये हो । यस सम्पूर्ण विश्वमा हजुरनै व्यापक हुनुहुन्छ, हजुर बाहेक अरु कुनै वस्तु छैन । हजुरनै अनेक रूपमा लीन हुनुहुन्छ । हजुर सत्-चित्-आनन्द-घन र चित् शक्तिको कारण स्वयं प्रकाशमान हुनुहुन्छ । हजुरको आनन्दमय, अभेद र तेजयुक्त स्वरूप सारा विश्वमा व्याप्त छ, हजुर नै विश्वका कल्याणकर्ता हुनुहुन्छ । हजुरका चरणारविन्दको आश्रय नलिएसम्म जीवलाई संसारिक मोह-माया, भय, तृष्णा इच्छा, शोक, ममत्व आदिले दुःख दिइरहन्छन् । हजुरको शरणमा आएका जीव सम्पूर्ण क्लेशबाट मुक्त हुन्छ । यी जाडो, गर्मी, वर्षा, कामाग्नि

आदि विषयरूप हजुरकै माया हो । हे देव ! साधारण प्राणीको त कुरै छैन, ठूलठुला ऋषि-मुनि पनि हजुरको भजन-कीर्तनबाट विमुख भएर मायामा गाडिएका छन् ।

हे नाथ ! हजुर विशुद्ध भक्ति-योग द्वारा शुद्ध-पवित्र हृदयमा सदा रहनु हुन्छ । हजुरका भक्त जुन रूपको भजन गर्दछन्, त्यही रूप धारण गरेर दर्शन दिई तिनको कल्याण गर्नु हुन्छ । हजुर एक भएर पनि अनेक हुनुहुन्छ । यज्ञ, दान, व्रत, तीर्थ; तपस्या आदिले हजुरलाई प्रसन्न तुल्याउनु मनुष्य मात्रको कर्तव्य हो । हजुरको त्यो दिव्य प्रकाश पाएपछि हृदयका सम्पूर्ण अन्धकार नष्ट भएर जान्छन् । यस संसारको उत्पत्ति, स्थिति र संहार हजुर आफ्ना लीला मात्रले गर्नु हुन्छ, म हजुरलाई बारम्बार प्रणाम गर्दछु । हजुरको नाम संकीर्तनले नै जन्म-जन्मान्तरका पाप नष्ट भएर जान्छन् र ब्रह्मपद प्राप्त गर्न सकिन्छ । विश्वरूपमा निवास गर्ने हजुरलाई बारम्बार नमस्कार छ । हजुर नै ब्रह्मा, शिव र विष्णुको रूपमा यस विश्वको उत्पत्ति स्थिति र लय गर्नु हुन्छ । मैले धेरै कालसम्म हजुरको तपस्या गरें, त्यसको साक्षीरूप हजुरलाई नमस्कार छ । हजुर पूर्णकाम, विषय वासनादेखि मुक्त र मायादेखि पाने टाढा रहेर धर्मको रक्षाका निम्ति अनेक रूप धारण गर्नु हुन्छ । हजुर नै प्रलय कालमा सम्पूर्ण जीवलाई आफूमा लीन पार्नु हुन्छ । सृष्टिको रचना गर्ने इच्छा भएपछि हजुरको नाभिबाट उत्पन्न कमल-कोषद्वारा मेरो उत्पत्ति हुन्छ र हजुरकै कृपाले म हजुरको उदरमा विलीन भएको सृष्टिको पुनः रचना गर्दछु । हे प्रभो ! पूर्वकल्प जस्तै मलाई बुद्धि दिनुहुवस् । मेरो वेद-वाणीको उच्चारण लुप्त हुन नपाओस् । भक्तहरूमा दया गर्ने हजुरलाई बारम्बार नमस्कार । हजुर मेरो दुःख निवारण गरिदिनुहुवस् ।

मैत्रेयजीले भने—हे विदुरजी ! आफ्नो उत्पत्ति स्थान नारायण भगवान्‌को यसरी गरेर थाकेपछि ब्रह्मा मौन भए, तब भगवान्‌ले ब्रह्माजी प्रलयको जल-राशि देखेर भयभीत भएछन् भन्ने जान्नुभयो । अनि लोक-रचनाको विषयमा कुनै निश्चय गर्न नसकी अत्यन्त दुःखी भए । तब गम्भीर र मधु

वाणीमा भगवान्ले आज्ञा भयो—हे वेदमा ब्रह्मन् ! तिमी मनमा खेद नगर तिम्रो जो इच्छा हो त्यो मैले तिमीलाई पहिले नै प्रदान गरिसकेको छु । तिमी फेरि मेरो तपस्या गर र मेरो उपासनाद्वारा मेरो देहमा भएको समस्त लोक-रचना गर्ने शक्ति आफ्नो हृदयमा स्पष्ट हेर । अब सृष्टि-रचनामा अल्ली नमानी त्यसको उद्योग गर । मलाई तपस्याद्वारा नै देख्न र भेट्न सक्छौ । काठमा आगो झैं म सम्पूर्ण भूतमा लुकेको, विद्यमान छु । जो प्राणी अज्ञानरूपी मल पखाल्न सक्तछ, त्यो सम्पूर्ण भूत, इन्द्रिय र गुणहरूले रहित भई मलाई आफ्नो अन्तःकरणमा देख्न सक्तछ । हे ब्रह्मन् ! कर्मानुसार तिमी सम्पूर्ण जीवहरू सृष्टि गर्न सक्तछौ, त्यसमा मोहित हुँदैनौ । त्यसको कारण हो—तिमी सर्वप्रथम मन्त्र द्रष्टा हौ । तिमी सृष्टि रचना गर्दा पनि आफ्नू मन ममा लगाइराख्दछौ । त्यसै कारण रजोगुणले तिमीलाई बन्धन-मा बाँध्न सक्तैन । तिमी आफ्नो मूल उत्पत्ति स्थान हेर्ने इच्छा गर्दथ्यौ, कारण कमलको डाँठ समातेर जलमा आफ्नो मूल उत्पत्ति स्थान खोजिरहेका थियौ । त्यसकारण मैले तिम्रो मूल उत्पत्ति स्थानमा आफ्नो यो स्वरूप तिम्रो अन्तःकरणमै प्रकट गरेर देखाएँ । मेरो तपस्यातिर तिम्रो रुचि हुनु पनि मेरै कृपा हो । तिमीदेखि म प्रसन्न छु । तिम्रो सबै कामना पूर्ण हुनेछन् । म सम्पूर्ण विश्वमा छु र ममा समस्त विश्व निहित छ । यसनिम्ति आफ्ना सबै वेदमय स्वरूपले तिमी पूर्व कल्प जस्तै यस सृष्टिलाई फेरि स्वयं उत्पन्न गर ।

मैत्रेयजीले भने—भगवान्ले त्यसरी ब्रह्माजीलाई आफ्नो स्वरूपको बोध गराएर अन्तर्धान हुनुभयो ।

अध्याय १०

काल कसरी हुनगो यहाँ, भए कसरि ऋषिराज ।
भन्छत् सब सोची बुझी, पूर्ण गरीकन काज ॥

विदुरजीले सोधे—हे मैत्रेयजी ! कमलनाभ नारायण अन्तर्धान भएपछि ब्रह्माले यस सृष्टिको रचना कसरी गरे, त्यो यथाक्रम सबै वर्णन गर्नुहुनस् ।

सूतजी भन्दछन्—हे शौनक ! ज्ञानी विदुरको प्रश्न सुनी मैत्रेयजी प्रसन्न भए र उत्तर दिदै भन्न लागे—हे विदुरजी ! कमलनाम नारायणको आज्ञा पाएर ब्रह्माजीले सय दिव्य वर्षसम्म एकाग्र चित्तले तपस्या गरे । त्यस तपले उनको विवेक-शक्ति र आत्मशक्तिमा वृद्धि भयो । कालको गतिले जलमा कमल हल्लन लागेको देखे र त्यो देखे र जल सहित त्यस हावालाई ब्रह्माले पिइदिए । त्यसपछि आफू बसेको त्यो कमल भित्र प्रवेश गरे र त्यसको 'भूः भुवः स्वः' भन्ने तीन भाग गरे । त्यो कमल यति ठूलो थियो कि लोका-लोक एवं भुवनहरूमा बाँड्न सकिन्थ्यो, तर ब्रह्माजीले प्राणीहरूको भोग स्थानका लागि तिनै तीन लोकहरूमा विभाजित गरे । यो लोक सकाम कर्म गर्नेहरूका निम्ति हो, त्यसको अवधि एक कल्पसम्मको हो । निष्काम कर्म गर्नेहरूलाई 'महः जनः, तपः सत्यः' यी लोकको प्राप्ति हुन्छ । यी लोक-हरूको स्थितिको अवधि ब्रह्माको अर्थात् दुइ परार्धसम्म हुन्छ । विदुरले सोधे—हे भगवन् ! काल भगवान्को शक्तिको विषयमा जुन बात भन्नु भएको थियो, त्यसैको विस्तारपूर्वक वर्णन गर्नुहोस् ।

मैत्रेयजी भन्दछन्—हे विदुरजी ! सत्व, रज, तम तीन गुणहरूको फलस्वरूप यो महत्तत्त्व आदिको रूपमा प्रकट हुने, आदि अन्त रहित नै काल हो । भगवान् त्यही कालको प्रेरणाले आफ्ना लीलाहरूको साथमा यस सृष्टिको रूपमा प्रकट हुन्छन् । पहिले यो सम्पूर्ण विश्व भगवान्को मायामा लीन भएर ब्रह्ममय थियो । काल भगवान्ले त्यही अव्यक्त रूपलाई व्यक्त पारी सृष्टि रूपमा प्रकट गरिदिए । यो सृष्टि जस्तो अहिले छ, उस्तै पहिले पनि थियो र भविष्यमा पनि यस्तै रहिरहने छ । सृष्टि नौ प्रकारको छ र प्राकृत एवं वैकृतको भेदले दसौं सृष्टि पनि मानिन्छ । यस सृष्टिको प्रलयकाल द्रव्य र गुणहरूको द्वारा तीन थरिको भेदमा मानिन्छ । हे विदुरजी ! म तिमीलाई दसै थरिका सृष्टिको वर्णन सुनाउँछु, सुन—सबै भन्दा पहिले प्रभुको इच्छाद्वारा सत्व, रज, तम यो तीन गुणहरूको परस्पर मेल भएर महत्तत्त्वको उत्पत्ति भयो । दोस्रो उत्पत्ति अहंकारको भयो । त्यसद्वारा पृथ्वी, जल

वायु, आकाश र अग्नि यी पाँच तत्त्व र पाँच ज्ञानेन्द्रिय एवं पाँच कर्मेन्द्रिय-को उत्पत्ति भयो। तेस्रो सृष्टि भूतवर्णको भयो। यसमा पंचमहाभूतहरूको उत्पत्ति गर्ने तन्मात्रा वर्ग स्थिति छ। चौथो सृष्टि ज्ञान र क्रिया शक्तिलाई उत्पन्न गर्दछ। पाँचौं सृष्टि इन्द्रियहरूका अधिष्ठाता देवताहरूको भयो र मन एवं इन्द्रियको पनि उत्पत्ति भयो। छैठौं सृष्टि तामिश्र, अन्धतामिश्र, मोह तथा महामोह एवं अविद्याको भयो। यो प्राणीहरूलाई पापको बाटोमा लैजान्छ। यो प्राकृत सृष्टि कहिन्छ। अब वैकृत सृष्टिको वर्णन सुन—यसमा सातौं सृष्टि छ थरिका स्थावर वृक्षादिको हो।

१–वनस्पति, २–औषधि, ३–लता, ४–त्वक्सार, वीरुध् ६–द्रुम। आठौं सृष्टि पशु-पक्षीहरूको भयो। यो सृष्टि अट्ठाइस प्रकारको छ। इनी-हरूमा तमोगुण प्रधान छ। इनमा एक खुरे दुइ खुरे र पाँच नंग्रा हुने, गाई, बाख्रा, भैंसी, गदहा, घोडा, स्याल, जंगली बिरालो, सिंह बानर, कछुआ, ग्राह आदि पशुहरू र उड्ने पंछी हुन्छन्। मनुष्य रजोगुण प्रधान हुन्छन्। स्थावर पशु, पक्षी र मनुष्य आदि वैकृत सृष्टि कहिन्छन्। यो देवसर्ग पनि कहिन्छ। यसको अतिरिक्त कौमार सर्ग छ, त्यो प्राकृत र वैकृत दुवै थरिको हुन्छ। यसमा सनत्कुमार आदि ऋषि, देवता, पितृ, यक्ष, राक्षस, गन्धर्व, अप्सरा, भूत-प्रेतादि हुन्छन्। यो आठ थरिको सृष्टि मानिन्छ। हे विदुरजी! यस प्रकार संकल्प भगवान् ब्रह्माको रूपमा प्रकट भएर सत्वगुण र रजोगुण तथा तमोगुणले व्याप्त यी दस थरिका सृष्टिमा आफ्नै रूपहरू सृष्ट गर्दछन्।

**

अध्याय १२

काल कसरि हुनगो यहाँ, भए कसरि ऋषिराज।
भन्छन् सब मोची बुझी, पूर्ण गरीकन काज॥

मैत्रेयजी भन्दछन्—हे विदुरजी! पृथ्वीको सूक्ष्म भन्दा पनि अति सूक्ष्म अंश, जसलाई टुक्राउन वा भाग लगाउन सकिन्न, परमाणु कहिन्छ।

त्यस्ता अनेक परमाणु मिलेर यौटा अवयव बन्दछ र ती अवयवहरू मिलेर यौटा वर्ग बन्दछ, त्यसैलाई परम महान् भन्दछन्। यसै गरी कालका पनि अति सूक्ष्म र परम महान् नामका भेद छन्। दुइ परमाणुहरू परस्पर मिलेर एक अणु बन्दछ। तीन अणुहरू मिलेर यौटा 'त्रसरेणु' बन्दछ—यही सूर्यको प्रकाश आँखीझ्यालबाट छिरेको बेला आए-गएको देख्न सकिन्छ। यस्ता तीन रेणुलाई नाघ्न सूर्यलाई जति समय लाग्दछ, त्यसैको नाम 'सृष्टि-काल' हो। त्यस सृष्टिकाल भन्दा सय गुना बढीलाई 'वेध' भन्दछन्। तीन वेधको एक 'लव' बन्दछ, तीन लवलाई एक 'निमेष' भन्दछन्। तीन निमेषको एक 'क्षण' कहिन्छ। पाँच 'क्षणलाई' एक 'काष्ठा' र पन्ध्र काष्ठाको समयलाई एक 'लघु' भन्दछन्। पन्ध्र लघुको एक 'दण्ड' अथवा 'घडी' कहिन्छ। दुइ घडीको एक 'मुहूर्त' र छ वा सात मुहूर्तको एक 'प्रहर' हुन्छ। यसैलाई 'याम' पनि भन्दछन्। यस्ता याम दिन रातमा हुन्छन्। एक घडीको समय जान्नका लागि काल-मापक यन्त्र बन्न सक्तछ। एक 'प्रस्थ' जल अटाउने छ पल तामाको यौटा भाँडो बनाएर त्यसमा चार मासा सुनको चार अंगुल प्रमाणको लामो छेस्को जस्तोले प्वाल पारोस्, त्यो भाँडोलाई पानीले भरिएको अर्को ठूलो भाँडोमा हालिदेओस्। जति समयमा ती मसीना प्वालाबाट एक प्रस्थ पानी त्यस सानो भाँडोमा आएर त्यो सानो भाँडो डुब्दछ, त्यति समय-लाई एक घड़ी वा दण्ड अथवा नाडिका भन्दछन्। हे विदुरजी! चार प्रहरको दिन र चार प्रहरका रात हुन्छन्। यही मनुष्यका दिन-रात कहिन्छन्। मनुष्यका पन्ध्र दिन-रातको एक पक्ष कहिन्छ। पक्षका पनि शुक्ल र कृष्ण दुइ भेद छन्। ती दुवै पक्ष मिलाएर एक महिना बन्दछ। यही पितृहरूको एक दिन-रात हुन्छ। दुई महीनाको एक ऋतु र छ महीनाको एक 'अयन' बन्दछ। अयन पनि दुइ थरिका हुन्छन्। यौटा दक्षिणायन र अर्को उत्तरायण। यो दुवै 'अयन' मिलेर मनुष्यको एक वर्ष तथा देवताको एक दिन-रात बराबर मानिन्छ। यसरी मनुष्यको सय वर्षको आयु प्रमाण मानिन्छ। समस्त कालका अधिष्ठाता सूर्यनारायण एक परिमाणदेखि

वर्ष दिनसम्मको समयलाई बाह्र राशिहरूमा बाँडेर समस्त भुवनको परिक्रमा गरिरहन्छन् । यी सम्पूर्ण ग्रह, नक्षत्र तिनै राशिहरूमा भएर भुवन-कोषको परिक्रमा गरिरहन्छन् । महिनाहरूको भेदले वर्षका नाम—संवत्सर, परिवत्सर, इडावत्सर, अनुवत्सर एवं वत्सर हुन्छ ।

विदुरजी भन्दछन्—हे मैत्रेयजी ! हजुरले मनुष्य, देवता, पितृ आदिको परमायुको वर्णन सुनाउनु भयो तर सनकादि मुनीश्वरहरू—जो तीनै लोकमा बाह्र कल्पभन्दा पनि बर्ता आयुष्यका छन्—तिनको वर्णन किन सुनाउनु भएन ?

मैत्रेयजी भन्दछन्—हे विदुरजी ! सत्य, त्रेता, द्वापर र कलि यी चारै युग आफ्नाफ्ना सन्ध्या र सन्ध्यांश सहित बाह्र हजार दिव्य वर्षका हुन्छन् । सत्ययुग चार हजार दिव्य वर्षको हुन्छ र आठ सय दिव्य वर्ष सन्ध्या र सन्ध्यांशका हुन्छन् । यसै प्रकार सत्ययुगको परिमाण ४८०० दिव्य वर्ष भयो ! त्रेता तीन हजार दिव्य वर्षको त्रेतायुग र सय दिव्य वर्ष त्यसको सन्ध्या एवं सन्ध्यांश जोरेर ३६०० दिव्य वर्षको भयो । द्वापर दुइ हजार दिव्य वर्ष तथा चार सय दिव्य वर्ष सन्ध्या र सन्ध्यांशलाई मिलाएर २४०० दिव्य वर्षको भयो । कलियुग एक हजार दिव्य वर्ष र दुई सय दिव्य वर्ष सन्ध्या एवं सन्ध्यांश मिलाएर १२०० दिव्य वर्षको भयो ! जति हजार वर्षको युग हुन्छ, त्यसको दोबर सय वर्षको त्यसको सन्ध्यांश मानिन्छ । प्रत्येक युगको अगाडिमा सन्ध्या र अन्त्यमा सन्ध्यांश हुन्छ । सन्ध्या तथा सन्ध्यांशका माझको समयलाई नै युग भन्दछन् । मनुष्यको एक वर्ष देवताहरूको एक दिनको बराबर हुन्छ र देवताहरूको एक वर्ष मनुष्यहरूको ३६० वर्षको बराबर भयो । यही काल परिमाणले कलियुग ४३२००० मनुष्यका वर्षको बराबर भयो । त्यस्तै आठ लाख चौंसट्ठी हजार मनुष्य वर्षको द्वापर युग भयो । बार लाख छयान्नब्बे हजार मनुष्य वर्षको त्रेतायुग र सत्तरी लाख अट्ठाइस हजार मनुष्य वर्षको सत्ययुग भयो । हे विदुरजी ! प्रत्येक युगमा धर्म घट्दै बढ्दै रहन्छ । सत्ययुगमा धर्मका चार चरण थिए, त्रेतामा तीन, द्वापरमा

दुइ र कलिपुगमा धर्म एउटै पाउले टकेर रहेको छ । हे विदुरजी ! महर्लोक देखि ब्रह्मलोकसम्म काल परिमाण भिन्न-भिन्न हुन्छ । त्यहाँ एक हजार चतुर्युगीको एक दिन तथा त्यति नै समयको रात हुन्छ ।

जुन रातमा सृष्टिकर्ता ब्रह्मा सुतेका हुन्छन्, त्यो रात समाप्त भएपछि मर्त्यलोकको एक कल्प मानिन्छ र ब्रह्माको एक दिन अर्को कल्प मानिन्छ । एक कल्पना चौद्ध मनु समाप्त हुन्छन् । प्रत्येक मनुका आयुको परिमाण एकहत्तर चतुर्युगीको हुन्छ । प्रत्येक मन्वन्तरमा अनेक मनु, तिनका वंशज, राजाहरू, सप्तर्षि, देवताहरू, इन्द्र र गन्धर्व आदि सबै संगसंगै आफ्नो आयुष्य भोग्दछन् । ब्रह्माजीको यो एक दिनको सृष्टिमा तीनै लोकको रचना हुन्छ । यसमा देवता, पशु, पक्षी, मनुष्यको सृष्टि उनीहरूको कर्मानुसारको सृष्टि उनीहरूको कर्मानुसार नै हुन्छ । जब ब्रह्माजीको एक दिन व्यतीत हुन्छ तब ती सारा विश्वलाई आफूमा लीन गरेर चेष्टा-हीन भावले निदाउँछन्, तिनको सबै पुरुषार्थ नष्ट भएर जान्छ । सूर्य, चन्द्र पनि उनैमा लीन हुन्छन् । भूः भुवः स्वः यी तीन लोक प्रलयको रात्रिमा ब्रह्माकै शरीरमा विलीन हुन्छन् । त्यस वेला यी तीनै लोक शेषनागको मुखबाट निस्केका ज्वालाले डढ्न लागेपछि महर्लोकमा बस्ने मुनिहरू जनलोकमा जान्छन् । त्यति समयमा नै प्रचण्ड प्रलयकालीन वायुले चारै दिशामा छचल्किएर सातै समुद्रले तीनै लोक डुबाइदिन्छ । त्यस वेला नारायण भगवान् योग-निद्रामा रहन्छन् र जनलोकमा बस्ने ऋषि-मुनिहरू उनको स्तुति गर्न थाल्दछन् । यस प्रकार दिनको प्रभावले चारै युग समाप्त भएपछि ब्रह्माको सय वर्षको आयु पनि सकिन्छ । ब्रह्माको आयुको आधा भागलाई परार्ध भन्दछन् । अहिलेसम्म प्रथम परार्ध सकिएर दोस्रो परार्ध चल्दैछ । पूर्व परार्धको आदिमा ब्रह्म नामको कल्प थियो, त्यही कल्पमा ब्रह्माजी उत्पन्न भएका थिए । परार्धको अन्त्यमा जुन कल्प थियो, उसलाई 'पाद्म कल्प' भन्दछन् । हे विदुरजी । अहिले जुन कल्प छ, त्यसलाई 'वाराह कल्प' भन्दछन् । ब्रह्माको आयुको दुइ परार्धको समय नारायण भगवान्को एक निमेष मात्र मानिन्छ ।

यो ब्रह्माण्ड कोष, जो प्रकृति, महत्तत्त्व, अहंकार र पंच तन्मात्राहरू सहित एघार इन्द्रिय, पाँच भूत, यी सोन्ह विकारहरू मिलेर बनेको छ। यसको विस्तार भित्रबाट पचास करोड योजन छ। जुन अक्षर ब्रह्ममा यो सम्पूर्ण ब्रह्माण्ड एक परमाणु जस्तै पडिरहेका छन्, यही विश्वात्मा पुरुष विष्णु भगवान्को उत्तम स्वरूप हो।

-*-

अध्याय १२

विधिले ऋषि-मुनि सब रचे, गरिकन असल विचार।
बाँडि जिउ दुइ भागमा, रचि नर-नारि अपार॥

मैत्रेयजी भन्दछन्—हे विदुरजी! अब ब्रह्माजीले रचना गरेको सृष्टिको वर्णन सुन्नुहोस्। ब्रह्माले सबैभन्दा पहिले मोह, महामोह, तामिश्र र अन्धतामिश्र नामका अज्ञानका पाँच वृत्तिहरू रचे। त्यो पापमयी रचना देखेर उनलाई स्वयं खेद भयो, अनि उनले भगवान्को तपस्या गरेर अर्को सृष्टि रचना गरे। त्यसमा सनक, सनन्दन, सनातन, सनत्कुमार यी चार ऊर्ध्वरेता तथा निवृत्ति परायण चार मनु उत्पन्न गरे। ब्रह्माले आफ्ना ती चारै छोरालाई प्रजा उत्पन्न गर्ने आज्ञा दिए, तर तो चारै जना निवृत्ति परायण हुनाले भगवान्को भजन र तपस्या नै उत्तम ठान्दथे। अतः तिनले सृष्टि उत्पन्न गर्न मानेनन्। आफ्नो आज्ञा उल्लंघन र तिरस्कार गरेको ठानी ब्रह्माजीलाई रिस उठ्यो। उनले त्यस क्रोधलाई रोक्ने निकै यत्न गरे तर त्यो क्रोध भौंभाको माझबाट तत्काल नीलो र रातो रंगको नील-लोहित बालकको रूपमा उत्पन्न भयो। अनि रोएर भन्न लाग्यो—हे सृष्टिकर्ता! हजुर मेरो नाम र बस्ने स्थान खटाउनु होस्। त्यो बालक रोएको हुनाले रुद्र नामले विख्यात भयो र तिनै देवताका पनि देवता महादेव कहिए। तब ब्रह्माले नीलकसित भने—न रोऊ। म तिम्रो योग्य स्थान छिटै बताउँछु। तिम्रो नाम—रुद्र हुनेछ। तिमी हृदय, प्राण, आकाश, वायु, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्र र तपस्यामा निवास गर्नेछौ। तिम्रो नाम अनेक प्रकारका प्रख्यात

हुने छन् तापनि मुख्यतः मन्यु, मनु, मनिहस, मनात्, शिव, रितध्वज, उग्रेता, वामदेव, कालभैरव र धृतव्रत आदि प्रख्यात हुनेछन्। धी, वृत्ति, उषना, उमा, नियुत, सर्पि, इला, अम्बिका, इरावती, सुधा र दीक्षा, यी एघार रुद्राणीहरू तिम्रा पत्नी बन्नेछन्। हे रुद्र! तिमी माथि कहिएका स्थानहरूमा निवास गर र आफ्ना पत्नीहरूबाट प्रजाको उत्पत्ति गर। तिमी यस कालमा प्रजापति हौ! ब्रह्माको आज्ञा सुनेर नीललोहित रुद्र भगवान्ले बल, आकार र स्वभावमा आफैं समान प्रजा उत्पन्न गरे। रुद्रदेवले उत्पन्न गरेका प्रजाले सारा जगतलाई खान लागे। त्यो देखेर ब्रह्मालाई खेद भयो र रुद्रलाई भने—हे महादेव! तिमीले उत्पन्न गरेका प्रजाले त मलाई र मैले उत्पन्न गरेका प्रजालाई पनि खाइसक्न आँटे। मलाई यस्तो सृष्टिको खाँचो छैन। तिमी तपस्या द्वारा सज्जन, सौम्य र उत्तम प्रजाहरू उत्पन्न गर।

मैत्रेयजी भन्दछन्—ब्रह्माको वचन सुनेर रुद्रदेव अति प्रसन्न भए र तपस्या गर्न जंगलतिर हिंडे। त्यसपछि ब्रह्माले आफ्नो संकल्पद्वारा दस पुत्र उत्पन्न गरे। तिनको नाउँ—मरीचि, अत्रि, अंगिरा, पुलस्त्य, पुलह, क्रतु, भृगु, वसिष्ठ, दक्ष र नारद थियो। ती छोराहरू ब्रह्माजीको अंगबाट उत्पन्न भए। नारद काखाबाट, दक्ष बुढी औंलाबाट, वसिष्ठ प्राणबाट, भृगु छालाबाट, पुलस्त्य कान र अंगिरा मुखबाट, अत्रि नेत्रबाट र मरीचि मनबाट उत्पन्न भए। ब्रह्माको दाहिने स्तनबाट धर्मको उत्पत्ति भयो, तिनैबाट नर-नारायण रूपमा स्वयं भगवान् प्रकट हुनुभयो। ब्रह्माको पिठिउँबाट अधर्म उत्पन्न भयो। हृदयबाट काम, आँखी भौंबाट सरस्वती, तल्लो ओठबाट लोभ, लिंगबाट समुद्र, गुदाबाट निर्ऋति, छायाबाट कर्दम ऋषि प्रकट भए। यसै गरी यो सम्पूर्ण सृष्टि ब्रह्माको अंगबाट उत्पन्न भयो। हे विदुरजी! ब्रह्माकी पुत्री सरस्वती अत्यन्त राम्री थिइन्। एक पल्ट ब्रह्माजी ती कन्यालाई देखेर अति कामित भए। ब्रह्माको त्यस्तो पापपूर्ण संकल्प जानेर तिनका छोराहरूले सम्झाइ-बुझाइ शान्त पारे। छोराहरूले अर्ति दिएको सुनेर ब्रह्माजी लज्जित

भए र उनले त्यो शरीर नै त्यागिदिए। त्यही शरीर कुइरो र अन्धकारको रूपमा दिशाहरूले ग्रहण गरे। त्यसपछि ब्रह्माजीले चार वेद उत्पन्न गरे। उनले चार ऋत्विक्हरूको कर्म, यज्ञहरूको विस्तार, चार आश्रम, धर्मका चार लक्षण आदि सबैको निरूपण गरे।

विदुरले सोधे—हे मैत्रेयजी! ब्रह्माजीको कुन मुखबाट के उत्पन्न भयो? कृपा गरेर त्यो बुझाउनु हवस्। मैत्रेयजीले भने—हे विदुरजी! प्रजापति ब्रह्माको पूर्वमुखबाट ऋग्वेद, दक्षिणको मुखबाट यजुर्वेद, पश्चिमको मुखबाट सामवेद र उत्तरको मुखबाट अथर्व वेदको रचना गरे। यसै गरी शास्त्र, इज्या, स्तुति तथा प्रायश्चित्त आदि चार कर्महरूको उत्पत्ति भयो। यसै गरी क्रमशः आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्त्व (शिल्प विद्या) वेद आदि उपवेदहरूको रचना भयो! यसै गरी ब्रह्माजीको मुखबाट इतिहास, पुराण, पाँचौं वेद उत्पन्न गरे। दुइ योग विद्या, दान, तप, सत्य, धर्मका चार चरण र चारै आश्रम उत्पन्न गरे। ती आश्रमहरूको वृत्तिको क्रम यसरी छ—सावित्र वृत्ति, ब्रह्म वृत्ति प्रजापत्य वृत्ति, र बृहत् वृत्ति। यी चार वृत्ति ब्रह्मचारीको निम्ति बनाइएको हो। वार्ता वृत्ति, संचय वृत्ति, शालीन वृत्ति र शिलोञ्छ वृत्ति। यी गृहस्थहरूको निम्ति हुन्। वैखानस; बालखिल्य, औदुम्बर र फैनप, यी चार वृत्ति वानप्रस्थीको निम्ति हो। कुटीचक, बहूदक, हंस र परमहंस, यी चार वृत्ति संन्यासीहरूका निम्ति हुन्। यसै गरी आन्विक्षिकी, त्रयी, वार्ता तथा दण्डनीति यी पनि ब्रह्माजीको मुखबाट उत्पन्न भएका हुन्। उनको हृदयबाट ॐकार प्रकट भयो। वर्ण, स्वर, छन्द आदि पनि उनकै अंगबाट प्रकट भएका हुन्। ब्रह्माको रौंबाट उष्णिक् छन्द, छालाबाट गायत्री छन्द, मासुबाट त्रिष्टुप् छन्द, स्नायुबाट अनुष्टुप् छन्द, हाडबाट जगती छन्द, मज्जाबाट पंक्ति छन्द र प्राणबाट बृहती छन्द उत्पन्न भयो। ब्रह्माजीको जिब्रोबाट क वर्ग, पवर्ग र शरीरबाट स्वर, इन्द्रियहरूबाट ऊष्मवर्ण र अन्तःस्थ य, र, ल, व भए। ब्रह्माको क्रीडाबाट सात स्वर निषाद, ऋषभ, गन्धार, षड्ज, मध्यम, धैवत र पंचम उत्पन्न भए।

हे विदुरजी ! यति सृष्टि रचना पछि जब ब्रह्माजी मेरो सृष्टि किन वृद्धि भएन भन्ने विचार गर्न लाग्नुभयो । त्यसै वेला तिनको शरीर दुइ फ्याँक भएर छुट्टियो । 'क' ब्रह्माजीको नाउँ हो, त्यसको दुइ भाग भएको हुनाले शरीरको नाउँ 'काय' भयो । त्यही कायको एक भागबाट नारी र अर्को भागबाट पुरुष उत्पन्न भयो । त्यस पुरुषको नाम स्वायम्भुव र स्त्रीको नाम शतरूपा थियो । त्यसै वेलादेखि स्त्री र पुरुषद्वारा सृष्टि उत्पन्न हुन थाल्यो । ती स्वायम्भुव मनु र शतरूपाबाट दुइ पुत्र प्रियव्रत र उत्तानपाद एवं तीन कन्या आकूति, देवहूति र प्रसूति उत्पन्न भए । आकूतिको विवाह रुचि प्रजापतिसित, देवहूतिको विवाह कर्दम मुनिसित गरिदिए । यी कन्या-हरूद्वारा नै सारा जगत्को सृष्टि भयो ।

अध्याय १२

विधिले स्थल मागे जब, हरिले खुशि भइ आइ ।
दिए पृथ्वि वाराह मै, राज्य जीव सबलाइ ॥

शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! मैत्रेयजीबाट सृष्टिको विस्तार सुनेर विदुरले भने—हे मैत्रेयजी ! ब्रह्माजीको शरीरबाट प्रकट भएका स्वायम्भुव मनु र तिनकी पत्नी शतरूपाले त्यसपछि के-के गरे ? हजुर त्रिकालज्ञ हुनुभएकोले मलाई विस्तारले आज्ञा हवस् ।

मैत्रेय भन्दछन्—हे विदुरजी ! स्वायम्भुव मनु र शतरूपाको जन्म भयो तब ती दुवैले नम्रतापूर्वक हात जोरेर भने—हे पूज्यपाद ! हामी हजुरलाई नमस्कार गर्दछौं । हामीलाई के आज्ञा हुन्छ ? हजुरको प्रसन्नताका लागि हामी के कार्य गरौं ? ब्रह्माजीले भन्नुभयो—हे पुत्र ! तिमीलाई मेरो आशिर्वाद छ । तिम्रो कल्याण होस् । तिमी मेरो आज्ञाले आफ्नी पत्नीमा सन्तान उत्पन्न गर र न्याय तथा धर्मपूर्वक यस पृथ्वीको पालन गर । तिमी प्रजापति हौ । यज्ञ-पुरुष भगवान्को प्रसन्नताका लागि यज्ञ गर ।

मनुले भने—हे पिता ! म हजुरको आज्ञा पालन गर्नेछु तर प्रजाले बस्ने

पृथ्वी छैनन्। ती प्रलयकालीन जलमा डुबेकी छन्। हजुर तिनलाई निकाल्ने प्रयत्न गरिबक्सनु हवस्।

मैत्रेयजीले भने—हे विदुरजी! आफ्नो छोरा स्वायम्भुव मनुको वचन सुनेर ब्रह्मा एक क्षणको निम्ति विचारमग्न भएर पानीमा डुबेकी पृथ्वीलाई त्याउने उपाय सोच्न लागे। त्यसै बेला एकपल्ट छिंका आयो र तिनको नाकबाट अङ्गुष्ठ प्रमाणको पोठा प्राणी बाहिर आए। ती ब्रह्माजी र स्वायम्भुव मनु, मरीचि आदि मुनिहरूले देख्दादेख्दै पर्वताकार भएर शूकरको रूपमा घुर-घुरको ध्वनि सहित गर्जन लागे। ती मायामय वाराह भगवान्को घुर-घुर शब्द सुनेर पुत्र सहित ब्रह्माले वेदमन्त्रद्वारा स्तुति गर्नलागे। त्यसरि वाराह भगवान् पहिले आकाशमा उडे, अनि आफ्नो कठोर शरीर, काला, ठाडा-ठाडा रौं, सेता दाह्रा र ठूला-ठूला आँखाले चारैदिशा थर्काउन लागे। तिनको स्वरूप अत्यन्त डरलाग्दो थियो तापनि आफ्नो स्तुति सुनेर तिनै सौम्य दृष्टिले सबै मुनिहरूतर्फ हेरी प्रलय कालको त्यस अगाध जलमा छिर्काले। आफ्नो ठूलो वेगले रसातलमा पुगे र त्यहाँबाट जलमा डुबुल्की मारेर पृथ्वीलाई आफ्नो दाह्रामा राखेर रसातलबाट बाहिर निस्के। पृथ्वीलाई दाँतमा राखेर त्यसरी लैजान लागेका देखेर आदिदैत्य हिरण्याक्षले वराह भगवानलाई चिच्याएर गदाले हिर्कायो। अनि वाराह भगवान्ले त्यसलाई, लेहले हात्तीलाई मारे झैं सहजै मारिदिए। अनि पृथ्वीलाई दाह्रामा राखेर जलबाट बाहिर आए। त्यसै बेला ब्रह्मा, मरीचि आदि सबैलाई यस्तो निश्चय भयो कि भगवान्ले पृथ्वीको उद्धार गर्नका लागि यो अवतार धारण गरेका हुन्। अनि सबै मिलेर वाराह भगवान्को प्रार्थना गर्नलागे।

ऋषिहरूले भने—हे यज्ञपति! हजुरलाई नमस्कार छ। हजुर यज्ञस्वरूप हुनुहुन्छ। डुबेकी पृथ्वीलाई जलबाट बाहिर त्याउन यो अवतार धारण गरेको हो। हजुरको छालाबाट गायत्री आदि छन्द, रौंबाट, कुश, नेत्रबाट घृत र खुरे पाउबाट ऋत्विजहरूको कर्म प्रकट भएका छन्। हजुरको मुखबाट श्रुक् नाकबाट श्रुवा, उदरबाट यज्ञ-पात्र, मुखबाट ब्रह्मपात्र, रोमकूपबाट सोमपात्र

प्रकट भएका छन् । हे ईश ! हजुरले चपाउँदा अग्निहोत्र र अवतार लिनाले दीक्षा, गर्दन हलाउनाले तीन इष्टिहरू तथा दाह्राले दीक्षान्त सृष्टि उत्पन्न भएका छन् । हजुरको जिभ्रो महावीर नामको 'कर्म' हो । शिर होम रहित अग्नि हो । प्राण इष्टको चयन हो । वीर्य सोम हो । हजुरको बसाई नै प्रातः मध्याह्न तथा सन्ध्याकालका तीन समयहरू हुन् । हजुरका सात धातु नै अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ, षोडशी, वाजपेय, अतिराज र आप्तोरियाम नामका सात यज्ञ हुन् । शरीरमा सत्र जोर्नी छन् । अतः हजुरको सम्पूर्ण शरीर नै यज्ञमय छ । हजुरलाई हाम्रो प्रणाम छ । हजुरकी आफ्नी पत्नी पृथ्वी मातालाई रसातलबाट माथि ल्याएर जलमा स्थापित गरिदिनु हजुरको लीला मात्र हो । हजुरका घाँटीको याल फरफराउनाले छरिएका शीतल जलका थोपा, जुन हामीमाथि परे, त्यसले हामी जनलोक, तपोलोक र सत्यलोकका निवासी मुनिगण अत्यन्त पवित्र भयौं ।

मैत्रेयजी भन्दछन्—हे विदुरजी ! ती मुनिगणहरूले स्तुति गरेको सुनी वाराह भगवान् रसातलबाट ल्याएकी पृथ्वीलाई जलमाथि राखेर अन्तर्धान हुनुभयो । हे विदुरजी ! वाराह भगवान्को यो कथा सुन्ने र सुनाउनेसित भगवान् प्रसन्न भएर त्यसका इच्छाहरू पूर्ण गरिदिन्छन् ।

अध्याय १४

श्राप परीकन दैत्य भई, हरिका रक्षक द्वार ।
झरे भूमिमा के गरी, भन्छन् गरि विस्तार ॥

शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! मैत्रेयद्वारा वाराह भगवान्को अवतार भएको कथा सुनेर विदुरलाई अरु पनि हरि-कथा सुन्ने इच्छा भयो र उनले विनयपूर्वक सोधे—हे मैत्रेयजी ! आदिदैत्य हिरण्याक्षको जन्म कसरी भयो र त्यसको युद्ध भगवान्सित किन र कसरी भयो ? मैत्रेयजी भन्नुहुन्छ—हे विदुरजी ! यो राम्रो प्रश्न गर्नु भयो । एक पल्ट यही कथा देवताहरूले पनि ब्रह्मासँग सोधेका थिए र ब्रह्माले तिनीहरूलाई यसरी सुनाउनु भएको थियो ।

एक दिन मरीचिका छोरा कश्य ऋषि यज्ञ-पुरुष भगवान्लाई खुसी तुल्याउन पायसको आहुति दिएर उनको आराधना सकी सन्ध्या समय अग्निशालामा ध्यानस्थ भई एकान्तमा बसेका थिए । त्यसै वेला दक्षप्रजापतिकी छोरी दिति कामातुर भएर पुत्रको इच्छाले कश्यपजीको नगीचै पुगिन् । दितिले अनेक थरिका मीठा-मीठा कुरा गरेर आफूप्रति समागम गर्ने प्रार्थना गरिन्—म हजुरकै समान तेजस्वी छोरोको इच्छा गर्दछु । तब कश्यपले भने—प्रिये ! तिम्रो इच्छानुसार छोरो दिनेछु, तर एक प्रहर जति पर्खे । सायंकाल पछि भूत-नाथ भगवान् शङ्कर आफ्ना भूत, प्रेत, राक्षस, यक्ष आदिका साथ साँढेमा चढेर डुल्दछन् । अतः हाम्रो सन्तानोत्पादन कर्म देखेर तथा कुसमय जानेर अप्रसन्न हुनेछन् । फेरि यो सन्तान उत्पादनको समय होइन । संसारमा मेरो निन्दा हुनेछ । जुन पुरुष यस्तो बखतमा पिशाच जस्तो आचरण गर्दछन्, ती नरकमा पर्छन् । पतिले त्यसरी बुझाउँदा पनि कामातुरा दितिले निर्लज्ज कश्यपको लुगा समातिन् । अनि उनले दैवको इच्छा बलवान् जानेर दैवलाई प्रणाम गरी दितिको मनोरथ पूर्ण गरे । त्यसपछि शुद्ध जलले स्नान गरेर सनातन ब्रह्मरूपा गायत्रीको जप गर्नलागे । दितिले गर्भ धारण गरेर पति-लाई प्रार्थना गरिन्—हे ब्रह्मन् ! भगवान् मेरो यो अपराध क्षमा गरुन् र मेरो यो गर्भ नष्ट नपारुन् । उनको बानो कड़ा भए पनि भक्तको सधैंरक्षा गर्दछन् । ती मेरा भिनाजु हुन् । तिनलाई नमस्कार गर्दछु ।

मैत्रेयले भने—हे विदुरजी ! प्रजापति कश्यप आफ्नो सन्ध्या पूजा सकेर उठेपछि दितिलाई सन्तानको रक्षा निमित्त थर्थर काम्दै प्रार्थना गर्न लागेको देखेर भने—हे दिति ! तिमीले मेरो कुरा मानिनौ । तिम्रो चित्त काम वासनाले गाडिएको थियो । तिमीले कुवेलामा भोग गऱ्यौ । अतः तिम्रो छोरा भयंकर र अमङ्गलकारी दुइटा अधम पुत्र जन्मने छन् । आफ्नो अत्याचारले सम्पूर्ण लोकका निरपराध प्राणीहरूलाई दुःख दिने छन् । धर्म-को नाश गर्नेछन् । साधू-सन्त र स्त्रीलाई कष्ट दिनेछन् अनि भगवान् विष्णुले तिनलाई मार्नु हुनेछ ।

दितिले भनिन्—हे भगवन् ! मेरो पनि यही इच्छा छ—मेरो छोरा हरूको वध भगवान् द्वारा नै होस् ! ब्राह्मणको श्रापले नहोस् किन भने ब्राह्मणको श्रापले प्राणी नरक भोगेर फेरि जन्म लिन्छन् । कश्यपले भने—हे देवि ! तिमीलाई आफ्नू कर्मको पश्चात्ताप छ । यसनिम्ति तिम्रो नाती यौटा यस्तो सज्जन हुनेछ, जसले यज्ञ-पुरुष भगवान्लाई खुशी पारेर तिम्रो कीर्ति उज्ज्वल पार्नेछ । त्यो बालक भगवद्भक्त, साधु सन्तको सेवक बनेर काललाई जिती भगवान्को पार्षद हुनेछ । अनि कश्यपजीका मुखबाट भगवान्को भक्त नाती हुने कुरा सुनेर दिति प्रसन्न भइन् र आफ्मा छोरा-हरूको वध साक्षात् भगवान्द्वारा हुन्छ भन्ने सुन्दा तिनको सारा खेद हरायो ।

अध्याय १५

सनक सनन्दनले दिए क्रोध बढाई शाप ।
गर्भ धरिन् दितिले जसै पन्यो अधिक सन्ताप ।।

मैत्रेयजी भन्दछन्—हे बिदुरजी ! दितिले कश्यपको वीर्य गर्भमा धारण गरेर सय वर्षसम्म पेटमै राखिन् किनकि उनी देवताहरूलाई दुःख दिन चाहन्नथिन् । मेरा पुत्रले देवताहरूमित बैरत्व गर्नेछन् भन्ने तिनलाई भय थियो । दितिले गर्भ धारण गरेपछि उनको तेज तीनै लोकलाई उज्यालो पार्न थाल्यो । सबै लोकपाल र देवताहरू मणि हराएको सर्प जस्ता भए । चारैतिर अन्धकार व्याप्त भयो । त्यस्तो देखेर देवताहरू भय मानी ब्रह्माजी कहाँ पुगेर त्यस्तो हुनाको कारण सोधे ।

देवताहरूले भने—हे जगत्-पिता ! हजुरले नै यस जगत्को उत्पत्ति गर्नुभएको हो । अहिले दितिको गर्भ क्रमशः बढेर सम्पूर्ण लोकलाई निस्तेज पार्दैछ । हजुर सबैका नियन्ता, रचयिता तथा स्वामी हुनुहुन्छ । यो सब निस्तेज हुने कारण हामीलाई भन्नुहवस् ।

ब्रह्माजीले भन्नुभयो—हे देवता हो ! पूर्व कालमा तिमीहरूका पूर्वज सनक, सनातन, सनन्दन, सनत्कुमार चारै जना संसारबाट विरक्त भई

विष्णु भगवान्‌को दर्शन गर्न वैकुण्ठधाम गए। त्यहाँ श्रीनारायण सत्वमय शुद्ध स्वरूपले विराजमान रहनु हुन्छ। त्यस धाममा निःश्रेयस नामको अत्यन्त राम्रो वन छ। त्यहाँ सबै ऋतुहरू शोभायमान छन्। गन्धर्वहरू आफ्ना प्रियतमासंग त्यहाँ भगवान्‌को गुण-गान गर्दछन्। अप्सराहरू नाच-कीर्तन गर्दछन्। सरोवरबाट मीठो बास्ना आएर चित्तलाई प्रफुल्लित र आकर्षित पार्दछ। भ्रमरहरू भूँ-भूँ गरेर हरि-कथा गान गर्दछन्। समस्त पक्षीहरू मधुर स्वरले बोलिरहेका छन्। तुलसीको सुगन्ध भगवान्‌को श्री-विग्रहको स्पर्श पाएर अति आदरणीय छ। त्यहाँ अनेक थरिका फूलहरू फुलेका छन्। ती तुलसीको बर्ता आदर भएको देखेर पनि कुनै प्रकारको ईर्ष्या, द्रोह गर्दैनन्। त्यहाँ द्वेष, द्वन्द, ईर्ष्या, मद, मत्सर, काम आदिको नाउँ पनि लिँदैनन्। सम्पूर्ण प्राणी भगवान्‌मय चतुर्भुजी स्वरूपका छन्। तिनको श्रीविग्रह पनि भगवान् जस्तै छ। अत्यन्त सौन्दर्यशालिनी लक्ष्मी प्रभुको सेवामा लीन रहन्छिन्। त्यस्तो वैकुण्ठ धाममा जब भगवान्‌को दर्शन गर्न विचरा ऋषिहरू पुगे तब छ ढोका नाघेर गएपछि सातौंमा जय-विजय नामका भगवान्‌का पार्षदहरूले छेके। ती पार्षद चतुर्भुजी स्वरूप श्यामवर्ण र आभूषणहरूले सज्जित, शंख, चक्र, गदा, पद्मले शोभित थिए। ती द्वारपाल-हरूको व्यवहारले रिसाएका ती ऋषिहरूले—जो आयुमा सबैका पूर्वज भए पनि सधैं पाँच वर्षका जस्तै देखिन्थे, जो दिगम्बर अर्थात् नांगै थिए—तिनले हपारेर भने—हे मूर्ख! हामी त भगवान्‌का भक्त हौं। तिमी हामी-हरूलाई दर्शन गर्न जान खोज्दा किन छेकिरहेका छौ? हाम्रो गति कहीं पनि रोकिन्न। हामी उनै देवाधिदेवको दर्शन गर्न इच्छा गर्दछौं। ती जगत्-पिता हुनालेहाम्रा पनि पिता नै हुन्। हे पार्षद! तिमीहरू त सदैव प्रभुको सेवामा रहन्छौ, त्यस कारण प्रभु जस्तै समदर्शी हुनु पन हो। भगवान्‌को जस्तै स्वभाव पनि हुनु पर्ने हो। उनको कुनै पनि शत्रु छैनन्। अनि के शंका परेर हामीलाई छेक्यौ? तिमीले कुन भय वा शंका परेर हामीलाई प्रभुको दर्शन देखि विमुखगरायौ? तिमीले भेद बुद्धिद्वारा नै यस्तो गरेका हौ।